# विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरूको विश्लेषण

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**

**संकाय अन्तर्गत नेपाली केन्द्रीय विभागको**

**स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको**

**प्रयोजनका लागि**

**प्रस्तुत**

## शोधपत्र

संगिता सुवेदी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०७१

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी श्री संगिता सुवेदीले **विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरूको विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/१२/१२

...............................

सह.प्रा. कृष्णप्रसाद आचार्य

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ ।

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी विद्यार्थी श्री संगिता सुवेदीले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ प्रयोजनका लागि तयार पार्नुभएको **विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरूको विश्लेषण** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. देवीप्रसाद गौतम .................................

(विभागीय प्रमुख)

२. सह.प्रा.कृष्णप्रसाद आचार्य ..................................

(शोधनिर्देशक)

३. प्रा. केशव सुवेदी ...................................

(बाह्य परीक्षक)

मिति २०७१/१२/१२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सह.प्रा.कृष्णप्रसाद आचार्यज्यूको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित निर्देशन दिएर लेखनमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरु सह.प्रा.कृष्णप्रसाद आचार्यज्यूप्रति म सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोध शीर्षक छनोट एवं लेखनकार्यमा प्रोत्साहन गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा. डा. देवीप्रसाद गौतमलगायत विभागका सम्पूर्ण आदरणीय गुरुहरुलगायत कर्मचारीप्रति हार्दिक आधार प्रकट गर्दछु ।

मेरो अध्ययनमा सधैं प्रेरित गरी मलाई यहाँसम्म आइपुग्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने मेरा पूजनीय आमा सविता सुवेदी र बुबा केदारनाथ सुवेदी, गुरुजन तथा परिवारका सम्पूर्ण सदस्यप्रति आभार प्रकट गर्दछु । यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने मेरा सम्पूर्ण साथीहरुलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

...............................

संगिता सुवेदी

शैक्षिक सत्र : २०६८/०६९

क्रमाङ्क : ४४

मिति : २०७१/१२/१२

# विषयसूची

## अध्याय एक : शोधपरिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ४

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ सामग्री सङ्कलन र शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ५


## अध्याय दुई : दैनिकीको विधागत स्वरुप


२.१ परिचय ६

२.२ दैनिकीको अर्थ र परिभाषा ६

२.३ दैनिकीका तत्त्वहरू ८

२.३.१ विषयवस्तु ९

२.३.२ उद्देश्य ९

२.३.३ भाषाशैली ९

२.३.४ संरचना ९

२.३.५ मिति/समय ९

२.४ दैनिकी र अन्य साहित्यिक विधा ९

२.४.१ दैनिकी र जीवनी १०

२.४.२ दैनिकी र संस्मरण १०

२.४.३ दैनिकी र आत्मवृत्तान्त १०

२.४.४ दैनिकी र निबन्ध १०

२.४.५ दैनिकी र अन्य विधा १०

## अध्याय तीन : विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्व

३.१ विश्वेश्वरप्रसाद कोइरालाको जीवनी ११

३.१.१ जन्म, जन्मस्थान र पुर्ख्यौली ११

३.१.२ बाल्यकाल ११

३.१.३ शिक्षादीक्षा १२

३.१.४ साहित्य सिर्जनः प्रेरणा र प्रभाव १२

३.१.५ लेखन कार्य र प्रकाशित पुस्ताकाकार कृतिहरू १३

३.२ विश्वेश्वरप्रसाद कोइरालाका व्यक्तित्वका विभिन्न पाटाहरू १४

३.२.१ राजनीतिक व्यक्तित्त्व १४

३.२.२ कानुनी व्यक्तित्त्व १६

३.२.३ साहित्यकार व्यक्तित्त्व १७

३.२.३.१ कथाकार **व्यक्तित्त्व** १७

३.२.३.२ उपन्यासकार व्यक्तित्त्व १८

३.२.३.३ कवि व्यक्तित्त्व १८

३.२.३.४ निबन्धकार व्यक्तित्त्व १९

३.२.३.५ आत्मजीवनीकार व्यक्तित्त्व २०

३.२.३.६ दैनिकीकार तथा समालोचक व्यक्तित्त्व २०

## अध्याय चार : जेलजर्नल कृतिको अध्ययन र विश्लेषण

४.१ जेलजर्नल कृतिको अध्ययन २१

४.१.१ व्यक्तिगत तथा पारिवारिक दैनिकी २१

४.१.२ राजनीतिक दैनिकी ६१

४.१.३ साहित्यिक दैनिकी ७८

४.१.४ धार्मिक दैनिकी ८२

४.२ जेलजर्नलको समष्टि विश्लेषण ८६

४.३ निष्कर्ष ९२

**अध्याय पाँच : फेरि सुन्दरीजल कृतिको अध्ययन र विश्लेषण**

५.१ फेरि सुन्दरीजल कृतिको अध्ययन ९५

५.१.१ व्यक्तिगत तथा पारिवारिक दैनिकी ९५

५.१.२ राजनीतिक दैनिकी १४१

५.१.३ साहित्यिक दैनिकी १५४

५.२ फेरि सुन्दरीजलको समष्टि विश्लेषण १५६

५.३ निष्कर्ष १६६

**अध्याय छ**

६.१ सारांश १६८

६.२ निष्कर्ष १६८

**सन्दर्भग्रन्थसूची**

# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यका एक विशिष्ट प्रतिभा विश्वेश्वरप्रसाद कोइराला हुन् । वि.सं. १९७१ साल भदौ २४ गते भारतको वनारसमा पिता कृष्णप्रसाद कोइराला र माता दिव्यादेवीका कोखबाट जन्मेका चूडामणि नेपाली साहित्य र राजनीतिका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाका रूपमा सुपरिचित भएका छन् ।

कलकत्ता प्रवासमा रहँदा घरमै अध्ययन थालेका कोइरालाले वनारसको हरिश्चन्द्र हाइस्कुलमा अध्ययन गरी पछि संवत् १९९१ मा काशी हिन्दु विश्वविद्यालयबाट बी.ए. र संवत् १९९४ मा कलकत्ता विश्वविद्यालयबाट बी.एल. पास गरे ।

१४-१५ वर्षको उमेरदेखि साहित्यिक क्षेत्रमा लागेका कोइरालाले साहित्यिक गुरुका रूपमा शान्तिप्रिय द्विवेदीलाई पाएका थिए । संवत् १९८५ तिर उनले हिन्दीमा **हरिदत्त** शीर्षकको कथा लेखे पनि उनको पहिलो नेपाली रचना भने संवत् १९९२ मङ्सिरमा **शारदा**मा प्रकाशित कथा *चन्द्रवदन* हो । प्रारम्भमा कथा लेखनमा सक्रिय रहेका कोइरालाका कथा सङ्ग्रहमा **दोषी चस्मा** (२००६) र **श्वेतभैरवी** (२०३८) प्रकाशित भएका छन् भने उनका २६ वटै कथाहरूको संगालोको रूपमा हरिप्रसाद शर्माको सम्पादनमा प्रकाशित **विश्वेश्वरप्रसाद कोइरालाका कथा** (२०५०) देखापरेको छ । कथापछि उपन्यास लेखनमा लागेका कोइरालाका **तीन घुम्ती** (२०२५), **नरेन्द्र दाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) उपन्यासहरू प्रकाशित भएका छन् । उनका आत्मकथाका रूपमा **आफ्नो कथा** (२०४०), **आत्मकथ्य** (२०५५) जस्ता कृतिहरू देखा परेका छन् । उनका दैनिकीहरुको संगालो जेलजर्नल (२०५४) र फेरि सुन्दरीजल (२०६३) प्रकाशित रहेका छन् भने उनका कविताहरूको संगालो **विश्वेश्वरप्रसाद कोइरालाका कविता** (२०५९) पनि प्रकाशित भएको छ ।

**जेलजर्नल** (२०५४) र **फेरि सुन्दरीजल** (२०६३) विश्वेश्वरप्रसाद कोइराला सुन्दरीजल जेलमा भएको बेला उनले लेखेका दैनिकीहरूको संगालोको रूपमा रहेका छन् । उनले जेलजर्नल आफ्नी श्रीमती सुशीलालाई मनमा राखेर उनैलाई सम्बोधन गरि लेखेका छन् । **जेलजर्नल** राजनीतिक महत्त्वका साथै साहित्यिक रूपमा पनि अनुपम रहेको छ । यसमा कोइरालाले आफ्नो जीवनका खुशी, दुःखका क्षण, मनका कुराहरू, आफूलाई सत्य लागेका धारणाहरू, आफूले गरेका गल्तीहरू, आफ्ना कमजोरीहरू, आफूमा आएको निराशा, कण्ठाहरू, यौनका कुरा, स्त्री प्रसङ्गका विषय आदिको उल्लेख गरेका छन् । जेलजर्नलमा कोइरालाले आफू सुन्दरीजल बन्दीगृहमा भएको बेला आफ्नो जीवनमा घटेका सम्पूर्ण घटनालाई समेट्ने प्रयास गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको अर्को डायरी **फेरि सुन्दरीजल** हो, जुन जगदम्बा प्रकाशनले वि.सं. २०६३ सालमा प्रकाशन गरेको छ । अङ्ग्रेजी भाषामा लेखिएको यो जेल डायरीलाई पत्रकार सुशील शर्माले नेपाली भाषामा अनुवाद गरेका छन् । यसमा कोइरालाले सुन्दरीजल जेलमा हुँदा उनले गरेका दैनिक कार्यहरू र उनले भोगेका भोगाइहरू रहेका छन् । जेलमा घरको यादले सताउने गरेको, जीवनको उत्तरार्धको समयमा आफ्नो दिमाग असामान्य भएको र रोगले सताउन थालेको, आफूलाई सिर्जनात्मक अभ्यासमा लगाउन खोजे तापनि मानसिक खिन्नताका कारण त्यो हुन नसकेको जस्ता कुराहरू कोइरालाले आफ्नो दैनिकीमा लेखेका छन् ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको विशिष्ट स्थान रहेको पाइन्छ । उनका महत्त्वपूर्ण दैनिकीहरूको संगालो **जेलजर्नल** र **फेरि सुन्दरीजल**को आजसम्म अध्ययन विश्लेषण हुन सकेको छैन । उनका दैनिकीहरू राजनीतिक र साहित्यिक दुबै तबरले अत्यन्त महत्त्वपूर्ण रहेका छन्, जसको समग्र अध्ययन, अनुसन्धान भएको पाइँदैन । यिनका कथा, कविता, उपन्यास, आत्मजीवनीजस्ता साहित्यिक विधाका बारेमा अध्ययन भए पनि यिनका दैनिकीहरूबारे अध्ययन, अनुसन्धान, विश्लेषण भएको पाइँदैन । तसर्थ कोइरालाका दैनिकीहरूको विश्लेषणमा केन्द्रित भई यससँग सम्बन्धित समस्याहरूको समाधान कार्यतर्फ नै प्रस्तुत शोधपत्र उन्मुख रहेको छ । प्रस्तुत शोधका समस्याहरू निम्नानुसार रहेका छन् :

१. दैनिकीको विधागत स्वरुप के कस्तो रहेको छ ?

२. विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

३. विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरू के कस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्य

नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरुको अध्ययन गर्न सघाउने सैद्धान्तिक आधार विकसित भएको पाइँदैन । यही आवश्यकतालाई दृष्टिगत गर्दै यसको अभाव पूर्तिका लागि आवश्यक अध्ययन गर्ने जमर्को नै यस शोध कार्यको उद्देश्य रहेको छ । यसको उद्देश्य कोइरालाका दैनिकीहरूको विश्लेषणमा केन्द्रित रहेको छ । शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. दैनिकीको विधागत स्वरुपको निरूपण गर्नु ।

२. विश्वेश्वरप्रसाद कोइरालाका जीवनी र व्यक्तित्वको निरूपण गर्नु ।

३. विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरूको अध्ययन र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विश्वेश्वरप्रसाद कोइरालाका बारेमा र उनका प्रायः सबै जसो कृतिका बारेमा बृहत चर्चा भए पनि यिनका दैनिकीहरूको बारेमा विस्तृत अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चा, विश्लेषण अहिले सम्म भएको पाइदैन । पुस्तकहरूमा यिनका दैनिकीहरूको बारेमा सामान्य चर्चा सम्म भएको पाइन्छ । नेपाली साहित्यमा दैनिकीहरूको सैद्धान्तिक अध्ययन परम्परा पूर्ण रुपले विकसित भइसकेको पाइदैन ।

कोइरालाका दैनिकीहरूको बारेमा आजसम्म भएका चर्चाहरूलाई कालक्रमानुसार पूर्वकार्यको रूपमा निम्नानुसार राखिएको छ :

गणेशराज शर्माले (चौथो संस्करण, २०६३) **जेलजर्नल**को *भूमिका*मा आत्मसंवादको रूपमा लिपिबद्ध यो कृति राजनीतिक महŒवको त छँदैछ, साहित्यको रूपमा अनुपम रहनेछ । विश्वको जेल साहित्यमा नेपाली भाषाबाट यो एउटा उल्लेखनीय योगदान सिद्ध हुनसक्छ । एउटा राजनीतिक चिन्तक र सक्रिय व्यक्तिले बाह्य सम्पर्कबाट विच्छेदित बन्दी जीवनमा भोगेका अनुभवहरूको यस संक्षिप्त दिनचर्याले त्यस युगको आदर्श, नैतिकता र मान्यताका लागि भएको महान् संघर्षको परिचय दिन्छ । स्वतन्त्रताबिहीनको बन्दी जीवन जुनसुकै समय, स्थान र परिस्थितिमा उत्तिकै अमानवीय हुन्छ भन्ने कुराको बोध गराउने साहित्यको रूपमा पनि यसको महŒव रहिरहनेछ । यसले नेपालको इतिहासको एउटा अँध्यारो पक्षलाई पनि बुझ्न सक्ने गरी प्रकाशित गर्दछ । साथै वीपी कोइरालालाई अनर्गल किम्बदन्तीहरूबाट मुक्त पारेर प्रेरणाको अजस्र स्रोतको रूपमा राख्न सहयोग गर्नेछ भनी बताएका छन् ।

कमल दीक्षितले (चौथो संस्करण, २०६३) **जेलजर्नल**को *न निष्कर्ष न भूमिका*मा आफ्नी प्यारी पत्नीलाई मनमा राखेर लेखिएका हुनाले साँच्चै नै अन्तरङ्ग हुन पुगेका छन् वीपीका उद्गारहरू यस दिनपञ्जीमा । कुनै कुरा नलुकाई भनेको भान हुन्छ यो पढ्दै जाँदा । आफ्ना खुशीका क्षण, दुःखका क्षण, आत्मग्लानिका, आफ्ना निरीहताका कुरा, रिस बढेको, प्रतिहिंसामा जलेको अनुभव सबै केहीनलुकाई बाल्नु भएको छ वीपीले यहाँ । बीचबीचमा आफूमा आउने निराशा, कुण्ठाका आवेगहरूलाई अलिकति पनि लाज नमानि पोखिदिनु भएको छ उहाँले यी पत्रहरूमा । आफ्ना मनका भित्री तहमा बसेका कुराहरू, आफूले सत्य मानेका धारणाहरूपनि वीपीले यसमा सबै पस्किदिनु भएको छ । आफूले गरेका गल्तिहरू, आफ्ना कमजोरीहरू लुकाउन खोजिएको छैन र यहाँ छर्लङ्ग पारिदिएको देखिन्छ । कतिसम्म भने यौनका कुरा र स्त्रीप्रसंगका विषयमा पनि उहाँ स्पष्ट हुनुभएको छ । आफूले अत्यन्त माया गरेको गुणवती पत्नीलाई पतिले के लुकाउने ? त्यसै धारामा बगेको छ वीपीको लेख यहाँ । भाव र लेखनीलाई लगाम लगाउने प्रयास छैन यहाँ । बन्दी जीवनको उकुसमुकुसबाट उम्कने एक मात्र भरपर्दो साधन बन्न पुगेको रहेछ यो दिनपञ्जी वीपीका लागि भन्ने बुझ्नसक्छ पाठकले यसका शुरुका केही पत्र पढ्ने बित्तिकै भनी जेल जर्नलको बारेमा बताएका छन् ।

ज्ञाननिष्ठ ज्ञवालीले (२०६१) **आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (कथा-खण्ड)** मा जेलजर्नल र आत्मावृत्तान्त कोइरालाका राजनैतिक दस्तावेज भएपनि साहित्यिक कलामूल्यका दृष्टिकोणले महत्वपूर्ण छन् । जेलजर्नलमा कोइरालाले जेलजीवन बिताउन बाध्य हुँदाको क्षणहरूको

अनुभूतिका साथै राजनीति, साहित्य, कला र संस्कृतिका विभिन्न पक्षहरूलाई पनि समावेश गरेका छन् ।

जेलजर्नलको सुरुमै शिशिर र वसन्त ऋतुमा देखिने प्राकृतिक अवस्था र त्यसको प्रतीकात्मक चित्र प्रस्तुत गरिएको छ । यसमा कोइरालाका औपन्यासिक धारणाहरू पनि व्यक्त भएका छन् । उनले उपन्यासको भाषा, विचार, वाक्यविन्यास, परिवेश, चरित्र आदिका बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । पूर्वीय र पाश्चात्य ग्रन्थहरूको अध्ययन गरेको प्रसङ्गहरू पनि जेलजर्नलमा आएका छन् भनी उल्लेख गरेका छन् ।

ज्ञानु पाण्डे (२०६२) **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**मा कोइरालाको जीवनीकार व्यक्तित्वकै थप महत्वपूर्ण उपलब्धिका रूपमा २०५४ सालमा जेलजर्नल र आत्मवृत्तान्त पनि प्रकाशित हुन्छ । **जेलजर्नल** यिनको जेलजीवनको दैनिकी हो । काठमाडौँको सुन्दरीजल जेलमा थुनिँदाको बेला लेखिएको यस कृतिमा कोइरालाले अत्यन्त अनौपचारिक शैलीमा जेलजीवनको अनुभूतिलाई शब्दचित्रमा उतारेका छन् । यसभित्र पाठकले साहित्यिक आनन्दका साथसाथै प्रशस्त मात्रामा राजनैतिक सूचनाहरू पनि प्राप्त गर्नसक्छ भनी **जेलजर्नल**को बारेमा बताएकी छिन् ।

गणेशराज शर्माले (२०६८, पुनर्मुद्रण) **फेरि सुन्दरीजल**को भूमिकामा यो सन् १९७७ को वर्ष वीपीको राजनैतिक जीवनका साथै नेपालको इतिहासमा पनि एउटा निर्णायक समय रहेकाले त्यस बखतको उहाँको यो दैनिकी राजनैतिक जीवनका साथै नेपाली इतिहासलाई अझ प्रकाशित गर्नसक्ने सहायक सामग्री हुनसक्दछ । ३० दिसम्बर १९७६ का दिन करिब आठ वर्ष लामो प्रवास त्याग गरी राष्ट्रिय मेलमिलापको आह्वानका साथ सोदेश फर्कनुभएका वीपीका डायरीमा अङ्कित दिनहरूका घटनाहरू रोचक मात्र होइन, रोमाञ्चक पनि छन् । व्यापक प्रसिद्धि अन्तर्गतको सम्पूर्ण मानवीय आवेग उद्विग्नता, उत्तेजना र उदासीहरूको नितान्त निजी व्यक्तित्वसम्मको अवलोकन र अनुभूत यस डायरीका पानाहरूबाट गर्न सकिन्छ । सर्वसाधारणको भ्रम र अज्ञानताको आधारमा प्राप्त हुने महानताभन्दा मानिसको वास्तविक योग्यता र औकातको जानकारीमा हुने समूचित मूल्याङ्कनमा प्राप्त मान्यता नै स्थायी र सम्मानजनक हुनसक्छ । त्यस प्रकारको मान्यताको लागि वीपीको व्यक्तित्व यस्तै मौलिक सामग्रीहरूको आधारमा सदैव परीक्षणमा रहिरहनेछ भनी फेरि **सुन्दरीजल**बारे बताएका छन् ।

कुमारप्रसाद कोइरालाले (२०७०, **सगरमाथा वाङ्मय,** साउन-पुस : ४१) मा जेलजर्नल राजनीतिकभन्दा साहित्यिक उद्देश्यले लेखिएको देखिन्छ, जुन नेपाली जेल साहित्यको उल्लेख्य कृति हो भनी जेलजर्नलबारे आफ्नो धारणा व्यक्त गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक विधाहरूको प्रायः चर्चा, परिचर्चा, अध्ययन-अनुसन्धान गरिएको भए पनि यिनका दैनिकीहरूको अध्ययन-अनुसन्धान, विश्लेषण भएको पाइँदैन । त्यसैले यसको अध्ययन औचित्यपूर्ण रहेको छ । पाठकहरूका लागि यिनका दैनिकीहरूका बारेमा आवश्यक जानकारी यस अनुसन्धानले दिने प्रयत्न गरिएको छ । साहित्यकार र अन्य साधारण

पाठकका लागि पनि यिनको दैनिकीहरूले प्रेरणादायी भूमिका खेल्ने भएकाले पनि यसको महत्त्व रहेको छ । यसका साथै नेपाली साहित्यिक अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग गर्ने हुनाले यसको उपयोगिता रहेको छ । आजको समयमा एक विशिष्ट साहित्यकार र एक कुशल राजनीतिज्ञको दैनिकीहरूको बारेमा अध्ययन हुन नसकेकोले पनि यसको महत्त्व रहेको छ । यिनका दैनिकीहरुमा समावेश भएका विषयहरू र त्यसको विधागत स्वरूपको निर्धारणसमेत नभएकाले पनि यो शोध औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीहरूका बारेमा अध्ययन गरिएको छ । यसमा कोइरालाका दैनिकीहरूको परिचय दिई तिनको विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

यो शोधपत्र मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी तयार पारिएको छ । यसका साथै दैनिकीका विधागत स्वरुप र विश्वेश्वरप्रसाद कोइरालाका दैनिकीका बारेमा विभिन्न पुस्तकहरू, पत्रपत्रिकाहरूमा गरिएको समीक्षा, लेख, समालोचना, भूमिका आदिलाई सन्दर्भसामग्रीका रूपमा प्रयोग गरिएको छ । यो शोधपत्रमा ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मकजस्ता शोधविधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित शीर्षकमा विभाजन गरिएको छः

| | |
|---|---|
| पहिलो अध्याय | शोधपरिचय |
| दोस्रो अध्याय | दैनिकीको विधागत स्वरुप |
| तेस्रो अध्याय | विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्व |
| चौथो अध्याय | जेलजर्नल दैनिकीको अध्ययन |
| पाँचौं अध्याय | फेरि सुन्दरीजल दैनिकीको अध्ययन |
| छैटौं अध्याय | सारांश र निष्कर्ष |

# अध्याय दुई

# दैनिकीको परिभाषा र तत्त्वहरू

## २.१ परिचय

अङ्ग्रेजी साहित्यमा डायरी (Diary) शब्दले चिनिने दैनिकी विधालाई हिन्दी तथा नेपालीमा दैनन्दिनी, दैनिकीजस्ता पर्यायवाची शब्दले चिनिन्छ । ठेट नेपाली भाषामा यसलाई रोजनाम्चाको नामले चिनिन्छ । प्रत्येक व्यक्तिले दैनिकीलाई आ-आफ्नै तरिकाले व्याख्या, विश्लेषण, परिभाषा गरेको पाइन्छ । तसर्थ दैनिकी भनेको ठ्याक्कै यही नै हो भनी परिभाषा गर्न कठिन छ तर सामान्य अर्थमा दैनिकी भनेको प्रत्येक दिन व्यक्तिले आफ्नो दैनिक जीवनमा घट्ने घटनाहरूको दैनिकरूपमा गरिएको टिपोट हो, जसमा व्यक्तिगत घटनाका साथै सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, सांस्कृतिक, पारिवारिक, शैक्षिक, साहित्यिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरू समावेश भएका हुन्छन् ।

## २.२ दैनिकीको अर्थ र परिभाषा

दैनिकीको परिभाषा दिने क्रममा (**नेपाली बृहत्त शब्दकोश,** २०६० : ६३१) मा दैनन्दिनीबारे यस्तो लेखिएको छ-'प्रत्येक दिनका घटनाहरूको टिपोट वा सो टिपोट लेखिने गरिएको पुस्तिका, दैनिकी, डायरी, रोजनाम्चा ।'

**(संस्कृत-नेपाली बृहत्त शब्दकोश**, (२०५७ : ५७७) मा दैनिकीको परिभाषा यसरी गरिएको छ-'दिनभरिको मजुरी, दिनभरको कामको बेहोरा लेखिने सानो किताब ।'

**(हिन्दी शब्दसागर**, (सन् १९६८ : २३७३) मा दैनन्दिनीको परिभाषा प्रतिदिनको कार्यव्यापार लेख्ने पुस्तिका, डायरी, रोजनाम्चा भनी गरिएको छ ।

(The oxford English Dictonary, (सन् १९८९ : ६१२) मा दैनिक घटना वा कार्यविवरणको अभिलेख दैनिक पत्रपत्रिका वा विशेष तवरले दैनिक वस्तुहरूको अभिलेख लेखकको व्यक्तिगत असर जसमा उसको व्यक्तिगत टिकाटिप्पणी हुन आउँछ भनी दैनिकीको परिभाषा गरिएको छ ।

The New Encyclopaedia Britannica (सन् १९७३-१९७४) मा दैनिक व्यक्तिगत जीवनका अनुभव हरू तथा अवलोकन हरूको लेख जसमा लेखकको जीवनभरका कुरा हरू प्रकाशन गर्ने हेतुले नभई आफ्नो स्मरण तथा प्रतिबिम्बको लागि क्रमिक लेखाइ हो । कुनैकुनै डायरी हरूमा भने कहिलेकाहीँ ऐतिहासिक तथा जैविक चाखहरू विशाल रूपमा उद्‌त गरिएको हुन्छ । डायरी

लेखकले उसको समकालीन अवस्थाको बारेमा भन्दा प्रायः स्पष्ट रूपमा आफ्नै अनुभव हरू, आफ्नै विचारहरू र  आफ्नै बारेमा प्रस्तुत गर्दछ ।

असद, (ईस्वी १९८६ : २१) मा जब कोही व्यक्ति तिथिमितिका आधारमा जीवनमा घटित घटनाहरू, आफूले भोगे देखेका अनेक परिस्थिति, धार्मिक, राजनीतिक, सामाजिक र साहित्यिक गतिविधिको चित्रण नितान्त निजी अनुभवको रूपमा व्यक्त गर्दछ भने त्यस्तो साहित्यिक विधालाई दैनिकी भनिन्छ भनी लेखेको पाइन्छ ।

दैनिकीबारे उपाध्याय, (२०४९ : २०९) मा लेख्छन्-'रोजरोजको घटना र कार्यव्यापारसम्बन्धी टिपोटलाई दैनिकी भनिन्छ ।'

शर्मा, (२०५५ : ५१२) मा दैनिकीबारे लेख्छन्-'लेखकले आफ्नो जीवनलाई विषय बनाएर लेखेको निबन्धलाई आत्मकथा भनिन्छ । दैनिकी, चिठीपत्र आदि पनि यसै खालका निबन्ध हुन् ।' शर्माले दैनिकीलाई एक प्रकारको निबन्धात्मक आत्मकथा मानेका छन्, जसको विषय लेखक स्वयम् हुन्छ ।

त्रिपाठी, (२०६६ : २११) मा दैनिकीबारे लेख्छन्- वस्तुतः स्वयम् आफ्नै अनुभवमा आत्मकथा, दैनन्दिनी, संस्मरण र यात्रावृत्तान्त आधारित हुन्छन् र यी विधामा केन्द्रबिन्दु "स्वयम्" वा आफैं लेखक हुन जान्छ ।

सुवेदी र गौतम, (२०६८ : ५०९) मा लेख्छन्-'रेखाचित्र वा स्केच, आत्मालाप/आत्मकथा, दैनिकी आदिमा पनि नैबन्धिक गुण पर्याप्त मात्रामा हुन्छन् र ती व्यापक अर्थमा निबन्ध अन्तर्गत नै पर्दछन् ।'

कोइराला, (**प्रज्ञा पत्रिका**, ३२/९५, २०६८ कार्तिक-चैत : १८२) मा *साहित्यमा अन्य विधाः एकअध्ययन*मा 'साहित्यमा अन्य विधा भन्नाले गद्य साहित्यका फाँटमा उभिएको एक नव्य विधा मानिन्छ, जसअन्तर्गत जीवनी, आत्मकथा, संस्मरण, यात्रा, शब्दचित्र, पत्रसाहित्य, चिठी, रोजनाम्चा ( दैनिकी), भेटवार्ता साक्षात्कार पर्दछन्' भनी लेखेको पाइन्छ ।

सुवेदी, (**मधुपर्क** ४७/४, २०७१ भदौ : २८) मा *जेल-जर्नलमा अभिव्यञ्जित दैनिकी चेतना र वीपी*मा लेख्छन्-'दैनिकी अर्थात निबन्धात्मक दैनिकी पनि यस मूल विधा अन्तर्गत प्रविधामा पर्ने विधा विशेष हो । यसमा मानव जीवनमा दिन-दिन भोगिएका घटना र तिनको प्रभावबाट मान्छेमा परेका प्रभाव अनि ती प्रभावका कारण मान्छेमा आएका परिवर्तनको सन्दर्भहरू, विषय र विषयका कणहरू पनि कथ्य बनेर उपयोग भएको हन्छन् ।'

प्रधान, (ईस्वी १९६९ : ८१) मा 'दैनन्दिनी दिनभर घटेका घटनाहरूको यथार्थिक विवरण हो । यसमा लेखक आफैंले देखेका, भोगेका, सुनेका, सोचेका घटना तथा अनुभूतिहरूलाई घटित क्रमअनुसार समायोजन गर्दछ । यसैले समीक्षकहरूले दैनिकीलाई अत्मवृत्तान्तको प्रारम्भिक स्वरूप मानेका छन्' भनी लेखेका छन् ।

प्रधान, (२०४४ : ६०) मा दैनिकीबारे यसरी उल्लेख गरेका छन् -'जीवनमा आईपर्ने आवश्यक अनावश्यक कुरा र घटनाहरूको यथावत् अस्तव्यस्त गुजुल्टो रोजनाम्चा हुने हुँदा सबै खाले दैनिकी साहित्यिक दर्जाका रूपमा आउन सक्दैनन् ।'

शर्मा, (२०६१ :)एम.ए.को अप्रकाशित शोधपत्रमा दैनिकीबारे लेख्छिन् - 'दैनिकीमा इतिवृत्तिमा जस्तो शृङ्खलाबद्ध आख्यानको समायोजन हुँदैन । व्यक्तिले आफ्नो दैनिक जीवनमा घटेका घटना, गरेका काम, भोगेको अनुभव, सोचेको चिन्तन आदिलाई आत्मकथनात्मक वा आत्मपरक शैलीमा दैनिकीमा यथार्थपरक ढंगमा देखाउने काम गरिन्छ ।'

रोका, (२०५५ :) शीर्षकको अप्रकाशित एम.ए.को शोधपत्रमा लेख्छन्-'जिन्दगीका हरेक पल, क्षण, विविधतामय घटनाहरूले व्याप्त हुन्छन् र यस्ता यिनै अनुभूतिहरू घटनाका क्रमानुसार नित्य टिपेका टिपोट नै दैनिकी हुन् ।'

पाठक, (२०५६ : ४६) मा लेख्छिन्-'सबै खाले दैनिकी साहित्यिक दर्जाका रूपमा आउन सक्दैनन् । जीवन भोगाइ, घटना तथा पारिस्थितिक समसामयिक टिपोट सहज रूपमा संवेदनशील व्यक्तिले वैयक्तिक प्रयोजनको लागि गरिएको हुन्छ तर यस्ता डायरीले यदाकदा शुभेच्छुकबाट र व्यक्ति आफैंबाट प्रकाशनमा ल्याउने अवसर प्राप्त गर्दछन् । डायरीको आलेखन सहज रूपमा अनुभूत भएका भावनालाई सहज, उच्छलन र स्वच्छन्द उडानमा प्रस्तुत गरिएको हुनुपर्दछ ।'

नेपाली साहित्यको कान्छो विधाको रूपमा रहेको निबन्ध विधाको एक उपविधाको रूपमा दैनिकी विधालाई लिएको देखिन्छ । दैनिकी छोटोदेखि लामो आकारको हुनसक्छ तर यो एक बसाईंमा पढिसकिने खालको हुनुपर्दछ । आफ्नो दैनिक जीवनमा घटेका प्रत्येक दिनका घटनाहरूलाई यदि दैनिक रूपमा मिति उल्लेख गरेर टिपोट गरिन्छ भने त्यसलाई दैनिकी भन्न सकिन्छ । मानिसको जीवनमा घटेका सत्य यथार्थ घटनाहरू, उसले भोगेका भोगाइहरू, रमाइला अनुभूतिहरू, यात्राहरू, दुःख-संघर्षहरू, व्यक्तिगत, पारिवारिक, सामाजिक, धार्मिक, राजनीतिक, साहित्यिक आदि गतिविधिहरू, समसामयिक परिवेशहरू, आफूले देखेका र भोगेका अनेक परिस्थितिहरू, आफूसँगै जोडिन आएका अन्य व्यक्ति र ती व्यक्तिसँग सम्बन्धित कुराहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, घटना तथा राजनीति, प्राकृतिक कुराहरू आदिलाई प्रत्येक दिन मिति उल्लेख गरी लेखिन्छ भने त्यसलाई दैनिकी भनिन्छ ।

## २.३ दैनिकीका तत्त्वहरू

साहित्यको कान्छो विधाको रूपमा रहेको निबन्ध विधाको एक उपविधाको रूपमा दैनिकी विधा रहेको पाइन्छ । यो गद्य साहित्यमा देखा परेको एक उपविधा हो । जीवनी, आत्मकथा, संस्मरण, शब्दचित्र, चिठी, विवरण, दैनिकी वा दिनपञ्जी, भेटवार्ता आदि सबै गद्य साहित्यमा देखापरेका अन्य विधाका सदस्यहरू हुन् । यिनी साहित्यका नव्य रूप हुन् । साहित्यका अन्य विधाहरूको तत्त्वहरू भए जस्तै दैनिकीका पनि तत्त्वहरू रहेका छन् ।

## २.३.१ विषयवस्तु

विषयवस्तु दैनिकीको एक तत्व हो । दैनिकीकारको व्यक्तिगत निजी जीवनसँग सम्बद्ध घटना तथा कार्यसँग आबद्ध इतिवृत्तले दैनिकीमा विषयवस्तुको भूमिका निर्वाह गरेको हुन्छ । दैनिकीको इतिहास व्यक्तिगत, सामूहिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवन जगतसँग सम्बद्ध यथार्थ घटनाहरुको वर्णन हो । दैनिकीमा यथार्थ घटनाहरुलाई विषयवस्तु बनाइएको हुन्छ । दैनिकीको विषयवस्तुका रुपमा दैनिकीकारले भोगेका घटनाहरु, चिन्तन, मनन, सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक, साहित्यिक अवस्था, राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाहरु आफूसँग जोडिएका अन्य व्यक्तिहरुको यथार्थता आदिलाई महत्व दिइएको हुन्छ । दैनिकीकारले दैनिकीमा यथार्थता प्रस्तुत गर्ने गर्छन् ।

## २.३.२ उद्देश्य

दैनिकीको एक तŒवको रूपमा उद्देश्य रहेको पाइन्छ । कुनै पनि कार्यको पछाडि उद्देश्य रहेको हुन्छ । दैनिकी व्यक्तिगत घटनामा आधारित हुने हुनाले यसको उद्देश्य त्यही प्रकृतिको हुने गर्दछ । कुनै दैनिकीमा उद्देश्य विशिष्ट प्रकृतिको हुन्छ भने कुनैमा सामान्य किसिमको हुने गर्दछ । दैनिकीकारले आफ्नो जीवनबारे यथार्थ रूपमा अरुलाई जानकारी दिनु नै दैनिकीको उद्देश्य हुन्छ ।

## २.३.३ भाषाशैली

दैनिकी साहित्य विधाको एक उपविधा भएको हुनाले यसको भाषा पनि त्यही अनुसारको हुनु पर्दछ । दैनिकी आफ्नै बारेमा लखिने हुनाले यो प्रथम पुरुष शैलीमा लेखिएको हुनुपर्दछ । यस प्रकारको शैलीलाई दैनिकीको मौलिक शैली मानिन्छ । यसै शैलीका माध्यमबाट लेखक आफ्नो व्यक्तिगत घटनाहरूलाई, आफूले गरेका कार्यहरू, भोगेका भोगाइहरू, अनुभवहरूलाई जस्ताको त्यस्तै पाठक समक्ष पुऱ्याउन सफल हुन्छन् । दैनिकी दिनैपिच्छे लेखिने हुँनाले यसमा तीब्र संस्मरण शक्तिको आवश्यकता पर्दैन । आफ्ना कार्य वा घटनालाई लेखकले वर्णनात्मक, विवरणात्मक, निबन्धात्मक, विश्लेषणात्मक आदि दृष्टिले बयान गर्न लेखक स्वतन्त्र हुन्छ । दैनिकीको भाषा सरल, सहज, सम्प्रष्य, आलङ्कारिक, कलात्मक, व्यङ्ग्यात्मक आदि हुन्छ । दैनिकीमा अभिधात्मक अभिव्यक्ति बढी मात्रामा उपयोग गरिए तापनि प्रत्यक्ष र परोक्ष रूपमा लक्ष्यात्मक र व्यञ्जनात्मक प्रवृत्ति पनि समाहित हुने गर्दछ ।

## २.३.४ संरचना

दैनिकीमा घटित घटनाहरूलाई भाषाको माध्यमद्धारा प्रस्तुत गरिएको हुन्छ । दैनिकीमा लेखकका यथार्थ घटना, कार्य, अनुभवहरू आदिलाई समेटिएको हन्छ । दैनिकी बढी यथार्थ, आत्मपरक, वस्तुगत हुनु आवश्यक छ । दैनिकी यस्तै संरचनामा संरचित हुनुपर्छ भन्ने छैन । दैनिकी अति छोटा, छोटा, मझौला, लामाजस्ता आकारमा संरचित भएका हुन सक्छन् ।

### २.३.५ मिति/समय

साहित्यको एक उपविधाको रूपमा रहेको दैनिकीको एक मुख्य तत्वको रूपमा मिति रहेको पाइन्छ। दैनिकीमा दैनिकीकारले आफ्नोजीवनमा प्रत्येक दिन घटेका घटनाहरूलाई मितिका साथ प्रस्तुत गरेका हुन्छन् । प्रत्येक दिन घटेका घटनाहरूलाई लेखकले यथार्थ रूपमा मितिका साथ उल्लेख गर्छन् भने त्यो नै दैनिकी हो ।

## २.४ दैनिकी र अन्य साहित्यिक विधा

दैनिकी एक साहित्यिक विधा हो । यो गद्य साहित्यको एक उपविधा भएकोले अन्य साहित्यिक विधाहरूसँग यसको सम्बन्ध रहेको हुन्छ । जीवनी, आत्मवृत्तान्त, संस्मरण, निबन्ध, विवरण, अन्तर्वार्ता, यात्रावृत्तान्त, पत्रसाहित्य आदिसँग यो सम्बन्धित रहेको हुन्छ ।

### २.४.१ दैनिकी र जीवनी

दैनिकी व्यक्तिको दैनिक जीवनमा घटेका घटनाहरू र गरेका कार्यहरूको संगालो हो भने जीवनी पनि त्यही प्रकारको हुन्छ तर जीवनी मितिकासाथ दिनैपिच्छे लेखिएको हुँदैन । दैनिकीले निजात्मक अभिव्यक्ति र घटनालाई महŒव दिन्छ भने जीवनीले पनि यही गर्छ । जीवनीको स्रोतको रूपमा दैनिकी विधा रहेको पाइन्छ ।

### २.४.२ दैनिकी र संस्मरण

दैनिकी र संस्मरण बीच सम्बन्ध रहेको पाइन्छ । दैनिकी र संस्मरण पनि साहित्यका अन्य विधा अन्तर्गत नै पर्दछन् । यी दुवै गद्य साहित्यका उपविधा हुन् । संस्मरण लेखकको पूर्वस्मृति हो भने दैनिकी प्रत्येक दिनको घटनाको टिपोट हो । संस्मरणमा लेखकको विगत्का घटनाहरूको सविस्तार वर्णन गरिएको हुन्छ भने दैनिकीमा लेखकको प्रत्येक दिन घटेका घटनाहरूको तत्काल सविस्तार वर्णन गरिएको हुन्छ । संस्मरणमा जीवनको कुनै एक भागको मात्र वर्णन गरिएको हुन सक्छ भने दैनिकीमा प्रत्येक दिनको घटनाहरूको वर्णन रहेको हुन्छ । संस्मरणको एक स्रोतको रूपमा दैनिकी रहेको पाइन्छ ।

### २.४.३ दैनिकी र आत्मवृत्तान्त

दैनिकी र आत्मवृत्तान्तमा समान गुण पाइन्छन् । दैनिकीमा दिनैपिच्छेको घटनालाई यथार्थताका साथ मिति उल्लेख गरी टिपोट गरिन्छ भने हिजोका घटनाहरू र कार्यहरूको क्रमबद्ध पुनःस्मृति आत्मवृत्तान्त हो । दैनिकीमा प्रत्येक दिनका घटनाहरू समाहित भएका हुन्छन् भने आत्मवृत्तान्तमा विगत्का घटनाहरूलाई क्रमबद्ध रूपमा कलात्मकताका साथ प्रस्तुत गरिएको हुन्छ । आत्मवृत्तान्तको स्रोतको रूपमा दैनिकी रहेको पाइन्छ ।

### २.४.४ दैनिकी र निबन्ध

निबन्ध विधाको एक उपविधाको रूपमा दैनिकी विधा रहेको हुन्छ । दैनिकीमा प्रत्येक दिनका घटना तथा कार्यहरूको विवरण रहेको हुन्छ भने निबन्धमा यथार्थताका साथै काल्पनिकता रहेको हुन्छ । दैनिकी र निबन्ध एकअर्कामा अन्तरसम्बन्धित रहेका हुन्छन् ।

### २.४.५ दैनिकी र अन्य विधा

दैनिकीमा प्रत्येक दिन घटेका घटनाहरू र गरेका कार्यहरूलाई मितिका साथ उल्लेख गरिन्छ । साहित्यिक विधाको एक उपविधाको रूपमा दैनिकी विधा रहेको पाइन्छ । दैनिकीको सम्बन्ध साहित्यका अन्य विधाहरू यात्रावृत्तान्त, विवरण, अन्तर्वार्ता, पत्रसाहित्य आदिसँग पनि रहेको देखिन्छ ।

# अध्याय तीन

# विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्व

## ३.१ विश्वेश्वरप्रसाद कोइरालाको जीवनी

यस अध्यायमा सर्वप्रथम विश्वेश्वरप्रसाद कोइरालाको जीवनीबारे चर्चा गरिएको छ । जन्म, जन्मस्थान र पुर्ख्यौली, बाल्यकाल, शिक्षादीक्षा, साहित्य सिर्जन : प्रेरणा र प्रभाव, लेखन कार्य र प्रकाशित पुस्ताकाकार कृतिहरू जस्ता शीर्षकमा रहेर उनको जीवनीको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

### ३.१.१ जन्म,जन्मस्थान र पुर्ख्यौली

एक विशिष्ट साहित्यकार तथा कुशल राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं.१९७१ भदौ २४ गते पिता खरदार कृष्णप्रसाद कोइराला र माता दिव्यादेवी कोइरालाका गर्भबाट विश्वनाथको पुण्य नगरी वाराणसीमा भयो । यिनको न्वारनको चुडामणि कोइराला हो र यिनको जन्म विश्वनाथको पुण्य नगरी वाराणसीमा भएकोले यिनलाई काशीका आदिदेव विश्वनाथको प्रसाद मानी यिनको नाम विश्वेश्वरप्रसाद राखेको पाइन्छ । यिनको जन्म काशीमा भए पनि पुर्ख्यौली थलो दुम्जा हो । यिनका पुर्खा पश्चिम नेपालको लमजुङ् दूरा डाँडाको दक्षिणतर्फ कोइरालाका रुखहरू प्रशस्त भएको कोइराला फाँट नाउँ गरेको ठाउँबाट बसाईं सरेर पूर्व २ नं.को दुम्जामा गएका हुन् । नन्दिकेश्वरका छोरा कृष्णप्रसादका तीन श्रीमती मध्ये कान्छी पट्टिका जेठा छोरा विश्वेश्वरप्रसाद कोइराला हुन् ।

### ३.१.२ बाल्यकाल

विश्वेश्वरप्रसाद कोइरालाको बाल्यकाल त्यति सुखका साथ बितेको पाइँदैन । विश्वेश्वरका पिता कृष्णप्रसाद कोइरालाले सदा झैं एक दशैंमा राणाहरूलाई उपहार पठाउने क्रममा गरिबी, अशिक्षा, भोक र रोगले ग्रस्त नेपाली जनजीवनको फाटेको अमिलो पसिना गनाउने जीर्ण कपडाहरू सविस्तार लेखिएको चिठीसाथ निर्धक्क पठाएका कारण उनले सर्वश्वहरणसहित ११ वर्षको वनवास( प्रवास) भोग्नुपऱ्यो, जसमा तीन वर्षका बालक विश्वेश्वरप्रसाद कोइराला पनि थिए । कोइरालाकै शब्दमा 'एघार वर्षको वनवास प्रारम्भ भयो । एघार वर्षको हाम्रो परिवारको श्रामणिकी (परिब्राजक) जीवन वनारस, कलकत्ता, भागलपुर, बेतिया, जयनगर, बम्बाई प्रवृति स्थानहरूमा बित्यो । ( कोइराला, २०७० पाँचौं संस्करण : ६४) । भारतको विभिन्न ठाउँमा भिजाएको चना त्यो पनि आधा पेट मात्र खाएर जीवन निर्वाह गर्न बाध्य कोइराला परिवार थियो । भारतमा प्रवासको बेला रहँदा परिवार पाल्नका लागि कृष्णप्रसाद कोइरालाले किस्तीलाई घाँटीमा फित्ता लगाएर झुण्ड्याएर अनेक प्रकारका मालसामानहरू राखी हरेक माल दो-दो पैसा भनेर कराउँदै फुटपाथमा बेच्थे अनि कहिले बाहुला भरी माला झुण्ड्याए जस्तो विभिन्न किसिमका मालसामानहरूको माला झुण्ड्याएर

फुटपाथमा ट्राममा बेच्थे । हिँड्दा-हिँड्दैको ट्राममा त्यसो भन्दै चढ्ने, उत्रने, बेच्ने काम पनि गर्थे । (कोइराला, २०५५ : ५३) । परिवारको यस्तो कमजोर अवस्थामा विश्वेश्वरको बाल्यकाल दुखद् नै भएको पाइन्छ ।

### ३.१.३ शिक्षादीक्षा

विश्वेश्वरप्रसाद कोइरालाको बाल्यकाल आर्थिक अभावका कारण दुखद् भए पनि यिनका पिताले यिनको शिक्षा दीक्षामा कुनै कमी हुन दिएनन् । सुरुदेखि नै शिक्षक, खेल प्रशिक्षक आदिको सुप्रबन्ध मिलाइदिएका थिए । विश्वेश्वरप्रसादले पिताबाट अनौपचारिक शिक्षाका साथै शिक्षा आर्जनको प्रेरणा प्राप्त गरेका थिए । विश्वेश्वरका पिताले उनलाई पढाँउथे । कागत किन्नलाई पैसा थिएन । अखबारहरू तारानाथ र कहिलेकाहीँ विश्वेश्वरका पिता किन्थे र त्यसलाई कापी साइजको बनाईकन त्यसमा लाइन गरेर ठूलो अक्षर गरेर लेख्न लगाउथे र पढाउथे । बत्तीस-बत्तीस पेज रोज लेख्न लगाउथे र लेखिसकेपछि घुम्न हिँड् भन्थे । (कोइराला, २०५५ : ५४) । वि.सं.१९८७ मा वनारसको हरिश्चन्द्र हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका कोइरालाले वनारस हिन्दु विश्वविद्यालयबाट वि.सं.१९९१ मा बी.ए. र वि.सं.१९९४ मा कलकत्ता विश्वविद्यालयबाट बी.एल.को औपचारिक शिक्षा पुरा गरी अर्थशास्त्रमा एम.ए.को अध्ययन गर्दा गर्दै राजनीतितर्फ अग्रसर भएकोले यिनको औपचारिक शिक्षा यहीँ समाप्त भएको पाइन्छ । कोइरालाले दार्जिलिङ जिल्ला न्यायालयमा शोषित पीडित जनताको लागि न्याय दिलाउने उद्देश्यले वकालत पनि गरेका थिए । नेपाली, अङ्ग्रेजी, संस्कृत, हिन्दु, उर्दू, नेवारी, मैथिली आदि भाषाका ज्ञाता कोइरालाको व्यक्तित्वले सबै माथि प्रभाव पारेको छ ।

### ३.१.४ साहित्य सिर्जन : प्रेरणा र प्रभाव

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले सानै उमेर देखि साहित्य सिर्जना गरेको पाइन्छ । सुरुमा उनले हिन्दी भाषामा साहित्य सिर्जना गरे र पछि नेपाली भाषामा साहित्यको रचना साहित्यकार सूर्यविक्रम ज्ञवालीको सल्लाहमा गर्न थाले । सर्वप्रथम कविता विधामा कलम चलाएका कोइरालाको प्रथम प्रकाशित विधा कथा हो । हरिश्चन्द्र हाइस्कुलमा अध्ययनरत हुँदा देखि नै कोइरालाले साहित्यको रचना गरेको पाइन्छ । सर्वप्रथम यिनले हिन्दी भाषामा *वहाँ, पथिक, अपनीहीतरह, भैयादाइ, होड*जस्ता शीर्षकमा कथाको रचना गरेको देखिन्छ । शान्तिप्रिय द्विवेदीको सम्पादकत्वमा प्रकाशित **हंस** नामक हिन्दी मासिक पत्रिकामा कोइरालाका सुरु-सुरुका हिन्दी कथा र कविताहरू प्रकाशित भएका छन् । कोइराला साहित्य सिर्जना गर्नु पूर्वदेखि लिएर साहित्य सिर्जनाको अन्तिम समयसम्म शान्तिप्रिय द्विवेदी, रामकृष्ण दास, रविन्द्रनाथ टेगोर, प्रसादपन्तनिराला (जयशङ्करप्रसाद, सुमित्रानन्दन पन्त, सूर्यकान्त त्रिपाठी निराला), लियोटल्सटाय, माक्सिम गोर्की, चेखव, मोपाँसा, लरेन्स, तुर्गनेभ, शरच्चन्द्र, चटर्जी, प्रेमचन्द, ह्युगो, जाँपाल सार्त्र, अल्वेर कामु, डार्विन, मार्क्स आदिबाट प्रभावित थिए । काशीको बसाईंको क्रममा कोइरालालाई शान्तिप्रिय द्विवेदीको संगत मिलेको थियो र उनै द्विवेदीबाट कोइरालाले साहित्यिक प्रेरणा पाएका थिए । कोइरालाले लेखेका छन्- मेरो परिचय जो पछि गएर प्रगाढ मैत्रीमा परिणत हुन पुग्यो, हिन्दी साहित्यमा उदीयमान भइरहेका अत्यन्त भावुक हृदयका व्यक्तिसँग जसले मेरो आँखा, मानौँ साहित्यको सौन्दर्यपट्टि

उघारिदिए । साहित्यको उद्यानमा तिनताका म केवल भट्किरहेको थिए ... शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए, आफ्नो कलात्मक विलक्षणद्वारा तिनको कलात्मक गुण दोष निरीक्षण गर्दै, त्यहाँका फूलका क्यारीहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणद्वारा तिनको कलात्मक गुण दोष निरीक्षण गरे ।' (कोइराला, २०७० : १४४) । साहित्य लेखनमा कोइरालाले सबै भन्दा बढी प्रेरणा शान्तिप्रिय द्विवेदीबाट पाएको देखिन्छ । शान्तिप्रियले आफूलाई दिएको हौसला र प्रेरणालाई कोइरालाले यसरी सम्झिएका छन्- 'खूब राम्रो लेख्दा रहेछौ । ल्याऊ ल्याऊ अरु हेरुँ । छपाउनुपर्छ विसु ! तिमीमा साहित्यिक रुचि छ भन्ने मलाई थाहा थियो । तिमी लेखक, कवि, कथाकार हुन सक्छौ ।' (कोइराला, २०७० : १४९) यिनै कुराहरू कोइरालाको साहित्य सिर्जनाको प्रेरणाको रूपमा रहेको देखिन्छ । साहित्य सिर्जनाको क्रममा कोइरालाले पूर्वीय, पाश्चात्य, नेपाली साहित्य, पूर्वीय धर्म, दैन्त्य कथा, रामायण, महाभारत, पञ्चतन्त्र, दर्शन, वेद, उपनिषद, पुराण आदिको साथै पश्चिमी चिन्तन र साहित्यको पनि अध्ययन गरेका थिए । त्यस्तै यिनले गोर्की, मोपाँसा, चेखव, ह्युगो, टल्सटाय, तर्गनेभ, टेगोर, शरच्चन्द्र, चटर्जी, लरेन्स आदिका कृतिहरूको अध्ययन गरेका र त्यसबाट प्रभावित भएको पाइन्छ ।

## ३.१.५ लेखन कार्य र प्रकाशित पुस्ताकाकार कृतिहरू

सानै उमेर देखि विश्वेश्वरप्रसाद कोइरालाले साहित्य सिर्जना गरेको पाइन्छ तर वि.सं.१९८६ साल देखि मात्र यिनका रचनाहरू पत्र-पत्रिकामा प्रकाशित हुन थालेको देखिन्छ । सुरुमा यिनले हिन्दी भाषामा कथा कविताहरूको सिर्जना गरेको र पछि नेपाली भाषामा साहित्यको सिर्जना गरेको पाइन्छ । यिनको पहिलो प्रकाशित हिन्दी कथा *वहाँ* (ई.सं.१९८७) हो भने वि.सं.१९९२ सालमा प्रकाशित *चन्द्रवदन* उनको पहिला नेपाली भाषाको कथा हो । सुरुमा यिनका कथा कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि पुस्ताकाकार कृतिका रूपमा २००६ सालदेखि मात्र देखा पर्न थालेको हो । कोइरालाका प्रकाशित पुस्ताकाकार कृतिहरू यस प्रकार रहेका छन्:

| क.सं. | प्रकाशित कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | **दोषी चस्मा** | कथा सङ्ग्रह | वि.सं.२००६ |
| २. | **तीन घुम्ती** | उपन्यास | वि.सं.२०२५ |
| ३ | **नरेन्द्रदाइ** | उपन्यास | वि.सं.२०२७ |
| ४. | **सुम्निमा** | उपन्यास | वि.सं.२०२७ |
| ५. | **मोदिआइन** | उपन्यास | वि.सं.२०३६ |
| ६. | **श्वेतभैरवी** | कथा सङ्ग्रह | वि.सं.२०३९ |
| ७. | **हिटलर र यहुदी** | उपन्यास | वि.सं.२०४० |
| ८. | **आफ्नो कथा** | आत्मजीवनी | वि.सं.२०४० |
| ९. | **बाबु, आमा र छोरा** | उपन्यास | वि.सं.२०४५ |
| १०. | **जेलजर्नल** | आत्मजीवनी/दैनिकी | वि.सं.२०५४ |
| ११. | **आत्मवृत्तान्त** | आत्मजीवनी | वि.सं.२०५५ |
| १२. | **आत्मकथ्य** | आत्मजीवनी | वि.सं.२०५५ |
| १३ | **फेरि सुन्दरीजल** | दैनिकी | वि.सं.२०६३ |

यी बाहेक कोइरालाका थुप्रै फुटकर रचनाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा सङ्कलित, सम्पादित र प्रकाशित छन् ।

बहुआयामिक व्यक्तित्त्वका धनी विश्वेश्वरप्रसाद कोइराला साहित्यको साथै राजनीतिको क्षेत्रमा सफल र चर्चित एक कुशल व्यक्तित्व हुन् तर उनी साहित्यलाई राजनीति भन्दा उच्चतम विषय मान्थे । साहित्यकार कोइरालाको मूल सन्देश- 'समाज इच्छा भन्दा व्यक्ति इच्छा ठूलो हो । त्यस कारण व्यक्तित्वका दमित इच्छा, भावना एवं मनोद्वेगहरूलाई स्वतन्त्र आत्मनिर्णय गर्न दिनुपर्दछ ।' ( कोइराला, २०३९ प्रकाशकीय :) भन्ने रहेको छ । कोइराला आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी मान्थे । कोइरालाका साहित्यिक व्यक्तित्वका साथै राजनीतिक, कानुनी, सामाजिक आदि व्यक्तित्व रहेका छन् ।

## ३.२. विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तिTवका विभिन्न पाटाहरू

यस शीर्षकमा विश्वेश्वरप्रसाद कोइरालाका राजनीतिक, कानुनी, साहित्यकार आदि विविध पाटाहरूको चर्चा गरिएको छ ।

### ३.२.१ राजनीतिक व्यक्तित्व

नेपालको इतिहासमा अद्वितीय स्थान ओगट्न सफल महापुरुषहरूमध्ये विश्वेश्वरप्रसाद कोइराला पनि एक हुन् । यिनको राजनीतिक व्यक्तित्व उच्च रहेको छ । राणाहरूको हुकुमी क्रुर शासन, पिताजीको सपरिवार सहितको सर्वश्वहरण र निर्वासन, नेपाली जनतालाई राणाहरूले दिएको दुख, पिडा, गरेको अन्याय, अत्याचार, शोषण, दमनलाई कोइरालाले सानैदेखि देखेका कारण, समाजसेवी पिता कृष्णप्रसादको छापका कारण, भारतको प्रजातान्त्रिक आन्दोलनका कारण कोइराला नेपाली जनताका प्रजातान्त्रिक राजनीतितर्फ लागेको पाइन्छ । कोइरालाले देशको रक्षाको लागि, जनताको हक, अधिकार र स्वतन्त्रताका लागि, मानवता र समानताका लागि, सामाजिक परिवर्तको लागि, अन्याय, अत्याचार, थिचोमिचो र क्रुर शासनको अन्त्यका लागि, शैक्षिक, आर्थिक, सांस्कृतिक विकासका लागि, सुशासनका लागि जिन्दगीभर सङ्घर्ष गरेको पाइन्छ ।

वनारसको हरिश्चन्द्र हाइस्कुलमा अध्ययनरत हुँदादेखि नै कोइराला राजनीतिमा संलग्न भएको पाइन्छ । सुरुमा गान्धीबाट प्रभावित कोइराला पछि मार्क्सवादी विचारकको सम्पर्कमा पुगे । डाँगे र सोक्रेटिसको संवाद, उनीहरूले गरेका भौतिक जगत, जीवन, दर्शन, मार्क्सवादी आदिको कुराबाट कोइराला प्रभावित भएको र ट्राटस्कीको अन्तर्राष्ट्रियवादले पनि उनलाई प्रभाव पारेको पाइन्छ । कोइरालामा मार्क्सवादको प्रभाव रहेको तर उनलाई विस्तारै कम्युनिष्ट पार्टीले प्रभावित गर्न छाडेका देखिन्छ । यसै सम्बन्धमा कोइराला भन्छन्- 'मेरो मनमा मार्क्सवादको प्रभाव त रह्यो तर कम्युनिष्ट पार्टीले मलाई प्रभावित गर्न छाड्यो ।' (कोइराला, २०५५ : पृष्ठ २१) कम्युनिष्ट पार्टीबाट वितृष्णा भएपछि कोइराला प्रजातान्त्रिक समाजवादतर्फ आकृष्ट भए । कोइराला प्रथम पटक वनारसमा वि.सं.१९८७ मा हरिश्चन्द्र स्कुलबाट प्रवेशिका उत्तीर्ण गर्नु भन्दा पहिले मोतिहारी षड्यन्त्रकाण्डको अभियोगमा अङ्ग्रेज शासकद्वारा गिरफ्तार भए तर पन्ध्र वर्ष उमेरको भएकाले बयान लिएर केही समय पछि छाडिदिए । यिनी वि.सं.१९९१ तिर भारतीय काँग्रेस सोसलिस्ट पार्टीको सक्रिय सदस्य भए

। गान्धीद्वारा प्रतिपादित भारतछोडो आन्दोलनको क्रममा सन् १९४२ मा यिनलाई पुनः गिरफ्तार गरियो । भारतमा यिनले पटक पटक जेलको सजाय भोग्नुपर्‍यो ।

कृष्णप्रसाद भट्टराई, बालचन्द्र शर्मा, गोपालप्रसाद भट्टराई, ईश्वर बराल, नरेन्द्र रेग्मी लगायतका व्यक्तिहरूसँग सम्पर्क गरी वनारसमा कोइरालाले आफ्नै संयोजकत्वमा वि.सं.२००३ कार्तिक ५ का दिन एक भेला आयोजना गरी 'अखिल भारतीय नेपाली राष्ट्रिय काँग्रेस' को स्थापना गराए । अनि कलकत्ताको खाल्सा कलेजमा वि.सं.२००३ माघ १२ र १३ मा डाकिएको अधिवेशनले पार्टीको नाम नेपाली राष्ट्रिय काँङ्ग्रेस राख्यो । वि.सं.२००५ सालमा महेन्द्र विक्रम शाहको सभापतित्वमा गठित प्रजातन्त्र काङ्ग्रेस र वि.सं.२००३ सालमा गठित नेपाली राष्ट्रिय काङ्ग्रेसका सभापतिहरू मिलेर वि.सं.२००६ साल चैत्र १४ गते वक्तव्य जारी गर्दै मिलीजुली काम गर्ने प्रेस विज्ञप्ति जारी गरे र वि.सं. २००६ चैत्र २७ मा दुबै मिली संयुक्त अधिवेशन गरी नेपाली काँग्रेसको स्थापना गरे । जसमा विश्वेश्वरप्रसाद कोइरालाको सक्रिय भूमिका रहेको देखिन्छ । कोइरालाले आफ्नो पद त्यागेर दुबै पार्टीलाई मिलाई केन्द्रीय सदस्य मात्र भएर बसे । राणा शासनको अन्त्य र नेपाली जनतालाई जहाँनिया शासनको दासत्वबाट मुक्ति दिलाउनका लागि कोइरालाले खेलेको भूमिका स्मरणीय रहेको छ । नेपालमा प्रजातन्त्र स्थापनाको लागि कोइरालाले खेलेको भूमिका र गरेको संघर्ष र त्यागको परिणाम स्वरूप वि.सं.२००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भयो । १०४ वर्ष देखि नेपाली जनतालाई अत्याचार गर्दै आएको राणा शासनको अन्त्य भयो र नेपाली जनता स्वतन्त्र भए । वि.सं.२०१६ साल जेठ १३ गते कोइरालाले नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्रीको सपथ लिए । प्रधानमन्त्री भएपछि कोइरालाले दास्रो पञ्चवर्षीय योजना तयार गरे र नेपाललाई १५ वर्षसम्ममा सुविधा सम्पन्न राष्ट्रमा पुर्‍याउने लक्ष्य लिएर बाटो, बिजुली, स्वास्थ्य, शिक्षा, कृषिजस्ता क्षेत्र र कृषकहरूलाई अत्यावश्यक हुने औजारहरू एवं मजदुरहरूलाई राजीरोटीका लागि केही कारखानाको स्थापना गरे तर यी सबै कुरा कोइरालाले पुरा गर्न नपाउँदै राजाले वि.सं.२०१७ पुस १ गते राजनीतिक कु गरेर जनताद्वारा चुनिएको सरकारलाई विघटन गरे । यसै दिन थापाथलीबाट कोइरालालाई गिरफ्तार गरियो । झण्डै ७ वर्षको बन्दी जीवन पछि वि.सं.२०२५ साल कार्तिक १३ गते कोइरालालाई रिहा गरियो । ७ वर्षे लामो जेल जीवनमा कोइरालाको स्वास्थ्य बिग्रदै गयो र बम्बईमा उपचार गरेर वनारसमा बस्न थाले अनि त्यहीबाट सशस्त्र आन्दोलन गर्ने नीति लिए । वी.पी.माथि ७ वटा मुद्दा लगाइयो । कोइरालाले भारतमा ८ वर्षसम्म लगातार संघर्ष गरिरहेको बेला नेपालमा थुप्रै घटनाहरू घटे । कोइरालाले आफू एउटा मरेर नेपाल नमर्ने, नेपाल मर्‍यो भने डेढ केटी नेपाली मर्ने र यसै कारण आफू मरेर पनि नेपालको राष्ट्रियता, सार्वभौमिकतालाई बचाउनु नै आफ्नो सबैभन्दा ठूलो कर्तव्य हो भन्ने भावना बोकेर वि.सं. २०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति बोकेर स्वदेश फर्किए । (कोइराला, **सगरमाथा वाङ्मय**, २०७० साउन–पुस : १६) कोइराला नेपाली मनका ढुकढुकी हुन् । नेपाली राजनीतिमा कोइरालाको विचार, दृष्टिकोण, संघर्ष, साहस, दुरदर्शिता, राष्ट्रियता, स्वतन्त्रता, संकल्प, प्रजातान्त्रिक समाजवाद जस्ता सैद्धान्तिक मान्यताहरू र प्रजातन्त्रको संस्थागत विकासको लागि उनले निर्माण गरेको मार्गचित्र अनुकरणीय छ । विगतलाई केलाएर वर्तमानमा सोचविचार गर्दै संघर्षरत रहेर भावी दिनको खाका कोर्ने एक दूरदर्शी नेताको रूपमा कोइराला परिचित छन् । राष्ट्र, राष्ट्रियता, समाजवाद र प्रजातान्त्रिक बाटोलाई कोइरालाले अवलम्बन गरेको पाइन्छ । राजनीतिमा आफूलाई समाजवादी

ठान्ने कोइराला वास्तवमा समाजवादी नेता नै थिए । यिनको आस्था र गन्तव्य भनेको प्रजातान्त्रिक समाजवादी नेता हुन् । नेपाली जनतालाई प्रजातान्त्रिक समाजवाद तर्फ मार्ग निर्देश गर्ने कोइराला एक मार्ग द्रष्टाका रूपमा स्थापित छन् ।

निरङ्कुश जहानियाँ राणा शासनको पञ्जाबाट नेपाल र नेपाली जनतालाई मुक्त गराएर स्वतन्त्रताको आभाष दिलाउने एक जननायक हुन् विश्वेश्वरप्रसाद कोइराला । क्यान्सर जस्तो प्राण घातक रोगले आक्रमण गर्दा पनि कोइरालाले त्यसको परवाह नगरी नेपाली जनताको हक, अधिकार र स्वतन्त्रताको लागि लागि परे । यिनका प्रत्येक कार्य, विचार र धारणामा नेपाली माटोको गन्ध र नेपालीत्वपन पाइन्छ । 'स्वैच्छिक त्यागले जति तकलिफ पुऱ्याउँदछ उति मानवताको उचाईमा पनि छुवाउँदछ ।' (कोइराला, २०५५ : २४९) कोइरालाले आफ्नो जीवनमा धेरै त्याग र समर्पण गरे । देशको आर्थिक ढाँचा बनाउँदा एउटा गरिव किसानको हलो जोत्दै गरेको फोटो राख्नुपर्छ र आर्थिक ढाँचा तयार गर्नुपर्छ भन्ने कोइराला वास्तवमा जननेता थिए, नेपाली जनताको आस्थाका धरोहर थिए ।

नेपालको माटोलाई बोक्नुहोस् र छुनुहोस् त्यो माटोले जे भन्छ त्यही तपाईंको लागि जवाफ हो अनि हृदयलाई सोध्नुहोस् जे जवाफ पाउनु हुन्छ त्यही तपाईको कर्तव्य हो । (शर्मा, **एकता**, २०४१ : ४५) भन्ने कोइराला एक सच्चा देशभक्त, देशप्रेमी जननेता हुन् । कोइरालाले नेपाली राजनीतिमा गरेको त्याग, समर्पण, संघर्ष, दिएको बलिदान, मार्गदर्शनका कारणले गर्दा नै आज उनको राजनीतिक व्यक्तित्व उच्च रहेको छ ।

## ३.२.२ कानुनी व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइराला साहित्यकार, राजनीतिज्ञका साथै एक सफल वकिल पनि हुन् । कलकत्ता विश्वविद्यालयबाट वि.सं. १९९४ सालमा बी.एल्. उत्तीर्ण रहेका कोइराला कानुनविद्का रूपमा पनि सुपरिचित छन् । यिनले दार्जिलिङ्ग जिल्ला न्यायलयमा अधिवक्ता हरिप्रसाद प्रधानको मातहतमा रहेर केही समय वकालत पनि गरेको पाइन्छ । दार्जिलिङ्ग जिल्ला न्यायलयमा यिनले शोषित पीडित जनताको लागि न्याय दिलाउने उद्देश्यले केही समय वकालत पनि गरे । 'इतिहासका सम्मुख, जनताका सम्मुख, आफ्नो आदर्शका सम्मुख, यो न्यायालयका सम्मुख र महोदय तपाईं न्यायाधीसका सम्मुख म आफूलाई पूर्ण निर्दोष भएको अनुभव गर्छु र त्यसैलाई यहाँ निवेदन गर्न चाहन्छु तर महोदय, मेरो अध्ययन र विचारमा देश एउटा ठूलो सङ्कटमा छ । स्थितिमा यो पटक्क महŒवको कुरा छैन कि म कुनै कानुनको सङ्कीर्ण अर्थ्याइबाट दोषी या निर्दोष प्रमाणित हुँ । मुख्य र महŒवपूर्ण कुरा त राष्ट्रिय एकता हो, जसको आधार प्रजातन्त्र र समाजवाद हुन्छ । यस्तो जीवन मरणको प्रश्नपट्टि ध्यान दिलाउन र तत्परताका साथ राष्ट्रिय एकताका लागि प्रयत्नशील हुने उद्देश्यले हामी म नेपाल फर्केको हुँ ।' (कोइराला, २०६८, परिशिष्ट : १७२) भनेर कोइरालाले अदालतमा पेस गर्ने बयानको लिखित मस्यौदा तयार गरेको पाइन्छ । अदालतमा बयान दिँदा पनि कोइरालाले राष्ट्रिय एकताको कुरा, राष्ट्रिय संकटको कुरा, राष्ट्रिय एकताको आधार प्रजातन्त्र र समाजवाद रहेको कुरा अनि आफूहरू राष्ट्रिय एकताको लागि प्रयत्नशील हुने उद्देश्यले नेपाल आएको कुरा गरेका छन् । कोइरालाको कानुनी व्यक्तित्वमा राजनीतिक कुरा आएको पाइन्छ ।

अदालतमा सफाइ दिइरहँदा पनि यिनले देशप्रेम, देशभक्तको कुरा गरेको पाइन्छ । कोइरालामा लगाइएका अनेक मुद्दाको सुनुवाईको क्रममा अदालतमा दिइएका अनेक बयानबाट पनि यिनको कानुनी व्यक्तित्त्वबारे थाहा पाउन सकिन्छ ।

### ३.२.३ साहित्यकार व्यक्तित्व

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं.१९७१ साल भदौ २४ गते वाराणसीमा भएको हो । घरमै पिता खरिदार कृष्णप्रसादबाट अनौपचारिक शिक्षाको सुरुवात गरेका कोइरालाले वनारसबाट प्रवेशिका परीक्षा, बी.ए., बी.एल्.को औपचारिक शिक्षा पुरा गरेको पाइन्छ । सुरुमा हिन्दी भाषामा साहित्यको सिर्जना गरेका कोइरालाले पछि नेपाली भाषामा साहित्यको सिर्जना गरेको पाइन्छ । यिनको पहिलो प्रकाशित कथा हिन्दी भाषामा रहेका *वहाँ* (वि.सं.१९८७, **हंस**) हो भने पहिलो नेपाली भाषामा प्रकाशित कथा **चन्द्रवदन** (वि.सं.१९९२) हो । यिनले कथा, कविता, उपन्यास, निबन्ध, आत्मजीवनी, दैनिकी, नाटक आदि विविध विधामा कलम चलाएको पाइन्छ । 'कुनै पनि कला मर्यादित हुँदैन । आफ्नो मर्यादा यसले आफैँ सिर्जना गर्छ भन्ने विचारका कला पारखी कोइराला साहित्यलाई सभ्यताको प्रतीक मान्छन् र समालोचक हुन पर्याप्त ज्ञान र सीपको आवश्यकता पर्ने ठान्छन् ।' (रेग्मी, २०५६, **बगर** : २१६) वी.पी. कोइरालाको साहित्यकार व्यक्तित्वका विविध पक्षहरूको संक्षिप्त चर्चा यसप्रकार रहेको छ ।

#### ३.२.३.१ कथाकार व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाले साहित्यका प्रायः सबै विधामा कलम चलाएको भए पनि उनी कथाकारका रूपमा बढी सशक्त मानिन्छन् । कथाको क्षेत्रमा कोइरालाको स्थान महत्वपूर्ण रहेको छ । नेपाली कथा साहित्यमा कथाकार गुरूप्रसाद मैनालीले सर्वप्रथम आधुनिक सामाजिक यथार्थवादी कथा लेखिरहेको समयमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाले मनोविज्ञान त्यसमा पनि यौन मनोविज्ञानको प्रयोग गरेर कथाहरूको रचना गरेको देखिन्छ । कोइरालाले आधुनिक नेपाली कथामा खास गरी फ्रायडवादी शैलीमा सर्वप्रथम मनोवैज्ञानिक यथार्थवादी कथा लेखेर नेपाली कथा साहित्यमा मनोविज्ञानको प्रवर्तन र विस्तार विकास गरेको पाइन्छ । कोइरालाको कथा यात्राको सुरुवात अनौपचारिक रूपमा सानै देखि भए तापनि उनले रचेको पहिलो कथा ***हरिदत्त*** शीर्षकको हो तर सन् १९८७ मा **हंस** पत्रिकामा प्रकाशित *वहाँ* शीर्षकको कथाबाट नै उनको कथा यात्राको औपचारिक सुरुवात भएको मानिन्छ । कोइरालाले सुरुमा वहाँ, पथिक, आफैँले झैँ, भैया दाइ, जस्ता लघु कथाहरू हिन्दी भाषामा लेखेका थिए । यिनले **दोषी चस्मा** (२००६) र **श्वेतभैरवी** (२०३९) जस्ता कथा सङ्ग्रहहरूप्रकाशित छन् । कोइरालाले सर्वप्रथम नेपाली कथामा पश्चिमी चिन्तन भिœयाएर नयाँ मोडको स्थापना र विकास गरेका छन् । यिनी यौन मनोविश्लेषणलाई चिरफार गर्ने कथाकार हुन् । यिनका कथामा यौनको साथै राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक विचार धारा पनि प्रकट भएको पाइन्छ । नेपाली समाजवाद, प्रजातन्त्र, किशोर वर्गको कुरा आदिलाई यिनले प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफ्ना कथामा समावेश गरेका छन् । यिनका कथामा मनोविज्ञान, यौन

मनोविज्ञान, चेतन मनोविज्ञान, बालमनोविज्ञान, मनोग्रन्थिको विश्लेषण, मानसिक द्वन्द्व, सामान्य मनोरोगी पात्रहरू, प्रतीकको प्रयोग, तत्कालीन समयमा नेपाली जनताको अवस्था, निम्नदेखि उच्चवर्गका पात्रको प्रयोग, सामाजिक यथार्थता, सबल शिल्प संचेतना, संस्कृति सापेक्ष मानसिकता पाइन्छ ।

### ३.२.३.२ उपन्यासकार व्यक्तित्व

नेपाली साहित्याकाशका एक विशिष्ट र मूर्धन्य व्यक्तित्व विश्वेश्वरप्रसाद कोइराला एक सशक्त उपन्यासकार हुन् । कोइरालाका उपन्यासहरू वैचारिक दृष्टिले निकै महत्त्वपूर्ण र सबल रहेका छन् । कोइरालाका ६ वटा उपन्यासहरू प्रकाशित छन् । ती हुन् :

क.**तीन घुम्ती** (२०२५)

ख.**नरेन्द्रदाइ** (२०२७)

ग.**सुम्निमा** (२०२७)

घ.**मोदिआइन** (२०३६)

ङ.**हिटलर र यहुदी** (२०४०)

च.**बावु, आमा र छोरा** (२०४५) ।

कोइरालाका उपन्यासहरूमा विशेषतः मनोविश्लेषणात्मक, अस्तित्वमूलक, मानवतावादी, नियतिवादी, समन्वयवादी जस्ता विषयलाई केन्द्रविन्दु बनाएको पाइन्छ । यिनले लघु तथा मध्यम खालका उपन्यासहरूको सर्जना गरेका छन् । यिनले आफ्ना उपन्यासहरूमा आफ्ना निजी जीवनमा घटेका घटनाहरूलाई कलात्मकताका साथ उतारेका छन् । यिनका उपन्यासहरू समाज सापेक्ष समाजमा हुने गरेका र भइरहेका घटनाहरूलाई समावेश गरेका छन् । कोइरालाले मनोविश्लेषणवादी, अस्तित्ववादी, विसङ्गतिवादी, सामाजिक, दार्शनिक, वैचारिक, मानवतावादी उपन्यासहरूको सिर्जना गरेका छन् । यिनका उपन्यासमा दैहिक प्रेमलाई नभएर आत्मिक प्रेमलाई महŒव दिइएको छ । 'सामाजिक यथार्थतालाई पूर्ववर्ती उपन्यासकारहरूको जिम्मा लगाएर, परम्परागत मूल्य र मान्यता भताभुङ्ग पारेर नयाँ नयाँ सम्भावनाहरूको अन्वेषण गर्दै विश्लेषणात्मक शैलीले नेपाली उपन्यास जगतलाई गतिशील बनाउँदै मनोविश्लेषण र अस्तित्ववादी विचारको एकै ठाउँमा सहज चित्रण गर्नु कोइरालाका औपन्यासिक विशेषता हुन् ।' (ढकाल, २०५४ : ३५०) कोइरालाका उपन्यासमा नारी अस्तित्व र स्वतन्त्रता, विसङ्गतिका बीच अस्तित्व रक्षा, धर्म, जातजातिको नाममा हुने युद्धको विरोध, मानवता, द्वन्द्वात्मकता, मिथकीयता, बौद्धिकता, तार्किकता, विश्लेषणात्मकता, आत्मिकता, दार्शनिकता जस्ता कुराहरू समाविष्ट भएको पाइन्छ ।

### ३.२.३.३ कवि व्यक्तित्व

आफ्नो साहित्यिक सिर्जनाको क्रममा सर्वप्रथम कविता विधामा कलम चलाउने कवि विश्वेश्वरप्रसाद कोइरालाले त्यति धेरै कविताको सिर्जना गरेको पाइँदैन । कथाकार र उपन्यासकारको तुलनामा कवि कोइराला कम शक्तिशाली र सक्रिय भए पनि यिनका उपलब्ध कविताहरू कम शक्तिशाली र कम महत्वपूर्ण छैनन् । यिनी फुटकर गद्य धाराका कविका रूपमा चिनिन्छन् । यिनको प्रथम प्रकाशित कविता *रचना बम्बई के प्रति* हो । यो रचना **हंस,** वर्ष १, अङ्क ८, पृष्ठ ८ मा *'बम्बई के प्रति'* नामले हिन्दी भाषामा प्रकाशित छ । (शर्मा, २०५९ : १८) । यिनका कवितामा प्रकृति प्रेम, संस्कृति, प्रणयवृत्ति, कल्पना, स्वच्छन्दता, स्वतन्त्रता, मानवता, प्रतीक प्रयोग, स्थानीयता, यौनमनोविश्लेषणात्मकता, रसात्मकता, तार्किकता, आलङ्कारकिता, द्वन्द्वात्मकता, सूत्रात्मकताजस्ता पक्षको प्रस्तुति पाइन्छ । कविता प्रकाशनको मिति तथा कालक्रमलाई आधार मानी कोइरालाका प्रकाशित बार ओटा कविताको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.सं. | कविताको शीर्षक | प्रकाशन मिति | पत्रिकाको नाम |
|---|---|---|---|
| १. | *बम्बई के प्रति* | वि.सं.१९८७ | **हंस** |
| २. | *बारीका कुरो* | वि.सं.२०२ | **सिउँडी** |
| ३. | *बिष्टा पुष्प* | वि.सं.२०२६ | **सिउँडी** |
| ४. | *छोरी र छायाँ* | वि.सं.२०२७ | **कल्पना** |
| ५. | *एउटा सन्धि: एक सम्झना* | वि.सं.२०२९ | **नेपाल** |
| ६. | *नखिचिएको तस्वीर सुन्दर* | वि.सं.२०२९ | **बिहान** |
| ७. | *पोखरा* | वि.सं.२०३९ | **पूजा** |
| ८. | *बादल गोलगोल, कोमल कोमल* | वि.सं.२०३९ | **एकता** |
| ९. | *वर्षाले पोतेको दृश्य* | वि.सं.२०४३ | **राजधानी** |
| १०. | *कोशी-कौशिकी* | वि.सं.२०४७ | **नेपाल पुकार** |
| ११. | *बगरको घोचो* | वि.सं.२०२६/२०५० | **छहरा/नवकविता** |
| १२. | *टाढाको कल्पना* | वि.सं.२०५२ | **मधुपर्क** |

( सम्पा. शर्मा, २०५९ : पृष्ठ २५)

### ३.२.३.४. निबन्धकार व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइराला एक बौद्धिक निबन्धकार हुन् । भारतबाट निस्कने **वीणा** पत्रिकाको वर्ष १८, अङ्क ८ मा २००२ सालमा प्रकाशित हिन्दी भाषाको जीवनशक्ति निबन्ध कोइरालाको प्रथम प्रस्तुत निबन्ध हो । (सम्पा. कोइराला र अन्य, २०५३ : ४३८) कोइराला पाश्चात्य निबन्धकार फ्रान्सिस बेकनको विषयकेन्द्री निबन्ध लेखनबाट प्रभावित छन् । यिनका निबन्धहरू छोटा, सूत्रात्मक तथा बौद्धिक चिन्तनले भरिपूर्ण छन् । यिनी आफ्ना निबन्धमा तार्किक अभिव्यक्ति दिइरहेका हुन्छन् । कोइराला पाश्चात्य निबन्धकारहरू बेकन, बेनजोन्सन, डा. जोन्सन, मेकाले तथा वाल्टर पिटरका निबन्ध परम्परालाई रुचाएर निजात्मक पाराका निबन्ध लेख्न सिपालु निबन्धकार हुन् । (सम्पा. कोइराला, २०५३ : ४३७) यिनका *जीवन शक्ति, प्रेमको व्यवहार, साहित्यमा प्रगतिशीलता, कला कलाको दायित्व र मानव जीवन* उल्लेख्य निबन्ध हुन् । कोइरालाका भाषण तथा टिप्पणीहरू निबन्ध नै होइनन् तर ती निबन्धात्मक शैलीका देखा पर्दछन् । निबन्धात्मक व्यक्तित्वको प्रभाव यिनका भाषण तथा टिप्पणीहरूमा परेको देखिन्छ ।

### ३.२.३.५ आत्मजीवनीकार व्यक्तित्व

नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइराला आत्मजीवनी लेखनमा पनि अग्रस्थानमा देखापर्दछन् । कोइरालाका कृतिहरूलाई मूलतः सामाजिक, साहित्यिक र राजनीतिक गरी तीन प्रकारका विषय र उद्देश्यमा क्रमशः **मेरो जीवन कथा** (२०११), **आफ्नो कथा** (२०४०), **जेलजर्नल** (२०५४) र **आत्मवृत्तान्त** (२०५५) गरी बाँड्न सकिन्छ । (गौतम, २०५६ : १६) जेलजर्नल कोइरालाको आत्मकथा भए तापनि यसमा लेखकले आफ्नो जीवनमा घटेका सारा घटना, अनुभव, अनुभूति, प्रभाव आदिलाई मिति अनुसार लेखेका हुनाले यसलाई दैनिकी अन्तर्गत राख्नु नै उपयुक्त देखिन्छ । यिनले आत्मजीवनीमा आफ्नो जन्म, बाल्यकाल, पिताको अवस्था, परिवारको अवस्था, निर्वासनको पीडा, आफ्नो मनोवस्था, नेपाली जनताको अवस्था, सामाजिक कुरा, राजनीतिक घटना, साहित्यिक कुरा, आर्थिक अवस्थाजस्ता आफ्ना जीवन र आफ्नो जीवनसँग जोडिन आउने यावत् कुरालाई समावेश गर्ने चेष्टा गरेका छन् ।

### ३.२.३.६ दैनिकीकार तथा समालोचक व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा दैनिकीकारका रूपमा पनि सुपरिचित रहेका छन् । यिनका **जेलजर्नल** (२०५४) र **फेरि सुन्दरीजल** (२०६३) जस्ता दैनिकीहरू प्रकाशित रहेका छन् । यिनले आफ्ना दैनिकीहरूमा आफ्ना जीवनका व्यक्तिगत तथा सामाजिक घटनाहरू, जेलमा आफ्नो अवस्था, समस्या, दुख, पीडा, नैराश्यताको क्षण, सुख, परिवारसँगको विच्छेदको अवस्था, देश विदेशका घटनाहरू, औपन्यासिक धारणाहरू, प्राकृतिक अवस्था, साहित्यिक कुरा, राजनीतिक कुरा, अध्ययनका कुरा जस्ता कुराहरूलाई समावेश गरेका छन् । झट्ट हेर्दा यिनका दैनिकीहरू राजनीतिक महत्त्वले मात्र ओतप्रोत जस्तो देखिन्छन् तर ती व्यक्तिगत, पारिवारिक, सामाजिक, साहित्यिक महत्त्वले पनि ओतप्रोत रहेका छन् ।

समालोचक हुन पर्याप्त ज्ञान र सीपको आवश्यकता पर्छ भन्ने कोइराला समालोचनात्मक गुणले सम्पन्न समालोचक पनि हुन् । पारिजातको **शिरीषको फूल**, भरत जङ्गमको **कालो सूर्य**, आफ्नो कृति **मोदिआइन** जस्ता उपन्यासको विवेचना, देवकोटाको पुण्य स्मृतिमा प्रकट गरेको विचार, सडक कविता क्रान्ति प्रतिको दृष्टि आदिबाट कोइरालाको समालोचनात्मक प्रतिभा उच्च रहेको कुरा प्रष्ट हुन्छ ।

# अध्याय :चार

# जेलजर्नल कृतिको अध्ययन र विश्लेषण

## ४.१ जेलजर्नल कृतिको अध्ययन

विश्वेश्वरप्रसाद कोइरालाले सुरुमा आफू बन्दी अवस्थामा रहेको बेला लेखेका दैनिकीहरू यस कृतिमा रहेका छन् । कोइरालाद्वारा लिखित जेलजर्नल कृति जगदम्बा प्रकाशन ललितपुरले वि.सं. २०५४ सालमा प्रकाशित गरेको हो । यसमा ४ फागुन २०१७ देखि १ पौष २०२१ सम्म कोइरालाद्वारा लिखित १३३ वटा दैनिकीहरु समावेश रहेका छन् । लेखकले आफ्नो जेलजीवनको अवस्थालाई स्पष्ट रुपमा आफ्ना दैनिकीहरुमा समेट्ने प्रयास गरेको पाइन्छ । वीपीले आफू थुनिएको दुई महिनादेखि मात्र दैनिकी लेख्न थालेको देखिन्छ । आफ्नो जेलजीवनबारे जानकारी दिन र समय व्यतीत गर्नको लागि उनले दैनिकी लेख्ने गरेको पाइन्छ । यस कृतिमा रहेका दैनिकीहरूलाई व्यक्तिगत तथा पारिवारिक, राजनीतिक, साहित्यिक, धार्मिक आदि शीर्षकमा विभाजन गरी यसमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ व्यक्तिगत तथा पारिवारिक दैनिकी

### १. १५ फेब्रुअरी १९६१

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफूहरू थुनिएको दुई महिनादेखि लेखन थालेको वीपीको भनाइ, तरुण दलको सम्मेलनमा आफ्नो उद्‌घाटन भाषण समाप्त गर्नासाथ गिरफ्तार भएको वीपीको भनाइ, श्रीमतीलाई सम्बोधन गरेर आफ्ना व्यक्तिगत गन्थनहरू डायरीमा लेखेको जुन हेर्ने अधिकार श्रीमतीलाई मात्र भएको वीपीको भनाइ, दिनभरका यावत् घटनाहरूलाई लेख्नेछु भनी वीपीले गरेको प्रतिज्ञा, रुढिगत अन्धविश्वासमा विश्वास गर्न नचाहने तर आफ्नो हृदयको कुना-कुनाबाट यस्ता कुराहरूमा विश्वासको आधार निस्कन खोजेको वीपीको भनाइ, टेनिसनको लोटस इटर नामको कविताबारे लेखकको धारणा, सूर्यग्रहणको दिन लेखकले दही, तरकारी, फलफूल र मह खाएको कुरा, आफूमा धार्मिक संस्कारको अवशेष छ भन्ने लेखकको आत्माभिव्यक्ति, चारैतिरबाट सङ्गिनको पहरामा वीपीहरू भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल तर स्तरीय रहेको छ । यसमा यथार्थता र आत्मपरकताको सम्मिश्रण पाइन्छ ।

**ग. संरचना**

बाह्र अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । बिहानदेखि बेलुकासम्मको आफ्नो आफ्नो क्रियाकलापका साथै आफूसँग सम्बन्धित घटनालाई लेखकले यसमा लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूहरू गिरफ्तार भएको कुरा, आफ्नो डायरी श्रीमतीलाई सम्बोधित भएकोले उनलाई मात्र त्यो हेर्ने अधिकार भएको कुरा, आफ्नो प्रतिज्ञा, आफूमा धार्मिक संस्कारको अवशेष रहेको कुरा अनि आफूहरू सङ्गिनको पहरामा रहेको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२. २३ मार्च १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई सर्दी लागेको कुरा, आफ्नो बानीअनुसार आवश्यकता भन्दा बढी परिणाममा आफूले खाएको वीपीको भनाइ, अध्ययन गरेको विषयलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा अत्यन्त सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो अत्यन्त छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले बन्दी अवस्थामा आफ्नो स्वास्थ्य अवस्था र अन्य व्यक्तिगत कुरा बारे जानकारी दिनु रहेको छ ।

**३. ११ मार्च १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले श्रीमतीलाई नलेखिनुको कारण, वीपीलाई शिथिलता र बेचैनी भएको कुरा, कसैसँग सम्पर्क गर्न नदिइरहेको अवस्थामा धरणीधरको पत्र आएको र उनको पत्रको उत्तर दिन वीपीलाई अनुमति दिइएको कुरा, घरपरिवार लगायत अन्य समाचारबाट आफूलाई अलग्ग राखिएको वीपीको भनाइ, अचानक देशमा एक व्यक्तिको हुकुमी शासन स्थापित भएको कुरा, राजा वीपीसँग ईर्ष्या गर्छन् भन्ने कुरा, प्रजातान्त्रिक प्रणाली र राजाको हार्दिक मेलमा देशको रथ अगाडि बढ्ने, विकास कार्य अगाडि बढ्ने, विकास कार्य राष्ट्रिय आधारमा सम्पन्न हुने र राष्ट्रको अन्तराष्ट्रिय सम्मान बढ्ने वीपीको भनाइ आदिलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

कहीँकतै जटिल रहे पनि यसमा सामान्य भाषाशैलीको प्रयोग पाइन्छ । यथार्थताको प्रकटीकरण रहेको यस दैनिकीमा अभिधात्मक अर्थ सापेक्ष रहेको छ ।

**ग. संरचना**

दश अनुच्छेदमा संरचित यो एक लामो आयामको दैनिकी हो । यसमा कुनै लामा अनुच्छेद रहेका छन् भने कुनै अत्यन्त छोटा आकारका रहेका छन् । आफ्नो स्वास्थ्य, बन्दी अवस्था, नेपालको राजनीतिक अवस्था, राजा बारे यसमा बढी उल्लेख गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बन्दी अवस्था, शिथिलता, जेलमा सम्पर्क विहीन अवस्था, देशको अवस्था, नेपालको राजनीतिक अवस्था, प्रजातान्त्रिक प्रणाली र राजाको हार्दिक मेलमा देशको रथ अगाडि बढ्ने विश्वासबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४. ८ अप्रिल १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको भोजनको सूची, अनसन तोडेको दुई चार दिन सम्म दिन काट्न गाह्रो हुने वीपीको अनुभव, सुशीलालाई भेट्न वीपी आतुर भएको कुरा, उद्विग्न हुने स्वभावलाई कसरी ठीक पार्ने हो भन्ने बारे वीपीको चिन्तालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफ्नो खानाबारे, आफ्नो आत्तुरी र चिन्ताबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५. २ अप्रिल १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले धरणीधर वीपीलाई भेट्न आएको कुरा, राजाबाट वीपीको तारिफ भएको धरणीधरले बताएको कुरा, धरणीधरबारे वीपीको धारणा, वीपीहरूले अब दैनिकी मोरु सातका दरले खुराकी पाउने र त्यसको आधारमा खाने व्यवस्था मिलाउनु पर्ने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफूलाई भेट्न धरणीधरलाई मात्र दिइएको र खानाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६. १८ अप्रिल १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई भेट्न सुशीला र चेतना आएको कुरा, वीपी र सुशीला बीच भएको भेटको वर्णनलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले सुशीला र चेतना बीचको भेटघाटबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७. १७ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रोशा, इन्दिरा, बुनु वीपीलाई भेट्न आएका कुरा, उनीहरूले सामान ल्याइदिएको कुरा, जेलमा हुँदा सूर्यबाबु सी.आई.डी. को काम गर्ने र राजालाई खबर पठाउने अनि छुटेर गएपछि वीपीहरूको साथीलाई भड्काउने काम गर्ने गरेको कुरा, सूर्यबाबुले लेखेको एक चिठीमा वीपी विरुद्ध विष वमन गरेको बुनुले बताएको कुरा, राजनीतिमा सूर्यबाबु समाप्त भएपछि आफूले आश्रय दिएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले आफ्नो दिनभरको क्रियाकलापलाई भन्दा अगिल्लो दिनको घटनाहरूको स-विस्तार वर्णन गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफन्त भेट्न आएको कुरा, सूर्यबाबुले पतीत क्रियाकलाप गरेको, उनलाई आफूले आश्रय दिएको कुराबारे जानकारी दिनु नै यसको उद्देश्य रहेको छ ।

**८. १८ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले ठूलो एकादशी भएकोले भोजन निरामिष बनाउन दिएको अर्डर, वीपीलाई केही कुरामा रस नभएको कुरा, भोलिदेखि गम्भीर अध्ययनमा लागेर मनस्थितिलाई काबूमा राख्ने प्रयास गर्ने वीपीको प्रतिज्ञालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो एक छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**९. १९ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई सर्दी लागेको कुरा, शैलजा पेरिसबाट मीरा एब्रेरुको चिठी वीपीलाई आएको कुरा, वीपीलाई गाली गरेर राजाको स्तुतिगान गरेको चिठी वीपीलाई आएको कुरा, शैलजाका चिठीमा जीवनसम्बन्धी धेरै प्रश्न हुने, जसको उत्तर आफूबाट खाज्ने वीपीको भनाइ, इजरायलमा भेट भएकी मीरा एब्रेरुको आफूप्रतिको आकर्षण, जुन यौन वा अन्य कुराको थाहा नभएको वीपीको भनाइ, मीराले लेखेको चिठीमा बासनाको आभास नभएर प्रेमको अभिव्यक्ति पाइने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई आएको चिठीको बारेमा जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०. २१ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकको एकनाशले समय बितेको र मन बिकल भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफ्नो मन विकल भएको बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११. २३ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई कपाल काट्न पट्याइ लाग्ने कुरा, आफ्नो कपाल कटाइसम्बन्धी वीपीको धारणा, हवल्दार आएर सबैलाई हेरेर कैदीको संख्या ठीक छ भन्ने निश्चिन्तता लिएर जाने तर किन भन्ने वीपीको प्रश्नलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

साहित्यिक पारामा लेखिएको यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । यो विश्लेषणात्मक शैलीमा लेखिएको छ ।

**घ. उद्देश्य**

लेखकले आफूलाई कपाल काट्न पट्याइ लाग्ने कुरा र जेलमा हवल्दार कैदीको संख्या ठीक छ कि छैन भनी हेर्न आउने कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १२. २४ नोभेम्बर १९६१

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जाडो चम्किन थालेको तर आफूलाई गृष्म मौसम अनुकूल हुने वीपीको भनाइ, सुवर्णजीको वक्तव्य, सरकारले नेपाल भारत सीमामा सैनिक र पुलिस गस्ती लगाउन लगाएको जस्तो समाचार वीपीले पढेको कुरा, आफूले पाएका उपहारहरू सरकारलाई बुझाइदिन भनेका कुरा रोशाले मानेर बुझाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ र यसमा साहित्यिकताको आभास पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले मौसमको बारे आफ्नो धारणा, अखबारमा छापिएका समाचारहरू, आफूले पाएका उपहारहरू फर्काउन लगाएको र फर्काएकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १३. २५ नोभेम्बर १९६१

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा दिन रसहीन हुने, शनिबार अखबार नआउने हुनाले झनै नीरस हुने वीपीको अनुभव, वीपीलाई कथा लेख्ने विचार आएको र दुई पेज कथा लेखेको कुरा, कथाका कहानीहरू एक प्रकारले आत्मकथाका टुक्राजस्ता हुने, जसमा आफू प्रतिवादीको रूपमा आत्मरक्षा गर्ने प्रयत्न गर्छ भन्ने वीपीको भनाइ, रबिबाबुको बंगला भाषामा लेखिएको कथा वीपीले पढेको र उनका कथाहरू बारेमा गरिएको टिप्पणीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए पनि ठाउँ-ठाउँमा साहित्यिकताको प्रयोग पाइन्छ । जस्तैः ‘जेलमा त्यसै त दिन नीरस हुन्छ, त्यसमा शनिबार त नीमको थाँक्रो लागको करेलाको झ्याङ जस्तो ।’ कलात्मक शैलीले गर्दा दैनिकी पढ्दा आनन्द लाग्छ ।

**ग. संरचना**

यो एक मझौला आकारको दैनिकी हो । यसमा लामा छोटा आकारका वाक्यहरूको प्रयोग पाइन्छ । लेखकले यसमा आफ्ना साहित्यिक कुरालाई प्राथमिकताका साथ लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले जेलमा दिन नीरस हुने, आफूले कथा लेखेको जुन आत्मकथाका टुक्राजस्ता भएका, बंगला भाषाको कथा पढेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१४. २८ नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको घाँटी दुखेको कुरा, लेखकले आफ्नो काम आफै गर्ने कुरा, दैनिक कामले गर्दा बौद्धिक या सांस्कृतिकका लागि यथेष्ट समय नपाइने वीपीको अनुभव जेलमा किताब पढ या बसेर सोच जस्ता विचारले प्ररित हुने वीपीको भनाइ, जेलमा पढेका कुराले आफ्नो कार्यक्रमलाई रस प्रदान नगर्ने र व्यवहारिक सहायता नगर्ने वीपीको ठम्याई, अल्छीपन र पढ्न मन नलागेको वीपीको भनाइ, वर्ष दिनमा ३६५ पुस्तक पढिसकेर औंलामा गन्न नसकिने संख्या थुपारेर मात्र के लाभ भनी वीपीले गरेको प्रश्न, पढ्न भन्दा लेख्न गाह्रो हुने वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा स्तरीय भाषाशैलीको प्रयोग पाइन्छ । भाषा अलि माझीएको र साहित्यिक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । यसमा लेखकले आफ्नो मनका र आफूलाई लागेका कुरालाई सविस्तार उल्लेख गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफै आफ्नो काम गर्ने, पढ्न मन नलागेको, स्वास्थ्य ठीक नभएको, पुस्तक पढेर मात्र नहुने जस्ता विषयबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १५.	८ मार्च १९६२

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले आफैँप्रति कहिल्यै नसकिने गुनासो रहेको वीपीको भनाइ, स्वभावले हारे पनि मनले नहारेको वीपीको दाबी, वीपीले दृढतापूर्वक अड्ने अठोट गरेको कुरा, समान रूपबाट बगिरहेको दिनहरूलाई वीपीले साहित्यिक रूपमा विश्लेषण गरेर लेख्ने के ? लेख्ने प्रयोजन के ? र लेख्ने कुरा के भनी गरेको प्रश्न, आफूलाई अनेकानेक विचार आउने, अनेकानेक भावनाले आफू दुई आपसी विरोधी चरम सीमाहरूको  बीचमा ढोलक जस्तो झुलिरहने वीपीको अभिव्यक्तिलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

साहित्यिक, कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ । ठाउँ-ठाउँमा प्रश्नले गर्दा दैनिकी पढ्न रोचक लाग्दछ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । यसमा लेखकले आफ्नो भावनालाई सविस्तार वर्णन गरेका छन् ।

### घ. उद्देश्य

लेखकले आफ्ना भित्री भावना, कुराहरूलाई साहित्यिकताका साथ प्रस्तुत गर्न नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १६.	९ मार्च १९६२

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले लेखकलाई ठण्डी लागेको कुरा, झरी परेको कुरा, ऊनका लुगा लेखकलाई वर्जित भएको कुरा, लेखकको शरीरमा जाडोको प्रतिकुलता पर्ने कुरा, लेखकको शरीर कमजोर भएको कुरा, रोशाले वीपीलाई सामान पठाइ दिएको कुरा, आफ्नो कुरामा लागेर धेरै विद्यार्थी, युवक र युवतीहरूले समाजवादका नाउँमा आफूलाई होमेका वीपीको भनाई, वीपीले डेर्कोटको Discourse on the method र Baudelaire लाई पढ्ने कोशिश गरेको तर नसकेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरल रहेको छ । तत्सम, तद्भव शव्दको प्रयोग पाइन्छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो एक मझौला आकारमा संरचित दैनिकी हो । लेखकले आफ्नो गन्थनलाई दैनिकीमा प्राथमिकता दिएका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूलाई ठण्डी लागेको, आफ्नो शरीर जाडो प्रतिकूलता हुने, ऊनी लुगा वर्जित भएको धेरै युवक, युवतीहरू आफ्नो कुरामा लागेर समाजवादका नाउँमा होमिएका कुरा, विदेशी लेखकको पुस्तक पनि पढ्न मन नलागेको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१७. १६ मार्च १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीला र चेतना वीपीलाई भेट्न आएका कुरा, सुशीलामा आफ्नो लागि एउटा विलक्षण आकर्षण भएको जसले उसलाई देखेको पहिलो दिनदेखि आजसम्म एकनाससँग आफूलाई तानिरहेको वीपीको भनाईलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले परिवार भेट्न आउने कुरा र सुशीलामा रहेको विलक्षण आकर्षणले सदा आफूलाई तानिरहनेबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१८. २० जून १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीला र केटाकेटीसँग छुटिएको वियोगको पीडालाई लेखकले विर्सन नसकेको कुरा, अधिकारीहरूले बढी कडाई सुरु गरेको कुरा, एक वर्षे जेल जीवन त्यसै खेर गएको वीपीको आत्म चिन्तनलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अवस्था र जेलको अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १९. २२ जून १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेख्ने केही कुरा नभएको वीपीको भनाइ, कडाइले बाहिरबाट कुनै खबर नआउने कुरा, वीपी प्रधानमन्त्री छँदा संयुक्त राष्ट्रसंघ जाँदा लिएको खर्चको विवरण निजी सचिवले नदिएको कुरा लेखी वीपीलाई पठाएको चिठी, यसबारे आफूलाई थाहा नभएको वीपीको भनाइ, आफूहरूको संघर्ष राजासँग भएको वीपीको दाबीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले चिन र संयुक्त राष्ट्रसंघ जाँदाको खर्चको विवरण आफूलाई थाहा नभएको र आफ्नो निजी सचिवलाई थाहा हुने कुरा, आफूहरूको संघर्ष राजासँग भएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २० २६ जुलाइ १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा कडाइ बढेको कुरा, कोहीसँग सम्पर्क गर्न नदिइएको कुरा र मानसिक व्यथाले वीपीका दिनहरू बितेका कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलको र आफ्नो अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२१. **१६ अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले दुई महिना पछि वीपीले डायरी लेख्न थालेको कुरा, दुई महिनामा घटेका अन्तर्राष्ट्रिय घटनाहरू, वीपीको मनमा नाना किसिमका घटनाहरू घट्ने कुरा, आजको दुश्चिन्ता भोलिको रमाइलो स्मृति र आजको उत्साह भोलिको एउटा मजाक हुने वीपीको धारणा, मानसिक स्थितिमा उत्पन्न भावनालाई लिपिबद्ध गर्ने वीपीको सोचाइलाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूले पुनः डायरी लेख्न थालेको कुरा, अन्तर्राष्ट्रिय प्रमुख घटना, मानसिक रूपमा उत्पन्न भावनालाई लिपिबद्ध गर्ने सोचाइबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२२. **१८ अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आमा वीपीलाई भेट्न आएको कुरा, आमाले वीपीलाई धन्धा नमान्नु म सबै कुरा सम्हाल्छु भनेको कुरा, आमासँग भएको पारिवारिक कुरा, राशा, श्यामा, न्हुछेमान, रमेश वीपीलाई भेट्न आएको कुरा, सिक्किमका दिवान, राजाले वीपीलाई धेरै सम्झना रमेश मार्फत पठाएका कुरा, शैलजा र गौरीले दण्ड स्वरूप दुई हजार छ सय बुझाउँदा र सजायको अवधि पुरा भए पनि रिहा नभएका कुरा, राजामा बहुलठ्ठी लागेको कुरा, आफूले दुखको सामना गरेको अनुभव हुनै नपाएर जिन्दगी बितको तर सायद अब वास्तविक कष्टको सामना गर्न पर्ने वीपीको अनुमानलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकी सामान्य बोलीचालीको भाषामा संरचित रहेको छ ।

**ग. संरचना**

यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो आमाको व्यक्तित्व, राजाको बहुलट्ठी, सिक्किमका दिवान र राजाले सम्झने र पारिवारिक अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२३ १९ अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आमाको साहसका शब्द र आमालाई वीपीले सम्झेको कुरा, आफूहरूको परिस्थितिले छोरा-छोरीको उपर कस्तो प्रभाव परेको होला भन्ने वीपीको प्रश्न, वीपीले व्याडमिन्टन खेलेको कुरा, मनुवेनको संस्मरण (गान्धीजी सँगको अन्तिम दिन) वीपीले पढेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो । लेखकले आफूलाई केन्द्रविन्दु बनाएर दैनिकी लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले आमाको बीमार र आफ्नो अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२४. २० अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले देखेको सपना, गणेशमानजीको विश्वास भूतप्रेत भन्ने पदार्थमा भएको र उनीहरूसँग गणेशमानको जम्का परेको छ रे भन्ने वीपीको भनाई, आफूलाई भूतप्रेतको विषयमा दिलचस्पी भएको तर विश्वास नभएको वीपीको भनाइ, वीपीले स्टीफन ज्वीगको Beware of pity पढेको र त्यसको टिप्पणी गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले गणेशमानको भूतप्रेतप्रतिको विश्वास र आफ्नो कुराबारे जानकारी दिनु नै यसको उद्देश्य रहेको छ ।

**२५. २७ अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले शनिवार नीरस दिन हुने वीपीको अनुभव, प्रत्येक शनिबारका दिन आफू पुनः पुनः बन्दी हुने वीपीको भनाई, वीपीमा उत्साहको लहरको अनुभव भएको तर किन भन्ने कुराको आत्मचिन्तन गरेको, वीपीले स्ट्रेचीको लेख पढेको र त्यसको समालोचनात्मक विश्लेषण गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइनुका साथै साहित्यिक, विश्लेषणात्मक र समालोचनात्क शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

सात अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । लेखकले यसमा आफ्नो दिनचर्यालाई नलेखी आफ्नो उत्साहको कारण र लेखको विश्लेषणलाई मात्र महत्व दिएका छन् ।

**घ. उद्देश्य**

लेखकले आफू जेलमा नीरस हुने तर आज उत्साहको अनुभव भएको र त्यसको कारण पत्ता लगाउन गरेको आत्मचिन्तन अनि लेखक र लेखको बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२६ ३० अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई नलिनी दिदी कहाँबाट भाइ टीकाको प्रसाद र भाग आएको कुरा, वीपीले आफ्ना दिदीबहिनीहरूलाई सम्झेको कुरा, दिदीबहिनीको मायामा जटिलता नभएर कोमलता हुने वीपीको धारणा, आफ्नो जीवनको मर्मस्थलमा दिदीबहिनीहरूको उष्णताको सदैव अनुभव गरेको र त्यस स्नेहको कवचले आफू रक्षित भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यसमा स्तरीय साहित्यिक भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । यो भाइटीका र दिदीबहिनीमा केन्द्रीत रहेको छ ।

**घ. उद्देश्य**

लेखकले दिदीबहिनीको स्नेहको कवचले आफू रक्षित भएको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २७. **१०.१९६२ मा लेखिएको दैनिकी**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले नोना, सुषमा र शैलजाप्रति वीपीको चिन्ता, योगको जरा कताकताबाट अन्ततः यौनमा पुगेको हुन्छ जस्तो आफूलाई लागेको वीपीको भनाई, यौन र योग सम्बन्धी वीपीको सशक्त, गहकिलो र दार्शनिक विचार, सामाजिक नियमबारे वीपीको धारणा, सभ्य जातिहरूलाई भन्दा असभ्य जातिहरूलाई बढी मानसिक शान्ति भएको वीपीको धारणा, गीताको संस्कृत श्लोक र वीपीले गरेको नेपालीकरणलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तत्सम, तद्भव र आगन्तु भाषाको प्रयोग पाइन्छ । दार्शनिकता र चिन्तनशीलताका कारण यसको भाषा अलि क्लिष्ट रहेको छ भने कलात्मक शैलीको कारण यो राचक रहेको छ ।

**ग. संरचना**

यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो चिन्ता, यौन र योगबारे आफ्नो धारणा, गीता श्लोकको अर्थबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२८.  **१ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले पढ्ने सामग्री भए पनि पढ्नमा चित्त नलागेको वीपीको भनाइ, वीपीलाई मानसिक शिथिलता भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सहज रहेको छ ।

**ग.संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको उत्कृष्ट दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले पढ्नमा चित्त नलागेको र मानसिक शिथिलता भएकोबारे जानकारी दिने नै यसको मुख्य उद्देश्य रहेको छ ।

२९.  **२ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले श्रीमतीलाई सम्बोधन गरेर दैनिकी लेखेको कुरा र श्रीमतीलाई सम्बोधन गरेर मनका भावनाहरू लिपिबद्ध गर्ने इच्छा भएको कुरा, वीपीले उनको कल्पना गरेर, मनमा उनीसँगको सहवासको सुखद चित्र खिचेर स्वप्लिन आत्मकञ्चनामा आफूलाई राखेर वियोगको पीडा सह्य पार्ने प्रयत्न गर्छु भनेको कुरा, सुशीला, बुनु, श्रीहर्ष, रोशाको चिठी पाएको कुरा, टाढाबाट पनि श्रीमतीको प्रभावको किरण पत्रमार्फत भएपनि आफूसम्म पुऱ्याएको वीपीको भनाइ, वीपीले प्रेममा विदग्धताको पुरा अनुभव गरेको र श्रीमतीको स्थायी प्रभाव परेको कुरा, विचारलाई संगठित गर्न वीपीले जमानसिंहलाई पढाउन थालेको कुरा, ज्ञानको मुख्य उपलब्धि मस्तिष्कले ग्रहण गर्न सकेको अंश हो, जुन पूर्ण प्राप्ति गर्न त्यसलाई भाषा/शव्दमा परिणत गर्नुपर्छ भन्ने वीपीको उच्च विचारलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा भावनात्मक र चिन्तनशील भाषाशैलीको प्रयोग पाइन्छ भने साहित्यिकता यसको अर्को पक्ष हो ।

**ग. संरचना**

यो एक मझौला आकारको उत्कृष्ट दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो श्रीमतीप्रतिको माया, प्रेम, विश्वासबारे बताउनु, श्रीमतीको स्थायी प्रभाव परेको कुरा, आफ्ना भित्री मनका भावनात्मक कुराहरूको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३०. ३ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सामग्री भएपनि वीपीलाई पढ्न मन नलागेको कुरा, पत्रिकामा प्रकाशित लेख र निबन्धहरू देखि मन विरक्त भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई पढ्न मन नलागेको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३१. ६ नोभेम्बर १९६२**

**क.विषयवस्तु**

प्रस्तुत दैनिकीले झ्यालमा बारुला र अरिङ्गालका गुँडहरू भएकोले जाडोमा घामको उपयोग गर्न नपनउनु ठूलो बञ्चिति हुनाले, आधा मनले वीपीले यी गुँडहरूलाइ नष्ट गर्न दिएको आदेश, पल्टनका मानिसले गुँड उजाडिदिएकाले आफूलाई भोजन गर्न गाह्रो भएको, भोजन गरे तापनि त्यो श्मसानमा धकधकीरहेको चिताको अगाडि बसेर कबाब पकवान खाएको जस्तो भएको वीपीको भनाइ, छ महिना देखि बारुला र अरिङ्गालको गृह निर्माणको व्यस्तता र मेहनतलाई देखिरहेकाले आफूमा उनीहरूप्रति करुणाको भाव आएको वीपीको भनाइ, आफू र उनीहरू बीचको सूक्ष्म स्नेहबन्धन आफ्नै आदेशले टुटेको वीपीको स्वीकारोक्तिलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख.भाषाशैली**

तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोगका साथै आलङ्कारिक भाषाको प्रयोगले यो दैनिकी अलि जटिल बन्न पुगेको छ । बौद्धिकता, साहित्यिकता र दार्शनिकताको संयोजन रहेको यो एक उत्कृष्ट दैनिकी हो । यसमा आत्मपरक शैलीको प्रयोग रहेको छ ।

**ग. संरचना**

लामा-छोटा गरेर आठ अनुच्छेदमा संरचित यो लामा आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जाडोको घामका लोभका कारण छ महिना देखि मेहनत गरेर बारुला र अरिङ्गालले बनाएका गुँडलाई भत्काउन लगाएको अनि सैनिक पल्टनले भत्काएपछि आफूमा उनीहरूप्रति प्रेम, करुणा, दयाको भाव जागेको र आफू र उनीहरू बीचको स्नेहबन्धन आफ्नै कारणले टुटेको जसबाट आफू अत्यन्त दुखित भएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३२. **१५ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले दिनभर ३५ जनालाई चिठी लेखेको कुरा, परिस्थिति वीपीहरूको प्रतिकुल हुने आशङ्काले सुशीला चिन्तित भएको कुरा, यौन स्वच्छन्दतालाई आफू पापयुक्तता या कर्तव्यविहीनताको संज्ञा दिन नसक्ने वीपीको भनाइ, धम्रपान, सुरापान नगर्न र अवैध यौन सम्बन्ध नराख्न सुशीलाले गरेको आग्रह र उनको धुम्रपान, सुरापान नगर्न गरेको आग्रहलाई मान्ने निश्चय गरेर धुम्रपान, सुरापान नगर्ने प्रतिज्ञा गरेको तर स्त्री सङ्गमका सम्बन्धमा निर्णय लिन गाह्रो भएको वीपीको भनाइ, सुशीलाको परम विश्वास पाउनका लागि आफूलाई कुनै बलिदान ठूलो नहुने वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सम्प्रष्य रहेको छ र आत्मपरक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो । यसमा लेखकले एकदमै व्यक्तिगत र गोप्य कुरालाई स्पष्ट रूपमा उल्लेख गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूले दिनमा ३५ जनालाई चिठी लेखेको, आफ्नो धुम्रपान-सुरापान, यौनसम्बन्ध सम्बन्धी गोप्य कुरा, आफ्नी श्रीमतीले गरेको आग्रह र आफ्नो प्रतिज्ञाबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३३ १६ नोभेम्बर १९६२

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीको बिहानको नित्यकर्म, उनले कोठाका चीजवस्तुहरू यताउति गरेर मिलाएको कुरा, वीपीले Kennanको Russia and the west भन्ने किताब पढ्न थालेको तर पढ्ने प्रवृत्ति नभएको स्वीकारोक्ति, मेजरको बदली भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा सामान्य बोलीचालीको भाषाको प्रयोग पाइन्छ ।

### ग. संरचना

यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले बन्दी अवस्थामा आफ्नो काम, कुरा र जेलमा घटित घटनाकाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३४ १७ नोभेम्बर १९६२

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले इन्टरभ्यूको दिन भएकोले कोहीँ भेट्न आउँदैनन् भन्ने निश्चिन्तता वीपीमा भएपनि रोशा र रमेश आई बाहिरैबाट गएका तर कल्पना भित्रै आएको कुरा, बाहिर राजाले वीपीसँग भेटे भन्ने खूब चर्चा भएकोले राजासँग भेट भएको हो की होइन भनी कल्पनाले वीपीलाई गरेको प्रश्न, किसुनजीको व्यवहार, जेलमा वीपीहरूको सात जनाको परिवारमा उत्तेजना, पीडा र बिग्रेको मनस्थितिको क्षब्ध वातावरण रहेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा सामान्य बोलीचालीको भाषाशैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

यो एक मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले मानछेहरू भेट्न आएका कुरा, जेलमा भएको यथार्थता र बाहिर चलेको झुठो हल्ला, जेलमा सबै सदस्यहरू पीडामा भएको कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ३५ १७ डिसेम्बर १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जीवनका मामुली आवश्यकताहरूबाट बञ्चित भएर अभावै अभावको वातावरणमा जेलमा एक्लै दिन बिताइरहेको छु भन्ने वीपीको भनाइ, कल्पना र रोशालाई जेलमा भेट्न नपठाउनु भनेको र त्यसको कारण, उनीहरूलाई वीपीले सम्झेको कुरा, जेलमा अन्य साथीहरूलाई घरका सदस्य भेट्न आएका र निराशाको कुरा गरेका कुरा, सुशीलाको चिठी आएको, जसमा उनले वनारसको कुरा लेखेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफ्नो अवस्था, साथीलाई भेट्न परिवारका सदस्यहरू आएको कुरा अनि सुशीलाको चिठीबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ३६. १९ डिसेम्बर १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई केही कुरामा मन नलागेको र रोशाको चिठी नआएको कुरा, आफ्ना मानिसहरूमा प्रतिपल निराशा झन्-झन् थपिदै गएको वीपीको भनाइ, वीपीको मनको कुरा, बाहिरको आन्दोलनप्रति रामनारायणको तर्क, सुवर्णजीहरूले चलाएको आन्दोलनको स्थापित लक्ष्यबारे वीपीको धारणा, धेरै ठाउँमा भविष्यले निर्धारित गरेको लक्ष्यको मार्गमा अग्रसर हुनु पर्छ भन्ने वीपीको भनाइ, कार्यको भविष्यमा प्राप्त हुने परिणामलाई कुनै न कुनै अंशमा अनिश्चित नै सम्झनुपर्ने वीपीको धारणा, हिन्दुस्तानसँग मद्दत लिनु अराष्ट्रिय कारबाही भन्न नमिल्ने वीपीको भनाइ, आन्दोलनको स्थगन राजनीतिक निर्णय भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली अलि क्लिष्ट रहेको छ । तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग पाइन्छ । यसमा साहित्यिकता, बौद्धिकता र चिन्तनशीलताको सम्मिश्रण रहेको छ ।

**ग. संरचना**

आठ अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । लेखकले जेलमा आफू र रामनारायणबीच भएको राजनीतिक छलफललाई मुख्य केन्द्रबिन्दु बनाएका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्ना मानिसमा नीरसता थपिँदै गएको, नेपालको राजनीति र आन्दोलनबारे आफू र साथी बीच भएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३७. २० डिसेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जाडो भएको कुरा, वीपी छुटे भन्ने हल्ला शहरमा भएकाले उनलाई भेट्न घरमा मानिसहरू आउने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू छुटेकोबारे र गलत हल्ला फिँजाएकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३८. २१ डिसेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले तारणीको नख्खु जेलमा दुर्गतिको बयान गरेर रोशाले वीपीलाई पठाएको चिठी, दुई थान किताब, वीपीले Barbara Ward को Rich Nations and poor Nations नामक पुस्तक पढेको कुरा र वीपीले त्यसको विश्लेषण गरेको कुरा अनि त्यसको आशयलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा गहन भाषाको प्रयोग पाइन्छ । तार्किक शैलीको कारण यो अलि जटिल बन्न पुगेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई बाहिरी कुराको खबर चिठीमार्फत आउने कुरा, आफूले पुस्तक अध्ययन र टिप्पणी गर्ने गरेको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ३९ १७.९.१९मा लेखिएको दैनिकी

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले नयाँ वर्षको शुभकामना सबैलाई पठाउँदै छु र त्यो सबैको छेउमा पुगोस् भन्ने वीपीको कामना, लेखकले आफ्नो हृदयमा कल्याणको भावनाको उदय भएको कुरालाई संस्कृत श्लोक लेखी दर्शाएको कुरा, जसको दुखको चरमावस्थाको अनुभव प्राप्त छ, उसैलाई सुखको अनुभव प्राप्त छ र त्यो व्यक्ति आत्मकेन्द्री नभइ त्यसको चेतना समग्रग्राही हुने वीपीको धारणा, वीपीले सर्वसाधारण जीवनबारे गरेको व्याख्या, वर्तमान मानव जीवन जुनसुकै दृष्टिबाट पनि दरिद्र रहेको वीपीको ठोकुवालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भएपनि संस्कृत श्लोकका कारण जटिल हुन पुगेको छ । यसमा दार्शनिकता, बौद्धिकता, चिन्तनशीलताको समिश्रण पाइन्छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले नयाँ वर्षको शुभकामना पठाउँदैछु, जुन सबैका छेउ पुगोस् भन्ने धारणा र हृदयमा सबैका प्रति कल्याणको भावना आएको कुरा, मानव र आजकालका मानव जीवनप्रति आफ्नो धारणा र यथार्थताबारे जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ४०. १९ जनवरी १९६३

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकले For whom the bell tolls पढेको र त्यसकोबारे गरेको चर्चा, रामायणका केही श्लोक कण्ठस्थ गर्ने, आफ्नो भाषाको सुधार र त्यसमा सशक्त ल्याउनका लागि संस्कृत ग्रन्थहरूको अध्ययन आफ्ना लागि जरुरी भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो एक छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो पढाइप्रतिको रुचि र भाषा सुधारप्रतिको लगावबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४१. **२४ जनवरी १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफ्नो पढाइबारे वीपीलाई प्रकाशले लेखेको चिठी, आफूले प्रकाश उपर दृष्टि दिन नसकेकोमा पछुतो भएको वीपीको भनाइ, राजनीतिलाई सर्वोपरि जिम्मेवारी मात्रै अँगालेर बस्न नहुने, त्यसो गरेमा एकपक्षीय दृष्टिकोण बन्ने वीपीको धारणा, रमेशले वीपीलाई पठाएको चिठी, गेट स्केलको मृत्युले वीपीलाई दुख लागेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य बोलीचालीको रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले प्रकाश र रमेशले पठाएका चिठी, गेट स्केलको मृत्युले दुख लागेको कुरा, राजनीतिलाई नै सर्वेसर्वा मान्न नहुनेबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४२ . **२ वैशाख २०२०**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले १ गते बैशाखमा छुट्ने कुराले गर्दा मालमत्ता मिलाइवरी तयार भएर बसेको तर बिहान उठ्दा आफू सुन्दरीजलमै रहेको वीपीको यथार्थ भनाइ, वीपीले उठ्नासाथ चेतनाको तस्वीर र अन्य सामान रहेको, नयाँ किसिमले मिलाएको र सफाइ गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहे तापनि शैली अलि घुमाउरो खालको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूहरू १ गते वैशाखमा छुट्ने भनिएको तर नछुटेको कुरा अनि बिहान आफूले गरेको कार्यबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४३. **४ वैशाख २०२०**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीला, सुशील, नीरु, कामिनी, रमेशका चिठी वीपीलाई आएको तर सुशीलाको चिठी Clearance का लागि माथि पठाएको कुरा, कमजोर अफिसरले कडाइ गर्ने वीपीको अनुमान, सुवेदारले दिएको नोटिस अनुसार वीपीहरूको रासनमा केही कटौती हुने कुरा, अन्य जेलका साथीहरूमा निराशा, उत्साहहीनता नआएको तर आफ्नै जेलका साथीहरू धेरैले माफी मागेर निस्किएका जसको कारण आफूमा लुकेको कमजोरी होला भन्ने वीपीको भनाइ, जसबाट हुने दुश्चिन्ताले क्षुब्ध हुने कुरा, आफ्नो साहित्यिक नेतृत्वसम्बन्धी वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा स्तरीय रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको समिश्रण पाइन्छ । अङ्ग्रेजी शव्दको प्रयोगले दैनिकी अलि जटिल बन्न पुगेको छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो । लेखकले आफ्नो दिनभरको घटनालाई शीलशीलाबद्ध रूपमा नलेखेर आफ्नो जेल अवस्था र राजनीतिक कुरालाई मात्र लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफूलाई आउने चिठी अन्य जेलका साथीहरूको आशा, उत्साह अनि आफ्ना जेलका साथीहरूको निराशा, आफ्नो आन्तरिक अवस्था, राजनीतिक नेतृत्वका कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४४. **१८ अप्रिल १९६३**

### क. विषयवस्तु

राजाले राष्ट्रिय पञ्चायतलाई सम्बोधन गरेको कुरा, वीपीलाई चिठी नआएकोले उद्विग्नता भएको कुरा, जीवन सम्झौताहरूको एउटा शृङ्खला हो, मानिसले आत्मसम्मानको विरुद्ध कुनै पनि काम गर्न हुँदैन भन्ने दुई कुराबाट आफू आर्कषित भएको वीपीको भनाइ, आत्मसम्मानलाई सम्झौता गर्न उचित नहुने वीपीको धारणा, आफ्नो राजनीतिक नीतिप्रति वीपीको तर्कलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

अङ्ग्रेजी शव्दको प्रयोगले यसको भाषा अलि जटिल बन्न पुगेको छ । दार्शनिकताको कारण यसलाई बुझ्न अलि गाह्रो पर्छ तर यसको शैली अलि कलात्मक रहेको छ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफ्नो कुरा, राजाले गरेको सम्बोधन, जीवन अनि आत्मसम्मानसम्बन्धी आफ्नो धारणाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४५. **७ वैशाख २०२०**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जेलमा शनिवार अखबार नआउने हुनाले बढी नीरस हुने कुरा, गौँथलीका जोडाले गुँड बनाउन लागेको प्रयासले वीपीहरूमा नीरस जीवनबाट केही क्षणका लागि भएपनि माथि उठाउने वीपीको भनाइ, गौँथलीका जोडाको चर्चा, सिपाही अफिसरहरूको व्यवहारको अध्ययन वीपीका लागि रमाइलो काम भएको वीपीको भनाइ, जेलको भोजनका कुरा, कमजोर भएको अनुभव वीपीलाई भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा विश्लेषणात्मक, स्तरीय भाषाशैलीको प्रयोग पाइन्छ । गहन चिन्तनशीलता, दार्शनिकता, बौद्धिकता, साहित्यिकता यसमा पाइन्छ ।

### ग. संरचना

छ अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले जेलका घटना र मनका भावनालाई यसमा पोखेका छन् ।

## घ. उद्देश्य

लेखकले बन्दी जीवन नीरस हुने, गौँथलीका जोडाको परिश्रमका कारण आफूमा नीरस जीवनबाट माथि उठ्ने साहु आएको कुरा, जेलको आफ्नो काम, भोजन अनि स्वास्थ्य बारेमा जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४६. २५ जुलाइ १९६३

## क. विषयवस्तु

प्रस्तुत दैनिकीले आफ्नो प्रवृत्ति आध्यात्मिक र विचार भौतिकवादी भएको वीपीको भनाइ, हिन्दु विश्वविद्यालयको कम्युनिष्ट सेलका मानिसहरूले आफ्नो संसर्गमा ल्याउनु पूर्व आफू गान्धीवादी भएको वीपीको भनाइ, ताल्सतोय, रस्किन, भिक्टरह्युगो, वीपीलाई मन पर्ने लेखक भएको कुरा, वीपी भौतिकवादी कसरी हुँदै गए भन्ने कुरा, कष्टमय घडीमा नियतिमाथि भर हुने वीपीको स्वीकारोक्ति, वीपीलाई आध्यात्मिक तिर दिलचस्पी दिलाउने मदालसा पनि भएको कुरा, पहिले जस्तो अहिले अध्यात्मवादप्रति उपेक्षा भाव नभएको वीपीको भनाइ, भारतीय र पश्चिमीय दार्शनिकहरूको भिन्नता, भारतीय दर्शनप्रति वीपीको धारणा, पश्चिमी दार्शनिकको दर्शनको आधार निरपेक्ष र वैज्ञानिक भएको र भारतीय दार्शनिकका दर्शनको प्रारम्भ नैतिक प्रश्नलाई लिएर जीवनको कुरूपतालाई मानेर गरेकोले उनीहरूको नीति तटस्थताको नीति नभएको वीपीलाई मुख्य विषयवस्तु बनाएको छ ।

## ख. भाषाशैली

यसको भाषाशैली स्तरीय, उच्च र अलि जटिल रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको सम्मिश्रण पाइन्छ । बौद्धिकता र दार्शनिकताको उच्च प्रयोगको साथै आत्मपरक शैली अवलम्बन गरेको पाइन्छ ।

## ग. संरचना

नौ अनुच्छेदमा संरचित यो एक लामो आकारको उत्कृष्ट दैनिकी हो । लेखकले अतीतदेखि वर्तमानसम्मका आफ्ना कुरालाई नलुकाइकन प्रस्तुत गरेका छन् ।

## घ. उद्देश्य

लेखकले आफ्ना कुरालाई यथार्थताका साथ बताउनु, भौतिकवाद र अध्यात्मवादसम्बन्धी आफ्नो भावबारे बताउनु, भारतीय र पश्चिमी दार्शनिक बीचको भिन्नताको कारणबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४७. २६ जुलाइ १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले रमेश वीपीलाई भेट्न आएको कुरा, वीपी र राजाबीच सम्झौता हुनुपर्छ र त्यो सम्भव छ भन्ने विश्वास राखेर जनतालाई रमेशले भेटेको कुरा, रमेशले राजासँग भनेको कुरा, राजाले वीपीको प्रशंसाको वाक्य भनेको कुरा र सबैसँग वीपीको तारिफ गरेको कुरा, रमेशले वीपीलाई राजालाई भेट्नको लागि चिठी लेख्नु पर्ने भनेको कुरा, वीपीले प्रथम कदम चाले राजाले समुचित कदम चाल्ने र वर्तमान गत्यारोध छिटै दूर हुने रमेशको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल भए पनि अंग्रेजी शव्दको प्रयोगले अलि जटिल बनेको छ ।

### ग. संरचना

यो मझौला आकारको दैनिकी हो । यो रमेशको सेरोफेरोमा केन्द्रित रहेको छ ।

### घ. उद्देश्य

लेखकले रमेशले आफूलाई राजासँग सम्झौता गर्नको लागि भनेको कुराबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४८. २०२० साउन १२

### क. विषयवस्तु

लेखकले राजालाई भेट्न पाउँ भनेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली अत्यन्त सरल रहेको छ ।

### ग. संरचना

एक वाक्यमा संरचित यो अत्यन्त छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले राजालाई भेट्न पाऊँ भनी चिठी लेखेको कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४९. १३,१४,१५,१६मा लेखिएको दैनिकी

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीले राजाको सूचना नआउँदा कुनै षड्यन्त्र त राजाबाट रचिएको छैन ? भनी गरेको शंका, राजामा विश्वास गर्न मन लागेतापनि त्यसबाट बारम्बार धोखा भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरल रहेको छ ।

### ग. संरचना

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । यसमा चार दिनको मिति उल्लेख गरिएको छ ।

### घ. उद्देश्य

लेखकले आफ्नो पत्रको उत्तर नआएको बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ५०. २०२० साउन १८, १९, २०

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले लेखकलाई मानसिक र शारीरिक कमजोरी भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरल रहेको छ ।

### ग. संरचना

यो छोटो आकारको दैनिकी हो । यसमा १८, १९, २० गते उल्लेख गरिएको छ ।

### घ. उद्देश्यः

लेखकले आफूमा मानसिक र शारीरिक कमजोरी भएकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५१. २०२० साउन २१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकको स्वास्थ्य सुधार भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

तीन वाक्यमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकको स्वास्थ्यमा सुधार भएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५२. ५ अगस्ट १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकको पेटमा हल्का दर्द मात्र भएको कुरा, रमेश बेहासमा पनि वीपीको नाउँ बडबडाइरहन्छन् भनी रोशाले वीपीलाई पठाएको चिठीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो एउटै अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो र रमेशको आफूप्रतिको चिन्ताबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५३. २०२० भदौ २५**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले बाहिरी जगत्लाई शरद्को द्योत आभामा सद्यस्नाता कुमारीजस्तो टल्किएको भनेको कुरा, शरद् ऋतु रमाइलो ऋतु भएको र बाह्य जगत् जस्तो रमणी देखा परेपनि

मनको जगत् नीरस र उदास भएको वीपीको भनाइ, वीपीले कफी खाएको उनी थकित भएको कुरा, वीपीलाई आएका चिठी रोकिएका कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

कहीँकतै साहित्यिकता पाइए पनि यसको भाषा सामान्य रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो मन नीरस र उदास भएको, जेलमा आएका चिठी रोकिएका बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५४. १४ सप्टेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले चिठी लेखिसकेपछि उदासीको दौर हुने वीपीको भनाइ, निर्जनताको भावले कुनै विरानो यस भूमिमा एक्लै उभिएको छु भन्ने भावले व्यग्र पार्छ भन्ने वीपीको भनाइ, एकाङ्कीपन र एकाकी निर्जनता बारे वीपीको बौद्धिक, गम्भीर धारणा, जेलको एकरसतामा शनिवारले मृत्युको स्तव्धता थपिदिने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

साहित्यिक भाषाको प्रयोगका साथै आत्मपरक शैलीमा यो दैनिकी संरचित रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू उदासी, व्यग्र भएको, एकाकी निर्जनता बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५५. १७ सेप्टेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले दिन सफा भएको कुरा, प्रकृतिका प्रत्येक रङ्ग स्वच्छन्दताले सुकुमार र कलिलो भएको कुरा, वीपी प्राकृतिक कुरामा मुग्ध भएर हृदय प्रसन्न भएको कुरा, वीपी भावनामा

डुबेको कुरा, वीपीले लुगा धोएको, स्त्री गरेको कुरा, वीपीलाई खूब जाडो लाग्ने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा साहित्यिक भाषाशैलीको प्रयोग पाइन्छ । कतैकतै अलङ्कारको पनि प्रयोग पाइन्छ ।

**ग. संरचना**

चार अनुच्छदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो साहित्यिक क्षमता, सफा दिन भएको, हृदय प्रसन्न भएको, भावनामा डुबेको, कपडा धोएको र खूब जाडो लागेको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५६. १८ सेप्टेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले शेरचनका मानिस भेट्न आएका, जसले कुनै राजनीतिक संवाद नल्याउने हुनाले शेरचनको इन्टरभ्यूको केही स्वाद नहुने वीपीको भनाइ, वीपीले गरेको शेरचनको छोरीको वर्णन, Saul Roseले सम्पादन गरेको Politics in Sourthern Asiaमा नेपालको बारेमा एउटा लेख भएको जसमा वीपीहरूका प्रति सहानुभूतिले लेखेको वीपीको भनाइ, वीपी चीन जाँदा सरकारी काम गरेका हिसाब मागी गृह सचिवले वीपीलाई पठाएको पत्र, वकिलको सल्लाह बिना आफू कुनै कागजमा दरखास्त नगर्ने र गैरकानुनी ढंगबाट आफूलाई पक्रिएर ल्याएको जति कागजपत्रहरू सरकारको जिम्मामा हुनु पर्ने वीपीले जर्नेललाई भनेको कुरा, आफू यहाँबाट केही उत्तर दिन नसक्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

ठाउँ- ठाउँमा अङ्ग्रेजी शव्दको प्रयोग भए पनि यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले शेरचनको इन्टरभ्यूको कुरा, लेखमा वीपीप्रति सहानुभूति दर्शाएको कुरा गृह सचिवले चीनको सरकारी कामको हिसाब मागेको कुरा, वकिलको सल्लाह बिना कुनै कागजमा हस्ताक्षर नगर्ने कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ५७.	२१ अक्टूबर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले आमासँग भेट भएपछि वीपीको मन बेचैन भएको कुरा, वीपीले बिराटनगरमा केटाकेटीलाई पढाउनु बेकार छ भन्दा आमाले जस्तो अनुकूल पर्छ त्यस्तै गर्नुपर्छ भनेको कुरा, राजनीतिक दृष्टिबाट आफूहरू परास्त भएको वीपीको भनाइ, राजा आफूबाट माफीको पत्र चाहने जुन हुन नसक्ने वीपीको भनाइ, आमा र वीपी बीच भएको राजनीतिक कुराकानी, आमाले वीपीलाई लेखेको चिठीमा उहाँको जीवनले खेपेको तमाम दुखको भाव, वीपीको पढाइ लेखाइ नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्यमा उच्च रहेको छ ।

### ग. संरचना

पाँच अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यो दैनिकी वीपीको व्यक्तिगत, राजनीतिक सेरोफेरोमा केन्द्रित रहेको छ ।

### घ. उद्देश्य

लेखकले आमासँगको भेट पश्चात् मन बेचैन भएको कुरा, विराटनगरको पढाइ राम्रो नभएको कुरा, राजाले आफूबाट माफीको पत्र मागे तर आफूबाट त्यो हुन नसक्ने वीपीको धारणा, आमाले जीवनमा खेपेको तमाम दुख बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ५८.	२३ अक्टूबर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले रामनारायणको आमा विरामी परेकोले उनी चिन्तित भएको र उनका घरका सदस्यहरूले केही उपाय गरेर छुट्नुपर्‍यो भनेर दिएको सल्लाहलाई उनले तिरस्कार गरेर हकारेकोमा उनी बडो बेचैन भएको कुरा आदिलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य रहेको छ ।

### ग. संरचना

यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले रामनारायणको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५९. २८ अक्टूबर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले हिजो दशैँको दिन भएकोले वीपीहरूले टीका लगाएको, खसी काटेर खाएको कुरा, आज टीकाको भोलिपल्ट भएकोले वीपीको आमा आएर टीका लगाइदिएको कुरा, रामबाबुले वीपीलाई चिठी लेखेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा दशैँको टीका लगाएको कुरा र रामबाबुले चिठी लेखेकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६०. ४ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वर्तमान विचार बारे वीपीको दार्शनिक विचार, राति मुसा र गौँथली बीच भएको लडाईंमा भाले गौँथली मारिएको र विहान पोथी गौँथली नीड छाडेर गएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले वर्तमान विचार के ले भरिन्छ भनी बताएका कुरा, गौँथली र मुसाको लडाईंबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६१.   ७ नोभेम्बर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले सुशीलाको हजुरआमाको मृत्यु भएको कुरा, वीपीले सुशीलालाई सम्भेको कुरा, हृदय प्रफुल्ल पार्ने प्राकृतिक छटाले आफू तलमल हुने गरेको वीपीको भनाइ दिनभरको प्राकृतिक वातावरणको साहित्यिक रूपमा वीपीले गरेको वर्णनलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

अलङ्कारको प्रयोगका साथै यसको भाषाशैली कलात्मक रहेको छ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । सुशीला र ऋतुको वर्णनमा यो कन्द्रित रहेको छ ।

### घ. उद्देश्य

लेखकले सुशीलाको हजुरआमाको मृत्यु, प्राकृतिक छटाले आफूलाई प्रफुल्ल पारेको कुरा र प्राकृतिक वातावरणबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६२.   ८ नोभेम्बर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले मनमा छुट्ने इच्छा निरन्तर जागेको वीपीको, आफ्नो जीवन पूर्ण रूपले राजनीतिक भइसकेकोले आफू अर्को पेशामा जान नसक्ने वीपीको धारणा, छुटेर बाहिर गए पनि आफ्नो केही काम नरहने आफूप्रतिको साथीहरूको विश्वास पनि निराशामा परिणत हुने बाहेक अरु केही नहुने वीपीको धारणा, बाहिरको राजनीति हुकुमी खटनमा चल्ने खालको भएकोले कैदी भएर अनुकूल स्थितिलाई पर्खिनु श्रेयस्कर भएको वीपीको भनाइ, राधाकृष्णन् हिन्दुस्तान फर्केको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली स्तरीय रहेको छ भने अङ्ग्रेजी शव्दको प्रयोगले यो अलि जटिल बन्न पुगेको छ ।

### ग. संरचना

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बाहीर हुकुमी शासन भएकोले बाहिर गए पनि केही नहुने र बाहिर केही गर्न नसक्ने वीपीको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**६३. १४ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले चिठी लेखेको कुरा, सुशीलाको हजुरआमा र रोशाको बाको मृत्यु भएकोले उनीहरूमा परेको चोटलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूले आफ्ना घरपरिवार तथा साथीहरूलाई चिठी लेख्ने गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६४. १५ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले मस्तिष्कको शक्ति क्षीणतर हुँदै गएको वीपीको अनुमान, आफूहरूको राशनमा कटौती हुने भएको वीपीको भनाइ, वीपीलाई आवश्यक पर्ने कुराको सूची, जेलमा व्यवस्थित जीवन बिताउन नसकेकोमा दुख लागेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो । वीपीले आफूलाई यसको केन्द्र बनाएका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो मस्तिष्क शक्ति क्षीणतर हुदै गएको, व्यवस्थित जीवन बिताउन नसकेको र आफ्नो राशनमा कटौती गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६५.  १६ नोभेम्बर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले अमावस्या, दीपावलीको अमारात्रि भएको कुरा, जाडो बढेको कुरा र बिहान दिनहुँ वीपी नुहाउने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरल रहेको छ ।

### ग. संरचना

यो एक छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले तिहार लागेको, जाडोमा पनि दिनहुँ नुहाउने गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६६.  १८ नोभेम्बर १९६३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले भाइटीकाको दिन भएकोले वीपीको कान्छी दिदी टीका लगाइदिन आएकी तर भेट्न नदिएकोले फर्केर गएको कुरा, जेलमा आफूहरूप्रति निरादरको व्यवहार गरेकोले आफूमा तीव्र प्रतिहिंसाको भावना, जागृत भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य, सरल रहेको छ ।

### ग. संरचना

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले भाइटीकाको दिन टीका लगाउन नपाएको कुरा, जेलमा निरादरको व्यवहार गरेकोले प्रतिहिंसाको भावना जागृत भएको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६७. **१९ नोभेम्बर १९६३**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जेलमा अधिकारीहरूको व्यवहार आदरसूचक नभएको वीपीको भनाइ, शासन व्यक्तिगत नभएको भए यस्तो नहुने वीपीको अनुमान, अधिकारीको व्यवहारले आत्मसम्मानमा चोट लागेकोले बदलाको भावनाबाट प्रेरित भएको वीपीको भनाइ, बदलाको भावना प्रति वीपीमा उब्जिएको विविध किसिमका प्रश्नहरू, एकतन्त्र सम्बन्धी वीपीको धारणा, सत्यको विभिन्न पक्ष हुन्छ भन्ने व्यक्ति मात्र प्रजातन्त्रको साँचो अनुगामी हुन्छ भन्ने वीपीको मान्यता, देशमा प्रजातन्त्र ल्याउनका लागि बदलाको भावनालाई छाडि दिनुपर्ने वीपीको धारणा, वीपीलाई चिठीहरू आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली स्तरीय रहेको छ ।

### ग. संरचना

नौ अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । लेखकले आफ्ना मनमा उब्जेका भावहरू अनि प्रश्नहरूलाई यसको केन्द्रविन्दु बनाएका छन् ।

### घ. उद्देश्य

लेखकले जेलका अधिकारीहरूको व्यवहार आदरसूचक नभएको, बदलाको भावनाबारे आफ्नो मनमा उब्जिएको प्रश्नहरूबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६८. **२१, २२ नोभेम्बर १९६३**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीले मस्तिष्कको कमजोरी अनुभव गरेको कुरा, वीपीले पहिलो जस्तो तरिकाले अहिले विषयलाई बुझ्न नसक्ने र त्यसको कारण के होला भनी वीपीले गरेको अनुमान, मान्छे बुढो भएपछि वृत्ति परम्पराको समर्थक हुँदै जाने भएकोले ऊ परम्परावादी हुने वीपीको धारणा, छिप्पनु भनेको अनुभव प्राप्ति गर्नु, अनुभव प्राप्ति गर्नु भनेको घटनाका प्रति कौतुकमय नहुनु हो भन्ने वीपीको भनाइ, बालक, युवक जिज्ञासु हुन्छन् तर बृद्धहरू कौतुकहीन हुन्छन् भन्ने वीपीको धारणा, बुद्धिको सन्दर्भमा मस्तिष्कशास्त्रीहरूको मत, बुद्धिको पूर्ण विकासको लागि पञ्चइन्द्रीयको पूर्ण प्रयोग गर्नुपर्ने वीपीको धारणा, जेलमा एन्द्रिक वञ्चितता भएको वीपीको भनाइ, सुशीलाको चिठी नदिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा स्तरीय भाषाशैलीको प्रयोग पाइन्छ । बौद्धिकता, दार्शनिकता, चिन्तनशीलताको साथै अङ्ग्रेजी शव्दको प्रयोगले यो अलि जटिल बन्न पुगेको छ ।

**ग. संरचना**

सात अनुच्छेदमा संरचित यो एक लामो उत्कृष्ट दैनिकी हो । लेखकले आफ्नो भरदिनको घटनालाई नलेखेर आफूमा गुम्सिएको प्रश्न, वृद्धावस्था, बुद्धि, कौतुकलाई केन्द्रमा राखेर दैनिकीको सिर्जना गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो मस्तिष्क कमजोर भएको अनुभव गरेको, बुढो मान्छे परम्परागत हुने, बालक, युवक कौतुक र वृद्धा कौतुकहीन हुने, बुद्धिको पूर्ण विकासमा पञ्च ऐन्द्रीयताको पूर्ण प्रयोग गर्नु पर्ने कुराबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६९. १६ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकले वीपी कमजोरीको तन्द्रामा रहेको कुरा, कमजोरीले गर्दा वीपीमा रीस बढ्न थालेको कुरा, मनमा खाली बदलाको भावना उठ्ने वीपीको भनाइ, प्रतिहिंसाको विषले आफू कालोनीलो भएको वीपीको भनाइ, वीपीलाई कसैको चिठी नआएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य बोलीचालीकै रहेको छ भने आत्मपरक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो लेखककै केन्द्रमा रहेको मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूमा कमजोरी भएकोले रीस बढ्न थालेको र प्रतिहिंसाको भावना आएकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ७०. २८ नोभेम्बर १९६३

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रामबाबुले वीपीलाई पठाएको चिठी र रामबाबुबारे वीपीले गरेको चर्चा, बाहिरबाट आएका चिठी भावुकताले भरिएका हुन्छन् भन्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले रामबाबुको बारेमा बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ७१. ३० नोभेम्बर १९६३

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डाक्टर आएर वीपीलाई परीक्षण गरेको कुरा, धेरै समय पछि जेलमा राम्रो व्यवहार गरिएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो, जसको केन्द्रबिन्दु लेखक स्वयम् छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्य परीक्षण गरिएको र जेलमा व्यवहार राम्रो गरिएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७२. **१२ जनवरी १९६४**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीले २४ थान चिठी लेखेको कुरा, चिठी लेखिसकेपछि आफू शून्य भएको र मन रित्तिएको लाग्ने वीपीको भनाइ, बुनुलाई भेट्न वीपी बडो उत्सुक भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य रहेको छ ।

### ग. संरचना

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले चिठी लेखेपश्चात् आफू शून्य रित्तो भएको लाग्ने कुरा बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७३. **२० मार्च १९६४**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जेलमा पत्र व्यवहारलाई चालु गरेको कुरा, वीपीलाई श्रीहर्ष र रोशाको चिठी आएको तर रमेशको चिठी नपाएको कुरा, आफ्नो परिवारको कष्टको अन्त देखा नपरेको भनाइ, आफूबाट पिताको पदानुसार भइरहेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संचित यो छोटो आकारको व्यक्तिगत दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफूले कसैको चिठी पाएको कसैको नपाएको, परिवारको कष्टको देखा नपरेकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७४.    २९ मे १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले दुई वर्षपछि सुशीलासँग भेटे पछि निराशाको दौर हुन थालेको वीपीको भनाइ, भविष्यकाप्रति निराशा, भएपछि मानिस अत्यन्त कमजोर हुने वीपीको अनुमान भविष्यकाप्रति वीपीको चिन्ता, जेलमा सुविधा माथि असुविधा थपिदै गएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरलमा स्तरीय रहेको छ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफूमा निराशाको दौर भएको, भविष्यको चिन्ता भएको र जेलमा असुविधाहरू थपिँदै गएकोबारे जानकारी दिने नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७५.    ३ मे १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले लेखकले केही काम नगरेर पूर्ण आलस्यमा दिन बिताएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा आलङ्कारिक, साहित्यिक भाषाको साथै कलात्मक शैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफ्नो दिन केही नगरी आलस्यकासाथ बितेको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहाको छ ।

**७६. १५ जुन १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई भेट्न सुशीलाहरू आएका तर जर्नेल नआएकोले भेट्न नपाइ फर्केको कुरा, इन्टेभ्यू नभएको कुरा, यसबाट वीपी क्रुद्ध र बेचैन भएको कुरा, भविष्यकाप्रति अनिश्चितताले निष्क्रियतामा समय विताइरहेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

अङ्ग्रेजी शव्दको प्रयोगले यसको भाषाशैली अलि क्लिष्ट बन्न पुगेको छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलको व्यवहार बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७७. १७ जुन १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीला लगायत घरका अन्य सदस्यहरू वीपीलाई भेट्न आएका कुरा, वीपी जर्नेलसँग रिसाएको र जर्नेलले माफीको स्वरमा सफाइ दिएको कुरा, वीपी र घरका सदस्यहरूबीच भएको कुराकानी, वीपी प्रसन्न भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहे तापनि अङग्रेजी शव्दको प्रयोगले अलि क्लिष्ट बन्न पुगेको छ ।

**ग. संरचना**

यो मझौला आकारको लेखकको व्यक्तिगत जीवनसँग सम्बन्धित दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो परिवारका सदस्यहरूसँगको भेट तथा कुराकानी भएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७८. १८ जुन १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जेलमा पढ्न, लेख्न, चिन्तन गर्न असीम समय पाइने धारणा मानिसहरूको रहेको तर यो कुरा वास्तविक अनुभवको कसौटीमा चोखो सावित नहुने वीपीको भनाइ, मानिसको सबभन्दा ठूलो दासता उसको मानसिक अभ्यास भएको वीपीको भनाइ, मान्यता र अनुभव सम्बन्धी वीपीको तार्किक, चिन्तनशील धारणा, विज्ञानको अभिव्यक्ति विचारबाट हुँदैन, विचारलाई विस्तृत हुनको लागि त्यसले live गर्न सक्नुपर्छ अर्थात जीवनमा त्यसको प्रयोग हुन सक्नुपर्छ भन्ने वीपीको मान्यता, विचार र जीवनमा निरन्तर विवाद, संलाप भइरहनु पर्ने वीपीको भनाइ, इतिहासमा हेर्दा जेलमा रहेकाको कलमबाट निस्केका रचनाहरूको ठूलो महिमा नभएको वीपीको भनाइ, राजनीतिक व्यवहारिक पेशा भएको वीपीको मान्यता, नेपालको राजनीतिको सम्बन्धमा के लेख्ने भनी वीपीले आफैलाई गरेको प्रश्न, वीपीको ध्यान शुद्ध राजनीतिक रचनापट्टि भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा स्तरीय कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ । साहित्यिकता, बौद्धिकता, दार्शनिकता, चिन्तनशीलता, तार्किकता, विश्लेषणात्मता यसका विशेषता हुन् । यो निबन्धात्मक शैलीमा संरचित रहेको छ ।

### ग. संरचना

एघार अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले बन्दी अवस्था,अनुभव र मान्यताका कुरा, मानसिक अभ्यासका कुरा, विचारको कुरा, इतिहासमा जेलमा रचेका रचनाका कुरा, आफ्नो ध्यानको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७९. १६ अक्टूबर १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीहरूको जेलमा दशैं रमाइलो भएको कुरा, वीपीलाई भेट्न उनको आमा आएको र टीका लगाइदिएको कुरा, घरपरिवारका सदस्यहरूको अवस्था, भूमिसुधारको विषयलाई लिएर भएको हल्लीखल्ली, चीनले एटम बम पड्काएका, खुश्चेभले राजीनामा दिएको, इंगलैण्डमा लेवरपार्टी विजयी भएको, विल्सनल सरकार बनाउने भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य बोलीचालीको रहेको छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले दशैंमा आमा आएर टीका लगाइदिनु भएको र अन्तर्राष्ट्रिय घटनाहरूको बारेमा जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

८०. **१७ अक्टूबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई सन्चो नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो अति छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई सन्चो नभएको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

८१. **१८ अक्टूबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी र उनको आमाबीच भएको भेटघाटलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो आमासँगको भेटबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८२. १९ अक्टूबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले आमा र घरका सबैलाई सम्झेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो अति छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आमा र घरप्रतिको आफ्नो सम्झनाबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८३. २० अक्टूबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आमा र सुशीलाको काठमाडौँ भन्दा विराटनगर वा अन्य कुनै ठाउँमा सुरक्षा हुने वीपीको विश्वास, वीपीले तीन दिनमा ८० पेज जति लघु उपन्यास लेखेको तर त्यसलाई निरन्तरता नदिएको लेखाइ ठप्प भएको वीपीको भनाइ, कथा, कहानी, निबन्ध, लेख, व्यक्तिगत संस्मरण आदिमा वीपीको कलम सुगमताका साथ चल्ने कुरा, आफू भावप्रधान मानिस भएको वीपीको भनाइ, कविताका लागि चाहिने प्रवृत्ति र शिक्षा आफ्नो नभएको वीपीको स्वीकारोक्तिलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

साहित्यिक भाषाशैलीको साथै अङ्ग्रेजी शव्दको प्रयोगले यो अलि क्लिष्ट बन्न पुगेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आमा र सुशीलाको सुरक्षाको कुरा,आफ्नो साहित्य सिर्जनाको विषयबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ८४. १ पौष २०२१

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले २०१७ साल आजकै दिन आफू समातिएको वीपीको भनाइ, २४ गतेका दिन वीपीहरूलाई कमिश्नरको नाउँको पूर्जी सुनाएको जसमा कारावासको अवधि लम्ब्याएको कुरा, आफूहरूको थुनाइ गैर कानुनी भएको वीपीको भनाइ, कमिश्नरको नयाँ पूर्जी गैरकानुनी भएको, भिन्न अधिकारीको नाउँमा आएको पूर्जी नयाँ नभएर थप मात्र भएको वीपीको भनाइ, कानुनको दोषपूर्ण प्रयोग भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

अङ्ग्रेजी शव्दको प्रयागले यसको भाषाशैली क्लिष्ट बन्न पुगेको छ भने यसमा बौद्धिकताको प्रयोग पनि पाइन्छ ।

### ग. संरचना

यो मझौला आकारको कानुनमा केन्द्रित दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफूहरू जेलमा थुनिएको चार वर्ष पुरा भएको र आफूहरूलाई सुनाएको पूर्जी नयाँ नभएर थप पूर्जी भएको, कानुनको द्वेषपूर्ण प्रयोगबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

# ४.१.२ राजनीतिक दैनिकी

## १. ५ फागुन, २०१७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले आफूहरूको अर्थात प्रजातान्त्रिक विचारको विजय हुने कुरामा आफूलाई कुनै द्विविधा नभएको वीपीको भनाइ, आफूहरूलाई कैदी बनाएपछि स्थापित गरेको व्यवस्थाको आधार शून्य भएको, जसले राष्ट्रिय जीवनको आर्थिक भौतिक उत्थान गर्न नागरिकहरूको स्वतन्त्रता र आत्माभिमानको भावनालाई सदाको लागि कुल्चेर सुदृढ बन्न नसक्ने वीपीको दाबी, बडाहाकिमहरूको नियुक्ति र दौडाहा दलहरूको गठनको समाचार, कटांगमा लुमुम्बाको हत्याको कुरा, राजाले नेपाली काँग्रेसको सामान गर्न दरबारमा राखिएका पल्टनको अतिरिक्त अर्को राजनीतिक पल्टन तयार गर्न लागेको वीपीको अनुमान, राजनीतिक संस्थाको जीवन स्पन्दन के कुराबाट हुन्छ भन्ने कुरा, नेपाली काँग्रेस जनताको विश्वासको केन्द्रबिन्दु भएको वीपीको भनाइ, जीवनलाई संकीर्ण, अनुदार र रुचिहीन बनाउने केही तुच्छ वस्तु निश्चय नै छ भन्ने वीपीको दार्शनिक तर्क, वीपीले भोजनमा परिवर्तन गरको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग रहेको यो दैनिकीको भाषा जटिल नभइ सरल नै रहेको छ । यसमा वर्णनात्मकता र विश्लेषणात्मकताको सम्मिश्रण पाइन्छ ।

**ग. संरचना**

दश अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । यसमा लेखकले आफ्नो मनको कुरा, राजनीतिक कुरा, भोजन परिवर्तनका कुरालाई वर्णनात्मक शैलीमा लेखेका छन् ।

**घ. उद्देश्य**

प्रस्तुत दैनिकीको मुख्य उद्देश्य प्रजातान्त्रिक विचारको विजय हुने कोइरालाको भनाइ, अन्तर्राष्ट्रिय क्षेत्रमा भएको हत्या, राष्ट्रिय राजनीतिको कुरा, नेपाली काँग्रेस जनताको केन्द्रबिन्दु भएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २. २ मार्च १९६१

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले धेरै दिन पछि लेख्न बसेको वीपीको स्वीकारोक्ति, कोइरालाले डायरी लेख्न छाडेका कारणहरूको स्पष्टोक्ति दिएको कुरा, लेजरक्वीस्टको 'सिविल' नामक किताबले आफ्नो हृदयको धार्मिक, आध्यात्मिक पक्षलाई स्पर्श गरेको त्यसलाई अनुवाद गर्न थालेको लेखकको भनाइ, सरकारी पक्षबाट प्रजातन्त्र दिवस धुमधामसँग मनाइएको कुरा, यो अधर्मले देखावटी अनुसरण गरेर धर्मको वडप्पनलाई स्वीकार गर्छ भन्ने भनाइको पुष्टि भएको वीपीको भनाइ, प्रजातन्त्रको प्रतीक संसद र त्यसका सदस्यहरू भएका, रैतीले स्वेच्छाले रोजेका प्रतिनिधिहरू जेलमा बन्दी भएको वीपीको यथार्थ भनाइ, शैलजा, विजय र अन्य युवक-युवतीले सलामीको मञ्च अगाडि गरेको प्रर्दशनका कुरा, मनुष्यलाई हरेस खाने आवश्यकता नभएको वीपीको भनाइ, नोना, कुन्दन लगायत अन्य नरनारीले वर्तमान तानाशाही व्यवस्थाको विरुद्ध जुलुस निकालेको र प्रहरीले बर्बरतासँग लुछेको, घिसारेको, पिटेको, लाठी चार्ज गरेको, थाना लगेको कुरा, पत्रिकाले यस काण्डलाई बर्बरताको संज्ञा दिएको र रानी एलिजावेथ आएको गएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग भए तापनि यसको भाषाशैली सरल रहेको छ । पुरानो भनाइले यसमा मिठास थपेको छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो । लेखकले लामो समय सम्म लेख्न नसकेका कुरा, नेपालको राजनीति घटेका घटनाहरूलाई यसमा प्राथमिकताको साथ उल्लेख गरिएको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो कुरा, नेपालको राजनीतिक घटना, रानी एलिजावेथको नेपाल आगमनको कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३. २० नोभेम्बर १९६१**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले नयाँ किताबहरूले पनि आफ्नो उत्कण्ठालाई कुत्कुत्याउन नसकेको वीपीको भनाइ, आफूहरू र राजनीतिक बन्दीहरू माथि सरकारको कडाइ बढेको वीपीको भनाइ, जनाना जेलमा नोना र शैलजालाई अनसन नगर्नु भनी वीपीले पठाएको खबरलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

आलङ्कारीक भाषाको प्रयोग भए पनि यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दीहरूलाई कडाइ गरेको, नयाँ किताबले पनि आफूलाई कौतूहल जगाउन नसकेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४. १७ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले कोठालाई नयाँ किसिमबाट मिलाएको कुरा, राजा माथि राजनीतिक नभएर शारीरिक बलको मात्र दबाब पर्न सक्ने वीपीको धारणा, राजा कल्पनाहीन व्यक्ति भएको कुरा, हिन्दुस्थानमा मात्र पुरा भर पर्दा उसको खटनमा आफूहरूको लडाईंको गति निर्भर हुने वीपीको भनाइ, देवेन्द्र, सुशीला, केटाकेटी, सेन्ट्रल जेलका साथी, रोशा आदिको चिठी वीपीलाई आएको कुरा, आफ्नो तमाम परिवार जेलमा हुनेछ भन्ने वीपीको अनुमानलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ । लेखकले यथार्थ घटनाको प्रस्तुति यथार्थका साथ गरेका छन् ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । यसमा लामा छोटा अनुच्छदहरूको प्रयोग पाइन्छ ।

**घ. उद्देश्य**

लेखकले वर्तमान राजनीतिक अवस्था अनि आफूलाई परिवार र साथीको चिठी आएको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५. २१ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको स्वास्थ्य ठीक नभएको कुरा, हिन्दुस्थान र चीन बीचको झगडा उग्रतर हुँदै आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्य बारे र अन्तर्राष्ट्रिय घटना बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६. २५ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आमाप्रतिको वीपीको चिन्ता, आन्दोलनको स्वतन्त्र सञ्चालनमा आफ्नो साथीहरूको हातमा पूर्णरूपले नभएर हिन्दुस्तानको हातमा पनि रहेको वीपीको अनुमान, नीति कमजार भएकोले भर पर्न नहुने वीपीको भनाइ, हिन्दुस्तानको राजनीतिबारे वीपीको धारणा, अमेरिकाको क्युवाको नाकाबन्दी प्रारम्भ गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ भने विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो एक मझौला आकारको दैनिकी हो । लेखकले आफ्नो व्यक्तिगत दिनभरको घटनालाई नलेखी राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीति र आमाको करालाई लेखेका छन् ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्नो आमा, राष्ट्रिय, अन्तर्राष्ट्रिय घटना, आन्दोलनको बारे जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७. ७ जनवरी १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले हिन्दुस्तान र चीनको लडाईंको स्थितिमा परिवर्तन नआएको कुरा, चीनको हमलाले हिन्दुस्तानीहरू चेत्न थालेको कुरा, अन्तर्राष्ट्रिय परिस्थितिमा आएको हलचलबाट नेपाल छुट्टा रहन नसक्ने वीपीको धारणा, राजाको खेल्न सक्ने क्षमतामा सङ्कुचित भएको जस्तो लागेको वीपीको भनाइ, वीपीलाई आमाको चिठी आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो । लेखकले अन्तर्राष्ट्रिय घटनालाई यसको केन्द्रबिन्दु बनाएका छन् ।

**घ. उद्देश्य**

लेखकले अन्तर्राष्ट्रिय परिस्थिति र त्यसको हलचलबाट नेपाल छुट्टा रहन नसक्नेबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८. १८ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले चीन र हिन्दुस्तानको सीमाको लडाईंमा शिथिलता आएको कुरा, वर्तमान युद्धले हिन्दुस्तानमा एकताको भावना दृढतम भए पनि सरकारमा मानसिक विशृङ्खलता विद्यमान रहने, जसको कारणबारे वीपीको धारणा, युद्धमा पश्चिमी राष्ट्रहरूले पूर्ण रूपले भारतको सहयोग गर्ने आश्वासन पाएको कुरा, जेलमा आफूहरू बीच चीन, भारत कलहबारे छलफल हुने वीपीको भनाइ, सुवर्णजीको वक्तव्य, राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाप्रति वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली अलि जटिल रहेको छ। यसमा अङ्ग्रेजी शव्दको प्रयोग पाइन्छ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो।

**घ. उद्देश्य**

लेखकले राष्ट्रिय अन्तराष्ट्रिय राजनीतिक घटनाहरूबारे जानकारी दिनु नै यस दैनिकीको मुख्य उद्देश्य रहेको छ।

**९. १९ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले चीन भारत युद्धबाट आसामलाई खतरा पर्न गएको कुरा, नेहरूले दिएको रेडियो भाषण, जुन हिन्दुस्तानलाई आएको खतराको द्योतक भएको कुरा, हिन्दुस्तानले वीपीहरूको र चीनले राजाको सहानुभूति गरेकोले क्याम्पमा निराशा छाएको कुरा, आफूहरूको भविष्य झन् अन्धकार भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ।

**ख. भाषाशैली**

यसको भाषा सरलमा स्तरीय रहेको छ।

**ग. संरचना**

यो एउटै अनुच्छेदमा संरचित छोटो आकारको दैनिकी हो।

**घ. उद्देश्य**

लेखकले हिन्दुस्तान र चीनको यद्ध, चीनको विजयको कुरा, जसले नेपाल र अरु देशमा हिन्दुस्तान विरोधी विचार झन् दृढतर भएर जाने सम्भावना बारे जानकारी यसको मुख्य उद्देश्य रहेको छ।

**१०. २७ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले हिन्दुस्तान र चीनको युद्धको प्रभाव आफूहरू माथि परेको वीपीको भनाइ, चीनियाँहरू हिन्दुस्तानी सिमानामा घुसेका कुरा, चीनियाँ विजयले नेपाल र अरु देशमा हिन्दुस्तान विरोधी विचार झन् दृढतर भएर जाने सम्भावना बढेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ।

**ख. भाषाशैली**

यसको भाषा सरलमा स्तरीय रहेको छ ।

**ग. संरचना**

यो एउटै अनुच्छेदमा संरचित छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले हिन्दुस्तान र चीनको युद्ध, चीनको विजयको कुरा, जसले नेपाल र अरु देशमा हिन्दुस्तान विरोधी विचार झन् दृढतर भएर जाने सम्भावनाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११. १४ नोभेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले १०-११ जनालाई चिठी लेखेको कुरा, आफूहरूको पराजय र राजाको जीत भएको वीपीको भनाइ, पराजयको मुख्य कारण सञ्चालकहरूको नेतृत्वहीनता र हिम्मतको कमी अनि पूर्णरूपले हिन्दुस्तानमाथि आधारित भइ बस्नु रहेको वीपीको दाबी, दिल्लीमा राजाले आफ्नो कुरा मिलाउँदै गरेको कुरा, तारिणीहरूलाई नख्खु जेल लगेको कुरा, आफूहरूको नराम्रो दिन सुरु भएको वीपीको भनाइ, कष्टमय जीवन दुखी होइन; जीवनबाट आशाको लाप दुख हो भन्ने वीपीको धारणा, वीपीले गर्ने भनेर तयार पारेको दैनिक कार्यतालिकालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्यका साथै विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूहरूको पराजयको कारण, राजाको जीत भएको कुरा, आफूहरूको नराम्रो दिन सुरु भएको कुरा अनि आफूले गर्ने भनेर तयार पारेको दैनिक कार्यतालिका बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१२. १५ डिसेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सरकारको लागि एक पौष ऐतिहासिक दिन भएकोले भोलि सरकारले बडो धुमधामसँग वार्षिक उत्सव मनाउने कुरो, २००७ साललाई राष्ट्रिय दिवसको रूपमा मनाउने प्रथा

राजालाई मन नपरेको कुरा र त्यसको कारण राजाले भोलि नयाँ पञ्चायती किसिमको विधान दिने कुरा, देश सुहाउँदो आफ्नै माटोबाट हुर्केको र आफ्नै माटोमा हुर्केको विधान हुन्छ रे भन्ने कुरा, राजालाई अब भय नभएको कुरा, गार्ड अफिसरको व्यवहार रुखो हुँदै गएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य बोलीचालीको रहेको छ । कहिँकतै अङ्ग्रेजी शव्दको प्रयोग पाइन्छ । यसमा सम्भावनार्थक वाक्यहरूको बढी प्रयोग रहेको छ ।

**ग. संरचना**

यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले राजाले गरेको क्रियाकलाप र भोलि गर्ने कामबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेका छ ।

**१३. १६ डिसेम्बर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जाडो चर्किएको कुरा, जसले खड्गको धारमा गर्दन राख्न सक्यो त्यसको यावत् दुख, भय र फिक्री समाप्त भएर जाने वीपीको भनाइ, भविष्यको आशङ्काले पीडित भएको कुरा, राजाको घोषणाले संसदीय प्रजातान्त्रिक विधानको वैधानिक अन्त्य भएको कुरा, राजाले पञ्चायती विधानको घोषणा गरेको कुरा, राजाहरू निर्लज्जताका लागि जगत् प्रसिद्ध भएका, उनीहरूलाई शिष्टाचार, आचार र कर्तव्यमा बाँधेर राख्ने प्ररणा उनीहरूकै आत्माबाट नआउने र बाहिरको जनशक्तिले मात्र मर्यादामा बाँधेर राख्ने यथार्थता, जनआन्दोलन परास्त भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । लेखकले देशमा घटित घटनालाई यसको केन्द्रबिन्दु बनाएका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो भनाइ, पीडित भएको कारण, देशमा घटित राजनीतिक घटना, राजाको व्यवहार बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १४.  १८ डिसेम्बर १९६२

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले राजनीतिक स्थितिलाई साधारण बनाउन अहिलेको जस्तो उपयुक्त अवसर फेरि नपाइने वीपीको अनुमान, राजनीतिक बन्दीहरूको रिहाइ हुनु पर्ने तर उनीहरू थुनामा रहेको कुरा, विधानको घोषणाले कुनै किसिमका राजनीतिक दिशा परिवर्तनलाई लक्ष्य नगरेको वीपीको दाबी, इतिहासमा वैधानिकताको उपहासकोपरम दृष्टान्त विधानको घोषणा भएको वीपीको भनाइ, राजाका लागि विधान एउटा पुछेर फ्याँक्ने कागजको खाष्टा भएको वीपीको धारणा, वीपीले Ritchie Calder को Common Sense About a Starving World पढेको र त्यसको टिप्पणी गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली राजनीतिक रहेको छ ।

### ग. संरचना

यो एक मझौला आकारको दैनिकी हो । नेपालको राजनीति र विधान यसको केन्द्रबिन्दु रहेको छ ।

### घ. उद्देश्य

लेखकले राजाले घोषणा गरेको विधान, त्यसको असर राजालाई विधान पुछेर फ्याँक्ने कागजको खोष्टा भएको अनि आफूले पुस्तक अध्ययन गरेरत्यसको टिप्पणी गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १५.  २०२० वैशाख ३

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले सुशीला, प्रकाश, शशाङ्कको चिठी वीपीलाई आएको कुरा, सुशीला काठमाडौं आइन् भने उनको अमर्यादा होला कि भन्ने वीपीको आशङ्का, दुख-सुख, मर्यादा-अमर्यादालाई खेपेर नै दृढ चरित्रको निर्माण हुने , जोगाएर राखिएको व्यक्तित्व दह्रो नभइ गमलामा उमारेकोउष्णगृहमा हुर्काएकोविरुवा जस्तो हुने वीपीको गहकिलो तर्क,राजाले ससुरालाई फिल्ड मार्सल बनाउनु राजाको निर्लज्जताको पराकाष्टाको प्रमाण भएको वीपीको भनाइ, पञ्चायत संसद बसेर सदस्यहरूले अध्यक्ष पदको लागि राजालाई नाम प्रस्ताव गरिसकेको तर नाउँ गोप्य राखिएको, मतलब राजालाई मनोमानी गर्ने पुरा सहुलियत भएको वीपीको भनाइ, राणाशाहीको नग्नता, १०५ वर्ष परम्पराले ढाकिएको तर तानाशाहीलाई त्यो त्यान्द्रो धरो पनि नभएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा स्तरीय साहित्यिक भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले कस्तो व्यक्तित्व दह्रो हुन्छ भन्ने बारे, राजाको निर्लज्जताको बारे, राजाको मनोमानी बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१६. १९ अप्रिल १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले ऋषिकेशले राजसभाबाट इस्तिफा दिएको खबर, देशको राजनीतिक परिस्थिति शतप्रतिशत राजाकै पक्षमा छ भन्ने प्रचार असत्य छ भन्ने वीपीको भनाइ, वीपीको शरीरमा शिथिलता भएको कुरा, घरको कठिन अवस्था र त्यसको समाधानको उपायबारे रोशा र सुशीलाले पठाएको चिठीको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकी आत्मपरक शैलीमा संरचित छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले राजनीतिक घटना र आफ्नो व्यक्तिगत तथा पारिवारिक कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१७. २२ जुलाइ १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले तीन महिना पछि दिनपञ्जी लेख्न थालेको कुरा, आलस्यको कुरा, बाहिरको खबर उत्साहबर्धक नभएको तर निराशाले पनि नभरिएकोले सक्रियता ल्याउन मद्दत नगरेको वीपीको भनाइ, वीपीको आफूप्रतिको आत्मविश्लेषण, आत्ममूल्याङ्कन, दुई वर्षको जेल बसाइमा केही गर्न नसकेको प्रति पछुतो लागेको र अब सुध्रिएर ठूलो काम गर्ने, अध्ययन गर्ने वीपीको प्रतिज्ञा, रमेशले राजालाई भेटेको र वीपीको तर्फबाट पदक्षेपण हुनुपर्छ भनी वीपीलाई चिठीमा लेखेको कुरा, अर्को तर्फको प्रतिक्रियाको कुनै लक्षण नदेखिएसम्म आफ्नो पदक्षेपणको कुनै अर्थ नहुने कुरा वीपीले रमेशलाई लेखेको, बाहिरी राजनीतिक अवस्थालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

अङ्ग्रेजी शव्दको प्रयोगले यसको भाषाशैली अलि जटिल बन्न पुगेको छ। आत्मपरक शैलीमा लिखित यो एक उत्कृष्ट सफल दैनिकी हो।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो।

**घ. उद्देश्य**

लेखकले आफ्नो आलस्यताबारे, आफ्नो आन्तरिक कुराबारे, रमेशले पदक्षेपण गर्न भनेको र त्यसबारे आफ्नो उत्तर र बाहिरी राजनीतिक अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ।

**१८. २४ जुलाइ १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रोशााले वीपीलाई पठाएको चिठीमा नोनाको बिग्रिएको स्वास्थ्य अवस्थाको चर्चा भएको कुरा, राजालाई प्रतिहिंसाको भावनाले छोड्न नसकेको वीपीको भनाइ, राजाको शिष्टाचारको मुखुण्डो भित्रको अनुहारलाई हेर्ने प्रयत्न गऱ्यो भने उनलाई बुझ्न गाह्रो नहुने वीपीको धारणा, राजाको चारित्रिक लक्षण, राजाको राजनीतिक बुद्धि चालको नभइ सैनिक शक्तिको प्रयोगबाट आफूहरू बन्दी अवस्थामा पुग्न गएको वीपीको भनाइ, राजनीतिमा राजाको अन्तिम पराजय भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ।

**ख. भाषाशैली**

यसको भाषाशैली अलि जटिल रहेको छ। कतैकतै अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो।

**घ. उद्देश्य**

लेखकले राजाको यथार्थताबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ।

**१९. १९सेप्टेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले एशिया, अफ्रिकाका मुलुकहरूमा प्रजातन्त्रको व्यवस्था एक-एक गरेर लोप हुदै गएको कुरा, ऐतिहासिक विश्व घटना, द्वितीय महायुद्धपछि एशिया र अफ्रिकाका देशहरू स्वतन्त्र हुँदै गएको कुरा, स्वतन्त्र भएका राष्ट्रहरू एक-एक गरेर प्रजातन्त्रको बाटो पहिल्याउनुको सट्टा

एकतन्त्री व्यवस्थाको लौह बन्धनमा बाँधिदै गएको कुरा, शियाका केही राष्ट्रबाहेक अरु सबै स्वतन्त्र भएका राष्ट्रहरू तानाशाही व्यवस्थामा जकडिन पुगेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्यमा उत्कृष्ट रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक मझौला आकारको विश्व राजनीतिमा केन्द्रित दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले विश्वका केही देश स्वतन्त्र भएका कुरा, स्वतन्त्र भएपछि प्रजातन्त्रको भावनालाई निमोठेर एकतन्त्रवाद, तानाशाही लादे कुरा, ऐतिहासिक विश्व घटना बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२०. **१ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रामनारायणले गीताको द्वितीय अध्यायलाई बारबार पढेको र उनलाई सान्त्वना प्राप्त भएको कुरा, रामनारायणले वीपीलाई आफूहरूको तपस्या या दुखको के उद्देश्य भनी गरेको प्रश्न, यस प्रश्नको लक्ष्यलाई ध्यानमा राखेर वीपीले गरेका गहिरा राजनीतिक कुरा, परिणाम अतीतपट्टि लक्षित हुने र प्रयोजनको सो उद्देश्य भविष्यामुखी हुने वीपीको भनाइ, भौतिक दृष्टिबाट राजाको उद्देश्य आफूहरूलाई माफी मगाएर भाँच्नु रहेको वीपीको धारणा, असम्मानको जीवन भन्दा सम्मानयुक्त मृत्यु आफूहरूलाई मनपर्ने वीपीको भनाइ, लक्ष्य प्राप्तिका लागि खपेका यातना कहिल्यै विफल नभएकोले आफूहरूको यातना निष्प्रयोजनीय छ भन्न नसकिने वीपीको भनाइ, वीपीहरूको पार्टी सफलताका कुरा, पार्टी सञ्चालनमा देखिएको आफूहरूको त्रुटिबारे वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरलमा स्तरीय रहेको छ ।

**ग. संरचना**

यो लामो आकारको एक उत्कृष्ट दैनिकी हो । रामनारायणको प्रश्न अनि वीपीको उत्तरमा नै यो केन्द्रित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले राजाको उद्देश्य वीपीहरूलाई माफी मगााएर भाँच्नु रहेको, वीपीहरूको राजनीति तर्फको त्याग, पार्टीको सफलता अनि आफूहरूको राजनीतिक त्रुटिबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२१. १ डिसेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले लुगा धोएको, कमजार अनुभव गरेको कुरा, दक्षिण भियतनाममा सैनिक विद्रोह भएर जियम र उनका भाइलाई पदच्युत गरेको खबर, त्यहाँको राजनीतिबारे वीपीको टिप्पणी, नेपाल जस्तो सानो मुलुकलाई सैनिक खतराबाट बचाउनको लागि वीपीले तयार पारेको आवश्यक उपायलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

बीच-बीचमा अङ्ग्रेजी शव्दको प्रयोगले यसको भाषाशैली अलि क्लिष्ट बन्न पुगेको छ ।

**ग. संरचना**

यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले भियतनामको राजनीतिक अवस्थाबारे जानकारी दिनु, नेपाललाई सैनिक खतराबाट बचाउने मुख्य उपायबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२२. २० नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सेनाको प्रश्न बारबार मनमा उठ्ने वीपीको भनाइ, पार्टीको सङ्गठनलाई पल्टनका मानिसहरूसँग पार्टीका कार्यकर्ताहरूसँगको समागम भइरहोस् भन्ने कुरामा ध्यानु दिनु पर्ने वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले सेनाका मानिससँग पार्टीका मानिसहरूको समागम हुनुपर्छ भन्ने कुरा बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २३. **२३ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले केनेडीको हत्याको खबरले वीपीहरू स्तब्ध भएको कुरा, अमेरिकामा उदारवादी विचारधाराको समर्थकको हत्या हुने र किन भन्ने वीपीको प्रश्न, केनेडीमा नेतामा हुनुपर्ने गुण, दृढता र प्रगतिशीलता भएको वीपीको भनाइ, केनेडीको हत्याले विश्वव्यापी असर पारेको कुरा, विश्वभर राजनीतिज्ञहरूको हत्या भएको कुरा, आफूहरूलाई पकडिएको केही दिन सम्म मार्लान् की भन्ने आशङ्का लागेको वीपीको भनाइ, प्रजातन्त्रमा हत्या नीति शुद्ध पागलपन र निराशाको अभिव्यक्ति भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहे पनि बीच-बीचमा अङ्ग्रेजी शव्दको प्रयोगले अलि जटिल बन्न पुगेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यो विश्व राजनीतिमा केन्द्रित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले केनेडीको हत्या, अमेरिकामा उदारवादी राजनीतिज्ञको हत्या भएको, विश्वमा अन्य राजनीतिज्ञको हत्या, प्रजातन्त्रमा हत्या नीति पागलपन हुने बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २४. **२४, २५ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आजकाल आफूहरूप्रति बडो बेवास्ताको व्यवहार हुन थालेको वीपीको भनाइ, आफ्नो स्वास्थ्य राम्रो नभएको वीपीको भनाइ, केनेडीको हत्यारालाई अर्को युवकले गोली हानि मारेको कुरा, केनेडीको हतयासँग सम्बन्धित कुरा, यस हत्याले प्रजातन्त्रको अन्तरनिहित कमजोरी र त्यसको शक्ति प्रष्ट भएको कुरा, प्रजातन्त्रमा हत्याको स्थितिका कारणबारे वीपीको गहकिलो यथार्थ भनाइ, प्रजातन्त्र र तानाशाहबारे वीपीको प्रश्न र धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली स्तरीय रहेको छ । यसमा प्रश्नात्मक शैलीको पनि प्रयोग पाइन्छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित विश्वको राजनीति र वीपीको प्रश्नको केन्द्रमा रहेको यो एक उत्कृष्ट लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफूहरूलाई गरिने व्यवहार केनेडीको मृत्यु र विश्व राजनीति, प्रजातन्त्र र तानाशाहबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२५. **२७ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले अन्तर्राष्ट्रिय स्थिति, तानाशाहहरूलाई अधिकारमा स्थापित भइरहनाका कारण सुयोग स्थापित भएको वीपीको भनाइ, राष्ट्रिय अन्तर्राष्ट्रिय तानाशाही राजनीति, नेपालको तत्कालीन तानाशाही राजनीति, प्रजातन्त्र र तानाशाह बीचका फरकलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली उत्कृष्ट रहेको छ । दर्शन, बौद्धिक चिन्तनले यो सफल बन्न पुगेको छ । यो निबन्धात्मक शैलीमा संरचित रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले राष्ट्रिय अन्तर्राष्ट्रिय तानाशाहबारे, प्रजातन्त्रबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२६. **३१ जनवरी , १९ फेब्रुअरी १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले प्रजातन्त्र दिवस भएको कुरा, रिहाइबारे वीपीहरू बीच भएको कुरा, पत्रकार तथा मन्त्रीहरूले पौष १ गतेलाई राष्ट्रिय दिवसको रूपमा मनाउनु पर्छ भन्ने मत दिएतापनि प्रजातन्त्र दिवसले अन्तर्राष्ट्रिय मर्यादा पाइसकेको हुनाले त्यसलाई बदलिँदा राजदूतहरूलाई स्पष्टिकरण दिनु

पर्ने हुनाले राजालाई परिवर्तन गर्न उचित नलागेको कुरा, वीपीले फेरि जर्नल लेख्न थालेको कुरा, किसुनजीले अनशन गर्न भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले प्रजातन्त्र दिवस भएको, राजभरौटेले पौष १लाई राष्ट्रिय दिवसको रूपमा मान्नु पर्ने मत अघि सारेको, फेरि जर्नल लेख्न थालेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२७. **११ मार्च १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले १९ थान चिठी लेखेको कुरा, देवेन्द्रको चिठी वीपीलाई नदिएको कुरा, के.आई. सिंहले सत्याग्रह थाल्ने कुरा, जसमा राजाकै चाल छ भन्ने वीपीको भनाई, वीपी थाकेको कुरा, राजाले देश भ्रमण प्रारम्भ गरेको कुरा शैलूले वीपीलाई चिठी पठाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ । यसमा अङ्ग्रेजी शव्दको प्रयोग पाइन्छ ।

**ग. संरचना**

राजनीतिक सेरोफेरोमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा सबैको चिठी नपाउने कुरा, के. आई. सिंहले सत्याग्रह थाल्ने, जसमा राजाकै चाल छ भन्ने कुरा, राजा देश भ्रमणमा निस्केका कुरा बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२८. **१९मार्च १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले के. आई. सिंह, सूर्यबाबु र रामहरि गिरफ्तार भएको कुरा, सिंहको आन्दोलन फास फूस भएर गएको वीपीको भनाइ, राजाले सिंहको वीलीन भएको राजनीतिक व्यक्तित्वलाई

उकास्ने प्रयत्न भएको वीपीको भनाइ, चीनले खटाएर के. आई. सिंहले यो कदम चालेको पनि हुन सक्ने वीपीको अनुमान, वीपीहरूको चिठी पत्र रोकिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य, सरल रहेको छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो एक मझौला आकारको राजनीतिक सेराफेरोमा केन्द्रित दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले नेपालको राजनीतिक घटनाक्रम र वीपीलाई आएको चिठी पत्र रोकिएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२९. २३ मार्च १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वर्णभेदको विरुद्धको सक्रिय भावना नयाँ अन्तर्राष्ट्रिय स्थिति बन्न गएको वीपीको भनाइ, गौर वर्ण र कृष्ण वर्णको तत्कालीन अवस्थाबारे वीपीको टिप्पणी, जातीय श्रेष्ठताको सिद्धान्तको कुनै वैज्ञानिक, सामाजिक या मानवीय आधार नभएको वीपीको भनाइ, जातीय भेद अमेरिकामा मात्र नभएर नेपालमा पनि भएको वीपीको भनाई, विश्वमा अल्पसंख्यकहरूको दमनको कुरा, नेपालको राजाको एकतन्त्री शासन अत्याचारी दमन भएको वीपीको भनाइ, विश्वमा गैर जातीय दमन या भेदभावले मानवताको अधिक हत्या गरेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तर्कशील भाषाशैलीको प्रयोग पाइन्छ । बौद्धिकता, यथार्थता, चिन्तनशीलताको सम्मिश्रण पाइन्छ ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित जातीय भेदभावको केन्द्रविन्दुमा रहेको यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले वर्णभेद, जातीय भेदबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका घटनाहरूको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३०. २४ मार्च १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले अन्तर्राष्ट्रिय जगत्मा विरोधात्मक प्रवृत्तिहरू प्रकट हुँदैछन् भन्ने वीपीको मान्यता, तमाम संसार एउटा एकाइमा परिणत हुँदैछ भन्ने वीपीको भनाइ, अविकसित देशहरूलाई आर्थिक सहायता विकसित देशहरूबाट उपलब्ध हुनु पर्ने वीपीको धारणा, जेनेभामा हुन लागेको आर्थिक सम्मेलन र त्यसको मुख्य उद्देश्य, वित्तीय बन्धनले सारा विश्वलाई एउटा डल्लो बनाउँदै छ भन्ने वीपीको भनाइ, द्वितीय विश्वयुद्धपछि विश्वलाई एउटा एकाइमा परिणत गर्ने मौलिक प्रवृत्तिको विरुद्ध अनेक राष्ट्रहरू निर्माण हुदै गएको कुरालाई वीपीले दर्भाग्य मानेको कुरा, जंजीवार, रुवाण्डा, गेवोन जस्ता राष्ट्रको निर्माणको कुनै अर्थ नभएको वीपीको भनाइ, जेलमा वीपीले मानसिक कष्ट पाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरलमा स्तरीय रहेको छ । यसमा निबन्धात्मक शैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

आठ अनुच्छेदमा संरचित यो लामो आकारको सशक्त सफल विश्व परिवेशलाई समेटिएको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले तमाम संसार एउटा एकाइमा परिणत हुँदैछ, ठूला मुलुकले साना मुलुकलाई सहयोग गर्न पर्ने, साना अरु देशको मुहताज भएर जीविका चलाउनु पर्ने राष्ट्रको कुनै अर्थ नभएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३१. २८ मे १९६४

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जवाहरलालजीको मृत्युको खबरले मन बेचैन भएको र रोएको वीपीको भनाइ, उनीप्रतिको वीपीको आस्था, विश्वास र स्नेह अनि उनले वीपीको परिवारलाई सहयोग गरेको कुरा, जवाहरलालको मृत्युपछिका् भारतीय राजनीतिप्रति वीपीको चिन्तन र प्रश्नहरू नेपाली राजनीतिप्रति वीपीको चिन्ता, वीपीले गरेको जवाहरलालको तारिफ वर्णनलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल भए पनि साहित्यिक र कलात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

सात साना ठूला अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यसको केन्द्रविन्दु जवाहरलाल रहेका छन् ।

**घ. उद्देश्य**

लेखकले जवाहरलालजीको मृत्युको खबरले मन बेचैन भएको, उनीप्रतिको आफ्नो आस्था, उनको व्यक्तित्व, नेपाली र भारतीय राजनीति के होला भन्ने बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३२. ३१ मे १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले नेहरूबारे वीपीको टिप्पणी, अङ्ग्रेजहरूको राजनीतिक प्रतिभाबारे वीपीको तर्क, हिन्दुस्थानको विभाजनको कुरा, नेहरूको समयको भारतीय राजनीति, वीपीको विचारमा नेहरूको शासनको वेलामा भारतमा हुन नसकेका कामहरूको सूची, नेहरूको उत्तराधिकारीको लागि काँग्रेसमा जारतोर भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले नेहरू, तत्कालीन भारतीय राजनीति, अङ्ग्रेजीहरूको राजनीतिक प्रभाव, नेहरूले पुरा गर्न नसकेको जवाफदेहीबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३३. २३ अक्टूबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आर्थिक, सामाजिक, राजनैतिक दृष्टिबाट हिन्दुस्तानको हालत नराम्रो भएको वीपीको भनाइ, तत्कालीन भारतीय राजनीति, १७ सालको नेहरूको शासनलाई पूर्ण असफल भन्न सकिने वीपीको भनाइ, नेहरूको शासनको बेला गर्न नसकेका र नभएका कामहरूको वीपीले तयार पारेको सूची, हिन्दुस्तानको संस्कृति दोषपूर्ण भएको र त्यस संस्कृतिको ठूलो दोष कपटाचारको प्रोत्साहन हो भन्ने वीपीको धारणा, भारतीय राजनीतिको इतिहास, भारतको राष्ट्रिय जीवन चिरैचिरा परेको वीपीको भनाइ, हिन्दुस्तानको दुर्भाग्यको कुरा, जनतालाई नेतृत्व चाहिने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

अङ्ग्रेजी शव्दको प्रयोगले यो अलि क्लिष्ट बन्न पुगे पनि यसको भाषाशैली स्तरीय रहेको छ ।

**ग. संरचना**

यो एक लामो आकारको राजनीतिक दैनिकी हो । हिन्दुस्तानको राजनीति नै यसको मुख्य केन्द्र हो ।

**घ. उद्देश्य**

लेखकले भारतीय नेता नेहरू, उनको शासनकालको कमजोरी, हिन्दुस्तानको संस्कृति दोषपूर्ण भएको, भारतको राष्ट्रिय जीवन चिरैचिरा परेको कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४.१.३ साहित्यिक दैनिकी

### १. १३ मार्च १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले बडो बेचैन गराउने ताराशङ्कर बन्दोपाध्यायको सप्दपदी सानो नोबेलको हिन्दी अनुवाद पढेको र त्यसको बारे लेखकको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा समालोचनात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । यसमा लेखकले किताब सम्बन्धी आफ्नो धारणालाई व्यक्त गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले किताबबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### २. ७ जुन १९६२

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले अज्ञेयको नदीको द्वीप पढेको कुरा, त्यस पुस्तकको टिप्पणी लेखकले गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल बोधगम्य रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो । यसमा एउटा किताबको मात्र कुरा समिटिएको छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य पुस्तकबारे जानकारी दिनु रहेको छ ।

**३. १८ जुन १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीला जाने कुराले मन उदास भएको कुरा, वीपीले स्टेफेन ज्वीगको मेरी आन्तोएनेट भन्ने पुस्तक पढेको कुरा, त्यसको विषयवस्तु पात्रको विपत्तिलाई लेखकले आफ्नो विपत्ति जस्तो अनुभव गरेको कुरा, क्रान्ति सम्बन्धी वीपीको धारणा, क्रान्तिमा हिंसाको बाटो सजिलो हुन्छ तर आफूहरूले यो बाटो खोज्न नहुने वीपीको आदर्श धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए पनि भनाइ गहकिला छन् ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो पुस्तक अध्ययन, टिप्पणी, क्रान्ति सम्बन्धी विचारबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४. २०१९ कार्तिक ६**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले Beware of Pity पढिसकेको कुरा, ज्वीग र उनको कृतिको वीपीको टिप्पणी, आमालाई कडाइ गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. उद्देश्य**

बीच-बीचमा अङ्ग्रेजी शव्दको प्रयोग भाषा अलि जटिल बन्न पुगेको छ । यसमा विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले कृति र कृतिकारको बारे र आमालाई कडाइ गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५. २३ जुलाइ १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रमेशले कृष्णमूर्तिको राजा महेन्द्रको जीवनचरित्र वीपीलाई पठाएको कुरा, कृष्णमूर्तिले वीपी विरुद्ध विष वमन गरेको कुरा, गणिका रूपको व्यवसाय गर्छे भने साहित्यिक जीविका (वृत्ति) लिएका धेरै पठित पुरुषहरू आफ्नो शाव्दिक योग्यताको व्यवसाय गर्छन् भन्ने वीपीको भनाइ, सुनीतिकुमार जस्ता विद्वानबारे वीपीको धारणा, धेरै विद्वानमा नैतिकता र विद्वताको समागम पाइदैन भन्ने वीपीको भनाइ, कृष्णमूर्तिको कृति र ऐतिहासिक किताबका बारेमा वीपीको समालोचनात्मक अभिव्यक्तिलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली स्तरीय रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पाइन्छ । यसमा अलङ्कारको प्रयोगका साथै समालोचनात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो । राजा र इतिहासको सेराफेरोमा यो केन्द्रित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले कृष्णमूर्तिले आफू विरुद्ध गरेको विषवमन, पठित विद्वानहरूको शाव्दिक व्यवसाय, विद्वानमा नैतिकता र विद्वत्ताको समागम नपाइने, कृष्णमूर्तिको कृति र ऐतिहासिक कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६. २०२० साउन १७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले रमेशलाई फेरि टाइफाइड भएको कुरा, लेखक निरोगी नभएको कुरा, रवीन्द्रनाथको कविताको दुई हरफ र लेखकको नेपाली रूपान्तरणलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले रमेश र आफ्नो स्वास्थ्य अवस्था, रवीन्द्रनाथको कविताको नेपाली रूपान्तरण आफूले गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७. २९ अक्टूबर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आमाप्रतिको वीपीको चिन्ता र सम्झना, उहाँबाट वीपीले प्ररणा पाएको कुरा, आमाले वीपीको हात सुम्सुम्याएर म्वाइ खाएको, अँगालेको कुरा, दशैंले गर्दा अखबार नआएकोले गर्दा वीपीलाई नियास्रो लागेको कुरा, वीपीले कालिदासको 'विक्रमार्वशीयम्' पढेको र कालिदास र कृतिको समालोचनात्मक टिप्पणी गरेको कुरा, वीपीले दिवानलाई बेकनको दर्शन र समाजवाद पढाएको कुरा, आजकाल वीपी सर्वाङ्ग नग्न सुत्ने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको सम्मिश्रण पाइन्छ । यसको भाषाशैली सरल रहेको छ । यसमा समालोचनात्मकता पाइन्छ ।

**ग. संरचना**

आमाको ममता र छोराको आमाप्रतिको श्रद्धालाई  समेटिएर रचिएको यो एक लामो आकारको उत्कृष्ट दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूप्रतिको आमाको माया र प्रेरणा अनि आफ्नो आमाप्रतिको श्रद्धा, कालिदासको 'विक्रमोर्वशीयम्' बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८. ३०, ३१ अक्टूबर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई आफ्नो भाषा सुधार्ने बडो इच्छा भएको कुरा, आफ्नो भाषा ठीक भएपनि प्रवृत्ति क्लिष्टतातिर लागेको वीपीको भनाइ, आफ्नो भाषाको दोषको मूल कारण सामाजिक

जीवनको अभिन्न अङ्ग हुन नसक्नु हो भन्ने वीपीको भनाइ, आफ्नो भाषा हृदयभन्दा मस्तिष्क र भावना भन्दा बुद्धिले थिचेको वीपीको भनाइ, आफ्नो भाषा अपर्याप्त, अनुपयुक्त र रङ्गहीन भएकोले त्यसमा सुधार गर्ने आफ्नो प्रयास रहेको वीपीको भनाइ, भाषा सम्बन्धी वीपीको गहिरो, दार्शनिक उच्च विचारलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली उच्च स्तरीय रहेको छ । यसमा साहित्यिकता, आत्मपरकता, तुलनात्मकता, बौद्धिकता पाइन्छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले भाषामा केन्द्रित भएर यो दैनिकी लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो भाषाबारे  र त्यसमा सुधार गर्ने प्रयास रहेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ९. **३ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई कमजोरी अनुभव भएको कुरा, भविष्यको उज्वलताको बारे वीपीलाई सन्देह नभएको कुरा, वीपीले कालिदासको **मालविकाग्निमित्र** पढेको र त्यसको चर्चा गरेको कुरा, केशर शमशेरका गर्ने नाटकहरूमा स्वास्नी मानिसको सुन्दरता केवल शरीरमा र शरीरको वर्णन केवल स्तन र जघनमा मात्र जस्तो रहेको जुन कालिदासको नाटकमा पनि रहेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

कतैकतै अङ्ग्रेजी शव्दको प्रयागले यसको भाषा अलि जटिल बन्न पुगेको छ । यसमा साहित्यिकता पाइन्छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो कमजोर अवस्था, कालिदास र उनका कृति अनि राणाकालीन समयका नाटकहरूबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०. २९ नोभेम्बर १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले प्रकाशका लागि दर्शन, इतिहास, साहित्य , श्रीहर्षका लागि कला, शशाङ्कका लागि इतिहासका महापुरुषहरूको जीवनी र चेतनाका लागि साधारण ज्ञान विज्ञानका कुराहरू सम्बन्धी किताब लेख्न चाहेको कुरा, नेपाल कता ?, आत्मकथा, नाटक लेख्न वीपीले हात हालेको कुरा, कविताहरू, कथाहरू लेखेको Sybil by Cagerkvist को अनुवाद गरेको र अर्को अनुवाद थालेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आ फूले कविता, कथाहरू लेखेको, अनुवाद गरेको र छोराछोरीको लागि किताब लेख्ने विचार गरेको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ४.१.४ धार्मिक दैनिकी

**१. २६ अक्टूबर १९६२**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकी वीपीले गुरुदत्तको सहस्त्रबाहु पढेको कुरा र त्यससम्बन्धी वीपीको धारणा, भौतिकवादको चरम स्थिति स्वार्थ, इन्द्रिय सुख र असन्तोषको हाहाकार हो भने अध्यात्मवादको चरमस्थिति रुढिगत विश्वास, व्यवहार र बौद्धिक, अन्धता हो भन्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग पाइएतापनि भाषा सरल रहेको छ । यसमा समालोचनात्मक शैलीको प्रयाग पाइन्छ ।

**ग. संरचना**

यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले गुरुदत्त र उनको कृतिबारे, भौतिकवाद र अध्यायवादबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२. १३, १९ जनवरी १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जमानसिंहबाट दैनिक वीपीले रामायणको पाठ सुन्ने गरेको, जुन धार्मिक दृष्टिबाट नभएर एउटा नियममा आबद्ध भएर एउटा सङ्कल्पको सम्पादन गर्न चाहेको वीपीको भनाइ, गणेशमानप्रतिको वीपीको धारणा, राजा कलकत्ता गएकै दिन सुवर्णले आन्दोलन पूर्ण रूपले बन्द गरेको घोषणा गरेको कुरा, जसको आपसी सम्बन्ध छ कि छैन भन्ने बीचमा वीपी र गणेशमान बीच भएको बहसलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले रामायण पाठ गर्ने गरेको कुरा, आफू र गणेशमान बीच भएको छलफलबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३. २ अप्रिल १९६३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा आफूले ४/५ उपन्यास लेखिसकेको तर वीपीले लेख्न नसकेको सुनेर दुख लागेको भनी तारिणीले वीपीलाई लेखेको चिठी, त्यस चिठीले वीपीलाई लाज लगाएको कुरा, आफ्नो स्वास्थ्य ठीक नभएको, अव्यवस्थितता र आलस्यले गर्दा कुनै काम नियमपूर्वक गर्न नसकेको वीपीको स्वीकारोक्ति, अरविन्दको सन्ध्यालाप र उपनिषद् साँझ बिहान सुन्ने गरेको र त्यसको बारे वीपीले गरेको समालोचनात्मक टिप्पणीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए पनि अङ्ग्रेजी शब्दको प्रयोगले अलि जटिल बन्न पुगेको छ । यसमा समालोचनात्मक शैलीको छनक पनि पाइन्छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले तारिणीको चिठी, आफ्नो स्वास्थ्यावस्था, उपनिषद् र सन्ध्यालापबारे स्तरीय टिप्पणी मात्र गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूले जेलमा केही नलेखेकोबारे तारिणीले लेखेको चिठीबाट लाज लागेको कुरा, आफ्नो अस्वस्थता, सन्ध्यालाप र उपनिषद्बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४. २०२० भदौ २३**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले शिविरमा एकरसताको शैथिल्य आएको वीपीको भनाइ, वृद्धावस्था र आध्यात्मिकबारे वीपीको विचार, जेलमा वीपीहरूमा देखा पर्न थालेको बानी, लक्षण, वृद्धहरू प्रतिको सम्मानका कुरा, वीपीहरूको अनुभव ज्यादा अर्थपूर्ण र प्रयोजनीय हुन्छ- एउटा अन्धविश्वास हो भन्ने वीपीको धारणा, जेलमा सबैमा आध्यात्मिक विषयमा चाख बढेको कुरा, आफ्नो परिवारमा धार्मिक परम्पराको बलियो जरो नपरेको वीपीको भनाइ, जीवनप्रतिको बिमुखताको लक्षण अध्यात्मबाद भएको वीपीको तर्क, जीवनको शेष मुक्ति भएको कुरा, जीवनमा निहीत समस्याको समाधान अध्यात्मवादीहरू जीवनको शेषद्धारा गर्न चाहन्छन् भन्ने वीपीको भनाइ र त्यस सम्बन्धी उनको व्यङ्ग्य, किसुनजी र वीपी बीच भएको तर्कशील धार्मिक छलफल, अध्यात्मवादीहरूको दृष्टिमा जैवचेष्टा पशुवृत्ति भएको वीपीको भनाइ, मुक्ति अध्यात्मवादीहरूको लक्ष्य भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको सम्मिश्रण पाइन्छ । यसको भाषाशैली जटिल भए पनि स्तरीय रहेको छ।यसमा व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । बौद्धिकता, धार्मिकता, दार्शनिकता, चिन्तनशीलता आदि यसका वैशिष्ठ्य हुन् ।

**ग. संरचना**

तेह्र अनुच्छेदमा संरचित यो एक उत्कृष्ट लामो आकारको दैनिकी हो । अध्यात्मवाद तथा धार्मिक सेरोफेरोमा यो केन्द्रित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले अध्यात्मवादबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५.  २०२० चैत ६**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले ईश्वरको अस्तित्व छैन भन्ने वीपीको भनाइ, ईश्वरसम्बन्धी वीपीको एकदमै निजी तार्किक धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली स्तरीय रहेको छ । यसमा बौद्धिकता र चिन्तनशीलता पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित धार्मिक सेरोफारोमा केन्द्रित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले ईश्वरको अस्तित्व नभएको कुरा बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६.  २५ अक्टोबर १९६४**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले हेमरशाल्डको व्यक्तित्वको वीपीले गरेको वर्णन, हेमरशोल्डको मर्किङ्समा उनकै अन्तरव्यक्ति प्रतिबिम्बित भएको उनले निस्कार कर्मको उपदेश गरेको वीपीको भनाइ, वीपी आफू गम्भीर स्थितिमा परेको र त्यसले जीवनको तात्त्विक प्रश्नहरूका उपर विचार गर्न कर लगाइरहेको वीपीको भनाइ, गीताको कर्मयोग दर्शन प्रति वीपीको प्रश्न, गीतामा भएको मान्छे र इश्वरसम्बन्धी कुरा, हिन्दु दर्शन मूलतः पार्थिव दर्शन भएको वीपीको भनाइ, गीताको लक्ष्य जीवन नभएर मोक्ष भएको वीपीको भनाइ, गीताले असल कार्य तथा खराब कार्यको विवेचना नगर्ने वीपीको भनाइ, हेतुरहित कार्य निरर्थक हुने वीपीको भनाइ, सन्यास दर्शन पनि तर्कको असङ्गतिले पीडित भएको वीपीको भनाइ, पूर्ण कर्म निवृत्तिको अर्थ जीवनबाट मुक्ति, मृत्यु भएको वीपीको भनाइ, जीवनधारण गर्नका लागि भए पनि केही न्युनतम कर्म त गर्नै पर्ने वीपीको धारणा, सन्यास दर्शन सम्बन्धी वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली अलि क्लिष्ट भए पनि स्तरीय रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग पाइन्छ । यसमा विश्लेषणात्मक, व्याख्यात्मक, व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

एघार अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले हेमरशोल्ड, उसको कृति, गीतामा भएका ईश्वरीय कुरा र अन्य कुरा, सन्यास दर्शन, कर्मका कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४.२ जेलजर्नलको समष्टि विश्लेषण

जेलजर्नल विश्वेश्वरप्रसाद कोइरालाले आफू बन्दी अवस्थामा रहेका बेला लेखेका दैनिकीहरूको सङ्ग्रह हो । यसमा वि.सं. २०१७ फागुन ४ गते देखि २०२१ पौष १ गतेसम्मका दैनिकीहरू रहेका छन् । यसमा प्रत्येक दिनका दैनिकी रहेका छैनन् । यसमा १३० वटा दैनिकीहरू मात्र रहेका छन् । ६० दिन अगि आफूले तरुण दलको सम्मेलनमा आफ्नो उद्घाटन भाषण समाप्त गर्नासाथ आफू समातिएको कुरा देखि प्रथम दैनिकीको थालनी कोइरालाले गरेका छन् । वीपीले शिवराज, जमान सिंह, प्रेमराज र म आर्मी क्लबको कोठामा राखिएका छौँ भनी लेखेका छन् 'लेखकले आफ्ना गन्थनका लक्ष्य ममै सीमित रहे भने भन्ने सोचेर पत्रको रूपमा दिनहुँ तिमीलाई सम्बोधन गर्छु । मेरा यी डायरीका पाना हुन्, अत्यन्त व्यक्तिगत (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १) भनी आफ्नो श्रीमतीलाई भनेको पाइन्छ । लेखकले श्रीमतीलाई सम्झिरहने हुनाले पनि डायरीको प्रथम पृष्ठमा श्रीमतीलाई सम्बोधन गरेका छन् ।

बाहिर समयको एउटा सानो नगण्य अवधिको बोध हुने दिन जेलमा सुरसाको वदनजस्तो हुने भनी वीपीले लेखेका छन् । जेलमा दिन मुस्किलसँग काटिने कुरा वीपी लेख्छन् । यसमा लेखकले आफूले पढ्ने चेष्टा गरेको, पढेको, पढ्न मन नलागेका कुरालाई लेखेका छन् । वीपीले आफूले सिगरेट पिउने गरेको कुरालाई पनि यथार्थका साथ भनेका छन् । आफ्नो आँखा अनवरत फड्किरहेको, जुन अशुभ मानिने र यस्तो रुढिगत अन्धविश्वास भएको कुरा आफ्नो शिक्षित बुद्धिले माने तापनि हृदयको कुना-कुनाबाट विश्वासको आधार निस्कन खोज्ने कुरालाई लेखकले लेखेका छन् । वीपी परम्परागत धर्म र विश्वासलाई मान्ने कि नमान्ने दोसाँधमा रहेको देखिन्छन् । वीपी लेख्छन्-'आज सूर्यग्रहण भएकोले दिनको भाजन निरामिस छ । मैले केवल दही, तरकारी, फलफूल र मह खाएँ । कुनै धार्मिक विचारले होइन, त्यसै एउटा लहडले तर के यसमा एउटा लहड मात्र छ ताकि म ग्रहणको दिनमा फलफूलको आहार मात्र ग्रहण गरिरहेको छु ? कता-कता मेरो मस्तिष्कमा लुकेको शुद्ध धार्मिक, सैद्धान्तिक, दार्शनिक होइन भावना वा संस्कृति वा शिक्षाले त यो प्रेरणा दिन थालेको छैन ?' ( कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ५) आफ्नो स्वास्थ्य प्रति विशेष ख्याल राख्ने वीपीले विहान कसरत गर्ने, टहल्ने काम गरेको पाइन्छ । अन्तर्राष्ट्रिय राजनीतिप्रति विशेष चासो राख्ने वीपी कङ्गोका कैदी प्रधानमन्त्री लुमुम्बाको हत्याबाट चिन्तित देखिन्छन् ।

वीपीले जीवनमा नियमको पालना गर्न असमर्थ भएको कुरालाई नलुकाइ लेखेका छन् । जेलको भारी र अल्छी लाग्दो समयलाई बिताउनका लागि वीपीले लेजरक्वीस्टको **सिविल**को अनुवाद गरेर **देवदासी** नाम राखेको पाइन्छ । सरकारी पक्षबाट प्रजातन्त्र दिवस मनाएको कुरालाई वीपीले व्यङ्ग्यको साथ प्रस्तुत गरेका छन् । उनी लेख्छन्- 'प्रजातन्त्र दिवस यसपालि सरकारी पक्षबाट बडो धुमधामसँग मनाइयो रे- एउटी कुलटाले पतिव्रताको स्वाँग गरे जस्तो ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १३) टुँडिखेलमा मनाइएको प्रजातन्त्र दिवसलाई लेखक नाटकको संज्ञा दिन्छन् ।

त्यस दिनको क्रियाकलापलाई सविस्तार वर्णन गर्छन् । शैलजा लगायत धेरै युवायुवतीले गरेको प्रदर्शनलाई पनि लेखकले प्रस्तुत गरेका छन् । आफ्नो कमजोरीलाई कोइराला यसरी व्यक्त गर्दछन्-'म भने आफ्नो बानी अनुसार आवश्यकता भन्दा बढी परिणाममा खान्छु । मेरा यो कमजोरीलाई मैले जित्न सकिन ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १६) आफ्ना घरपरिवार, इष्टमित्रसँगको सम्पर्कबाट टाढा राखिएको अवस्थामा आफूलाई धरणीधर दाइको चिठी आएको र त्यसको उत्तर लेख्न अनुमति दिइएको कुरालाई कोइरालाले अनौठो कुरा भनी व्यक्त गरेका छन् ।

देशमा राजा र संसद दुवैको राम्रो सम्बन्ध भएको प्रजातान्त्रिक प्रणालीको आवश्यकता रहेको लेखकको ठम्याई छ । आफू विरुद्ध आफैले राजनीतिमा आश्रय दिएको सूर्यबाबुले विष वमन गरेको कुरालाई कोइरालाले लेखेका छन् । कोइरालालाई परिवार, इष्टमित्र, देशी विदेशी व्यक्तिले लेखेका चिठीको प्रसङ्ग पनि यस दैनिकीमा रहेको छ । इजरायलबाट मीरा एब्रेरुले लेखेको चिठी बडो महŒवका साथ लेखकले लेखेका छन् । नयाँ कितावलाई तरुणीको संज्ञा दिँदै लेखकले त्यसबारे आफ्नो धारणा लेखेका छन् । लेखक जेलमा भएको बखत पहिले आफूले पाएका उपहारहरू सबै सरकारलाई फिर्ता गर्नको लागि भनेको कुरा पनि यसमा व्यक्त छ । कथा लेख्ने काइरालाले आफ्ना कहानीहरू एक प्रकारको आत्मकथाका टुक्राजस्ता हुने कुरा बताएका छन् । बन्दी अवस्थामा कार्य क्षेत्र सीमित हुने हुनाले पढ्ने लेख्ने कार्यक्रमले अनावश्यक महत्त्व ग्रहण गर्दो रहेछ भन्ने लेखकको अभिव्यक्ति पाइन्छ ।

पढ्न भन्दा लेख्न गाह्रो हुने कोइरालाको भनाइ रहेका छ । आफूप्रति कहिल्यै नसकिने गुनासो भएको र नियमितता नभएको कुरालाई लेखक स्वयम् स्वीकार्दछन् । पत्नीलाई अत्यन्त प्रेम गर्ने वीपी सुशीलामा आफ्ना लागि विलक्षण आकर्षण भएको कुरालाई वीपी यसरी लेख्छन्-'सुशीलामा मेरा लागि एउटा विलक्षण आकर्षण छ, जसले उसलाई देखेको पहिलो दिन देखि आजसम्म एकनाससँग मलाई तानिरहेको छ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ३७) यस दैनिकीको अध्ययन गर्दा कोइराला एक सफल समालोचनाकार सावित हुन्छन् । उनले आफूले अध्ययन गरेका किताबको पनि टिप्पणी गरेका छन् ।

तर्कशील, चिन्तनशील कोइराला क्रान्तिमा हिंसाको बाटो सजिलो भए तापनि आफूहरूले हिंसाको बाटो रोज्न नहुने धारणा वीपी व्यक्त गर्दछन् । कोइरालाले आफ्नो काम नियमित रूपमा नगर्ने र बेला-बेलामा अब नियमित रूपमा गर्नेछु भनी प्रतिज्ञा गर्ने गरेको पाइन्छ । कोइराला लेख्छन्-'आजको दुश्चिन्ता भोलिको रमाइलो स्मृति हुन्छ र आजको उत्साह भोलिको एउटा मजाक । दिनभरिको दैनिक घटनाहरूलाई जस्तोसुकै जाबो भएपनि लेख्ने र साथै मनमा आउने विचारहरूलाई नढाँटेर लेख्ने गर्नुपर्‍यो ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ४३)

हिन्दुस्तानमा मात्र पुरा भरपर्दा उसको खटनमा आफूहरूको लडाईंको गति निर्भर भएको, हिन्दुस्तानको टेवाको आवश्यकता आफूहरूलाई परे तापनि उसै माथि आफूहरूको चारै गोडा टेकिन जाँदा आफूहरूको आन्दोलनमा भित्तामा पिठ्युँ अड्याउने भावना आउन सकेको कुरा कोइराला व्यक्त गर्छन् । शैलजा र गौरीले दण्डको रूपमा पैसा बुझाएपनि उनीहरूलाई रिहाइ नगरिएको राज्यमा अन्धाधुन्ध भएको कुरा लेखक लेख्छन् । जीवनमा वास्तविक कठिनाइ, दुखको सामना गर्नु नपरेको तर अब वास्तविक कष्टको सामना गर्नपर्ने भएको जस्तो लागेको कुरा कोइराला लेख्छन् । भूतप्रेतप्रति

कोइरालालाई विश्वास नभए पनि दिलचस्पी भएको पाइन्छ । अध्ययनशील कोइरालाले बन्दी जीवनमा विज्ञान र धर्म सम्बन्धी किताबको पनि अध्ययन गरेको देखिन्छ । शनिबार अखबारहरू, किताबहरू, चिठीहरू नदिइने हुनाले बन्दी अवस्थामा शनिबार नीरश दिन हुन्छ । कोइराला लेख्छन्- 'प्रत्येक शनिबारका दिन म पुनः पुनः बन्दी हुन्छु ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ५४)

दिदीबहिनीको मायामा अरु किसिमको मायामा हुने जटिलता नभएर एकदम सरल कोमलता हुने धारणा वीपीको रहेको छ । दिदीबहिनीको स्नेहको कल्याण-कवचले आफू रक्षित भएको कुरा वीपी लेख्न भुल्दैनन् । यौन र योगको बारे वीपी यसो भन्छन्-'यौन र योग मेरा अन्तरहृदयमा एउटा ध्वनि उत्पन्न गराउँछन् मानौँ दुवै एउटै तत्व हुन्-अथवा यौनकै अर्को अभिव्यक्ति योग हो । यागको जरा कताकताबाट अन्ततः यौनमा पुगेको हुन्छ जस्तो मलाइ लाग्छ । (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ५६) यौनलाई सूक्ष्म तरिकाले विश्लेषण गर्ने कोइरालाले भाजनको आवश्यकता भन्दा यौनक्षुधाको आवश्यकताको स्रोत मानव शरीर र मनको भित्री तहमा लुकेर बसेको हुनाले यौनको अभिव्यक्ति अस्पष्ट हुने धारणा व्यक्त गरेका छन् । कोइराला भन्छन्- 'यौनक्षुधाको सन्तुष्टि रतिक्रियाबाट शान्त गरिएन भने प्रकृतिले ठूलो प्रतिशोध लिन्छ । सबभन्दा ठूलो दण्ड, त्यस व्यक्तिले आफू अन्तर्गतको क्षेत्रमा मनको क्षेत्रमा भोग्नुपर्छ । स्वभाविक ढङ्गबाट, रतिक्रियाबाट यौन आवश्यकताको पूर्ति गर्ने व्यक्तिको चित्त अरु कुरा बराबर रहेका खण्डमा र तुलनात्मक दृष्टिबाट यौनक्षुधा माथि अस्वभाविक रीतिले दमन गर्न खोज्छ, व्यक्तिको चित्त भन्दा बढी मात्रामा अस्थिर रहनसक्छ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण  : ५८)

समाज जति सभ्यताको सिँढीमा उक्लिदै जान्छ, उति नै त्यसका सदस्यहरूको मानवीय आवश्यकताको सरल र प्राकृतिक रीतिबाट पूर्ति गाह्रो हुँदै जाने र परिणामस्वरूप अनेक मानसिक विकृतिको मूल्य सभ्यताको खातिर चुकाउनु पर्छ भन्ने कोइराला यसो भन्छन्-'असभ्य जातिहरूलाई, तुलनामा सभ्य कहलिएका जातिहरू भन्दा बढी मानसिक शान्ति छ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण  : ५९) विविध पुस्तकको अध्ययन गर्ने काइरालाले गीताको श्लोकको नेपाली भाषामा अनुवाद गरेर त्यसबारे आफ्नो धारणा व्यक्तगरेका छन् ।

जेलमा श्रीमतीलाई सम्झेर, कल्पना गरेर मनमा श्रीमतीसँगको सहवासको सुखद् चित्र खिचेर स्वप्निल आत्मवञ्चनामा कोइरालाले आफूलाई राखी वियोगको पीडा सह्य पार्ने प्रयत्न गरेको पाइन्छ । पत्रद्वारा भए पनि टाढा रहेकी श्रीमती आफ्नो प्रभावको किरण आफूसम्म पुऱ्याउन सकेकोले आफ्नो मन न्यानो भएको कुरा वीपी लेख्छन् ।

आफ्नो कोठाको झ्यालमा भएका बारुला र अरिङ्गालको गुँड भत्काउन भनेपछि सिपाहीहरूले त्यो भत्काउन थालेपछि आफूलाई लागेको कुरालाई कोइराला यसरी व्यक्त गर्दछन्- 'श्मसानमा धकधकीरहेको चिताको अगाडि बसेर कबाब पकवान खाएको जस्तो ।' अन्तर्राष्ट्रिय घटनालाई पनि कोइरालाले महत्वका साथ लेखेका छन् । यौन स्वच्छन्दतालाई पापयुक्तता या कर्तव्य विहीनताको संज्ञा दिन नसक्ने कोइरालाले आफ्नो श्रीमतीले अवैध यौन सम्बन्ध नराख्न गरेको आग्रहबारे निर्णय लिन गाह्रो भएको कोइराला बताउँछन् । चीन र भारत बीचको युद्धलाई पनि यसमा समेटिएको छ । आन्दोलन सञ्चालकहरूको नेतृत्वहीनता, हिम्मतको कमी, हिन्दुस्तानमाथि पूर्णरूपले आधारित नै

बसेकोले आफूहरूको आन्दोलन असफल भएको र राजाले जितेको कुरालाई दुखका साथ लेखकले लेखेका छन् । पौष १ लाई राष्ट्रिय दिनमा परिणत गर्ने सरकारको इरादा, राजाले देश सुहाउँदो आफ्नै माटोबाट हुर्केको र आफ्नै माटोमा हुर्केको विधानको घोषणा गर्ने कुरालाई पनि लेखकले लेखेका छन् ।

कठिन परिस्थितिमा वीपीको परिवारका प्रत्येक सदस्यले बडो साहस र उत्साहको साथ आफ्नो जिम्मेवारी वहन गरेको पाइन्छ । हातमा सङ्गिन भएका राजाको लागि विधान एउटा पुछेर फ्याँक्ने कागजको खोष्टा भएको वीपीको भनाइ छ । आफ्नो भविष्य पूर्ण अन्धकारमय लागे तापनि भविष्यको अनन्त गर्भमा आफूहरूको लागि आशीर्वाद लुकाएर राखेको धारणा वीपी लेख्छन् । जुनसुकै मुलुक र जुनसुकै आन्दोलनले बाहिरको मदत प्राप्त गरेको साक्षी इतिहास भएको कुरा कोइराला लेख्छन् । आन्दोलनको स्थगन राजनीतिक निर्णय र माफी माग्नु नैतिक निर्णय भन्छन् कोइराला ।

बन्दी अवस्थामा रहेको बेला पनि वीपी मनको उत्साहमा चढेर सबैलाई नयाँ वर्षको शुभकामना पठाउँछन् । उनी भन्छन्-‘कारागारको बन्धनको तापले द्रवित भएको मेरो हृदयमा सबैको लागि कल्याणको भावनाको उदय भएको छ ।’ (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ८४) आजको मानव जीवन जुनसुकै दृष्टिबाट दरिद्र भएको कुरा यस दैनिकीमा उल्लेख गरिएको छ । बन्दी अवस्थामा साथीहरूसँग हुने बहस, रन्कारन्कीलाई लेखकले नछोपीकन प्रस्तुत गरेका छन् । भाषामा सुधार र त्यसमा सशक्तता ल्याउनका लागि संस्कृत ग्रन्थहरूको अध्ययन आफ्ना लागि जरुरी भएको वीपीको आत्मानुभव रहेको छ । आफ्नो सन्तानको शिक्षाउपर दृष्टि दिन नसकेकोमा कोइराला पछुतो गर्छन् । चरित्र निर्माणको कुरामा कोइराला यसो लेख्छन्-‘लाग्छ कि आखिर दुख-सुख, मर्यादा-अमर्यादालाई खपेर नै दृढ चरित्रको निर्माण हुन्छ मानिसमा । जागाएर राखिएको व्यक्तित्व दरो हुँदैन, गमलामा उमारेर (Hot – house) उष्णगृहमा हुर्काएको बिरुवा जस्तो ।’ (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ९०)

समाजलाई एउटा राष्ट्रलाई अगाडि बढाउन सक्ने क्षमता विवेक, चारित्रिक दृढता, आत्म-संगठन, धैर्य, साहस, निर्भिकता, निस्वार्थ, संयम भएको नेतृत्वगुणको आफूमा अभाव भएको दश्चिन्ताले कहिलेकाहीँ क्षुब्ध हुने गरेको स्वयम् स्वीकार्दछन् । दर्शनलाई बुझेका कोइराला यसो भन्छन्-‘जीवन सम्झौताहरूको एउटा शृङ्खला हो । मानिसले आत्मसम्मानको विरुद्ध कुनै काम गर्नु हुँदैन ।’ (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ९३)

यस दिनपञ्जीमा अरुको परिश्रमबाट कोइरालाले प्रेरणा प्राप्त गरेको देखिन्छ । गौँथलीका जोडाले गुँड बनाउन लागेको अथक प्रयासले आफूहरूलाई नीरस जीवनमा केही क्षणका लागि माथि उठाउने कुरा कोइराला लेख्छन् । पुस्तकहरूको अध्ययन गरेर टिप्पणी गर्ने कोइरालाले उपनिषद्को पनि राम्रो र नराम्रो पक्षलाई यस दैनिकीमा लेखेका छन् । बन्दी अवस्थामा वीपीलाई बढी आलस्यता, नीरसताले छोपेको र उनले नियमित नियमपूर्वक कार्य गर्न नसकेको कुरा यो दैनिकी पढ्दा थाहा हुन्छ । आफ्नो अध्ययन र लेखन अत्यन्त अल्प भएको प्रति दुखले स्तब्ध हुँदै आफ्ना मनका भावलाई कोइराला लेख्छन्-‘दुखले एकदम स्तब्ध भए मानौँ कसैले ठूलो आघात मेरा शिरमा दियो । समयको यत्रो दुरूपयोगको ख्याल आउँदा म अनायस भावुक पनि भएँ र आफूले बारम्बार धिक्कार्ने प्रेरणा मनमा जागृत भयो । साथै एउटा दृढता पनि जे भो भो, अझ पर्याप्त समय छ, सुध्रिनको लागि, अझ पर्याप्त समय छ- ठूलो काम गर्नको लागि, यदि चेतेर अब पनि राम्ररी व्यवस्थित किसिमबाट

अध्ययन गर्न थाले भने सायद मेरो अध्ययनको धोको पुरा हुनेछ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : ९९)

अर्थको लागि लेख्ने लेखकहरूलाई कोइराला शुद्धगणिकावृत्तिका अनुचारीहरूको संज्ञा दिँदै लेख्छन्- 'गणिका रूपको व्यवसाय गर्छे भने यस्ता लेखकहरू आफ्नो शाब्दिक योग्यता ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १००) राजाहरू अर्थ दिएर आफ्नो गुणगान लेख्न लगाउने पत्थर र चट्टानमा आफ्नो यशगान कुद्न लगाउने, मन्दिरको प्रस्तर खण्डमा आफ्नो मूर्ति अंकित गर्न लगाउने हुनाले वीपीले इतिहास अध्ययनका प्रति शंका गरेको पाइन्छ । कृष्णमूर्तिद्धारा रचित पुस्तकका प्रत्येक पृष्ठमा असत्य र अर्धसत्यले भरिएका कुरा निर्धक्कका साथ कोइराला लेख्छन् । राजाको शिष्टाचारको मुकुण्डो भित्रको अनुहारलाई हेर्ने प्रयत्न गऱ्यो भने उसलाई बभ्न केही गाह्रो नभएको धारणा वीपीको रहेको छ ।

भौतिकवादी भए तापनि शायद संस्कारबाट मुक्त हुन नसकेर या आफ्नो उमेर छिप्पिँदै गएकोले प्रवृत्ति आध्यात्मिक नै भएको स्वीकारोक्ति वीपी गर्दछन् । ग्रीकका दार्शनिकहरूको दर्शनको आधार कौतुहल भएकोले उनीहरूको नीति निरपेक्ष र वैज्ञानिक छ तर भारतीय दार्शनिकहरूलाई पापको भावनाले छाड्न नसकेकोले उनीहरूको नीति तटस्थताको नीति नरहेको वीपीको भनाइ छ । राजा र वीपी बीच वार्ता गराउन रमेशले खेलेको भूमिकालाई यसमा महŒवका साथ लेखिएको छ । अध्यात्मवादलाई जीवनप्रतिको विमुखताको लक्षण मान्ने कोइराला मानवलाई जीवनका पक्षबाट विमुख पार्ने र मृत्युपक्षीय तुल्याउने काम अध्यात्मवादले गरेको तर्क प्रस्तुत गर्दछन् ।

एशिया, अफ्रिका, अमेरिका, स्वतन्त्रता, प्रजातन्त्रका कुराहरू यसमा समेटिएका छन् । राजाले आफूबाट माफीको पत्र चाहेको, जुन आफूबाट हुन नसक्ने वीपीको धारणा रहेको छ । रामनारायणको आमाले केही उपाय गरेर छुट्नुपऱ्यो भन्ने सल्लाह दिँदा मलाइ कसैको पर्वाह छैन भनी आमालाई रुवाएका कारण उनी बडो बेचैन भएको कुरालाई लेखकले मर्मस्पर्शी रूपमा उल्लेख गरेका छन् ।

आमालाई सम्भेको, उहाँकाट साहस र प्रेरणा पाएको कुरालाई वीपीले लेखेका छन् । नाङ्गै सुत्दाको फाइदाबारे बताउँदै आफू नाङ्गै सुत्न थालेको कुरालाई लेखकले निर्धक्कताका साथ उल्लेख गरेका छन् । भाषाप्रतिको आफ्नो कुरालाई लेखक लेख्छन्-'राजनीति या दर्शन या शुद्ध साहित्यिक विषयको लागि सायद मेरो भाषा अनुपयुक्त छैन -तर शद्ध साहित्यिक विषयका लागि, हृदयसँग सम्बन्ध भावनाहरूका लागि, मानव मनका कुराहरूको अभिव्यक्तिका लागि मेरो भाषा अपर्याप्त, अनुपयुक्त र रङ्गहीन छ । यसैलाई सुधार गर्ने मेरो आजकाल प्रयास चलिरहेको छ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १२७) असम्मानको जीवन भन्दा सम्मान युक्त मृत्यु मन पराउने कोइराला लक्ष्य प्राप्तिका लागि खेपेको यातना कहिल्यै पनि विफल नभएको धारणा राख्छन् । त्रुटि, सही छुट्याउन सक्ने कोइराला राजनीतिमा भएका त्रुटिलाई पनि आफ्नो दैनिकीमा समावेश गर्दछन् । नेपाललाई सैनिक खतराबाट बचाउने उपायहरूको सूची पनि लेखकले तयार पारेका छन् ।

गौँथली र मुसा  बीचको लडाईंमा गौँथली मारिएको घटनालाई कोइरालाले कलात्मकताका साथ लेखेका छन्, जसमा साहित्यिकताको छनक पाइन्छ । प्रजातन्त्रको लागि संघर्षरत कोइराला

बाहिरको राजनीति हुकुमी खटनमा चल्ने खालको भएको अवस्थामा आफू कैदी भएर अनुकूल स्थितिलाई पर्खनु श्रेयस्कर हुने कुरा लेखक बताउँछन् ।

महान चाड भाइटीकाको दिन बन्दी कैदीहरूलाई आफ्ना दिदीबहिनीको हातबाट टीका लगाउन नदिएको कडा नियमबारे यसमा बताइएको छ । भावना र ईखले नै मानिसलाई अगाडि बढ्न अग्रसर गराउँदछ भन्ने कुरो कोइराला लेख्छन् । एकतन्त्र र प्रजातन्त्र बीचको फरकबारे प्रष्ट्याउने काम लेखकले गरेका छन् । सच्चा देशभक्ति प्रजातन्त्रको अनुयायी कोइराला प्रजातन्त्रमा बदलाको भावनाको स्थान छैन भन्ने तर्क दिन्छन् । बन्दी जीवनमा हुने शारीरिक तथा मानसिक पीडालाई कोइरालाले यसमा लेखेका छन् ।

साधारणतः वृद्धहरू परम्परावादी हुने तर कौतुकमय नहुने अनि बालक र युवा जिज्ञासु हुने धारणा वीपीको पाइन्छ । खराब स्वास्थ्यको प्रभाव मस्तिष्क माथि परेको कारणले बुद्धि शिथिल भएको भनाइ वीपीको रहेको छ । अन्तर्राष्ट्रिय स्तरमा घटेका घटनाको सूक्ष्म विश्लेषण गर्दै त्यसको असर नेपालमा कस्तो पर्ने हो भनी वीपीले चिन्ता गरेको पाइन्छ । अन्तर्राष्ट्रिय स्तरमा राजनीतिज्ञहरूको हत्या भइरहेको बेला आफू पनि जेलमा परेको हुनाले आफ्नै हत्याको आशंका भएको र राजनीतिक स्तान हत्यानीतिले लिएको कुरा वीपीले आफ्नो दैनिकीमा लेखेका छन् । प्रजातन्त्रमा हुने र भएका कुरालाई लेखकले यसमा प्रस्तुत गरेका छन् । दिमागमा खाली बदलाको भावना आउने कुरा लेखक लेख्छन् । आफ्नो यथार्थ कुराको प्रकटीकरण गर्दै लेखक लेख्छन्-‘विशद्ध पाशविक प्रतिहिंसाको कारबाही म बाट हुनेछ ।’ (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १५३) अन्तर्राष्ट्रिय जगत्मा तानाशाहहरूलाई आफू अधिकारमा स्थापित भइरहनाका लागि सुयोग प्राप्त भएको यथार्थता वीपी प्रकट गर्दछन् । मोहन शमशेर र महेन्द्रमा भएको फरकलाई कोइरालाले स्पष्ट रूपमा उल्लेख गरेको देखिन्छ ।

प्रजातन्त्र प्रजातान्त्रिक शासकले गर्ने र गर्न नहुने कुरा बताएका छन् कोइरालाले । अध्ययन र साहित्यिकता प्रति विशेष रुचि राख्ने कोइराला आफ्ना छोराछोरीका लागि किताब लेख्न चाहेको कुरा बताउँछन् । ८, १० किताबहरूका पाण्डुलिपि लिएर जेल बाहिर जान पाए सन्तोष हुने धारणा वीपीको पाइन्छ । ईश्वरको अस्तित्व नभएको वीपीको भनाइ छ । वर्ण जाति भेदसम्बन्धी कुरालाई वीपीले यसमा उठान गरेका छन् । राष्ट्रिय स्तरमा नभएर अन्तर्राष्ट्रिय स्तरमै भइरहेको जातीय दमनको कुरालाई पनि यस दैनिकीमा लेखिएको छ ।

विश्वका धनी र गरिव मुलुकहरू बीचको सम्बन्ध, अन्तर्राष्ट्रिय आर्थिक सहयोगबारे वीपीले आफ्नो धारणा व्यक्त गरेका छन् । कोइराला लेख्छन्-‘अविकसित देशहरूलाई आर्थिक सहायता र सहयोग विकसित देशबाट उपलब्ध हुनै पर्छ र यस्ता देशको विकासको आधार पनि धनी मुलुकहरूको सहायताको अपेक्षा गर्छ । (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १६७) यातायात र सञ्चारको विकासले सारा विश्वमा रहनसहन र आचार-विचार तथा चिन्तन प्रणाली एकै नासको हुँदै गएको र सिंगो विश्व एक डल्लोमा परिणत हुँदै गएको यथार्थलाई मनन गर्दै कोइरालाले लेखेका छन् ।

जवाहरलाल नेहरूको मृत्युको खबरले कोइराला बेचैन हुन्छन् र उनी प्रति आफूमा आस्था, विश्वास स्नेह रहेको अनि उनलाई आफ्नो हृदयमा पितातुल्य भाव-मूर्ति बनाएर राखेको कुरा, उनले गरेको मद्दत र आफू एक प्रकारको अनाथ भएको अनुभव कोइरालाले गरेका छन् । भविष्यकाप्रति निराशा भए पछि मानिस अत्यन्त कमजोर हुँदो रहेछ भन्ने कोइराला भविष्यका प्रति विश्वास ठूला नैतिक शक्ति भएको, जसले वर्तमानको कष्टलाई सह्य बनाउन सक्छ भन्दछन् । नेहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै प्रतिष्ठा र सम्मान पाए तर आफ्नो काँधको जिम्मेवारीलाई जुन हिसावले पुरा गर्नु पर्ने हो, त्यो गर्न नसकेको धारणा लेखकको पाइन्छ ।

सैनिकहरूको गैरजिम्मेवारीलाई पनि कोइरालाले यसमा लेखेका छन् । लेखकको विचारमा मानिसको सबभन्दा ठूलो दासता उसको मानसिक अभ्यास बानी हो, जसले उसको बौद्धिक स्वतन्त्रतालाई सीमित पार्छ वा एकदम त्यसको हरण गर्छ । विचारलाई विस्तृत पार्न जीवनमा त्यसको प्रयोग गर्न सक्नु पर्ने कुरा कोइराला लेख्छन् । राजनीतिक व्यक्तिहरू जेलजीवनको मौका छोपेर लेख्ने काममा व्यस्त रहन्छन् भन्ने साधारण धारणा जनताको रहेकोमा कोइराला त्यसलाई भ्रम मात्र ठान्दछन् र यथार्थमा त्यस्तो नहुने कुरा गर्छन् अनि राजनीतिलाई व्यावहारिक पेशा ठान्छन् । अन्तर्राष्ट्रिय घटना, चीनले एटमबम पड्काएको, खुश्चेवले राजीनामा दिएको, कोसिजिन प्रधानमन्त्री भएको जस्ता कुरालाई पनि लेखकले आफ्नो दैनिकीमा समेटेका छन् ।

दशैंमा आमा आएर टीका लगाइ दिएको र आमाको उत्साह, साहस देखेर आफू दंग परेको कुरालाई लेखक लेख्छन् । साहित्यतर्फ विशेष रुचि राख्ने कोइराला कथा, कहानी, साना-साना निबन्ध र लेख अनि व्यक्तिगत संस्मरण आदिमा आफ्नो कलम सुगमताका साथ चल्ने कुरा लेख्छन् । भारतीय संस्कृति दोषपूर्ण भएको, भारतीयहरू बढी ढोंगी हुने, भारतीयहरूले विदेशमा राम्रो प्रभाव पार्न नसकेको, भारतको राष्ट्रिय जीवन चिरैचिरा परेको कुरा वीपी आफ्नो दैनिकीमा लेख्छन् । शान्त, गम्भीर र मृदु स्वभावका हेमरशोल्ड र उनको 'मर्किङ्स' नामक कृतिबारे आफ्नो विचारलाई लेखकले लेखेका छन् । वासनासहितको कार्यभन्दा निष्काम कार्यरतता प्रभावकारी हुन्छ भन्ने कोइराला गीतामा असल र खराबलाई छुट्याउने काम नगरेको तर यसो भनिएको छ भनी लेख्छन्-'गर्ने गराउने म हुँ ( ईश्वर हो), मानिस त निमित्त मात्र हो । असल खराब छुट्याइरहने काम छैन मानिसलाई । फल प्राप्ति त्यागेर काम गर्ने जिम्मा मात्र मैले (ईश्वरले) दिएको छु मानिसलाई । (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १९०) लेखकले हिन्दु दर्शनको कुरालाई आफ्नो चिन्तन मननका साथ विश्लेषणात्मक ढंगमा प्रस्तुत गरेका छन् ।

आफूहरूको थुनाई गैर कानुनी भएको तर्क पेश गर्छन् कोइराला । दैनिकीमा कोइरालाले आफू कस्तो थिएँ भन्ने कुरालाई यसरी लेख्छन्-'म स्कुलमा पढ्दा, अध्यात्ममा भावुक, रहस्यवादी, साहित्यमा छायावादी-रोमाञ्चवादी र राजनीतिमा गान्धीको आदर्शवादी थिएँ ।' (कोइराला, २०६९, चौथो संस्करण, पुनर्मुद्रण : १९५)

## ४.३ निष्कर्ष

दैनिकीकार विश्वेश्वरप्रसाद कोइरालाको जेलजर्नल शीर्षकको दैनिकी वि.सं.२०५४ सालमा प्रथम पटक जगदम्बा प्रकाशनले प्रकाशित गरेको हो । यसमा लेखकले २०७१ फागुन ४ गते देखि

दैनिकी लेख्न थालेर वि.सं.२०२१ पुस १ गते दैनिकीको मूल सन्दर्भ टुङ्ग्याएको देखिन्छ तर यसमा दैनिकीको नियमानुसार प्रत्येक दिन दैनिकी लेखेको देखिदैंन तर लेख्छु भन्ने लेखकको अठोट भने रहेको छ । लेखकले यसमा व्यक्तिगत, पारिवारिक, सामाजिक, राजनीतिक,साहित्यिक, धार्मिक, वैचारिक जस्ता कुराहरूलाई समेटेको पाइन्छ । एक इमान्दार जननेतालाई हठात् कारावासमा राखे पछिको उसको मनोदशा र दैनिक क्रियाकलाप, घटनालाई यसमा समेटेको पाइन्छ । यो दैनिकीहरूको संगालो हो ।

यस कृतिमा थुप्रै दैनिकीहरू रहेका छन् । यसमा साना देखि ठूला आकारका दैनिकीहरू समाविष्ट रहेका छन् । लेखकले यस कृतिलाई दिनपञ्जी भनेका छन् । प्रत्येक दिन आफूले गरेका क्रियाकलाप, घटेका घटनाहरू, मनोवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति लगायतका कुरालाई लेखकले मितिका साथ उल्लेख गरेका हुनाले यसलाई दैनिकी विधा अन्तर्गत राख्न सकिन्छ । बन्दी अवस्थामा लेखकको मनोगत तथा शारीरिक अवस्था, लेखकको जीवनमा घटेका घटनाहरू, लेखकले भोगेका भोगाइहरू, गरेका कार्यहरू, लेखकको अनुभव, सामाजिक, पारिवारिक, आर्थिक परिस्थिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीति तथा घटनाहरू, धार्मिक विश्वास, राजाको मनस्थिति, साथीभाइको आफूप्रतिको आदर र सम्मान भाव, आफ्ना कमजोरीहरू, नैराश्यता, अल्छीपना, साहित्यिक प्रतिज्ञाहरू, अठोटहरू आदिलाई लेखकले यसमा लेख्ने चेष्टा गरेको पाइन्छ । जेलको समय पट्यार लाग्दो हुने र जेलमा खासै केही काम पनि नहुने बताउने लेखकले यो दिनपञ्जी आफ्नी श्रीमतीलाई सम्बोधन गरेर लेखेको देखिन्छ ।

प्रस्तुत दैनिकीका लेखकका व्यक्तिगत कुराका साथै राजनीतिक कुराहरू बढी मात्रामा लेखिएका छन् । यसमा लेखकका एकदमै निजी व्यक्तिगत घटनाहरूको उल्लेख गरिएको हुँदा यो आत्मकथा जस्तो पनि लाग्दछ । यसमा कतै-कतै निबन्धात्मक शैलीका निबन्धहरू पनि पाइन्छन् । यसमा सरल सहज, सम्प्रेष्यका साथै आलङ्कारिक, वैचारिक, तार्किक, साहित्यिक, कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

यस कृतिमा लेखकले आफ्नो मनको भित्री तहमा रहेका कुराहरू, यौन र स्त्री प्रसङ्गका विषयलाई समेत नलुकाइकन लेखेका छन् । वीपीलाई सुशीलाले चुरोट, रक्सी र अवैध यौन त्याग्न गरेको आग्रहलाई आफूले दुई कुरा छाडेको तर एक कुरा छाड्न नसकेको कुरा र अब अरु स्वाास्नी मानिसहरूको संसर्ग पनि त्यागि दिन्छु भनेको भनेर गरेको प्रतिज्ञालाई पनि लेखकले यसमा नलुकाइकन प्रष्ट रूपमा उतारेका छन् ।

बन्दी जीवन निरस, अल्छी लाग्दो, कमजोर हुने कुरा, जेलमा आफ्नो काम आफैं गर्ने कुरालाई लेखकले लेखेका छन् । राजनीतिक व्यक्तित्व वीपीले आफ्नी आमा र पत्नीलाई अत्यन्त माया गर्ने गरेको पाइन्छ । दैनिकीमा आमा र पत्नीलाई बढी सम्झेको कुरा वीपीले लेखेका छन् । विगत, वर्तमान र भविष्यको राजनीतिबारे कुरा, त्यसको विश्लेषण, अन्तर्राष्ट्रिय नेता र राजनीति, राजनीतिमा आफ्नो कमजोरीलाई लेखकले दैनिकीमा प्रस्तुत गरेका छन् ।

सत्यवादी वीपी आफ्नो मानसिकका साथै शारीरिक अवस्था कमजोर भएको कुरालाई पनि नढाँटीकन उल्लेख गर्छन् । यस कृतिमा लेखकले राजाद्वारा चालिएका अप्रजातान्त्रिक कदमको विरोध गरेका छन् । नेपाली राजनीतिप्रति वीपी अत्यन्त चिन्तित देखिन्छन् ।

साहित्यकार कोइरालाले बन्दी जीवनमा विद्वान्का कृतिहरूको अध्ययनका साथै लेखक र कृतिको बारे टिप्पणी पनि गरेका छन् । उनले साहित्यिक रचनाको सिर्जना पनि गरेका छन् । यस कृतिमा लेखकले आफ्नो अत्यन्त व्यक्तिगत कुरा, पारिवारिक कुरा, राजनीतिक, साहित्यिक, धार्मिक, आध्यात्मिक, बौद्धिक, दार्शनिक, सांस्कृतिक, आर्थिक, नैतिक, भौतिक, स्वास्थ्यका कुरा आदिलाई प्राथमिकताका साथ यथार्थताका ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुत जर्नल उनको एक सफल कृतिको रूपमा रहेको छ ।

# अध्यायः पाँच

# फेरि सुन्दरीजल कृतिको अध्ययन र विश्लेषण

## ५.१ फेरि सुन्दरीजल कृतिको अध्ययन

विश्वेश्वरप्रसाद कोइराला सुन्दरीजलमा पुनः बन्दी अवस्थामा भएको बेला प्रत्येक दिन उनले लेखेका दैनिकीहरूको संगालोको रूपमा फेरि सुन्दरीजल कृति रहेको छ। फेरि सुन्दरीजल कृति जगदम्बा प्रकाशन ललितपुरले २०६३ सालमा प्रथम पटक प्रकाशन गरेको हो। यसमा रहेका दैनिकीहरु लेखकले अङ्ग्रेजी भाषामा लेखेका हुन् भने सुशील शर्माले यी दैनिकीहरुलाई नेपालीमा अनुवाद गरेका हुन्। यसमा ३० डिसेम्बर १९७६ देखि १७ अप्रिल १९७९ सम्मका १५३ वटा दैनिकीहरु रहेका छन्। आफू बन्दी अवस्थामा रहेका बेला घटेका घटनाहरुलाई कोइरालाले आफ्ना दैनिकीहरुमा लिपिबद्ध गर्ने प्रयास गरेको देखिन्छ। फेरि सुन्दरीजल कृतिमा भएका दैनिकीहरूलाई व्यक्तिगत तथा पारिवारिक, राजनीतिक, साहित्यिक गरी तीन भागमा विभाजन गरी यस अध्यायमा अध्ययन गरिएको छ।

### ५.१.१ व्यक्तिगत तथा पारिवारिक दैनिकी

#### १. ३० डिसेम्बर १९७६सुन्दरीजलमा फिर्ता

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले विश्वेश्वरप्रसाद कोइराला र गणेशमानलाई काठमाडौँ पुग्नासाथ प्रहरीको जीपबाट सुन्दरीजल बन्दी गृह लगिएको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाएको छ। अञ्चलाधीशले आफूहरूलाई भारत र चीन सहित विश्वले राजाको शान्ति क्षेत्रको प्रस्तावलाई दिने मान्यताकाबारे, भारतमा छाडेर आएका गिरिजाकाबारे, विमान अपहरणबारे, आफ्नो (वीपी) को आगमनले नेपाललाई खतरा पुग्दैन भन्नेजस्ता सात वटा सोधिएका प्रश्नहरू, जेलमा राम्रोसँग निदाउन नसकिएको कुरालाई यसको विषयवस्तु बनाएको छ।

**ख. भाषाशैली**

सामान्य बोलीचालीको भाषामा रहेको यसको भाषा सरल, सहज रहेको छ।

**ग. संरचना**

छ अनुच्छेदमा संरचित यो मझौला आकारको निवन्धात्मक ढाँचामा संरचित दैनिकी हो। यसमा घटनाहरूलाई श्रृङ्खलाबद्ध रूपमा लेखिएको छैन।

**घ. उद्देश्य**

लेखकले आफूहरूको नेपाल फिर्ता र बन्दी अवस्था बारे जानकारी दिनु नै रहेको छ ।

## २. ३१ डिसेम्बर १९७६, सुन्दरीजल

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकलाई दिक्क लागेको कुरा, घरको सम्झना आएको कुरा, चिया-नास्ता खाएको, घरको सम्झना आएको, पढ्ने कोसिस गरेको तर ध्यान एकाग्र गर्न नसकेको, खाना खाएको, हिँडेको, सुतेको आफ्ना मानिसहरू सम्झेर मन अशान्त भएको जस्ता कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सहज, सामान्य बोलीचालीको नै रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । लेखकले आफ्नो दिनभरको घटनालाई यसमा श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूले बन्दी अवस्था दिनभर गरेका घटना बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३. १ जनवरी १९७३, सुन्दरीजल

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले दैनिकीकारले वर्षको पहिलो दिन अलिकति मात्र दैनिकी मिलाउन सकेको कुरा, नयाँ वर्षमा कुनै नयाँ सङ्कल्प र कबुल नगरेको कुरा, पढ्न खोजेको तर नसकेको कुरा, नित्यकर्म गरेको कुरा, घरको सम्झना आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सहज र सम्प्रेष्य रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

दैनिकीकारले आफ्नो दैनिक जीवनमा घटेका घटनाहरू र आफूलाई घरको सम्झना आएको अनि घरका सदस्यहरूको बारे चिन्ता लागेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४. २ जनवरी, १९७७

### क. विषयवस्तु

जेलमा कुनै  अखबार, केही खबर नआएकोले लेखकलाई दिक्क लागेको कुरा, सैनिक शिविरमा एक्लिएर बस्नु परेको अनि आफ्नो भाग्य राजाको निरङ्कुश हातमा निर्भर छ भन्ने कुराले एकदम एक्लो र अत्यासको अनुभूति भएको कुरा, घरका सदस्यहरूको सम्झना आएको कुरा, नितान्त व्यक्तिगत मनस्थितिको कुरा, किताब, लेख्ने सामग्री नभएको कुरा, जेलको दैनिक खानाको कुरालाई यसमा मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

सरल भाषामा गहन कुराको प्रस्तुति रहेको यस दैनिकीको भाषा कलात्मक रहेको छ । आश्चर्यबोधक चिह्न र प्रश्नात्मक वाक्यले दैनिकीमा मिठास थपेको छ । कसैको अनुपस्थिति खट्किएको कुरालाई साहित्यिक रूपमा यसरी लेखिएको छ-'जब कसैको अनुपस्थिथि खट्किन्छ तब भविष्य नै खट्केकोः वर्तमानको निरन्तरता नै टुटेको महसूस हुन्छ ।' (कोइराला, २०६८, पुनर्मुद्रण : ६)

### ग. संरचना

सात अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

यसको मुख्य उद्देश्य लेखकले बन्दी अवस्थाको पीडालाई प्रस्तुत गर्नुको साथै आफ्नो दुखद मास्थितिको चित्रण गर्नु रहेको छ ।

## ५. सोमबार, ३ जनवरी १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले लेखकको आफूप्रतिको धारणा माननीय सम्मानप्रति केन्द्रित रहेको, दैनिकीकारको एक्लोपन, उनलाई पटना विमानस्थलमा भेट्न आएका मानिसहरूले दर्शाएको प्रेमभाव, आफू व्यर्थै बाँचिरहेको रहेनछु भन्ने लेखकको आत्मचिन्तन, घरका सदस्यहरू प्रतिको मायालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो दैनिकीमा बिहान देखि बेलुका सम्मको घटनाहरूलाई मिलाएर नलेखि दैनिकीकारले आफूभित्रको निजी अनुभव, वितेको स्मरण, चिन्तालाई वर्णन गरेका छन् ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्ना साथीभाइ, कार्यकर्ताले दिएको सम्मान र मायाबारे बताउनु र आफ्नो आत्मानुभूति र चिन्तनको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६. ४ जनवरी, १९७७

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकले वनारसमा आफ्नो परिवारमा बिहान चियाको समयमा हुने जमघट र छलफलको सम्झना गरेको, घरका मानिसले खाने कुरा ल्याइदिने गरेको कुरा, पहिले सुन्दरीजलमा बन्दी हुँदाको चीजमा दास्रो पटक आउँदा फरकपन आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरलमा कलात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले यसमा आफ्नो बिगतको स्मरणलाई लेखेका छन् ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्नो पारिवारिक वातावरण र आफ्नो बन्दी अवस्थाबारे जानकारी दिनु नै रहेको छ ।

## ७. ५ जनवरी, १९७७

**क. विषयवस्तु**

प्रस्तुत दैनिकी वीपी मानसिक रूपमा स्थिर भएको, उनको आन्दोलित मनस्थिति, उनले गरेको आत्मचिन्तन, आत्मप्रश्नहरू, आन्तरिक कुरा, अन्तरहृदयको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए पनि कतैकतै साहित्यिक भाषाको प्रयोग पाइन्छ । जस्तैः 'बेचैनी र अस्थिर मन, यो आन्दालित मनस्थिति, यो भावुक कोमलता, निस्सासिँदो यो रुग्ण गलालाई म के संज्ञा दिऊँ? ' (कोइराला, २०६८, पुनर्मुद्रण : १०)

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । यसमा लामा-छोटा वाक्यहरूको प्रयोग पाइन्छ ।

**घ. उद्देश्य**

दैनिकीकारले आफ्नो अन्तरहृदयको आन्दालित मनस्थितिबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ८. ६ जनवरी, १९७७, सुन्दरीजल

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको योग सम्बन्धी धारण, उनको आमा प्रतिको श्रद्धाभाव, श्रीमतीप्रतिको माया, गणेशमान सिंहको श्रीमती आएको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए तापनि भाव गम्भीर रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकको दैनिक कार्यबारे जानकारी दिनु र सुखी मानिसलाई ईश्वरको आवश्यकता पर्दैन अनि दुखी मानिसलाई ईश्वर प्राप्त हुदैन भन्ने बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ९.  ७ जनवरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीको चिन्ताको लक्षण, उनको विमार, घाँटीको चिन्ता, परिवारको आर्थिक अवस्थाको बारेका चिन्तालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल, सम्प्रेष्य रहेको छ ।

### ग. संरचना

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

### घ. उद्देश्य

यसको मुख्य उद्देश्य लेखकले बन्दी अवस्थामा आफूलाई रोगले आक्रमण गरेको, परिवारप्रतिको चिन्ताले आफूलाई पिरोलिरहेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १०.  ८ जनवरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले लेखकलाई अध्ययनमा रुचि जगाउने खालका पुस्तक, जुन पढ्दै जाँदा उनलाई त्यस्ता पुस्तकले दिग्दारीको खाडलबाट निकाल्न सक्छन् भन्ने कुराका साथै पत्रिका नदिइएको अनि घरमा कुनै लिखित सम्पर्क गर्न नदिइएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सामान्य रहेको छ ।

### ग. संरचना

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ । लेखकले यसमा आफ्ना भावना र गुनासालाई समेटेका छन् ।

### घ. उद्देश्य

यस दैनिकीको मुख्य उद्देश्य लेखकको अध्ययनप्रतिको रुचि र उनको परिवारसँगको सम्पर्क बिहीन अवस्थालाई देखाउनु रहेको छ ।

## ११. ९ जनवरी, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीले नियमित गर्ने गरेको व्यायाम, उनको विमार, आफन्त र बान्धवहरूप्रतिको आत्मीयता, आफ्नो जीवनको रथलाई जनताको भविष्यसँग बाधेको कुरा, स्वेच्छाले जनताको हीतको लागि काठमाडौँ आएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली सरल रहेको छ । यो आत्मालापीय ढाँचामा संरचित रहेको छ ।

### ग. संरचना

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

यसको मुख्य उद्देश्य लेखकको व्यायामप्रतिको लगाव, अरूप्रतिको आत्मीयता, देश र जनताप्रतिको चिन्ताबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १२. १० जनवरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीमा  वीपीले आफूले जीवन कसरी बिताएँ र आफ्नो जीवन कस्तो रह्यो भनी बताएको कुरालाई मुख्य विषयवस्तु बनाइएको छ ।

### ख. भाषाशैली

यसको भाषा सामान्य बोलीचालीको रहेको छ । यसमा गणितीय भाषाको पनि प्रयोग पाइन्छ भने निबन्धात्मक शैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

यसको मुख्य उद्देश्य वीपीले आफ्नो ६२ वर्षे उमेर कहाँ, कसरी बिताएँ भन्नेबारे जानकारी दिनु नै रहेको छ ।

## १३.	मङ्गलबार, ११ जनवरी, १९७७

### क. विषयवस्तु

कुनै समाचार, पत्रिका, सम्पर्क, औषधि, डाक्टर नभएको कुरा, एकान्तपनको कुरा, पहिले थुनामा राखिएका बेलाका नियमहरू लागु गर्न दिएको निर्देशन, सुशीलालाई लेखेको भावुक चिठी, प्रकाशलाई विराटनगरको सम्पत्ति र सुशीला अनि नानुका गहनाहरू बेचेर पढाइ र घर खर्च चलाउन लेखेको सङ्कोच लाग्दो चिठीलाई प्रस्तुत दैनिकीले मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा सामान्य भाषाशैलीको प्रयोग पाइन्छ । यो निबन्धात्मक शैलीमा लेखिएको छ ।

### ग. संरचना

पाँच अनुच्छेदमा संरचित यो एका मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

यसको मुख्य उद्देश्य लेखकले आफ्नो बन्दी अवस्था र घरको आर्थिक अवस्थाबारे जानकारी दिनु नै रहेको छ ।

## १४.	१२ जनवरी, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपी, गणेशमान नेपाल जहाजको कप्तान भएर नेपाल फर्केको, अहिलेको कप्तान राजाका कारण नेपाल जहाज डुब्दै गरेको, वीपीहरूको देशप्रतिको चिन्ता, वीपीले गरेको सरसफाई, उनले गरेको पुस्तक अध्ययन र समीक्षा, वीपीको मृत्यु प्रतिको डर, पिताको सम्झना अनि आफूले बाँच्नु र आफूहरूको जित हुने वीपीले भनेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा अलि घुमाउरो खालको रहेको छ । यसमा गणितीय, साहित्यिकका साथै राजनीतिक भाषाको प्रयोग पाइन्छ । यसमा आत्मालापीय ढाँचाको प्रयोग पाइन्छ ।

### ग. संरचना

छ अनच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो । यसमा लामा छोटा वाक्यहरू रहेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो नेपाल आगमन, अध्ययन र आन्तरिक कुरा बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१५. १४ जनवरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको जेलको खाना खर्च, उनको तनाव घटाउने तत्वहरू र भयलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सामान्य रहेको छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो मध्यम खालको दैनिकी हो ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले जेलजीवनको अवस्था र एकान्तबास बारे बताउनु रहेको छ।

**१६. १५ जनवरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरूलाई जेलमा एकान्तवासमा राख्न चाहेको कुरा, घरमा सम्पर्क गर्न नदिएको कुरा, जीएमले वीपीको हेरचाह गर्ने गरेको कुरा, वीपीको शैलजाप्रतिको आत्मीयतालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य रहेको छ । ठाउँ ठाउँमा प्रश्नात्मक वाक्य, आश्चर्यबोधक चिह्नले दैनिकीमा मिठास थपेको छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । लेखकले दिनभरका घटनालाई यसमा नटिपी आफ्ना निजी कुरालाई यसमा लेखेका छन् ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफूहरूलाई घरमा सम्पर्क गर्न नदिएको कुरा, गणेशमान सिंहको सहयोगको भावनाबारे जानकारी दिनु रहेको छ ।

**१७. १६ जनवरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले सुशीलालाई सम्झेको कुरा, सुशीलाको भगवान र नृत्य प्रतिको आस्था, वीपीले सुशीलालाई सम्बोधन गरेर आफूले उनलाई माया गर्ने गरेको कुरा, जनताको भविष्यप्रति वीपीको चिन्ता, वीपी सुशीलाको बारे चिन्तित भएको र उनीसँग माफी मागेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल र शैली पत्रात्मक तथा आत्मपरक निबन्धात्मक रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यस दैनिकीमा लेखकले दिनभरका घटनाहरूलाई नलेखी आफ्ना मनका भावनाहरूलाई लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले श्रीमतीप्रतिको माया र चिन्ता, सुशीलाको बानी व्यवहार, जनताको भविष्य बारेको चिन्ताबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१८. १७ जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको आत्मचिन्तन, उनको चरा, जनावरप्रतिको आकर्षण, उनले डायरी लेख्ने कारण जस्ता विषयलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल तर गम्भीर भाषाको प्रयोग पाइन्छ । कतिपय ठाउँमा साहित्यिक भाषाशैलीको प्रयोग पनि पाइन्छ । जस्तैः 'पखाल भित्र छिर्नासाथ म अनायास उदास, आफैं भित्र हराएको जस्तो विरक्त, भावुक र खिन्न भएको थिएँ । तर त्यसैले जेलमा रहँदा म नियमित रूपमा डायरी लेख्ने गर्छु ।' (कोइराला, २०६८, पुनर्मुद्रण : २८) यसको शैली कलात्मक र मिठासपूर्ण रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छदमा संरचित यो दैनिकी अलि महŒवको रहेको छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्नो आत्मचिन्तनशील क्षमता र डायरी लेख्नुको कारणबारे जानकारी दिनु रहेको छ ।

**१९. १८ जनवरी, १९७७, सुन्दरीजल**

मिति उल्लेख गरेर केही नलेखी पेज खाली छाडेको ।

२०. **१९ जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई जेलमा खिन्न तुल्याउने कुरा, उनको अध्ययन तिरको रुचि र स्वभावलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ । लेखकले यस दिनका प्रमुख घटनालाई आत्मविश्लेषण गरी लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बन्दी अवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२१. **२० जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखक स्वयम्ले गरेको राजनीतिक विश्लेषणको कुरा, आरामसाथ मर्ने दिनको प्रतीक्षा गर्ने उमेरमा पनि वीपीले केही उल्लेखनीय काम गरिरहेको कुरा, वीपीको आत्मचिन्तन र मनोगत अवस्थालाई यसको मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यस दैनिकीमा लेखकले आफ्ना मनका भावहरू पोखेका छन् ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्नो राजनीति, सङ्कल्प, आत्मचिन्तनबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२२. **२२ जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी र गणेशमानको लागि गणेशमानको घरबाट पठाइदिएका सामान जाँचको लागि सैनिक हेडक्वाटरमा पठाइएका कुरा, वीपीले जेलमा दिनभरि तोरीको तेल लगाउने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य जेलमा बाहिरबाट आएको सामानको जाँचबारे बताउनु रहेको छ ।

२३. **२३ जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीमा वीपीले गर्ने व्यायाम, उनको सिगार पिउने लत, डाक्टरले सिगार नपिउन दिएको सल्लाह, शरीरलाई नराम्रो हुने काम भए पनि मन हलुङ्गो र शान्त हुन्छ भने त्यो गर्नुपर्छ भन्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी एउटै अनुच्छेदमा संरचित रहेको छ ।

घ. उद्देश्य

लेखकले आफ्नो नित्य व्यायामबारे, सिगार पिउने लतबारे जानकारी दिनुको साथै आफू मन हलुङ्गो र शान्त पार्ने जेसुकै काम गर्न तयार हुनेबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२४. २६ जनवरी, १९७७

क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीको प्रकृतिप्रेम, पत्नीप्रेम र काठमाडौं आउने सिलसिलामा यहाँ पक्राउ परेका मध्ये केहीलाई रिहा गरिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

ख. भाषाशैली

यसको भाषा सरल रहेको छ ।

ग. संरचना

यो चार अनुच्छेदमा संरचित छोटो आकारको दैनिकी हो । यसमा विषयको वर्णन भन्दा लेखकको विहान देखि बेलुका सम्मको घटनालाई सिलसिलाबद्ध रूपमा लेखिएको छ ।

घ. उद्देश्य

यसको उद्देश्य लेखकले आफ्नो प्रकृतिप्रेम र पत्नीप्रेमलाई देखाउनु रहेको छ ।

२५. २७ जनवरी, १९७७

क. विषयवस्तु

प्रस्तुत दैनिकीले डेन्टिष्ट आएको कुरा, जेलभित्र धुम्रपान गर्न नदिइने सम्बन्धी बनाएको नियम, बन्दीलाई अरुसँग सम्पर्क गर्न नदिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

ख. भाषाशैली

यसको भाषा सामान्य रहेको छ ।

ग. संरचना

तीन अनुच्छेदमा संरचित यस दैनिकीमा बिहान देखि बेलुका सम्मको घटनालाई नलेखी केही प्रमुख घटनाको मात्र वर्णन गरिएको छ ।

घ. उद्देश्य

यसको मुख्य उद्देश्य लेखकले आफ्नो बन्दी जीवनबारे अरुलाई जानकारी दिनु रहेको छ ।

## २६.  २८ जनवरी, १९७७

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरूलाई उनीहरूको मानिसहरूबाट टाढा राख्ने जेल अधिकारीहरूको तरिका, वीपीले सुशीला र परिवारलाई सम्झेको कुरा, वीपी मानसिक रूपमा कमजोर भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सहज, सरस भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले जेलमा आफूहरूलाई बाहिरी सम्पर्क गर्न नदिन अपनाइएको तरिका र आफू मानसिक रूपमा कमजोर हुँदै गएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २७.  २९ जनवरी, १९७७

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई बन्दी अवस्थामा लागेको जाडो, कमजोर मनस्थिति भएको बेला बढी जाडो लाग्ने वीपीको तर्क, ठीक एक वर्ष अगाडिको कुरालाई वीपीले स्मरण गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य भाषाको प्रयोग छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो दैनिकी दैनिकी भन्दा पनि एक टिप्पणी र संस्मरण जस्तो लाग्छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य वीपीको विगत र उनलाई लाग्ने जाडोबारे जानकारी दिनु नै रहेको छ ।

## २८. ३० जनवरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले एक महिना अगाडि वीपीहरू काठमाडौं प्रस्थान गर्ने समयमा भएको पटनाको घटनालाई वीपीले स्मरण गरेको कुरा, जेलभित्रको एक महिना त्यसै खेर गयो भन्ने वीपीको खिन्नता र यस अवधिको समय के गरेर बिताए भन्ने वीपीले गरेको आत्मचिन्तन, जीवनका बाँकी प्रत्येक पललाई अर्थपूर्ण र राम्रोसँग उपभोग गर्न आफू हाशियार र व्यवस्थित हुनुपर्छ भन्ने वीपीको कुरा, उनको समयप्रतिको ख्याल र लेखनप्रतिको ध्यानलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल, सहज रहेको छ ।

### ग. संरचना

यो दैनिकी तीन अुच्छेदमा संरचित रहेको छ ।

### घ. उद्देश्य

लेखकले आफ्नो बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## २९. १ फेब्रुअरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले अखबारका समाचार, देशको समस्याप्रति वीपीको चिन्ता, राजाबारे वीपीको धारणा, वीपीहरूको धारणा, उनीहरू माथि चलाउने मुद्दा, अध्ययन पश्चात् वीपीले गर्ने कृति/पुस्तक समीक्षालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यस दैनिकीको बीच-बीचमा कानुनी भाषाको प्रयोग भए पनि यसको भाषा सरल नै रहेको पाइन्छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यो दैनिकी जस्तो नभई आत्मकथा जस्तो छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफूहरू माथि चलाइने मुद्दाको बारेमा जानकारी दिनु नै यसको मुख्य उद्देश्य हो ।

**३०. ३ फेब्रुअरी, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**३१. ४ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले ४० वर्ष अगाडिको वीपीको विवाहको दिनको वीपीको स्मरणलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषा र संस्मरणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो एउटै अनुच्छेदमा संरचित छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

यो दैनिकीको मुख्य उद्देश्य लेखकले आफ्नो विवाहको दिनको कुरा बारे जानकारी दिनु नै रहेको छ ।

**३२. ७ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीमा वीपीले पत्रिका पढेर दिन बिताएको, मन हलुङ्गो भएको तर नाकबाट रगत आएको, डाक्टर पठाइदिन भनेको तर नपठाइदिएको, जेलमा सामन्ती व्यवहार गरेको कुरालाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यो दैनिकी सरल भाषामा लेखिएको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

वीपीले आफूहरूलाई जेलमा सामन्ती व्यवहार गरेकाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३३. ८ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरूले लेख्ने कागज नपाएको कुरा, पत्रिकाहरू काटेर अभ्यास पुस्तिकाको आकार बनाइ छापिएका पानाहरूका खाली ठाउँमा आफ्नो नोट र विचारहरू लेख्न जीएमको सल्लाह, जेलका अधिकारीहरूले सताएको कुरा, मानसिक रूपमा वीपी बेचैन भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले जेलमा जेलका अधिकारीहरूबाट सताइएको कुराबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३४. १० फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा छ ताउ कागज दिइने मेजरले बताएपछि तनाब कम भएको वीपीको भनाइ, डाक्टर नपठाइदिएको, वीपीलाई राम्रोसँग निद्रा नलागेको, चालीस दिन देखि जीएमले माग गरेको बाल्टिन ल्याइदिएको, चिया खाने समयमा राजनीतिक छलफल गरेको, राम्रो कदम चालियो भने देश बचाउन सक्छौँ भन्ने वीपी र गणेशमानको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

जेलको घटनाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३५. ११ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले निद्रा नलाग्ने रोग लाग्दा भन्ने डरले वीपीलाई सताएको, उनले प्राणायम लगायतका नित्यकर्म नगरेको, क्याप्टेनले दिएको माघ महिनाको खाना खर्चको विवरण, जुन पहिले कहिल्यै नदिएकोबारे वीपी र गणेशमानले गरेको टिप्पणी, नेपाली काँग्रेसको इतिहास लेख्नु पर्छ भन्ने वीपीमा आएको सोचाई र एक हजार शव्द जति लेखेको कुरा, वीपीले पत्रिकाहरूको छेउछउको भागमा र ट्वाइलेट पेपरलाई लेख्नको लागि मिलाएर राखेको कुरा, वीपीले आफ्नो जीवनी, क्रान्तिको विषयमा उपन्यास लेख्ने विचार गरेको कुरा, राजनीतिक सिद्धान्त र व्यवहारका विषयमा लेख र राजनीतिक छलफलहरू लेख्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ भने विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो जेल भित्रको समस्या र जेलका अधिकारीको आफूप्रतिको व्यवहारलाई देखाउनु र आफूले काँग्रेसको इतिहास, आफ्नो जीवनी, राजनीतिक लेखहरू र अन्य विषयमा लेख्नु पर्ने कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३६. १२ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा डाक्टर आएको कुरा, मेजरले आफ्नै खर्चमा कागज किन्न सक्ने जनाउ दिएको कुरा, वीपी आफू घण्टौंसम्म नथाकिकन लेख्न सक्ने तर लेखेको चीज राम्रो छ कि छैन भन्ने कुरामा मतलब नगर्ने कुरा, वीपीले मनिषाको लागि विज्ञान सम्बन्धी किताब लेख्ने विचार

गरेको कुरा, नेपाल फर्किने आफूहरूको निर्णय सामुहिक भएको कुरामा जीएम पूर्ण विश्वस्त भएको कुरा, कोठा मिलाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकी सरल भाषामा लेखिएको छ ।

**ग.संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ.उद्देश्य**

लेखकले जेलमा आफ्नो अवस्था देखाउनु र लेखनप्रतिको रुचिलाई देखाउनु नै यसको मुख्य उद्देश्य हो ।

**३७. १३ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी प्रसन्न भएको कुरा, अपचले गर्दा बेलाबेलामा मानसिक समस्या भएको कुरा, लेखाइ राम्रो नभएको र आफू व्यवस्थित भएपछि सुधार्ने कुरा, खाली समय बिताउनको लागि मात्र लेख्न थालेको कुरा, जेल भित्र जर्दा दिन सकिन्न भएकोले अर्को चिन्ता थपिएको कुरा, सुशीलालाई गहिरिएर, छटपटाएर, स्वतस्फूर्त र व्यग्र भएर सम्झेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यस दैनिकीको भाषा सरल रहेको छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बन्दी जीवनको प्रसन्नता, मानसिक समस्या, लेखाइतर्फको ध्यान, श्रीमतीप्रतिको माया र सम्झना, जर्दाको लतबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३८. १४ फेब्रुअरी, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीको गौँथलीप्रतिको मोह, पछिल्लो पटक यही रहेको बेला गौँथलीको क्रियाकलापको वीपीले स्मरण गरेको कुरा, यस पटक गौँथली वीपीको कोठामा नआएर उन्मुक्त भइ आकाशमा उडेको कुरा, एक जोडी आफ्नै कोठामा बसुन् भन्ने चाहना, शिविरमा भएका अन्य चराको स्वभाव, घरको सम्झनाले भावुक बनाएको बेला वीपीले लेख्ने गरेको कुरा, निद्रा नलाग्ने डरले वीपी छिट्टै सुत्ने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा साहित्यिक भाषा र कलात्मक शैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यसमा लेखकले आफ्नो भावनालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

### घ. उद्देश्य

दैनिकीकारले बन्दी अवस्थाको आफ्नो भावना र कामको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३९. १५ फेब्रुअरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले दैनिकीकारलाई पट्यार लागेको कुरा र उनले संस्कृतको श्लोक लेखी नेपालीमा अनुवाद गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषाशैली अलि जटिल रहेको छ । यसमा संस्कृतको नेपाली अनुवाद रहेको छ ।

### ग. संरचना

यो दैनिकी भन्दा पनि अनुवाद हो ।

### घ. उद्देश्य

दैनिकीकारले आफ्नो संस्कृत भाषाको ज्ञानबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४०. **१७ फेब्रुअरी, १९७७**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीलाई घरको सम्झनाले सताउन थालेको कुरा, थुनाको एकान्तपनमा वीपीले आफूलाई बानी पार्न नसकेको कुरा, बन्दी अवस्थामा पूर्ण रूपमा अलग्याउनु बाहेक शारीरिक असुविधा नभएको, स्वास्थका दृष्टिले वीपीले जर्दा खान हुन्छ की हुदैंन भन्ने सोध्न डाक्टरकोमा पठाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल रहेको छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

बन्दी अवस्थामा आफूलाई घरको सम्झनाले सताउन थालेको, बन्दी अवस्थामा आफूलाई खासै शारीरिक सुबिधा नभएकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ४१. **१९ फेब्रुअरी, १९७७**

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपी प्रसन्न मुद्रामा भएको कुरा, मृत्युको क्षण सम्म जुन कामका लागि पूर्ण निष्ठा चाहिन्छ, त्यही नै आध्यात्मिक काम भएको जुन आफू गरिरहेको छु भन्ने वीपीको भनाइ, कमजोरी, निराशा सबै आध्यात्मिक उन्नतिमा बाधाका साक्षीहरू भएको वीपीको ठम्याई, आफूले लिएको महान आध्यात्मिक लक्ष्य पूरा गर्न आफूले जेलको पीडाबाट गुज्रनै पर्छ भन्ने वीपीको भनाइ, सुशीलाले हरेक दिन नुहाउन लगएको वीपीले गरेको स्मरण, सुशीलालाई सम्झेको र धेरै माया गर्ने कुरा, श्रीमती बेसै होलिन् र आफ्नो (मेरो) बारे धेरै चिन्ता लिन्नन् भन्ने वीपीले गरेको आशा र कामना, प्रत्येक पटक गिरफ्तार हुँदा कुनै अधिकारका लागि वीपी अनसन बसेको कुरा, उनले आफ्नो आत्मकथा र नेपाली काँग्रेसको इतिहास लेख्न सुरु गरेको कुरा, नेपालको राजनीतिबारे छोटा लेखहरू लेख्ने कुरा, २००७ सालको क्रान्तिको पूर्वसन्ध्या र त्यस पछिको सामाजिक, राजनीतिक स्थितिका बारे उपन्यास लेख्ने वीपीले विचार गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा साहित्यिक भाषाको प्रयोग पाइन्छ । कलात्मक प्रस्तुतिले गर्दा यो दैनिकी रोचक र मिठासपूर्ण बन्न पुगेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको एक सफल र सशक्त दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अतीत, वर्तमान मनस्थिति, भावना, श्रीमतीप्रतिको माया, आफूले गरिरहेको काम र लेख्नु पर्ने कुराहरूको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४२. **२२ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले नेपाल फर्कने बेलामा सुशीलाले दिएको सल्लाहलाई वीपीले सम्झेको कुरा, त्यस बेला उनको तर्क नमानेको वीपीको भनाइ, सुशीलाले पहिले गृहमन्त्री र प्रधानमन्त्रीको पदमा नजान गरेको सल्लाह आफूले नमानेको वीपीको भनाइ, विशुद्ध सफलताको दृष्टिले दुई अवसरहरूमा सुशीलाले नजान दिएको सल्लाह सही नभएको वीपीको तर्क, सुशीलालाई सम्बोधन गर्दै आफूले सही निर्णय लिएको तिमीलाई लाग्नु पर्छ भनेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकीको भाषा सरल रहेको छ भने वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफ्नो विगतमा श्रीमतीले आफूलाई दिएको सल्लाह र आफ्नो वर्तमान अवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४३.    **२४ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले लुगा धोएको, उनले थकान महसुस गरेको र केही काम नगरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन वाक्यमा संरचित यो एक अपूर्ण दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४४.    **२५ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई ब्रोङ्काइटिसले समातेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यसमा एउटा छोटो पूर्ण वाक्य रहेको छ । अर्को वाक्यमा त्यसैले लेखेर छोडेको छ । यो एक अपूर्ण दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई ब्रोङ्काइटिसले समातेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४५. २६ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

यस दैनिकीले वीपीलाई सञ्चो नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटा अति नै छोटो वाक्यमा संरचित रहेको यो एक अपूर्ण दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई सञ्चो नभएको बारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४६. **२७ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

वीपीलाई सञ्चो नभएको कुरालाई प्रस्तुत दैनिकीले मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छाटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो अस्वस्थतालाई दर्शाउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४७. **२८ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई सञ्चो नभएको कुरा, मेजरप्रति लेखकले गरेको टिप्पणी, सुशीलालाई लेखकले सम्झेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सहज रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । लेखकले यसमा आफ्नो मनको भावना र अनुभूतिलाई समेटेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफूलाई सञ्चो नभएको र श्रीमतीलाई धेरै सम्झेको बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४८. **२९ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

यस दैनिकीले लेखकको बन्दी अवस्थाको अस्वस्थतालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल र सामान्य रहेको छ ।

**ग. संरचना**

यो दैनिकी दुई अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो रोग र त्यसबाट उत्पन्न मानसिक छटपटी बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

४९. **२ मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकलाई सञ्चो नभएको, जीएम् र लेखकको स्वभावलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकी सरल भाषामा लेखिएको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बन्दी अवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५०. ३, ४ र ५ मार्च, १९७७**

यसमा मिति मात्र उल्लेल गरिएको छ ।

**५१. ७, ८ र ९ मार्च, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**५२. १० मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखक अस्वस्थ भएको कुरा, आमाको सम्झना आएको र आमाको आत्मसम्मान प्रतिको लेखकको सम्मान, लेखकले आफ्नो आमाले देखाएको बाटो अनुसार आफू असल मानिस बन्न कोशिश गर्ने गरेको वाचा, अखबार नदिइएको कुरा, गोरखापत्रमा वीपीहरूका बारे एउटा भारतीय दलले पारित गरेको प्रस्तावको निन्दा गरेको खबार छापिएको कुराको वीपीहरूले गरेको टिप्पणी, आफ्ना मानिसले नबिर्सिएकोमा खुशी लागेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ । यसमा राजनैतिक र साहित्यिक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो एक लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अस्वस्थता, आमाको सम्झना, उनको आत्मसम्मानप्रतिको सम्मान र राजनीतिक उतारचढावबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५३. शुक्रबार ११ मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकलाई अल्छी लागेको, घरको सम्झना आएको, लुगा धोएको अखबारको सम्पादकीयलाई लिएर गरेको टिका टिप्पणी, सदा आशावादी हुने जीएम निराश भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो मनोगत अवस्था, जीएमको स्वभाव, राजनीतिक कुरा देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५४. शनिबार १२ मार्च, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**५५. आइतबार १३ मार्च, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा वीपीहरूले पत्रिका नपाएको कुरा, जेल नायिकेले महिनावारी दिएको खर्चको विवरण, वीपीले नुहाएको, लुगाा धोएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो दैनिकी छोटो आकारमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले जेलको आफ्नो अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५६. १४ मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई चिन्ताले छाएको कुरा, दिमाग बाहेक अन्य कुरा सामान्य भएको कुरा, अनावश्यक चिन्ताबाट उब्जिएको उदासीले पागलपन छाएको वीपीको आत्मानुभूति, वीपीले आफूलाई व्यस्त तुल्याइराख्न कुनै यान्त्रिक कार्य गर्न चाहेको कुरा, मानसिक खिन्नताबाट पार पाउन मनलाई सिर्जनात्मक अभ्यासमा लगाउनु पर्छ तर खिन्नता नहटाए सम्म त्यस्तो अभ्यास गर्न सकिदैँन अनि त्यस्तो अभ्यास नगरी खिन्नता हटाउन सकिदैँन भन्ने वीपीको धारणा, जेलमा पत्रिका पाएको कुरा, पत्रिकामा लेखिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल ,सहज र सबैले बुझ्ने खालको रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यसमा लामा छोटा वाक्यहरूको प्रयोग पाइन्छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बन्दी अवस्था र आफ्नो बौद्धिक धारणाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५७. १५ मार्च, १९७७**

**क. विषयवस्तु**

जेलमा केही कुरा नभई वीपीले खाली पर्खाइको साथ जीवनयापन गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य सरल रहेको छ ।

**ग. संरचना**

दुई वाक्यमा संरचित यो अत्यन्त छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफूले केही गर्न नसकेको र पर्खाइमा जीवन व्यतीत भइरहेको कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५८. १६ र १७ मार्च, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**५९. १८ मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी सामान्य रूपमा ठीक भएको कुरा, वीपीले पाइजामा र कुर्ता लगाउने कुरा, न्यानो मौसमको आगमनले वीपी रमाएको कुरा, मन शान्त राख्न वीपीले आधा ट्याब्लेट ट्रान्क्वीलाइजर खाएको कुरा, नेपाल फर्किने आफूहरूको निर्णय गलत की सही भन्ने कुरामा वीपी द्विविधामा परेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाशैलीको प्रयोग पाइन्छ । प्रश्नात्मक वाक्यले दैनिकीमा मिठास थपेका छन् ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६०. १९, २० र २१ मार्च, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**६१. २४ मार्च, १९७७, सुन्दरीजल**

यसमा मिति र स्थान मात्र उल्लेख गरिएको छ ।

## ६२. २५ मार्च, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जेलमा जीएमलाई छुट्टै राखेको कुरा, वीपीलाई बयान लिन सहअञ्लाधीश, सरकारी वकिल र अरुहरूको टोली आएको कुरा, जीएमलाई राखिएको ठाउँको पर्खालमा बिजुलीको तार बिछ्याएको कुरा, कानुनी परामर्श गर्न दिइनु पर्ने र परिवारको सल्लाहमा कानुनी सल्लाहकार आफै छान्न पाउनु पर्ने नत्र बयान नदिने वीपीहरूले गरेको निधो, आफ्नो निधो राजनीतिक भएको वीपीको भनाइ, वास्तविक एक्लो बन्दी जीवन सुरु भएको वीपीको ठहर, पुलिसहरूले बयान नलिएसम्म वीपीहरूलाई छुट्टाछुट्टै राखिने कुरा, सैनिक अधिकृत लगायत नेपालका कर्मचारीहरू फटाहा हुन्छन्, जसलाई बोल्न, प्रचार गर्न र झुठ काम गर्न पैसा दिइन्छ भन्ने वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

सामान्य भाषाको प्रयोगका साथै व्यक्तिगत विश्लेषणात्मक ढाँचामा संरचित यो एक सफल उत्कृष्ट दैनिकी हो ।

### ग. संरचना

चार अनुच्छेदमा संरचित यो एक सशक्त दैनिकी हो ।

### घ. उद्देश्य

जेलमा वीपी र जीएमलाई बयान लिन छुट्टाछुट्टै राखेको, वीपीहरूको राजनीतिक निर्णय अनि सैनिक अधिकारी र सरकारी कर्मचारीहरू पैसाको लागि झुठ बोल्न र झुठ काम गर्न तयार हुने आफ्नो धारणबारे लेखकले जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ६३. २६ मार्च, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले बन्दी अवस्थामा वीपीमा दृढता र निडरपन आएको कुरा, मन शान्त भएको कुरा, जेलमा आए देखि आफ्नो दुख भनेको परिवारजन र आफन्तहरूका मानिसको दुखका कारण भएको र व्यक्तिगत, पारिवारिक व्यक्ति हुन छाडेर सार्वजनिक व्यक्ति भएको वीपीको भनाइ, वीपीले आफूलाई ठुलो उद्देश्य र आदर्श बोकेको आन्दोलनको नेता ठानेको कुरा, वीपीको लिभर ठूलो भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

सरल शव्दको संयोजनमा संरचित यस दैनिकीमा गहनता पाइन्छ । यसमा साहित्यिकता पनि पाइन्छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ । यो लेखकको आत्मानुभूति हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो मनोवस्था र स्वास्थ्य अवस्थालाई देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६४. २७ मार्च, १९७७, सुन्दरीजल**

यसमा १० अप्रिल कै कुरा रहेका छन् ।

**६५. २८ मार्च, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा वीपीहरूलाई दिइने खानाको स्तर घटेको कुरा, सरकारले दिने मानसिक दबाब, जीएम र आफूलाई छुट्टाछुट्टै राखेकोमा आफूहरू मानसिक रूपले अरु बलियो भएको वीपीको दाबी, जीएम गएदेखि आफूले धेरै काम गर्नु परेको वीपीको भनाइ, वीपी दिउँसै सपना देख्ने, मनको लड्डु खेलाउने र मानसिक शून्यतामा हराउने कुरा, समय बिताउन वीपीले अङ्क गन्ने, प्रियजनहरूको नाम गुनगुनाउने, मन्त्रहरू दाहोऱ्याउने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

सरल शव्दहरूको प्रयोग भए पनि यसको भाषाशैली कमजोर छैन । कतैकतै साहित्यिकताको आभाष पाइने यस दैनिकीमा आश्चर्यबोधक चिह्नले मिठास थपेको छ । जस्तैः 'अचम्म लाग्छ, मानिसहरू आफूलाई जस्तोसुकै परिस्थितिमा पनि कसरी ढाल्न सक्छन् ।' (कोइराला, २०६८, पुनर्मुद्रण : ९०)

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो । लेखकले आफ्नो बन्दी अवस्थाको कुरालाई नढाँटीकन दैनिकीमा समेट्ने काम गरेका छन् । यो लेखकको आत्माभिव्यक्ति हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो शारीरिक तथा मानसिक अवस्थाको बारेमा जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६६. २९ मार्च १९७७**

यसमा ३१ मार्चका कुरा छन् ।

**६७. १ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई नोनाले डायरी र पकेट नोटबुक दिएको कुरा, जेलमा बसेको रेकर्डको लागि वीपीले प्रत्येक दिन डायरीमा सुन्दरीजल लेख्ने गरेको जुन बेकार लागेको कुरा, नोनाले दिएको डायरीमा आफूले काम लाग्ने कुनै कुरा लेखेको छैन भन्ने वीपीको धारणा, नोनाले डायरी हेरिन् भने सामान्य कुरा लेखेको देखेर निराश हुन्छिन् भन्ने वीपीको अनुमान, वीपीले नोना, कल्पनालाई सम्झेको कुरा र संवेदनशील भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो सरल भाषामा संरचित रहेको छ ।

**ग. संरचना**

यो दैनिकी दुई अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले लेखकले बन्दी अवस्थामा आफूलाई नातेदारको सम्झना आएको कुरा, आफूले गरेको काम बेकार लागेको र आफ्नो उमेर सँगै संवेदनशीलता बढ्दै गएकोबारे बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६८. २ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई थकाइ लागेको कुरा, डाक्टरको सल्लाहमा व्यायाम गर्न छाडेको कुरा, वीपीलाई घरको सम्झनाले सताएको, आफै माथि दया, सहानुभूति जागेको कुरा, सामान्य व्यायाम गर्न सक्षम नभएसम्म आफूले स्वस्थ महसुस नगर्ने वीपीको भनाइ, आफू 'सरकारी पर्चा' पत्रिकाहरू ध्यान पूर्वक पढ्ने वीपीको भनाइ, मुटुको औषधी आइसोपटेरिन खान थालेको कुरा,

डायरीको भित्री कभरमा रहेको सुशीलाको पासपोर्ट साइजको फोटो हेरेर धेरै पटक आनन्द र प्रसन्न हुने गरेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो दैनिकी लेखकको निजी कुराले भरिएको छ ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो स्वास्थ अवस्था, सुशीलाको सम्झनाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

६९. **३ अप्रिल १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले मानसिक दबाबका कारण वीपीको मानसिक र शारीरिक क्षमतामा असर परेको कुरा, जेलको इन्चार्ज दिनको तिन पटक आउने कुरा, आँखा धमिलो भएको कुरा, अलिकति पढेलेखेको कुरा, वीपीले कुराहरू बिर्सन थालेको कुरा, वीपीले खास्टो, पाइजामा र कुर्ता लगाउने कुरा, नेपालीत्व झल्काउन ढाका टोपी लगाउने गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थाको आफ्नो शारीरिक, मानसिक र स्वास्थ्यको बारे अनि नेपालीत्वपनप्रतिको आफ्नो मोहलाई देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

७०. **५ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जीएमसँग हुने गरेको राजनीतिक छलफललाई वीपीले स्मरण गरेको, मानसिक कमजोरीको बेला वस्तुगत मूल्याङ्कन सम्भव नहुने वीपीको धारणा, कुनै समाचार नपाएको

कुरा, एक्लो बन्दी जीवनले मनमा असर परेको वीपीको स्वीकारोक्ति, अनिश्चित काल सम्म थुनिने भयले वीपी नितान्त एक्लोपनबाट पीडित भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यस दैनिकीमा लेखकले आफ्नो विगत र एक्लोपनलाई लेखेका छन् ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफूलाई मानसिक असर परेको, भयले आतङ्कित भएको अनि एक्लोपनबाट पीडित भएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७१. ६ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले कानुनी प्रक्रीया शुरु गरिएमा दिक्दारी, एक्लोपन, मानसिक चिन्ता जस्ता कुरा हट्ने वीपीको धारणा तर त्यो देखावटी अदालत भए पनि आफ्नै किसिमले संघर्ष गर्ने अठोट, आफ्ना डायरीका पानाहरू मानसिक पीडा र यातनाले भरिएका वीपीको स्वीकारोक्ति, मानसिक रूपमा कमजोर भए पनि व्यवहारिक रूपमा कमजोर नभएको वीपीको भनाइ, राजनीति, राजनीतिक विश्वास र आदर्शको कुरामा आफू जोशिलो भएको र संघर्षको लागि सदा तयार हुने वीपीको प्रतिबद्धता, वीपीले सपनामा मदालसालाई देखेको कुरा, सुशीलाको तस्वीर मुन्तिर कीट्सको अमरवाणी रहेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल, सरस भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

७२.   **७ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जीएमप्रति वीपीको चिन्ता, जीएमको तारिफ, जीएम आफ्नो विश्वासमा दृढ रहने कुरा, एक्लो र खिन्न हुदै वीपीले दिन बिताएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो सरल भाषामा संरचित रहेको यस दैनिकीमा विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो तीन अनुच्छेदमा संरचित मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो साथी जीएमप्रतिको चिन्ता, माया अनि बन्दी अवस्थाको आफ्नो एक्लोपनलाई देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

७३.   **८ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले धेरै पछि वीपीको खकारमा रगत देखिएको कुरा, चिन्ताले रोग बढाउने कुरा, वीपीले मेजरलाई डाक्टर पठाइदिन गरेको अनुरोध, शारीरिक भन्दा पनि मानसिक अस्वस्थता रहेको वीपीको दाबीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ.उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्यको बारेमा बताउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

७४.   **शनिबार ९ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले पूर्ण सत्य नै निजी लेखनको सार भएकोले पानाहरूमा मनका भित्री कुरा नलुकाइकन लेख्दै आएको वीपीको दाबी, उनले डायरीमा आफूलाई कमजोर मानिसको रूपमा

देखाएकोले डायरी जेलका कर्मचारीको हातमा पर्न नहुने उनको भनाइ, पछिल्लो पटक यही आठ वर्षसम्म थुनिँदा आफ्ना निजी कागजहरू कहिल्यै चलाइएको थिएन तर अहिले यहाँ कस्ता मानिस छन् थाहा नभएको वीपीको भनाइ, आफूले डायरीमा सत्य नै लेख्नु पर्ने नत्र डायरी लेख्न नै छाड्नु पर्ने वीपीको भनाइ, वीपीको कफमा रगत देखिएको र स्वास्थ्य खस्कदैँ गएको कुरा, खकार परीक्षणको लागि लगिएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूले डायरीमा सत्य कुरा मात्र लेख्ने गरेको, आफ्नो निजी डायरी जेलका कर्मचारीको हातमा पर्न नहुने वीपीको धारणा अनि स्वास्थ्य अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७५.  आइतबार, १० अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले लेखकको दिनभरिको शरीरको ताप र नाडीको चाललाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो गणितीय भाषामा रहेको छ ।

**ग. संरचना**

यो तालिकामा आधारित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्य अवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७६.  सोमबार ११ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले विशेष इजलासमा विचाराधीन मुद्दाहरूमा वीपीले कसलाई आफ्नो वकिल राख्ने चाहेको सहअञ्चलाधीशले सोधेको तर आफ्ना मान्छेहरूसँग नभेटेसम्म कसलाई वकिल राख्ने

भन्ने निर्णय गर्न नसक्ने वीपीको भनाइ, सुशीला, नानु, रोशा र श्रीहर्षसँग वीपीले भेट्न चाहेको तर अन्त्यमा सुशीलालाई भेट्न सहमत भएको कुरा, मुद्दा विचाराधीन रहेको अवस्थामा आफू कानुनका दृष्टिमा निर्दोष भएको वीपीको दाबी र जेल जीवनमा पाउने सबै सुबिधाहरू पाउने पर्ने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ तर कतैकतै कानुनी भाषाको प्रयोग भने पाइन्छ । विश्लेषणात्मक शैलीमा यो संरचित रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**७७. बुधबार १३ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीलासँग कुराकानी गर्न पाइने आशामा वीपी दिनभर रोमाञ्चित भएको कुरा, नेपाली काँग्रेसको इतिहास अलिकति लेखेको लेखेको, भाषामा ध्यान नदिएको अनि कुन कुरा लेख्ने र कुन छाडी दिने भन्ने कुरामा विचार नपुऱ्याइ सबै मनमा आएको कुरा लेख्दै गएको वीपीको दाबी, वीपीले न्यूमोकोकीको एन्टीवायोटिक खान थालेको कुरा, डाक्टर भट्टराई र बस्नेतप्रति वीपीको धारणा, सैनिक अस्पतालमा आँखा विभाग र विशेषज्ञ नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषामा गम्भीर कुराको अभिव्यक्ति पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यस दैनिकीमा लेखकले आफ्नो कुरालाई बढी प्राथमिकताका साथ उल्लेख गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो श्रीमतीप्रतिको माया, आफ्नो लेखाइप्रतिको धारणा, स्वास्थ्य अवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७८. १५ अप्रिल, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जे.पी. (जयप्रकाश नारायण) ले वर्तमान व्यवस्थाको आलोचना गरेर दिएको वक्तव्यको आलोचना गरिएको सम्पादकीय गोरखापत्रमा छापिएको कुरा, मुद्दाका कुरा, आफूहरू र राजाका बीच सम्झौताको सम्भावना घट्दै गएको र जेलका कठिन दिनहरू आउँदैछन् भन्ने वीपीको अनुमान, आफूहरूलाई चुपचाप मार्ने राजाको खेल सफल हुन नसकेकोमा सन्तोष लागेको वीपीको भनाइ, सैनिक बलको थप प्रर्दशन गरेको कुरा, वीपीलाई भेट्न सुशीला आएको कुरा, सरकारले श्रीमतीसँग भेट्न दिइएको भन्न पाउँछ भनेर सुशीलालाई भेट्न हिचकिचाएको तर आफू माथि गोप्य मुद्दा चलाइएको र फैसला समेत सुनाइसकेको भन्ने भारतीय प्रेसलाई जवाफ हुने र श्रीमतीको सञ्चोबिसञ्चो बारे थाहा हुने हुनाले भेटेको वीपीको भनाइ, नानु, मनिषा, गिरिजा, नोना, रुचिरा, शशाङ्क, श्रीहर्ष, चेतना, कल्पना आदिका स्वास्थ्य अवस्था र अरु सञ्चो भएको कुरा, किशुनजीलाई जेलमा भेट्न दिइएको कुरा, जेलमा शैलजालाई सामान्य व्यवहार गरिएको कुरा, आफ्नो बचाउको लागि वकिल राख्ने बारेको सरसल्लाह गर्न सुशीलालाई वीपीले बोलाएको कुरा, वीपीले सरकारसँग थप भेटघाटको अवसर, चिठीपत्र, किताब र पत्रपत्रिकाको माग गरेको कुरा, सुशीलाले सहायक अञ्चलाधीशलाई भनेको कुरा, सुशीलाले शिविरबाट फूल लगेको कुरा, वीपीले आमालाई सम्झेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल भए तापनि कुराहरू घुमाएर गरिएको छ । यसमा लामा छोटा वाक्यहरूको प्रयोग पाइन्छ। उद्धरण चिह्न, प्रश्नवाचक वाक्य, आश्चर्यबोधक चिह्नले दैनिकीमा रोचकता थपिएको छ ।

### ग. संरचना

बाह्र अनुच्छेदमा संरचित यो लामो आकारको सशक्त र महत्वपूर्ण दैनिकी हो । यसमा लेखकले बन्दी अवस्थाको आफ्नो जीवनको महत्वपूर्ण घटना तथा क्षणको बारे लेखेका छन् ।

### घ. उद्देश्य

लेखकले आफ्नो बन्दी अवस्थाको मुद्दा, राजाको व्यवहार, आफ्नो भित्री कुरा, श्रीमतीलाई भेट्न चाहेको कारण, परिवारप्रति आफ्नो चिन्ता, सरकारप्रति आफ्नो माग, आमाको सम्झनाबारे जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य हो ।

### ७९.  १६ अप्रिल, सुन्दरीजल

यसमा २० अप्रिल कै कुरा छ ।

### ८०.  २१ अप्रिल, १९७७

#### क. विषयवस्तु

प्रस्तुत दैनिकीले आफू माथि लगााउने भनिएको मुद्दामा आफ्नो बचाउ कसरी गर्ने भनी वीपी घोरिएको कुरा, मुद्दा र आफू माथि लागिएको अभियोग थाहा नभएको वीपीको भनाइ, आफ्नो लेख र वक्तव्यहरूको आधारमा वादी पक्षले मुद्दा चलाउने वीपीको अनुमान, नेपाली काँग्रेस सभापति उल्लेख गरेको र काँग्रेसको नाममा गरिएका कामका लागि मेरो नैतिक जिम्मेवारी छ भन्ने वक्तव्य बाहेक वादीहरूसँग आफू बिरुद्ध रौ प्रमाण पनि नभएको वीपीको अड्कल, विविध कुरामा मध्यनजर राख्दा वादीले मुद्दा अगाडि बढाउन ठीक नहुने वीपीको भनाइ, मुद्दालाई उनीहरू कै विरुद्ध उल्टाइ दिन पञ्चायत व्यवस्थालाई कठघरामा उभ्याउन सक्ने वीपीको दाबीलाई मुख्य विषयवस्तु बनाएको छ ।

#### ख. भाषाशैली

यसको भाषा सरल रहेको छ । यसमा राजनीतिक भाषाको प्रयोग पाइन्छ ।

#### ग. संरचना

एउटै अनुच्छेदमा यो एक मझौला आकारको दैनिकी हो । लेखकले आफ्नो बिहान देखिको कार्य नलेखी मुद्दाको विषयको टिप्पणी मात्र गरेका छन् ।

#### घ. उद्देश्य

लेखकले आफू प्रति लगाइएको मुद्दा, मुद्दालाई उनीहरूकै विरुद्ध उल्टाइदिन सक्ने कुराबारे जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य हो ।

### ८१.  २२ अप्रिल १९७७

#### क. विषयवस्तु

प्रस्तुत दैनिकीले जीएमले के बयान लिए भन्ने बारे वीपीको चिन्ता, अदालतमा विचाराधीन मुद्दाहरूमा कुनै बयान नदिने वीपीको नीति, जुन जीएमले लिनुहुन्न होला भन्ने वीपीलाई लागेको डर, मुद्दाको क्रममा सरकारको भण्डाफोर गर्ने पक्षमा भएको वीपीको भनाई वकिल गणेशराज शर्मा प्रतिको वीपीको धारणा, जीएम पहिले कै ठाउँमा फर्किने र उनलाई वीपीले पर्खेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

#### ख. भाषाशैली

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफूहरूको मुद्दा, जीएमको चिन्ता र बयानको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य हो ।

**८२. २३ अप्रिल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जीएमसँग दोस्रो पटक बयान लिए जस्तो र उनले लामा लामा बयान दिए जस्तो लाग्छ भन्ने वीपीको अनुमान, सँगै रहँदा बयानका बारे छलफल नगर्नु भूल भएको वीपीको भनाइ, बयान लिनेहरू अविश्वसनीय भएको तर कतै आफैं पो गलत छु कि जस्तो वीपीलाई लागेको वीपीलाई अलि सञ्चो भएको तर घरको सम्झनाले सताएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

साहित्यिक भाषाको छनक पाइए तापनि यसको भाषाशैली सरल रहेको छ । यसमा सम्भावनार्थक वाक्यहरूको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बयान, आफूप्रति आफ्नै धारणा जस्ता कुरालाई मुख्य उद्देश्य बनाएका छन् ।

**८३. २५ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सञ्चो भए पनि वीपी कमजोर भएको कुरा, वीपीको दिन त्यसै बितेको कुरा, फूल चोर्ने रातो चुच्चो भएका चरा अन्धविश्वासवश वीपीलाई शुभसङ्केतका चरा लागेका कुरा, गुण र सौन्दर्यका कुरा, वीपीलाई मन पर्ने धोबी चराका क्रियाकलाप, धोबी चरा र वीपी बीचको सम्बन्ध, परेवा, गौँथली, ढुकुर, कागबारे वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकीहो। आफ्नो कमजोरी, भावना, कार्यलाई लेखकले यसमा समेट्ने चेष्टा गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो अवस्था, भावना र कार्यबारे जानकारी दिन खोज्नु नै यसको यसको मुख्य उद्देश्य रहेको छ ।

**८४. २७ अप्रिल १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**८५. २८ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डाक्टरले वीपीलाई जाँचेको कुरा, शैलजाबारे वीपीले प्रहरीका डाक्टर श्रेष्ठलाई सोधेका तर बताउन नचाहेको वीपीको भनाइ, सुन्दरीजलमा बजार नभएकोले जे पनि काठमाडौँबाट ल्याउनु पर्ने कुरा, डाक्टरले वीपीलाई चिया र कफी छाड्न दिएको सल्लाह, आफू कफी कहिल्यै नखाने तर जेलमा चिया खाने बानी गहिरोसँग बसेकोले छोड्न गाह्रो भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यस दैनिकीको भाषा सामान्य रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो एक मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा आफ्नो स्वास्थ्य अवस्था, बानी, डाक्टरले दिएको सल्लाह, सेना, प्रहरीका कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८६. ३० अप्रिल-१४ मे, १९७७**

यसमा खाली मात्र उल्लेख गरिएको छ ।

**८७. १५ मे, १९७७, प्रहरी तालिम केन्द्र (महाराजगञ्ज)**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरूलाई सुन्दरीजलबाट प्रहरी तालिम केन्द्रमा सारिएको कुरा, त्यहाँको बन्दीगृहबारे वीपीले गरेको वर्णनलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो सानो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई प्रहरी तालिम केन्द्र सारिएको कुरा र त्यहाँको बाथरुम, कोठा, सरसामान, प्राङ्गणबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**८८. १६ मे, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**८९. १७ मे, १९७७, प्रहरी तालिम केन्द्र**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफू माथि लगाइएका सात वटा मुद्दाहरू हेर्ने इजलास समक्ष आफ्नो बयान पुरा भएको र बयानको अवधि रमाइलो भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बयान पुरा भएको र बयानको अवधि रमाइलो भएको बारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**९०. १८ मे, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**९१.  १९ मे, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले अञ्चलाधीशलाई आफ्नो बयान सकिएकोले सम्पर्क बिहीन राखिनुको कुनै औचित्य नभएको वीपीको भनाइ, जीएमले बयान नदिएकाले वीपीले दुई/तीन दिन धैर्य गर्नु पर्ने कुरा, अञ्चलाधीश र वीपी  बीच भएका चिठी पत्र, पत्रिका, भेटघाट सम्बन्धी कुरा, वीपीले सुशीला, चेतना, रोसा, श्रीहर्षलाई भेट्न पाएको तर उनीहरूसँगै आएका अरुलाई भेट्न नपाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल भए पनि बिष्मयादिबोधक चिह्न र निपातले यसमा मिठास थपेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्था, अञ्चलाधीश, डी.एस्.पी.सँगको कुरा, परिवारका सबै सदस्यसँग भेट नपाएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**९२.  २०-२३ मे, १९७७**

डायरीका पाना छैनन् ।

**९३.  २४-२८ मे, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ।

**९४.  २९ मे, १९७७**

**प्रहरी तालिम केन्द्र (बन्दी शिविर)**

**क. विषयवस्तु**

डाक्टर मृगेन्द्रराज पाण्डेले वीपीलाई जाँचेको कुरा, उनले मुटुको रोगको शङ्का गरेजस्तो वीपीलाई लागेको कुरा, मृगेन्द्रराज र वीपी बीचका स्वास्थ्य सम्बन्धी र व्यक्तिगत कुरा, राजाको प्रतिनिधि बनेर शाही रक्षकका जनरल मल्ल आएर राजा र वीपी बीचको भेटघाट दुबैलाई राम्रो नहुने भएकोले वीपीले मल्ललाई विश्वास गरेर उनै मार्फत आफ्ना कुरा राजा कहाँ पुऱ्याउन उपयुक्त हुने मल्लले भनेको कुरा, मल्लका भनाइहरू, वीपीका भनाइहरू, आफूहरू बीचको भेटघाट गोप्य हुनु पर्ने मल्लको भनाइ, मल्लले राजालाई पुऱ्याउने खास कुरा नभए सम्म राजा नआउने, वीपीले मल्ललाई

भेट्न चाहे महानिरीक्षक मार्फत कुरा पठाए हुन्छ भन्ने मल्लको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाको प्रयोगका साथ गम्भीर कुराको प्रस्तुति रहेको छ । यसमा वर्णनात्मक र विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

पाँच अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्यका कुरा देखि लिएर आफू र जनरल मल्ल बीचका कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**९५. ३० मे, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**९६. ३१ मे, १९७७**

**(प्रहरी तालिम केन्द्र)**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डाक्टरहरूको एक टोलीले वीपीको राम्रोसँग स्वास्थ्य जाँच गरेको, उनीहरूले मुटुको समस्याको शङ्का गरेको वीपीको अनुमान, स्वास्थ्य परीक्षणका लागि वीर अस्पताल लगिए हुने वीपीको भनाइ तर बन्दी शिविर मै स्वास्थ्य परीक्षण गरिने वीपीको अनुमानलाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ.उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्य अवस्था बिग्रदै गएको, डाक्टरले स्वास्थ्य परीक्षण गरेको जस्तो कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

९७. **१-२ जून, १९७७**

डायरीका पानाहरू छैनन् ।

९८. **३ जून, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको एक्स रे गरेको कुरा, उनका घरका सदस्यहरू भेट्न आएका कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन वाक्यमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्यबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

९९. **४-६ जून**

डायरीका पाना खाली रहेका छन् ।

१००. **७ जून, (प्रहरी तालिम केन्द्र)**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको राजासँग भेट भएको र राजाले वीपीलाई वीपीको गर्धन मोटो हुँदै गएको भनी बताएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन वाक्यमा संरचित यो अति छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले राजासँग भेट भएको कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०१. ८ जून**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**१०२. ९ जून**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई उपचारको लागि रिहा गरेको, वीपी सुशीला र चेतनाको साथमा दिल्ली गएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन वाक्यमा संरचित यो अति छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफूलाई उपचारको लागि रिहा गरेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०३. १० जून**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**१०४. ११ जून**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी दिल्लीबाट बम्बई पुगेको, त्यहाँ जयप्रकाश नारायणसँग भेट भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखक आफू बम्बई गएको जयप्रकाश नारायणसँग भेट भएको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०५. १२ जून, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी सुशीलाका साथ न्यूयोर्क पुगेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई वाक्यमा संरचित यो अति छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखक आफू न्यूयोर्क गएको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०६. १३ जून, १९७७ (न्यूयोर्क)**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**१०७. १४ जून**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी शल्यक्रियाका लागि न्यूयोर्क अस्पतालमा भर्ना भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो एउटै वाक्यमा संरचित अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू शल्यक्रियाको लागि न्यूयोर्क अस्पतालमा भर्ना भएको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१०८.	१५-२२ जून**

डायरीका पाना छैनन् ।

**१०९.	२३ जून**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**११०.	जून २४**

यसमा लेखकले अस्पतालबाट होटल गएँ मात्र लेखकले लेखेका छन् ।

**१११.	२५ जून देखि ७ नोभेम्बर, १९७७**

करीब चार महिनाका पानाहरू डायरीमा छैनन् ।

**११२.	८ नोभेम्बर, १९७७**

**(प्रहरी तालिम केन्द्र, महाराजगञ्ज, काठमाडौँ)**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफ्ना भावनाहरू मात्र कोर्न सक्ने र बाहिरका घटनाहरू देख्न नसक्ने वीपीको भनाइ, वीपीले पटना विमानस्थलको घटना सम्झेको कुरा, शैलजाले वीपीलाई चिन्ता गर्नु पर्दैन, म सधै सधैं तपाईंसँगै छु, तपाईंप्रतिको मेरो विश्वास छ भनेको कुरा, वीपीहरू पटनाबाट काठमाडौं विमानस्थल उत्रिएको कुरा, वीपीलाई विमानस्थलमा गरिएको गिरफ्तारी, विमानस्थलबाट वीपीलाई सीधै इजलास लगेको कुरा, वीपीलाई कानुनी सल्लाहकारको सहयोग लिन बञ्चित गरेको कुरा, गएका १५ दिनभरि नै वीपीलाई आराम नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अवस्था, आफूलाई विमानस्थलबाट गरिएको गिरफ्तारी शैलजाको आफूप्रतिको विश्वास, कानुनी सल्लाहकारको सहयोग लिन बञ्चित गरेको कुरा, आराम नभएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११३.	९ नोभेम्बर, १९७७**

यसमा मिति मात्र उल्लेख गरिएको छ ।

**११४.  १० नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुवर्ण शमशेरको निधनले वीपी दुखी भएको कुरा, सुवर्ण र वीपी बीच भएका बिगतका कुराकानी, घरका केही सदस्यहरू वीपीलाई भेट्न आएको कुरा, वीपीलाई सुशीलाको पीर लागेको कुरा, वीपीको गैरकानुनी गिरफ्तारीलाई लिएर गणेशराज र कुसुमले सर्वोच्च अदालतको ढोका ढक्ढक्याउने विचार गरिरहेको कुरा, शैलजा राजनीतिक व्यक्ति भएकोले वीपीलाई भेट्न नपाउने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

चार अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले सुवर्ण शमशेरको मृत्युप्रतिको दुख, उनीहरूबीचको कुराकानी, परिवारका सदस्यहरू भेट्न आउने कुरा, गणेशराज र कुसुमले गर्न लागेको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११५.  ११ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफूलाई जेलजीवन नसुहाउने, आफ्नो आदर्शप्रतिको प्रतिबद्धता, स्वाभिमान र आत्मसम्मानको रक्षाको भावले जेलमा टिकाइरहेको वीपीको भनाइ, घरको सम्झनाले सताउने र आफ्नो कर्तव्य निर्वाह गर्न नसकेकोमा ग्लानि हुने गरेको वीपीको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल, सहज रहेको छ ।

**ग. संरचना**

एउटै आकारमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो भित्री भावनाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११६.  १२ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले उराठ जेलजीवनप्रति वीपी विस्तारै अभ्यस्त हुन थालेको र उनले पढ्न सुरु गरेको कुरा, फोहोरी खेल, छलकपट, धोका अहङ्कार आदिमा नेपाल भन्दा भारत धेरै कोश अगाडि रहेको वीपीको धारणा, वीपीले आफूले पढेका किताबको गरेको टिप्पणी, आईजीपी दिनहुँ वीपीलाई भेट्न आउने र उनले वीपीलाई भनेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

कतैकतै साहित्यिक भाषाको प्रयोग भए पनि यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू विस्तारै जेलजीवनप्रति अभ्यस्त हुन थालेको, भारत छलकपट, फोहोरी खेल, धोका, अहङ्कारमा अगाडि भएको कुरा, आईजीपी आफूलाई भेट्न आउने कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११७.  १४ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले शैलजाले पठाएको रसवरी र चीज वीपीले पाएको कुरा, कमाण्डरका कुरा, आईजीपीले वीपीहरूको विदेशी पत्रिका र रेडियोको माग प्रधानमन्त्रीकहाँ पुऱ्याएको कुरा, आईजीपीले जेलमुक्त हुन र स्वतन्त्र भएर काम गर्न वीपीलाई गरेको आग्रह, राजा र आफू बीच कुनै मध्यस्तकर्तालाई आउन नदिने वीपीको धारणा, शिविरको सरसफाइ, सजावटप्रति जेल अधिकृतहरूको ध्यानलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ भने यसमा विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्ना मागका करा, आईजीपीका अनुरोधहरू, आफ्नो धारणा, शिविरको सरसफाइबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११८. १५ नोभम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले बिहान निद्रा नलागेकोले वीपी साढे तीन बजे उठेको कुरा, वीपीले दुई कप चिया आफ्नो लागि र पालेको लागि बनाएको कुरा, वीपीले पढ्ने कोशिश गरेको, कोठा वरिपरिको सानो ठाउँमा वीपी टहलिने गरेको कुरा, वीपीले दुध, तरकारी नास्तामा खाएको, जीएम सदा भोकाएको देखिने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सामान्य बोलीचालीको भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । यसमा लेखकले बिहानभरको आफ्नो दैनिक क्रियाकलापलाई यसमा समेटेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफ्नो बिहानको क्रियाकलाप र पढ्ने कोशिश गरेकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**११९. १७ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले नुहाएको कुरा, नुहाउन वीपीले मनलाई पहिल्यै तयार राख्नु पर्ने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा अति नै सरल रहेको छ ।

**ग. संरचना**

दुई वाक्यमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू नुहाउन पहिले नै मनलाई तयार राख्नु पर्ने कुराको जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

१२०. **१८ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफन्तहरू भेट्न आउने कुराले आ फूलाई उत्साह र आशा नजगाएको र निराशा भइरहेको वीपीको भनाइ, वीपीले शैलजालाई भेट्न चाहेको तर भेट्ने अनुमति नभएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकलाई निराशाले छाइरहेकोले आफन्त भेट्न आउने कुराले पनि उत्साह जगाउन नसकेको तर शैलजालाई भेट्ने चाहना भएको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

१२१. **१९ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डाक्टरले वीपीलाई जाँचेको कुरा, वीपीको स्वर धोत्रिएको कुरा, वीपीको जिब्रोको देब्रेपट्टिको भाग नचलेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो स्वास्थ्यकोबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१२२. २२ नोभेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डायरीहरू पढेपछि शैलजाले आफू बूढो हुँदै गएको, समय सकिएको र मृत्यु नजिएको आदि भनेको कुरा वीपीको मनमा खेलिरहेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै वाक्यमा संरचित यो अति नै छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले शैलजाले आफूलाई भनेको कुरा मनमा खेलिरहेको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१२३. ९ डिसेम्बर, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले चन्द्रशेखर र अरुले पठाएको किताबको पार्सल वीपीले पाएको कुरा, आफूले केही गर्न नसकेका आफन्त र साथीहरूको यस्तो माया र सम्मान पाउने के मेरो हक छ भन्ने वीपीको प्रश्न, उनीहरूको माया र अपनत्वका अगाडि आफू आफ्नै दृष्टिमा बुढो र आत्मकेन्द्रित मानिस जस्तो भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफन्त र साथीहरूले आफूलाई गरेको सम्मान र मायाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १२४.    १२ डिसेम्बर, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले शैलजा र भीमबहादुरलाई वीपीले चिठी लेखेको कुरा, शैलजालाई लेख्न शव्दै नपुग्ने वीपीको भनाइ, वीपीलाई मधुमेह भएको कुरा, हरेक दृष्टिकोणबाट आफू ठूलै तनाबमा रहेको प्रष्ट भएको वीपीको भनाइ, राजनीतिक र अरु कुरामा वीपी आशावादी भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल रहे तापनि लेखकको विरोधाभासले भाषा कहिँकतै घुमाउरो जस्तो पनि देखिन्छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । लेखकले दिनभरको घटनालाई नलेखी आफ्नो मनको भावनालाई मात्र यसमा यसमा समेटेका छन् ।

### घ. उद्देश्य

लेखकले आफ्नो स्वास्थ्य अवस्था र मनोवस्थाको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १२५.    २४ डिसेम्बर, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले संस्कत श्लोक र वीपीले गरेको त्यसको नेपाली अनुवाद लेखकले खानेकुरामा विभार गर्नुपर्ने र उनको खानाखर्चबारे जानकारी दिनु नै यसको मुख्य विषयवस्तु रहेको छ ।

### ख. भाषाशैली

संस्कृत श्लोक र त्यसको नेपाली अनुवाद अलि अस्पष्ट छ । अरु भाषा सामान्यतयाः सरल नै रहेको पाइन्छ ।

### ग. संरचना

यो छोटो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले आफ्नो संस्कृत ज्ञान खानाखर्च बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ५.१.२ राजनीतिक दैनिकी

#### १. २१ जनवरी, १९७७, सुन्दरीजल

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरू बन्दी भएपछि पहिलो पटक राइजिङ्ग नेपाल र गोरखापत्र जस्ता अखबारहरू दिएको कुरा,अखबार पढ्दा वीपी रोमाञ्चित भएको कुरा, अखबारमा भएका कुरालाई वीपीले विश्लेषणको कुरालाई र भारतीय राजनीतिक विषयलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफूहरूले अखबार पाएको र आफ्नो राजनीति तर्फको चासोलाई मुख्य विषयवस्तु बनाएको छ ।

#### २. २५ जनवरी, १९७७, सुन्दरीजल

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले राजाले वैदेशिक सम्बन्धसँग सम्बन्धित राखेका विशेष दुई प्रस्ताव ( नेपाललाई शान्ति क्षेत्र बनाउने, भूपेरिवेष्ठित राष्ट्रका हैसियतमा भारतको बाटोबाट समुद्रसम्म पुग्ने नैसर्गिक अधिकार पाउनु पर्ने), त्यसबारे वीपीले गरेको विश्लेषण, उनको तर्क, आफ्नो पार्टीमा सबै योग्यताहरू भएकोले राजले राखेका प्रस्तावहरूको आदर्श लक्ष्य हासिल गर्ने काममा आफूहरू योग्य भएको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरलका साथै राजनीतिक भाषाको प्रयोग पाइन्छ । यो विश्लेषणात्मक शैलीमा रहेको छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

राजाले राखेका वैदेशिक सम्बन्धसँग सम्बन्धित दुईप्रस्ताव र वीपीले पार्टीमा रहेको आफ्नो योग्यताको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३. २ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले अघिल्लो दिनको एक पत्रिकामा छापिएको राजनीतिक घटना र त्यससँग सम्बन्धित विषयबारे वीपीले गरेको विश्लेषणलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा अलि घुमाउरो खालको भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । यसमा राजनीतिक टिप्पणी रहेको छ ।

**घ. उद्देश्य**

राजनीतिक घटनाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**४. ५ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले सुशीलाको व्यक्तित्वबारे वीपीले सम्फेको कुरा, उनको लागि ईश्वरसँग गरेको प्रार्थना, गम्भीर अभियोगहरूमा वीपीहरू माथि चलाउन लागिएको मुद्दाको प्रतिवादको लागि वीपीहरू तयारी भएको कुरा र प्रतिवाद कस्तो हुनुपर्छ भन्ने कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ । यसमा मुद्दा र त्यसको प्रतिवादबारे टिप्पणी गरिएको छ ।

**घ. उद्देश्य**

सुशीलाको व्यक्तित्वबारे र मुद्दाको प्रतिवादको लागि आफूहरू तयार भएको सन्दर्भबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**५. ६ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपी र जीएमले प्रतिवादको बारे गरेको छलफल, वीपी आफूले तयार पारेको तर्कहरू, आफूहरूको राजनीतिक विचारधारा र विश्वास अनुरूपको आफ्नो कदमको औपचारिक वक्तव्य भएको वीपीको भनाइ, बाहिरी वातावरणबाट अनभिज्ञ भएकोले वक्तव्य कस्तो हुनुपर्छ भन्नेमा आफू द्विविधामा भएको वीपीको कुरा, वार्ता गर्ने खाचो राजालाई नै भएको जीएमको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरलको साथै राजनीतिक भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । लेखकले यसमा राजनीतिक टिप्पणी मात्र गरेका छन् ।

**घ. उद्देश्य**

लेखकले आफू जीएम बीच भएको राजनीतिक छलफल, आफू द्विविधामा रहेको कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**६. १६ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले आफूहरूलाई अदालतमा पेस गरिँदा दिनको लागि भनेर एउटा बयानलेखि सिध्याएको कुरा, यो बयानमा जीएमको सहमति भए पनि यसमा आफूहरूको राजनीतिक उद्देश्यको पूर्ण प्राप्ति वा त्यसलाई सघाउनको लागि पूर्ण प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहालीको दिशामा प्रयास गरिनु पर्ने कुरा पार्नु आवश्यक भएको जीएमको भनाइ, इजलास गठनबारे लेखकको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाको प्रयोग भए तापनि कतैकतै साहित्यिक भाषाको पनि प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

दैनिकीकारले बन्दी अवस्थाको आफ्नो अवस्था, जीएमको साथ, अदालतमा पेश गरिँदाको दिनको लागि तयार पारेको बयानको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ७. १८ फेब्रुअरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले राष्ट्रिय (प्रजातन्त्र) दिवस भएको कुरा, २६ वर्ष अघि सन् १९५१ मा आजकै दिन आफूलाई संयुक्त सरकारको गृहमन्त्रीमा नियुक्त गरिएको दिनलाई वीपीले स्मरण गरेको कुरा, आफू सबभन्दा लोकप्रिय र शक्तिशाली जनताका तर्फबाट सरकारमा उपस्थित भएको वीपीको तर्क, आत्मसम्मान र सिद्धान्तको मानिस भएकाले सत्ता प्राप्त गर्ने कुरामा आफू कमजोर भएको र प्रयासै नगरी आइलागेको सत्ता र प्रभावलाई छलछाम र षड्यन्त्रपूर्वक आफू सत्तामा टिकीरहन प्रयोग नगरेको वीपीको भनाइ, थुनिए देखि नै स्वास्थ्य नराम्रो भएको कुरा, बौलाहा बनाउला जस्तो गरी उदासीले सताउने सन्दर्भलाई प्रत्येक दिन लेख्ने गरिए पनि त्यसले पुरै शान्त राख्न नसकेको स्थिति भेटघाट गर्न, चिठी पत्र गर्न र आफ्ना मान्छेहरूलाई किताब र पत्रिकाहरू पठाउन दिइन्छ भने लामो बन्दी जीवनप्रति पनि आपत्ति नहुने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा गहकिलो भाषाशैलीको प्रयोग पाइन्छ ।

### ग. संरचना

पाँच अनुच्छेदमा संरचित यो एक सशक्त दैनिकी हो ।

### घ. उद्देश्य

दैनिकीकारले आफ्नो स्वभाव, स्वास्थ्य, विगतको राजनीतिक अवस्था, बन्दी अवस्था बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ८. २० फेब्रुअरी, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले राष्ट्रिय दिवसका अवसरमा राजाले दिएको भाषण पत्रिकामा वीपीले पढेको कुरा, राष्ट्रिय दिवसको अवसरमा कुनै समारोह नभएको कुरा, राजा र तुलसी गिरीले दिएको भाषणबारे वीपीले गरेको टिप्पणी, जीएम र वीपी बीच भएको राजनीतिक गफ, आफ्नो लेखाइको स्तरप्रति वीपी आफूनै सन्तुष्ट नभएको कुरा, नेपाली काँग्रेसको इतिहास लेखनको क्रममा मुख्य बुँदाहरूमा केन्द्रित नभइ आफू विभिन्न विषयहरूमा रुमल्लिरहेको महशुस गरेको वीपीको भनाइ, विभिन्न चुनौतीहरू पार गर्दै नेपाली काँग्रेसले सङ्गठनात्मक र वैचारिक दुबै दृष्टिले विकास गरेको ठम्याईलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा सरल भाषाको साथै राजनीतिक भाषाको प्रयोग पनि पाइन्छ ।

**ग. संरचना**

यो दैनिकी चार अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

दैनिकीकारले तत्कालीन समयको राष्ट्रिय दिवस, राजनीति, नेपाली काँग्रेसको विकास, आफ्नो लेखाइको स्तर आदिबारे लेखकले जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**९. २१ फेब्रुअरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले राइजिङ्ग नेपालमा छापिएको एक सदस्यीय इजलासले दिएको मृत्युदण्डको फैसलालाई सर्वोच्च अदालतले सदर गरेको कुरालाई वीपीले गरेको विश्लेषण, आफूहरूसँग सम्झौता गर्नुबाहेक राजासमक्ष अरु विकल्प नभएको जीएमको विश्वास, राजाको भारतसँगको सम्झौता बिग्रिँदै गएको जीएमको ठम्याइ, वीपीको अस्वस्थता, शैलजाको जस्तो अनुकुल र सहयोगी साथको अभावले लेखाइको उत्साहमा असर परेको वीपीको भनाइ, चिन्तनलाई झकझकाउने र उक्साउने साधारण किताब आफूलाई चाहिएको वीपीको भनाइ, आफ्नो राजनीतिक लेखन एक किसिमले आफ्नो विश्वासको अभिव्यक्ति वा राष्ट्रिय अडानको पुष्टि भएको वीपीको तर्कलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा राजनीतिक रहेको छ भने वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो विश्लेषणात्मक क्षमता, अस्वस्थता, कसैका साथको आवश्यकता भएको, किताब चाहिएको, अदालतका कुरा, जीएमको विश्वासबारे बताउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १०. २३ फेब्रुअरी, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले देशको आर्थिक विकास अवरुद्ध भएको अनुभवबाट राजामा एउटा बाध्यता आइपरेकोले राजाले आफूहरूसँग छिट्टै वार्ता गर्ने वीपीको अनुमान, राजासँगको वार्तामा कस्तो तर्क गर्नु पर्छ र कस्ता रणनीति अपनाउनु पर्छ भन्ने वीपीको धारणा, सम्झौताको मर्म वीपीको विचारमा, वीपीहरू निर्देशित हुनु पर्ने दुई वटा कुराहरूलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल रहेतापनि यसमा राजनीतिक भाषाको प्रयोग पाइन्छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यसमा लेखकको राजनीतिक वार्ता, सम्झौताको विश्लेषण, वर्णन मात्र रहेको छ ।

### घ. उद्देश्य

लेखकले बन्दी अवस्थामा आफूहरूसँग राजाले वार्ता गर्ने गरेको अनुमान, सम्झौता जस्ता कुराबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ११. ६ मार्च, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले अखवारमा छापिएको पञ्चभेलामा नेताहरूले गरेको भाषण, वीपीले त्यसप्रति गरेको टिप्पणी र राजनीतिक घटनालाई नै यसको मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल रहेको छ ।

### ग. संरचना

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

### घ. उद्देश्य

तत्कालीन समयमा वीपी जेलमा रहँदा राजा लगायत उनका नजिकका नेताहरूले वीपीहरूकाप्रति गरेको नकारात्मक व्यवहार र राजनीतिबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १२.	२२ मार्च, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले वीपीको मुटुको चाल डा. भट्टराईले जाँचेको कुरा, भारतीय संसदीय चुनावको कुरा, जनता पार्टीको पक्षमा मत बढी भएको कुरा, इन्दिरा गान्धी र उनको छोरा संजय हारेको कुरा, छोरालाई राजनीतिमा अघि बढाउन इन्दिरा गान्धीले गरेको राजनीतिको कारण उनको हार भएको प्रति वीपी खुशी भएको कुरा, भारतीय केही नेताप्रति वीपीको दृष्टिकोणलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल रहेको छ ।

### ग. संरचना

यो पाँच अनुच्छेदमा संरचित रहेको छ । यसमा राजनीतिक घटनालाई बढी प्राथमिकता दिइएको छ ।

### घ. उद्देश्य

वीपीले आफ्नो स्वास्थ्य स्थिति, नेपालको राजनीतितर्फ मात्र नभएर भारतीय राजनीतितर्फको आफ्नो चासो र दृष्टिकोणलाई देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १३.	२३ मार्च, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले सदा आशावादी हुने जीएम कम आशावादी मुद्रामा भएको कुरा, जीएमले आफ्नो आशङ्काहरूलाई लिएर चिन्ता गर्नुको सट्टा राजासँग वार्ता गर्ने समयका बारे सोच्न वीपीलाई सल्लाह दिने गरेको कुरा, नेपालको भविष्य शुभ नभएको, यसले सार्वभौमसत्ता र जनताले राखेको प्रजातन्त्रको लक्ष्य दुबै खानेछ भन्ने जीएमको दृष्टिकोण, राजाको आँखा खुल्यो र आफूहरू बीच एउटा समझदारी भयो भने सार्वभौमसत्ता र प्रजातन्त्रको लक्ष्य दुबै बचाउन सक्ने वीपीको धारणा, परिस्थिति बिग्रिसकेको जीएमको तर्क, आफ्नो प्रयास राजाको १७ वर्षको तानाशाही शासनले ल्याएको राजनीतिक, आर्थिक र कुटनीतिक सङ्कटबाट देशलाई मुक्त गर्न केन्द्रित रहेको वीपीको भनाइ, वीपी राजासँग भेट्न चाहेको कुरा, आफ्नो प्रयास सफल भए सन्तुष्टि हुने र धेरै मानिसहरूको बलिदान सार्थक हुने वीपीको सोचलाई मुख्य विषयवस्तु बनाइएको छ ।

### ख. भाषाशैली

यसको भाषा सरल भए पनि यसमा गहनताको प्रचुरता पाइन्छ । यसमा विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो दैनिकी तीन अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो राजनीतिप्रतिको चासो, धारणा, जीएमको बन्दी अवस्थाको धारणा, अनि आफूले जनताको लागि गरेको प्रयासको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१४. ३० मार्च, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरू बन्दी भएको तीन महिना भएको कुरा, तीन महिना सम्म सम्पर्क बिहीन राखिन्छ होला र त्यसपछि बन्दी अवस्था खुकुलो पारिनेछ र राजनीतिक दृष्टिले सकारात्मक कुराहरू हुनेछन् भन्ने वीपीले भारत मै गरेको अड्कलका कुरा तर लामो समयसम्म बन्दी बनाउन खोजिएको कुरा, व्यापक सुरक्षा गरिएको कुरा, सुरक्षा गार्ड थपिएको कुरा, शासक विचार शुन्य भएको कुरा, जीएम बस्ने ठाउँ सानो भएको अनि लामो समय सम्म बस्नु पऱ्यो भने उनलाई गाह्रो हुने कुरा, वीपी र जीएम बीच कुनै सम्पर्क हुन नसकेको कुरालाई मुख्य विषयवस्तु बनाइएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य रहेको छ । यसमा विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो विगतको अड्कलबाजी, वर्तमानको बन्दी जीवन अनि जीएमको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१५. ३१ मार्च, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीहरूले पाँच दिन पछि पत्रिका पाएको कुरा, दिल्लीमा नयाँ सरकारको गठनकाबारे वीपीको चासो, रातभर हुरीबतास र पानी परेको र यस्तो मौसममा वीपीलाई घरको सम्झनाले सताएको कुरा, उनलाई निद्रा नलागेको कुरा, जीएमलाई दिइएका पत्रिकामा उनले चिह्न लगाएकोले वीपीलाई ती पत्रिका दिन नमिल्ने क्याप्टेनले बताएको कुरा, पत्रिकामा छापिएको राजनीतिक कुरा, केही अन्तर्राष्ट्रिय खबर हुने राइजिङ नेपाल नदिएको कुरा, तुलसी गिरीको भाषण, औपचारिक निमन्त्रणा बिना नै राजा नयाँ दिल्ली जाने निर्णय गर्नु झुकेकै हो र उनले नयाँ सरकारका नेताहरूको नाडी छाम्ने प्रयत्न गर्नेछन् भन्ने वीपीको अनुमान, भारतीय नेताले प्रजातन्त्रले

सानो नेपाल र उसको स्वाधीनता जोगाउनेछ भन्ने कुरा बताउनेछन् भन्ने वीपीको आशा, भारतीय घटनाहरूबाट राजा हच्केका कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

राजनीतिक भाषाको प्रयोग भए तापनि यसको भाषा सरल नै रहेको छायसमा लामा छोटा वाक्यहरूको प्रयोग पाइन्छ ।

**ग. संरचना**

६ अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो । यो एक उत्कृष्ट राजनीतिक दैनिकी हो ।

**घ. उद्देश्य**

वीपीले बन्दी अवस्थाको आफ्नो जीवन, राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक घटनाहरू, नेताहरू तथा राजाको भाषण, झरीको मौसममा घरको यादले अति नै सताउने कुरालई देखाउन खोज्नु यसको मुख्य उद्देश्य रहेको छ ।

**१६. मङ्गलबार १२ अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले सुशीलाको बाटो हेरेको कुरा, वीपीको रिहाइको माग गरि केही भारतीय सांसदहरूले जारी गरेको व्यक्तव्यको निन्दा गर्दै राष्ट्रिय पञ्चायतका सदस्यहरूले दिएको व्यक्तव्य पत्रिकामा छापिएको कुरा, कार्टरले मानव स्वतन्त्रता र सम्मानको विषयलाई महत्व दिएको जुन मानव अधिकारको विषयलाई आफ्नो सम्बन्धमा उठाइनु पर्ने वीपीको धारणा, त्यसबाट देशको आन्तरिक मामिलामा हस्तक्षेप भएको आरोप नलाग्ने उनको भनाइ, उनको मुटुको चालको ढिलाइ जारी भएको र रक्तचाप बढी भएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू बन्दी भएको बेलामा भारतीय सांसदले समर्थन गरेको तर राष्ट्रिय पञ्चायतका सदस्यहरूले निन्दा गरेको बारे बताउनु र आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## १७. १४ अप्रिल, १९७७, सुन्दरीजल

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले बन्द कोठामा चलाइएको गोप्य मुद्दा, पछि आफूलाई सुनाइएको भनिएको मृत्युदण्डको समाचारको भर्त्सना, व्यक्तव्य अखबारमा छापिएको वीपीको भनाइ, वीपीलाई मुद्दा अदालत मै छ भनिएको कुरा, सरकार जाली भएको कुरा, आफू माथि चलाइएको मुद्दा र मुद्दा अदालतमा विचाराधीन रहेको कुरा झुठ रहेको वीपीको भनाइ, सरकारले कुनै पनि बेला घुँडा टेक्न सक्ने अनुमान, वीपीलाई अन्धकार र एकान्तमा राखिएको अनि उनीहरूलाई थुनामै राख्न र जेलमै मरुन् भन्ने चाहना राजाको भएको वीपीको तर्क, राजाले दिएको आफ्नो उपलब्धि सूची एकदमै बचकना र दुर्भाग्यपूर्ण भएको वीपीको भनाइ, उनी कमजोर भएको, नुहाएको, लुगा धोएको कुरा, जेलको बनावट, रातको समयमा जेलमा भएको अनौठो गतिविधि र क्रियाकलाप, विभिन्न खाले आवाजबाट आफूलाई केही असर नपरेकोमा छक्क परेको किनकी पहिले भूत र यस्तो गतिविधिबाट डर लाग्ने गरेको वीपीको भनाइ, तान्त्रिक र भूतको कुरामा विश्वास गर्ने मानिसले यहाँ भूतले वास गरेको पत्याउने वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसमा सशक्त भाषाशैलीको प्रयोग पाइन्छ । यसमा कतै राजनीतिक, कतै शक्तिशाली, कतै कानुनी भाषाको प्रयोग पाइन्छ ।

### ग. संरचना

तीन अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

### घ. उद्देश्य

लेखकले राजाको कर्तुत, गलत कुराहरू, आफ्नो राजाप्रतिको अनुमान आदिबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य हो ।

## १८. १७ अप्रिल, १९७७

### क. विषयवस्तु

प्रस्तुत दैनिकीले नेपाली अखवारहरूमा वीपीको नाम छापिन थालेको कुरा, नेपालमा भारत विरुद्ध आक्रामक प्रचारबाजी गर्ने चलन भएको वीपीको धारणा, अहिले भारतप्रति नेपालले उचित कदर भाव देखाएको कुरा, वीपीको विचारमा यस्तो परिवर्तन आउनुका कारणलाई मुख्य विषयवस्तु बनाएको छ ।

### ख. भाषाशैली

यसको भाषा सामान्य रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो छोटो आकारको दैनिकी हो । लेखकले भारतीय नेता र प्रेस सम्बन्धी नेपालको धारणालाई लेखेका छन् ।

**घ. उद्देश्य**

भारतीय नेता र प्रसको नेपालका सञ्चारमाध्यमले गरेको आलोचना र अहिले केही आदार भाव देखाएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**१९. १८ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले डी.एस.पी. स्वाँरको टोली वीपीको बयान लिन आएको कुरा, वीपीले आफ्नो कानूनी सल्लाहकार गणेशराज शर्मासँग गोप्य सल्लाह गर्न चाहेको तर उनीहरूले नमानेको कुरा, बन्दीलाई आफ्नो कानूनी सल्लाहकारसँग गोप्य सल्लाह गर्ने कानूनी अधिकार भएको जिकिर गणेशराजले गरे पनि उनीहरूले नमानेको, बयान लिनुको उद्देश्यबारे जानकारी दिएको छ की छैन अनि प्रहरीले पूर्जी दिएर बन्दी बनाएको हो की होइन भन्ने शर्माको प्रश्नको जवाफमा वीपीले एउटा पूर्जी पाएको कुरा, यो पूर्जी शर्मालाई देखाउन सहअञ्चलाधीशले नदिएको कुरा, बयान अघि नै सल्लाह लिन सकिने र बयानको क्रममा गणेशराज बाहिर जानु पर्ने भनाइ, बयानको क्रममा कानूनी सल्लाह लिन पाइने आश्वासन दिए पनि बयान पछि समेत शर्मालाई भेट्न नदिएको वीपीको गुनासो, उनीहरू ठग, अपराधी भएको वीपीको धारणा, आफ्नो कठिन समय आउँदै गरेको एउटा अग्नि परीक्षा जसबाट आफूलाई बचाउ भनी वीपीले भगवानसँग गरेको प्रार्थनालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा कानूनी भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले बन्दी अवस्थामा आफ्नो बयान, बयान लिने टोली र भगवानलाई आफूले गरेको प्रार्थनाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२०. १९ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले हिजोको बयान सम्झेर वीपी बेचैन भएको कुरा, उनको छातीको एक्सरे गर्दा न्युमोकोकी देखिएको कुरा, उनले आमालाई सम्झेको कुरा, तानाशाहीले देशलाई दुर्लब बनाउने र

जनताको नैतिकतालाई भ्रष्ट तुल्याउने वीपीको धारणा, राणा निरङ्कुशता र शाह अधिनायकवाद अन्तर्गत नेपालीहरूले आफ्नो चरित्र गुमाएको जस्तो वीपीलाई लागेको कुरा, पतन भएका यस्ता मानिसहरूको उत्थान गर्नु असम्भव भएको र केही समयपछि तिनीहरू विखण्डित भइ इतिहासबाट बिलाएर जाने वीपीको अनुमान, आफ्नो भविष्य ठगहरूको जमातको हातमा रहेको वीपीको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

बयान, तानाशाही सरकार, आफ्नो भाव, स्वास्थ्य अवस्थालाई वीपीले देखाउन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२१. २० अप्रिल, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले आफूहरूको पक्षमा भारतमा राम्रो प्रचार भएको, सरकारले गैरकानूनी र असंवैधानिक व्यवहार गरिरहेको वीपीको भनाइ, वीपीहरूको मुद्दा विचाराधीन रहेको र कानूनी कारबाही सुरु भइसकेको छ भनी सरकार झुठको प्रचार गरिरहेको कुरा, राजालाई चीनको दह्रो समर्थन नभएकोले भारतसँग सम्बन्ध सुधार गर्न खोजिरहेको वीपीको अनुमान रुसले राजाको पक्ष लिन सक्ने कारणहरू, राजाको हठले नेपाल अन्तर्राष्ट्रिय चलखेलको थलो बन्न लागेको, जुन नेपालको लागि आत्मघाती हुने र भारतलाई फाइदा हुने वीपीको धारणालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा राजनीतिक भाषाशैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । लेखकले राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिको टिप्पणी मात्र यसमा गरेका छन् ।

**घ. उद्देश्य**

भारतले आफूहरूलाई सहयोग गरेको, राजाको कुटनीति, झुठ सरकार र राजनीति गतिविधिबारे जानकारी दिन खोज्नु नै यस दैनिकीको मुख्य उद्देश्य रहेको छ ।

२२. २४ अप्रिल

**क. विषयवस्तु**

विगतको राजसंस्थाको इतिहासका कुरा, राजसंस्थाको गम्भीर अध्ययन गर्ने कोशिश गर्ने वीपीको प्रतिज्ञा, यहाँ नाम मात्रको अधिनायकवादी र प्रजातान्त्रिक दुवै चरित्र एकसाथ बोकेको तानाशाही राजतन्त्र पनि भएको, बयानको क्रममा प्रहरीले राजतन्त्रात्मक व्यवस्थाको विरोधी हौ भनेर सोधेको प्रश्नमा वीपीले आफू पनि आफ्नो पार्टी जस्तै संवैधानिक राजतन्त्रको पक्षमा भएको भनी बताएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा राजनीतिक भाषाको प्रयोग पाइन्छ ।

**ग. संरचना**

तीन अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यसमा इतिहासका कुरा छन् ।

**घ. उद्देश्य**

लेखकले विगतको राजतन्त्र, वर्तमानको राजतन्त्रबारे जानकारी दिनु र आफू संवैधानिक राजतन्त्रको पक्षमा भएको बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

२३. २६ अप्रिल, १९७७

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले विशेष अदालतमा वीपीलाई लेखिएको कुरा, अदालतमा हरेक कुरा हतार हतार गरे जस्तो गरिएजस्तो देखिएको वीपीको भनाइ, अदालती कारबाहीको सुरुमै आफूले वकिल राख्न नपाए सम्म कानुनी प्रक्रियामा भाग नलिने वीपीले बताएपछि न्यायधीशले गणेशराजलाई लिन पठाएको कुरा, मुद्दा खेपिरहेको व्यक्तिले पाउने सबै सामान्य विवादहरू पाउनुपर्ने अदालत समक्ष वीपीले दिएको तर्क, गोप्य अदालत सम्बन्धी वीपीको धारणा, शिविरबाट सेना हिँडेको र शिविर प्रहरीको जिम्मा लगाएको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा अलि क्लिष्ट रहेको छ । यसमा ठेट नेपाली शव्दको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शव्दको प्रयोग पाइन्छ ।

**ग. संरचना**

६ अनुच्छेदमा संरचित यो लामो आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफू विरुद्धको मुद्दा, अदालती काम, आफ्नो तर्क, शिविरका कुरा आदि बारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२४. २९ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीलाई अदालत लगिएको कुरा, गणेशराज शर्मा, कुसुम श्रेष्ठ र कृष्णप्रसाद भण्डारीले वीपीको बचाउ गरिरहेको कुरा, आफू माथि यात झुठो मुद्दा लगाइएका या तिनमा पर्याप्त तथ्यगत आधार छैनन् भन्ने वीपीको अनुमान, वीपीलाई आफूसमेत मुछिएको क्याप्टेन यज्ञबहादुर थापाको मुद्दामा चासो भएको कुरा, अदालतका घटना, वीपीको परिवारका सदस्यहरूसँग भेट भएको कुरा, चन्द्रशेखरसँग राजाले वीपीको तारिफ गरेको कुरा, ठूलै दबाबका कारण वीपीलाई रिहाइ गर्न कठिनाइ भएको राजाको भनाइलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य सरल रहेको छ ।

**ग. संरचना**

दुई अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले जेलमा भएको बेलाको आफ्नो मुद्दा, अदालतका घटना, वकिलहरूको सल्लाह, परिवारसँगको भेटबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२५. २१ नोभेम्बर, १९७७**

**क.विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीले शैलजा र चेतनालाई छोटो चिठी लेखेको कुरा, गणेशमानको निराशावाद र भारतसँगको क्रुद्धता, दोस्रो पटक स्वदेश फर्किने आफूहरूको निर्णय गलत भएको जीएमको धारणा, आफ्नै खुट्टामा उभिन सक्नु पर्छ भन्ने वीपीको भनाइ, सत्ता बाहिरको शक्ति आफूहरू मात्र भएको वीपीको दाबी, राजाको राजनीति विस्तारै सान्दर्भिक हुन छाडेको वीपीको अनुमान, आफू जेलमै मर्न सक्ने तर आफूहरूको राजनीतिको ठूलो सान्दर्भिकताले गर्दा मृत्यु खेर नजाने वीपीको दाबी, भारतले आफूहरूलाई मदत नगर्नु आफूहरूको भाग्य भएको नत्र अनुकुल बन्दै गएको परिस्थिति र सान्दर्भिकताको जस भारतलाई जाने वीपीको भनाइ, भारतबाट आफू स्वतन्त्र भएर आफ्नै भरमा भएको वीपीको दाबीलाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषा सामान्य, सरल र सम्प्रेष्य रहेको छ ।

**ग. संरचना**

एउटै अनुच्छेदमा संरचित यो मझौला आकारको दैनिकी हो । यो राजनीतिक घटनामा केन्द्रित रहेको छ ।

**घ. उद्देश्य**

यसको मुख्य उद्देश्य लेखकले आफूहरूको राजनीतिबारे जानकारी दिनु रहेको छ ।

## ५.१.३. साहित्यिक दैनिकी

**१. ३१ जनवरी, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले वीपीको अध्ययनप्रतिको लगाव र ध्यान, उनको लेखक तथा कृतिप्रतिको समीक्षालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसको भाषाशैली सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी चार अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अध्ययनतर्फको ध्यान र लेखक तथा कृति समीक्षाबारे जानकारी दिनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**२. ९ फेब्रुअरी, १९७७, सुन्दरीजल**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले जेलमा पढ्ने किताब नभएपनि कागजको व्यवस्था भए धेरै विषयमा लेख्ने गर्थे भन्ने वीपीको भनाई, वीपीले लेख्नको लागि पत्रिकाहरूको छेउछाउका खाली ठाउँहरू काटेर राख्न थालेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यो दैनिकीको भाषा सरल रहेको छ ।

**ग. संरचना**

यो दैनिकी दुई अनुच्छेदमा संरचित रहेको छ ।

**घ. उद्देश्य**

लेखकले आफ्नो अध्ययन र लेखनतर्फको रुचिलाई देखाउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**३. ४ अप्रिल, १९७७**

**क. विषयवस्तु**

प्रस्तुत दैनिकीले प्रायः बदली भएको र यस्तो मौसम मानसिक शान्तिका लागि राम्रो नहुने वीपीको धारणा, मानसिक रूपमा बादल रोमाञ्चक तर भावनात्मक रूपले झर्को लाग्दो हुने वीपीको अनुमान, पानी पार्ने बादल देख्दा किन घरको सम्झनाले सताउँछ भन्ने कुरा अहिले बुझेको वीपीको भनाइ, उडिरहेको बादल हेर्दै गरेको प्रेमीको भावनाबारे कालिदासले लेखेको कविता सम्झेको र त्यसलाई सर्वोत्कृष्ट कृतिको संज्ञा वीपीले दिएको कुरा, उनलाई घरको सम्झनाले सताएको कुरा, वीपीको छटपटी, केही खोसिएको अनुभूति, भावनात्मक साथको तीव्र चाहनाको साथै उनले नेपाली काँग्रेसको इतिहासबारे केही लेखेको कुरा, वीपीको आमा राजनीतिमा सक्रिय भएको, मिल हड्तालमा गिरफ्तार भएको कुरा, आमा, तारिणी र आफ्नो भूमिकालाई सम्झेको कुरा, आमाको सम्झनाले सताएको, अन्धविश्वासवश कपुरको बोटको अध्यारो छायाँबाट आमा आउने वीपीले गरेको आशा, सानोमा आमाले दिएको शिक्षामन्त्रलाई वीपीले सम्झेको र राजा हिजो भारतबाट फर्केको कुरालाई मुख्य विषयवस्तु बनाएको छ ।

**ख. भाषाशैली**

यसमा साहित्यिक भाषा र कलात्मक शैलीको प्रयोग पाइन्छ ।

**ग. संरचना**

यो मझौला आकारको दैनिकी हो ।

**घ. उद्देश्य**

लेखकले आफ्नो भावनात्मक कुरा, कालिदासको कविताप्रतिको मोह, आफ्नो र आफ्नी आमाको विगतको संघर्ष, आमाप्रतिको माया र सम्झनाबारे जानकारी दिन खोज्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ५.२ फेरि सुन्दरीजलको समष्टि विश्लेषण

फेरि सुन्दरीजल कृति विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित दैनिकीहरूको संग्रह हो । यस कृतिमा सन् १९७६ डिसेम्बर ३० तारिख देखि सन् १९७९ अप्रिल २७ सम्मका दैनिकीहरू समाविष्ट रहेका छन् । यो कृति कोइराला पुनः सुन्दरीजलमा बन्दी भएको समयमा लेखेका दैनिकीहरूको

संगालो हो।यसमा प्रत्येक दिनका दैनिकीहरू समाविष्ट छैनन् र लेखकले प्रत्येक दिन दैनिकी लेखेका पनि छैनन् ।

दैनिकीको प्रारम्भमा लेखकले आफू, गणेशमान, शैलजा, नीलाम्बर पन्थी, रामबहादुर, खुमबहादुर आर्.एन्.ए.सीको विमान चढेर पटनाबाट काठमाडौँको विमानस्थलमा आइपुगेपछि आफ्नो विमानलाई धावनमार्गको टाढाको कुनातिर लगिएको अनि विमानस्थलका औपचारिकताहरू पुरा गरि उनीहरू छुट्टिएको र लेखक (बीपी) अनि गणेशमानलाई प्रहरीको जीपबाट सुन्दरीजल शिविरमा लगेर सैनिकको जिम्मा लगाएको कुराको उल्लेख गरेका छन् । अञ्चलाधीशले लेखकको नेपाल आगमनले नेपाललाई खतरा पुग्दैन भन्ने प्रश्नको जवाफमा कोइराला यसो भन्छन्-'हामी देशको हितका निम्ति राजनीतिक समझदारी कायम गर्न राजा समक्ष आफूहरूलाई प्रस्तुत गरेर आएका हौँ । अहिले पुरानो कुरा कोट्याउने र एक अर्कालाई आरोप लगाउने बेला होइन ।' देशको हितको लागि राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ साल पुस १६ गते लेखक नेपाल फर्किएका हुन् ।

पहिलो दिनको दैनिकीमा लेखकले आफूहरूको नेपाल आगमनको कारण, पकाउ परेको कुरा, इन्दिरा गान्धीको छलकपट व्यवहार र त्यसबाट मुक्त भएकोले हलुङ्गो भइरहेको, शैलजालाई कारागारमा राम्रै व्यवहार गरिएको होला भन्ने आशा गरेको आदि कुरा यथार्थको साथ प्रस्तुत गरिएको छ । प्रस्तुत कृति बारे कृष्ण कोइराला यसो भन्छन्-'फेरि सुन्दरीजल नामक कृति बीपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर भारतको राजनीतिक प्रवासकालपछि २०३३ साल पुस १६ गते स्वदेश फर्केपछि सुन्दरीजल बन्दीगृहमा पुनः बन्दी जीवन बिताउँदाको अत्यन्त कष्टमय मनोवैज्ञानिक उतारचढावको कालखण्डको दैनिकी/डायरी हो ।' (प्रधान, २०७० साउन-पुस, **बगर**, : १९३)

लेखकले यस कृतिमा आफूलाई दिक्क लागेको, घरको सम्झनाले सताएको, पढ्ने कोसिस गरेको, सुतेको, उठेको, खाएको, हिँडेको, मन अशान्त भएको, अध्ययन गर्न नसकेको, ध्यान एकाग्र गर्न नसकेको, योग गरेको, गफ गरेको, अतीतलाई सम्झेको, एक्लो र अत्यासको अनुभव भएको, दिक्दार लागेको, छटपटी भएको, कमजोर भएको, खिन्न भएको, शान्त र स्थिर भएको, बेचैनी र अस्थिर भएको, आन्दोलित, भावुक भएको, बाहिर नझुकेको तर डर र शंकाले काँपेको, दुखित, निराश, विक्षिप्त र पीडित भएको, विरामी भएको, निराशताले छाएको, जाडो भएको, मानसिक शून्यतामा हराएको, आनन्द, प्रसन्न भएको, बिर्सन थालेको, मानसिक तनाब भएको जस्ता यथार्थ कुरालाई उतारेको पाइन्छ ।

बन्दी अवस्थामा रहेको बेला आफ्नो भाग्य राजाको निरंकुश हातमा निर्भर भएको कुराले आफूमा छाएको एक्लो र अत्यासको अनुभवलाई कोइराला आफ्नो दैनिकीमा यसरी व्यक्त गर्दछन्- 'यहाँ सैनिकको शिविरमा एक्लिएर बस्नु परेको अनि आफ्नो भाग्य राजाको निरङ्कुश हातमा निर्भर छ भन्ने कुराले एक्लो र अत्यासको अनुभव हुन्छ ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ६)

दैनिकीकार श्रीमतीलाई अति नै सम्झन्छन् र त्यसबाट छाएको दिक्दारीलाई आफ्नो दैनिकीमा यसरी पोख्छन्-'दिक्दारी भन्ने कुरा अतीत र घरको सम्झनाले हुन्छ तर जब कसैको अनुपस्थिति खट्किन्छ तब भविष्य नै खट्केको, वर्तमानको निरन्तरता नै टुटेको महसुस हुन्छ ।' (कोइराला,

२०६८ पुनर्मुद्रण : ६) यस कृतिमा लेखकले व्यक्तिगत अनुभवलाई रोचकताका साथ प्रस्तुत गरेका छन् ।

शैलजाको अति नै याद आएको, उनलाई सम्झेको, उनी राजनीतिक, भावुक, बौद्धिक भएकी र उनी आफूसँगै जेलमा भएको भए राम्रो साथी हुन सक्ने कुरा लेखकले बताएका छन् । कोइराला एक्लोपनको तुलना मृत्यु पछिको निस्सासिँदो शून्यतासँग गर्छन् । पटना विमानस्थलमा धेरै मानिसहरू आफूलाई भेट्न आएका र त्यसबाट आफू भावविह्वल भएको कुरालाई पनि कोइरालाले लेखेका छन् । त्यस दिनको दृश्यलाई सम्झिँदा यस्तो लाग्छ भन्दै कोइराला यसो भन्छन्-'म व्यर्थैमा बाँचिरहेको रहेनछु । मैले बिताएको अतीत र अब बिताउने दिनहरू सही बाटोमै रहेछन् ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ६) कोइरालाले एकदमै नितान्त व्यक्तिगत र निजी कुरालाई आफ्नो दैनिकीमा समेटेका छन् । सुशीलालाई मन बुझाउने केही कुराहरू, नानु र प्रकाशलाई खुशीको केही शब्दहरू, नवदम्पत्ती श्रीहर्ष र रुचिरालाई हौसलाका केही शब्दहरू अनि गिरिजा र नोनालाई माया र कृतज्ञताका केही शब्दहरू भन्न नसकेकोमा खिन्न भएको कुरा कोइरालाले लेखेका छन् । यस दैनिकीमा कोइरालाले 'कोइराला कुनै परिवारको नाउँ होइन । यो एउटा मनोवैज्ञानिक, नैतिक र आध्यात्मिक चीज हो । यो जीवनको एउटा दृष्टिकोण हो ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ९) भनी कोइराला थरको परिभाषा गरेका छन् ।

आन्दोलित मनस्थिति र सङ्कटको अवस्थामा पनि कोइराला नडगमगाइ बाहिरी चुनौती र दबाबहरूको सामु नझुकेको पाइन्छ तर उनी डरले भित्रभित्रै काँपेको स्वीकारोक्ति गर्छन् । कोइराला आफ्नो निर्णयप्रति अडिग रहेको पाइन्छ । बन्दी अवस्थामा मनलाई स्थिर राख्न दिमाग लगाउनु नपर्ने काम गर्न चाहन्छन् । कोइराला लेख्छन्-'सुखी मानिसलई ईश्वरको आवश्यकता पर्दैन, अनि दुखी मानिसलाई ईश्वर प्राप्त हुँदैन ।'

बिहानको चिया र व्यायाम पछि आमाभक्त कोइरालाले आमाको कपालको चुल्ठो भएको लकेटमा ढोग्ने, पत्नीको तस्विरमा स्नेहपूर्वक हेर्ने, कमलले ल्याइदिएको (कलकत्ते) कालीको र नानूले ल्याइदिएकी अमृतसरको स्वर्ण मन्दिरको प्रसाद अलिकति खाने गरेको र उनका बन्द आँखाहरूले शैलजालाई खोज्ने प्रयास गरेको पाइन्छ, जुन कुरालाई उनी अन्धविश्वास, अध्यात्मवाद, भावुकता र प्रेम र आशाको सम्मिश्रण ठान्छन् । नाकबाट रगत बगेको, पिसाब पहेँलो आएको, अपच भएको, हाच्छिउँ गर्दा रुमालमा रगतका छिटाहरू देखा परेको जस्ता स्वास्थ्य सम्बन्धी कुरालाई कोइरालाले आफ्ना दैनिकीहरूमा समेट्ने प्रयास गरेका छन् ।

घरपरिवारप्रति चिन्तित कोइरालाले परिवारले घरव्यवहार कसरी चलाइरहेका होलान्, बालबच्चाको पढाइ कसरी पुरा गरिरहेका होलान् भनी चिन्ता लिएको पाइन्छ । आफ्नो विराटनगरको सम्पत्ति, सुशीला र नानुका गहनाहरू बेचेर पढाइ र घरखर्च चलाउन प्रकाशलाई लेखेको चिठी सङ्कोच लाग्दो भएको र यस्ता भावुक चिठी विभिन्न व्यक्तिका हात र नजरमा पर्ने कुरा सम्झदा अप्ठ्यारो लाग्ने कुरालाई समेत कोइरालाले आफ्नो दैनिकीमा समेटेका छन् । अध्ययनशील कोइराला बन्दी अवस्थामा सुरुमा आफूलाई अध्ययनमा रुचि नभएकोले अध्ययनमा रुचि जगाउने खालका, पढ्न सकसक लगाउने, दिक्दारीको खाडलबाट निकाल्न सक्ने किताबको आवश्यकता भएको कुरा लेख्छन् । कुनै पुस्तकको गहन अध्ययन पश्चात् कोइराला त्यसबारे केहीनकेही टिप्पणी गर्छन् ।

आफूले जीवन कसरी बिताएँ अथवा आफ्नो जीवन कस्तो रह्यो भन्ने कुराको हिसाब गर्दै आफ्नो जीवन निष्क्रिय नरहेको र आफूले ईर्ष्या गर्नुपर्ने कोही नभएको भन्दै कोइराला यसो भन्छन्- 'अहिले म ६२ वर्षको भएँ, यस मध्ये १९ वर्ष काठमाडौँमा बिताएँ भने चार वर्ष विराटनगरमा ( अर्थात् नेपालमा २३ वर्ष), २१ वर्ष चन्द्रगढीमा (अर्थात् नेपालमा २५ वर्ष), बनारसमा १९ वर्ष, पटनामा ८ वर्ष, टेढीमा ५ वर्ष, कलकत्तामा ३ वर्ष हजारीवागमा २ वर्ष, दार्जीलिङ्मा १ वर्ष = भारतमा ३८ वर्षे काम र कियाकलापका आधारमा हेर्दा पढाइमा १७ बर्ष, जेलमा १२ बर्ष, निर्वासनमा २० वर्ष, सरकारमा २ वर्ष, भारत र नेपालमा गरी करिब २६ वर्ष सक्रिय राजनीतिमा। जीवन निष्क्रियत बितेको रहेनछ। यसो हेर्दा मैले ईर्ष्या गर्नु पर्ने कोही पनि देख्दिनँ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १७) राजा जो अहिले नेपालका कप्तानी छन्, उनको कारणले नेपाल अर्थात जहाज समुद्री आँधी र सङ्कटमा परेकोले जहाजलाई डुब्नबाट बचाउन राज्य र राष्ट्रका रूपमा नेपाललाई नक्सामा कायम राखि राख्न राजासँग कुराकानी गर्न आफूहरू नेपाल फर्केको कुरा कोइराला लेख्छन।

जेलको पर्खाल भित्र छिर्नासाथ कोइराला उदास, विरक्त, भावुक र खिन्न हुने भएकोले कोइरालाले जेलमा रहँदा नियमित रूपमा डायरी लेख्ने कुरालाई कोइराला यसरी व्यक्त गर्दछन्- 'पर्खाल भित्र छिर्नासाथ म अनायास उदास, आफै भित्र हराएको जस्तो विरक्त, भावुक र खिन्न भएको थिएँ। त्यसैले जेलमा रहँदा म नियमित रूपमा डायरी लेख्ने गर्छु।' (कोइराला, २०६८ पुनर्मुद्रण : २८) वानप्रस्थको जीवनयापन गर्ने वा आरामसाथ मर्ने दिनको प्रतीक्षा गर्ने उमेरमा आफूले केही उल्लेखनीय काम गरिरहेको अनुभव गर्ने कोइराला मृत्यु आएमा पनि त्यसलाई सहज रूपमा वर्णन गर्ने, राजनीतिमा दृढ भइरहने र मृत्यु पर्यन्त पनि दृढ रहने कुरा गर्छन्।

अखबारसँग सम्बन्धित कुरालाई कोइरालाले कलात्मकताका साथ आफ्ना दैनिकीमा उल्लेख गरेका छन्। शरीरलाई नराम्रो हुने काम भए पनि त्यसले मनलाई हलुङ्गो र शान्त पार्छ भने त्यो गर्नु पर्ने धारणा लेखकको रहेको पाइन्छ। मानसिक दबाब र तनाब भएको बेला सिगारले सजिलो पार्ने र यसले शरीरलाई नराम्रो गरे पनि मनलाई राम्रो गर्ने अनि जेलमा शरीरले भन्दा मनले दुख पाउने हुनाले मनको बढी ख्याल गर्न आफूले सिगार पिउने गरेको कुरालाई उनले नलुकाइकन लेखेका छन्।

कोइराला एक आत्मचिन्तक पनि हुन्। उनले आफ्नो दैनिकीमा आत्मचिन्तन गरेका छन्। दैनिकीमा कोइरालाले जेलको एक महिना आफूले मानसिक रूपमा कमजोर भएर, घरको सम्झनामा पिल्सिएर, आफू नहुँदा आफ्ना परिवारका सदस्यहरूले कसरी के गरी गुजारा गरिरहेका होलान् भन्ने चिन्ता गरेर, दिक्क भएर, अधीर भएर र आफैसँग चिढिएर बिताएँ भन्ने जस्ता कुराको आत्मचिन्तन गरेका छन्। समयको ख्याल गर्ने कोइराला आफूसँग थोरै समय भएको, दिक्क र खिन्न हुने समय नभएको तर लेख्नु पर्ने विचारहरू धेरै भएको अनि जनता र कार्यकर्तालाई जागृत तुल्याउन लेख्नु पर्ने कुरा कोइराला गर्छन्।

वीपीहरू दोस्रो पटक सुन्दरीजल जेलमा रहेको बेला तत्कालीन सरकारले कोइरालाहरू माथि ८ वटा अभियोगमा मुद्दा चलाउने एक सदस्यीय विशेष अदालतको गठन गरेको थियो तर राजाले वीपीसँग वार्ता नगर्ने निर्णय गरे। देशको धेरै समस्याहरूको समाधान गर्न व्यक्ति र समूहहरू बीचको राजनीतिक मतभेद कम गर्न र राष्ट्रिय एकता कायम राख्न सक्ने खालको बुद्धिमत्तापूर्ण नेतृत्व चाहिन्छ भन्ने भावना बोकेर वीपीहरू नेपाल फर्केका थिए। राजाले आफूबाट पीडित व्यक्ति आफ्नो

शरणमा आइसकेको कुरा बुझ्न नसक्नु र आफ्ने अधिकारप्रति अड्डी लिनु, साँघुरो कानूनी सोचाई भन्दा माथि उठेर ठूलो, उदार राजनीतिक दृष्टिकोण अपनाउन सक्नु खेदजनक भएको कुरा कोइरालाले आफ्नो दैनिकीमा लेखेका छन् ।

विवाहको दिनको स्मरण गर्दै कोइराला लेख्छन्-'आज हाम्रो विवाह भएको दिन सन् १९३७ मा आजकै दिन हाम्रे विवाह भएको थियो । सुशीला तिमी तिथिमितिको हेक्का राख्दैनौं भन्ने मलाई थाहा छ । मलाई जस्तै तिमीलाई पनि हेक्का रहेको भए तिम्रो मन आज वनारसको शिवलाघाट पुगेको हुनेछ, जहाँ ठीक चालीस वर्ष वर्ष अघि आजकै दिन हाम्रो मिलन भएको थियो । शिवालाघाटमा हाम्रो एकअर्कासँग भेट भएको थियो र त्यस पछि रमाइला र नरमाइला क्षणहरू, नरमाइला भन्दा बढी रमाइला-हाँसो र आँशु, सुख र दुःख, उमङ्ग र उदासपन, प्रेम र कटुता बीच हामी एक भएर रहिरह्यौँ । एकअर्कासँग प्रेरणा लिएर-शायद तिमीले भन्दा मैले बढी-हामी एकसाथ रह्यौँ । मलाई त्यो दिनको राम्रो सम्झना छ । सन् १९३७ फेब्रुअरी ४ को त्यो दिन जस्तो अरु कुनै दिन मेरो सम्झनामा गढेको छैन । मैले र तिमीले लगाएको लुगाहरूका अतिरिक्त त्यो दिनका सबै साना मसिना कुराहरूको मलाई सम्झना छ । ... प्रिय, म तिमीलाई सम्झिन्छु । छातीमा तिम्रा लागि प्रार्थना जस्तै एउटा मौन चित्कार बहन्छ । (कोइराला, २०६८ पुनर्मुद्रण : ४५) आफ्नो श्रीमती जस्तो छिन् त्यस्तै रहुन्, जस्तोसुकै निरीह अवस्थामा पनि आफ्नो आत्मसम्मान नगुमाउन् र सधै सुखी, संरक्षित र मायालु भइरहुन् भनेर कोइराला ईश्वरलाई पुकार्दछन् ।

आफूहरू प्रति गम्भीर अभियोगमा मुद्दा चलाउन लागिएकाले राजनीतिक आस्था र विश्वास झल्काउने खालको प्रतिवादको तयारी आफूहरूले गर्नु पर्ने धारणा कोइराला व्यक्त गर्दछन् । खाने मुखलाई जुघाँले छेक्दैन भने झै बन्दी अवस्थामा रहेको बेला वीपीलाई लेख्नको लागि कागजहरू नदिइएको अवस्थामा गणेशमान सिंहको सल्लाहमा कोइरालाले दैनिक पत्रिकाहरूका छेउछाउका खाली ठाउँहरू काटेर त्यसमा लेख्ने गरेको कुरालाई आफ्नो दैनिकीमा मार्मिकताका साथ प्रस्तुत गरेका छन् । त्यति मात्र होइन कोइरालाले बाथरुममा राखिएका ट्वाइलेट पेपरलाई पनि लेख्नको लागि आफ्ना दराजमा सजाएको पाइन्छ। लेखन तर्फ विशेष रुचि राख्ने कोइराला नेपाली काँग्रेसको इतिहास, आफ्नो जीवनी, कान्तिको विषयमा उपन्यास, राजनीतिका सिद्धान्त र व्यवहारका विषयमा लेख र राजनीतिक छलफलहरू लेख्ने कुरा गर्छन् । घण्टौं सम्म लेख्दा पनि नथाक्ने कोइराला नातिनी मनिषाको लागि विज्ञान सम्बन्धी किताब लेख्ने विचार गर्छन् । लेखाइ जस्तो भए पनि त्यसलाई जारी गर्नु पर्ने मत कोइराला राख्छन् ।

जेलमा कोइराला गौँथली, मैनाचरी, धोवीचरा, लाटोकोसेरो, भँगेरा-भँगेरी जस्ता चराहरूको क्रियाकलाप र व्यवहार एकदमै नजिकबाट हेर्ने गर्थे । अदालतमा पेश गर्दाको लागि भनेर कोइरालाले तयार पारेको बयानले प्रजातान्त्रिक नागरिक अधिकारबाट पूर्ण बञ्चित गर्दाको अवस्थामा क्रान्तिकारी कदमको अपरिहार्यता उनीहरूको दृष्टिकोणको प्रतिनिधित्व गरेको र आफूप्रति मुद्दा चलाउने इजलास सोह्र दिन अगाडि स्थापना भएको तर यसले काम थालेको संकेत नपाएको कुरालाई कोइरालाले प्रष्टसाथ भनेको छन् । कोइरालाले केही सय शव्द भनी नेपाली काँग्रेसको बारे लेखेको कुरालाई पनि दैनिकीमा समेटेका छन् । संयुक्त सरकारको गृहमन्त्री नियुक्ति गरिएको कुराको स्मरण २६ वर्ष पछि कोइरालाले दैनिकीमा टिपेका छन् । जनताका तर्फबाट सबभन्दा लोकप्रिय र शक्तिशाली भएको

कुरालाई लेखकले सगौरवका साथ आफ्नो दैनिकीमा लेखेका छन् । आफूलाई आत्मसम्मान र सिद्धान्तको मानिस भन्न रुचाउने कोइराला प्रयासै नगरी आइलागेको सत्ता र प्रभावलाई छलछाम र षड्यन्त्रपूर्वक आफू सत्ता टिकिरहन प्रयोग नगरेको दाबी गर्छन्। त्यसबेला देखि राजनीतिक उतारचढाबको भेलमा र जीवनको अन्त्य तिर जेलमा परेको कुरालाई लेखकले साहित्यिक पारामा लेखेका छन् ।

खकारमा रगत देखिएको, कान भनभनाएको, टाउको दुखेको, खुट्टाहरू लुला भएका, सास फेर्न गाह्रो भएको, मुटुको गति बढेको जस्ता अस्वस्थताबारे पनि कोइरालाले यथार्थताका साथ लेखेका छन्। मनलाई शान्त राख्न लेखकले केही लेख्छन् तर मनलाई शान्त राख्न सक्दैनन् । भेटघाट गर्न, चिठीपत्र गर्न र किताव/पत्रिकाहरू पठाउन दिए आफ्नो लामो बन्दी जीवनप्रति कुनै पनि आपत्ति नहुने कुरा कोइराला व्यक्त गर्छन् ।

आध्यात्मिक कामको परिभाषा दिँदै कोइराला लेख्छन्-'मृत्युको क्षणसम्म जुन कामको लागि पूर्ण निष्ठा चाहिन्छ त्यही नै आध्यात्मिक काम हो ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ६३) आफूलाई सताउने मानसिक कमजोरी, गाज्ने निराशा सबै आध्यात्मिक उन्नतिमा बाधाका साक्षीहरू भएको लेखकको अनुमान रहेको छ । बन्दी जीवनले कोइरालामा मानसिक यातना थोपरेर निराशाको अध्यारो खाडलमा चुर्लुम्ब डुबाएको कुरालाई पनि लेखकले लेखेका छन् । लेखक लेख्छन्-'अहिले म आाफू हिँडेको तीर्थको बाटोको बाधा अड्चनहरूको प्रकृति बुझ्दैछु ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ६४) आफ्नी श्रीमतीलाई अति नै माया गर्ने कोइरालाले आफूले डायरीको जिल्दामा टाँसेको सुशीलाको सानो र अलि फूलिसकेको फोटोमा सुशीला जीवन्त देखिने र सुशीलाको फोटो हेरेर आफू भावुक भएको सन्दर्भ कोट्याउँदै उनले अनि सुशीलाको फोटोको वर्णनलाई कलात्मकताको साथ वर्णन गरेका छन् ।

आफू नेपालमा गिरफ्तार हुँदा कुनै पनि अधिकारको लागि अनसन बस्नु परेको कुरालाई कोइराला लेख्छन् । वीपी मोहन शमशेरको पालामा २९ दिन र महेन्द्रको पालामा १३ दिन अनसन बसेको पाइन्छ । आफ्नो आत्मकथा, नेपाली काँग्रेसको इतिहास लेख्न थालेको, नेपाली राजनीतिका बारे छोटा लेखहरू, २००७ सालको क्रान्तिको पूर्वसन्ध्या र त्यसपछिका सामाजिक, राजनीतिक स्थितिका बारे एउटा उपन्यास लेख्ने विचार गरेको कुरा पनि कोइराला लेख्छन् । राजाले राष्ट्रिय दिवसको महत्व घटाउँदै धनकुटाबाट काठमाडौं नआएको कुरालाई पनि कोइरालाले दुखका साथ लेखेका छन् । आफ्नो लेखनप्रति वीपी लेख्छन्-'मेरो राजनीतिक लेखन एक किसिमले आफ्नो विश्वासको अभिव्यक्ति वा अडानको पुष्टि पनि हो । (कोइराला, २०६८, पुनर्मुद्रण : ६८) सुशीलाले राजाको नकारात्मक धारणा रहेको बेला वीपीहरूले नेपाल फर्किनु हुन्न, गृहमन्त्री र प्रधानमन्त्री नहुन दिएको सल्लाह विपरीत आफूले ती काम गरेको जस्ता एकदमै निजी कुरालाई कोइरालाले लेखेका छन् । राजाले छिट्टै आफूहरूसँग वार्ता गर्ने विश्वास गर्दै त्यस वार्तामा आफ्नो अडान, तर्क, रणनीति स्पष्टै भएको कुरा र संसदीय प्रजातन्त्रको पुनर्वहाली राजाको लागि अल्टिमेटमसमेत हुने प्रसङ्गलाई पनि कोइरालाले प्रस्तुत गरेका छन् ।

सञ्चो भएको, नभएको, नुहाएको कपडा धोएको, दुब्लाएको जस्तो कुरा लेखकले कतिपय आफ्ना दैनिकीमा लेखेका छन् । समयसँगै मानिस परिस्थितिसँग अभ्यस्त हुन पुग्छ नत्र

मानिसहरूलाई मानसिक रूपले विक्षिप्त तुल्याउँदै यो संसार नै बहुलाइसक्थ्यो होला भन्ने आफ्नो यथार्थिक अनुमानलाई पनि कोइरालाले दैनिकीमा प्रस्तुत गरेका छन् । यसै गरी नयाँ मेजर, क्याम्प कमाण्डर आएको, गएको र उनीहरूको व्यवहार, स्वभावलाई लेखकले लेखेका छन् । टाढिन र बडप्पन देखाउन नसक्ने कोइरालाले जीएमलाई आत्मसम्मान र हैसियत प्रति सजग मानेका छन् । जेलका सुबिधाका कुरालाई पनि लेखकले लेख्न छुटाएका छैनन् ।

पत्रिकामा प्रकाशित राजाका समर्थक पञ्चहरूको भाषणको चर्चा र टिप्पणी पनि लेखकले दैनिकीमा उल्लेख गरेका छन् । वीपीहरू फर्केका जस्ता सानातिना घटनाले गहिरो जरा गाडिसकेको राजनीतिक व्यवस्थालाई हल्लाउन नसक्ने र राजाको बुद्धिमत्तामा विश्वास राख्ने कसैले पनि धर्मराउनु नपर्ने जस्तो तुलसी गिरीको भाषण, सूर्यबहादुर थापा, नागेन्द्रप्रसाद सिंह, पेशल पोखेल आदिका वक्तव्य र भेलाले पारित गरेको प्रस्ताव (जसमा वीपीहरूलाई जथाभावी निन्दा र बढी भन्दा बढी सजाय दिन माग गरिएको थियो) र आफूप्रति किन यो रीस र उग्र आक्रोस भन्ने आफूले गरेको प्रश्नलाई पनि लेखकले दैनिकीमा लेखेका छन् । आफूहरू र राजा बीचको सहमतिप्रति भारत सशङ्कित रहेको र यो प्रस्तावको समर्थकहरू खास गरी भारतका मान्छेहरू रहेका अनि भारतले गरेका चालबाजी हो भन्ने आफ्नो अनुमानलाई पनि कोइरालाले लेखेका छन् । आत्मसम्मानको विशिष्ट व्यक्तित्वकी धनी आमा एक आदर्श नारी भएको, आफ्नै अनुभवबाट पुष्टि नभएको वा खोक्रो कुनै पनि कुरा नगर्नु भएको, कम आध्यात्मिक भएको जस्तो कुरालाई पनि कोइरालाले दैनिकीमा समेटेका छन् । आमाको मृत्युशचयाको अवस्था र विचार, आफ्नो कमी कमजोरीको लागि क्षमा गर्नको लागि लेखकले आमालाई गरेको अनुरोध तर आमाको अपार माया र दयाले आफ्ना अपराधहरूलाई अपराध गर्नु अगाडि नै क्षमा दिइसकेको जस्तो आदर्शमय कुरालाई लेखकले लेख्न भुलेका छैनन् । आमाले देखाएको बाटो अनुसार आफू असल मानिस बन्ने कोशिश गर्नेछु भनी आफूले गरेको वाचा/प्रतिज्ञालाई पनि लेखकले लेखेका छन् ।

राइजिङ् नेपाल पत्रिका नदिइएकोले राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरू बारे अनभिज्ञ रहेको कुरालाई लेखकले टिपेका छन् । 'कुनै भारतीय दल'ले पारित गरेको वीपीहरूको बारेको प्रस्तावको तीब्र निन्दा गरिएको खबर छापिएको कुरा, राजा वार्ताको लागि तयार भएको सङ्केत नभएको कुरा, आफूहरूको आरामीको राम्रै बन्दोबस्त भए पनि बन्दीहरूलाई दिइने सामान्य सुविधाहरूबाट बञ्चित गरिएको जुन मानसिक यातना भएको कुरालाई लेखक लेख्छन् । बन्दी अवस्थामा रहँदाको महिनाबारी खर्चको विवरणको चर्चा गर्न पनि लेखकले भुलेका छैनन् । नेपाल फर्किने आफ्नो निर्णय प्रति पछुताउनु पर्ने कुनै कारण नदेख्ने कोइराला दिमाग बाहेक हरेक कुरा सामान्य देख्छन् र आफ्नो पागलपनबारे यसो भन्छन्-'अनावश्यक चिन्ताबाट उब्जिएको उदासीले पागलपन छाएको छ । एउटा निस्सासिँदो अन्धकार निराशा ।' (कोइराला, २०६८ पुनर्मुद्रण : ८१/८२) मानसिक खिन्नताबाट पार पाउन मनलाई सिर्जनात्मक अभ्यासमा लगाउनु पर्ने तर खिन्नता नहटाए सम्म सिर्जनात्मक अभ्यास गर्न नसकिने अनि सिर्जनात्मक अभ्यास नगरी मानसिक खिन्नता हटाउन नसकिने धारणा लेखकको रहेको छ । पाइजामा र कुर्ताले सुशीला, वनारस र अरुहरूको सम्झना गराएको कुरालाई समेत दैनिकीकार लेख्न भुल्दैनन् ।

आफ्ना मनमा उब्जेका कुराहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरूलाई पनि कोइरालाले दैनिकीमा लेखेका छन् । झुठ र छलछाममा आधारित इन्दिरा गान्धीको महल ढलेकोमा आफू खुशी भएको कुरा वीपी लेख्छन् । आफ्नो कामप्रति आफू भन्दा बढी जीएम आशावादी भएको कुरालाई समेत लेखक लेख्छन् । राजाको अड्डीले गर्दा नेपालमा अन्धकार स्थिति ल्याउन सक्ने, राजाको आँखा खुल्यो र आफूहरू बीच एउटा समझदारी भयो भने सार्वभौमसत्ता र जनताले राखेको प्रजातन्त्रको लक्ष्य बचाउन सक्ने, परिस्थिति सम्हाल्नै नसक्ने गरी बिग्रिसकेको र केही कुराले नेपाललाई बचाउन नसक्ने तर बचाउन अन्तिम प्रयास गर्नु पर्ने जस्ता जीएम र वीपीबीच भएको कुरालाई पनि कोइरालाले लेखेका छन् । बयानको लागि वीपी र जीएमलाई छुट्टै राख्न जीएमलाई अर्को बन्दी कक्षमा लगिएको र उनीहरूलाई छुट्टा-छुट्टै बयान लिएको कुरा पनि दैनिकीमा उल्लेख छ । आफू व्यक्तिगत, पारिवारिक व्यक्ति हुन छाडेर सार्वजनिक व्यक्ति भएको, ठूलो उद्देश्य र आदर्श बोकेको एउटा आन्दोलनको नेता भएको कुरा वीपी लेख्छन् ।

ध्यानमा डुबेर दिउँसै सपना देख्ने कोइराला मनको लड्डु खेलाउँदै मानसिक शून्यतामा हराउने गरेको कुरा यस दैनिकीमा पाइन्छ । मनलाई आराम दिनको लागि अङ्क गन्ने, प्रियजनको नाम गुनगुनाइरहने, मन्त्रहरू दोहोऱ्याइरहने गरेको कुरालाई नढाटीकन वीपीले दैनिकीमा लेखेका छन् । गिरफ्तार गरेको तीन महिना पछि बन्दी अवस्था खुकुलो पारिनेछ र राजनीतिक दृष्टिले सकारात्मक कुराहरू हुनेछन् भन्ने वीपीको अड्कल थियो तर उनीहरू माथि थप नियन्त्रण गरिन्छ । सुरक्षा ठूलो र व्यापक किन गरिएको हो भन्ने प्रश्न वीपी गर्छन् र शासक एकदमै विचारशून्य छन् भनी लेख्छन् ।

मोरारजी देसाइको अध्यक्षतामा दिल्लीमा नयाँ सरकारको गठन हुनु लेखकको चासोको मुख्य खबर हो । हुरी बतास र पानीको मौसममा मानिसलाई आफूले माया गरेको मानिसको साथ चाहिने कुरा  गर्दै लेखक घरको सम्झनाले सताएको कुरा बताउँछन् । आफूहरूसँग सरोकार भएको समाचार र सामग्री एवं अरु सान्दर्भिक पङ्क्तिहरूमा चिह्न लगाउने बानी जीएमको रहेको कुरा लेखक उल्लेख गर्छन् । जीएम र आफू बीच कुनै सूचना आदारप्रदान हुन नदिन कडा निर्देशन भएको कुरा लेखक लेख्छन् । समसामयिक घटनाहरू प्रति निकै चासो राख्ने कोइराला राजनीतिक व्यक्तिले गरेका भाषण र त्यस भाषणको आशयलाई लेखक समेट्न खोज्छन् । राजाले भारतको नयाँ सरकारका नेताहरूलाई भेटी उनीहरूको नाडी छाम्ने प्रयत्न गर्ने अनुमान, राजाले औपचारिक निमन्त्रणा बिना नै नयाँदिल्ली जाने निर्णय गर्नु झुकेकै हो भन्ने कुरा, प्रजातन्त्रले सानो नेपाल र उसको स्वाधीनता जोगाउने छ भन्ने कुरा भारतीय नेताहरूले बताउँलान् भन्ने गरेको आशा, भारतमा भएका घटनाहरूबाट राजा अलि हच्केका छन् भन्ने अनुमानलाई लेखकले आफ्नो दैनिकीमा लेखेका छन् ।

नोनाले दिएको डायरी उपहारमा आफूले जेलमा बसेको रेकर्डको लागि प्रत्येक दिन त्यसमा सुन्दरीजल लेख्ने गरेको जुन बेकार भएको र जसमा नोनाका इच्छा विपरीत काम लाग्ने कुनै कुरा नलेखेको स्वीकारोक्ति लेखकले गरेका छन् । जासुसले झिनामसिना कुरा सुँघेजस्तै गरी सके भन्दा बढी कुरा थाहा पाउन र शब्दहरूप्रतिको मोहले लेखक पत्रिकाहरू ध्यानपूर्वक पढ्छन् । बन्दी अवस्थाको अस्वस्थता कति छ भन्ने कुरा उनले मुटुको चाल बढाउन औषधी सेवन गर्ने कुराबाट पनि थाहा हुन्छ । नेपालीत्व झल्काउन जेलमा कहिलेकाहीँ कोइराला ढाकाटोपी लगाउँछन् । साहित्यिक प्रतिभा कोइराला यसो लेख्छन्-‘पानी पार्ने बादल देख्दा घरको सम्झनाले किन सताउँदो

रहेछ भन्ने कुरा अहिले बुझ्दैछु । उडिरहेको बादल हेर्दै गरेको प्रेमीको भावनाका बारे कालिदासले लेखेको कविता सम्झन्छु । मलाई त्यो कविता उनको सर्वोत्कृष्ट कृति हो जस्तो लाग्छ । फेरि उनको सम्झनाले सताउँछ ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १००)

गहन राजनीतिक चिन्तक कोइराला राजाबारे यसो भन्छन्-'म आशा गर्छु, सजिलै प्रभाव पार्न सकिने यी राजाले आफ्नो सन्तुलन राख्नेछन् र भारदारहरूको झुठो प्रशंसालाई वास्तविक ठान्ने छैनन् ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १०१) कानुनी कुरालाई पनि कोइरालाले लेखेका छन् । कानुनी प्रक्रिया सुरु गरी अदालतमा पेश गरिँदा पनि दिक्दारी, एक्लोपन, जड जिन्दगी, मानसिक चिन्ताबाट मुक्ति मिल्थ्यो र आफ्नो वर्तमान जिन्दगीको लेउ भरिएको पोखरीमा ढुङ्गा हाने जस्तै नयाँ तरङ्ग पैदा गरिदिने थियो भन्ने वीपीको धारणा रहेको छ । डायरीका पानाहरू मानसिक पीडा र यातनाले भरिएका, आफू निकै कमजोर भएको भान दिएको अनि मानसिक अवस्थामा त्यस्तै भए पनि व्यवहारिक अर्थमा आफू कमजोर नभएको आफ्नो दाबीलाई कोइरालाले लेखेका छन् । राजनीति, राजनीतिक विश्वास र आदर्शको कुरामा आफू जोशिलो भएको र संघर्षको लागि जहिले पनि तयार हुने वीपीको अठोट रहेको पाइन्छ । जीएममा श्रेष्ठताको कनै घमण्ड नभएको कुरा, उनको गुण, व्यवहार र आफूसँगको सम्बन्धबारे कोइराला प्रष्ट रूपमा बताउँछन् ।

मनका भित्री कुरा नलुकाइ लेखेको कुरालाई लेखक यसरी व्यक्त गर्छन्-'यी पानाहरूमा मनका भित्री कुरा नलुकाइकन लेख्दै आएको छु, किनभने पूर्ण सत्य नै यस्तो निजी लेखनको सार हो ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १०७) जेलका कर्मचारीले डायरीका पाना पल्टाउँछन् भन्ने आशङ्का गर्दै कोइराला लेख्छन्-'यी पानाहरूमा मैले आफूलाई कमजोर मानिसको रूपमा देखाएको छु । यो उनीहरूको हात पर्नु हुन्न नत्रभने उनीहरूले यसको फाइदा उठाउँन सक्छन् ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १०७)

सहअञ्चलाधीश भेट्न आएको कुरा र उनीहरूसँग आफ्नो कानुनी शर्तलाई पनि कोइरालाले यस कृतिमा समेटेका छन् । वीपीको रिहाइको माग गर्दै केही भारतीय सांसदहरूले जारी गरेको वक्तव्यको निन्दा राष्ट्रिय पञ्चायतका सदस्यहरूले गरेको कुरा पनि लेखक लेख्छन् । अमेरिकी राष्ट्रपति कार्टरले मानव स्वतन्त्रता र सम्मानको विषयलाई निकै महत्व दिएको कुरालाई लेखक लेख्न भुल्दैनन् । भावी पुस्ताले नेपाली काँग्रेसको विगतको इतिहासबारे थाहा पाउन् भन्ने हेतुले कोइराला नेपाली काँग्रेसको इतिहासको लेख्ने गर्छन् । सरकार जाली भएको र यसको कुनै भर नभएको अनि कुनै पनि बेला घुँडा टेक्न सक्छ भन्ने आफ्नो अनुमानलाई कोइराला दैनिकीमा पनि लेख्छन् । नयाँवर्षको अवसरमा राजाले आफ्नो उपलब्धिको सूची दिन खोजेका र आफ्नो डम्फू आफैं बजाएका कुरालाई लेखकले निरीह र दुर्भाग्यपूर्ण मानेका छन् ।

भूत र अनौठो गतिविधिबाट असाध्यै डराउने कोइराला जेलमा सुनिने विभिन्न अनौठो प्रकारको आवाजबाट आफूमा कुनै असर नपरेको देख्दा छक्क पर्छन् । गोप्यता र अन्धकारको पर्दा भित्र नेपालमा आफूहरूलाई विस्तारै मार्ने राजाको योजना सफल हुन नसकेकोमा सन्तोष लागेको कुरा दैनिकीकार आफ्नो दैनिकीमा लेख्छन् । प्रजातान्त्रिक प्रक्रियामार्फत मात्र दिगो राष्ट्रिय एकता हासिल हुन सक्ने कोइरालाको विश्वास रहेको पाइन्छ । वर्तमान राजाका पिताले राजनीति बढी बुझेका र र वस्तुस्थितिको चतुर मूल्याङ्कन गर्ने तर वर्तमान सरकार हाम्रोबारे अलमलमा छ भन्ने

धारणा वीपीको रहेको पाइन्छ । प्रजातन्त्रको लडाईंमा आफूहरूको दुखले ठूलो र दिगो प्रभाव पार्ने कुरामा वीपी विश्वस्त रहेको कुरा यी दैनिकीहरुमा उल्लेख गरेका छन् ।

कोइराला परिवारका सदस्यहरूप्रति बढी चिन्तित देखिन्छन् । सुशीलासँग मुद्दाको विषयमा, वकिलका विषयमा, सरकारसँग माग गरिएका कुराका विषयमा भएका एकदमै गोप्य कुरालाई पनि लेखकले दैनिकीमा लेखेका छन् । श्रीमतीको प्रेमपूर्वक हात समाएको, गाला थुमथुमाएँको, आफ्नो स्वास्थ्यको हेरविचार गर्नु भनेको जस्तो श्रीमान् श्रीमती बीच हुने कुरालाई पनि लेखक आफ्नो दैनिकीमा लेख्छन् ।

नेपालका सञ्चारमाध्यममा भारतीय नेता र त्यहाँको प्रेसको आलोचना हुने गरेकोमा यो पटक भारतीय जनमतको उचित कदर गरेजस्तो देखिनुका कारणहरू पनि वीपीले उल्लेख गरेका छन् । वीपीको बयान लिन डीएसपीको टोली आएको अनि वीपीको कानुनी सल्लाहकार गणेशराज शर्मा पनि आएका कुरा, बयानका क्रममा गणेशराज कोठा बाहिर बस्नु पर्ने र बयानको क्रममा वीपीले कानुनी सल्लाहकारको सल्लाह लिन पाउने आश्वासन दिए पनि बयानपश्चात् उनीसँग भेट गर्न समेत नदिएकोले तिनीहरु ठगको जमात जस्तो आफूलाई लागेको कुरा वीपीले लेखेका छन् । वीपी एक निडर व्यक्ति भएको कुरा बयानपश्चात् बयान लिने टोली जान लाग्दा वीपीले उनीहरूलाई भनेको 'तिमीहरूको व्यवहार त जालीफटाहाको जस्तो छ ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १२३) बाट प्रष्ट हुन्छ ।

वीपी नास्तिक नभइ आस्तिक भएको कुरा उनको 'मेरो कठिन समय आउँदैछ । एउट अग्नि परीक्षा। भगवान् मलाई बचाउ ! (कोइराला, २०६८ पुनर्मुद्रण : १२३) भन्ने भनाइबाट स्पष्ट हुन्छ । झुठको खेती ढाकछोप गर्न जेलमा केही सुविधाहरू दिएको कोइरालाको ठम्याई छ । राजाको हठले गर्दा नेपाल खुल्ला अन्तर्राष्ट्रिय चलखेलको थलो र अन्तर्राष्ट्रिय घातप्रतिघातको केन्द्र बन्न लागेको,जुन नेपालको लागि आत्मघाती हुनेछ भन्ने कोइरालाको अनुमान छ । वादी पक्षले वीपीको लेख र वक्तव्यहरूको आधारमा मुद्दा चलाउने देखिएको कुरा लेखक गर्छन् । एक दुई प्रमाण बाहेक उनीहरूसँग रौं प्रमाण पनि नभएको कोइरालाको अनुमान छ । आफू मुद्दाका क्रममा सरकारको भण्डाफोर गर्ने पक्षमा भएको कुराको खुलासा वीपीले गरेका छन् आफ्नो दैंनिकीमार्फत ।

आफ्नो भूललाई पनि कोइरालाले दैनिकीमा लेखेका छन् । उनी लेख्छन्-'यहीँ सँगै रहँदा अदालत वा प्रहरी समक्ष आफूले दिने बयानकाबारे छलफल नगर्नु हाम्रो भूल थियो ।' (कोइराला, २०६८ पुनर्मुद्रण : १२९) वीपीको विचारमा नेपालमा नाम मात्रको, अधिनायकवादी, अधिनायववादी र प्रजातान्त्रिक दुबै चरित्र एकसाथ बोकेको तानाशाही राजतन्त्र रहेको छ । उनी संवैधानिक राजतन्त्रको पक्षमा रहेको पाइन्छ । नदीमा पानी बगे जस्तै दिन त्यसै बितेको कुरा लेखक साहित्यिक पारामा उल्लेख गर्छन् ।

बन्द अदालतमा मुद्दा चलाउने खास उद्देश्यले गठन गरिएको विशेष अदालतमा आफूलाई लगिएको, अदालतमा हरेक कुरा कच्चा र हतारहतार गरिएको, न्यायधीशको क्रियाकलाप, मुद्दा खेपिरहेको व्यक्तिले पाउने सबै सुबिधाहरू पाउनु पर्ने लगायत अदालत समक्ष पेश गरेको आफ्नो तर्क, गणेशराज शर्मा आएका कुरा, गणेशराजले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट दायर

गरेको कुरालाई लेखकले आफ्नो दैनिकीमा समेट्न भूलेका छैनन् । जालीफटाहाले कानूनी कागजात दुरुस्त राख्छ तर कानूनको भाव भने लत्याउँछ भन्ने वीपीको गहकिलो तर्क रहेको छ । सेनाहरू विदा हुँदा नमज्जा लागेको कुरा वीपी लेख्छन् । गणेशराज शर्मा, कुसुम श्रेष्ठ र कृष्णप्रसाद भण्डारीले गरिरहेको कुरा पनि कोइराला दैनिकीमा उल्लेख गर्छन् । आफू समेत मुछिएको यज्ञबहादुर थापाको मुद्दामा खास चासो वीपीको रहेको दखिन्छ । वीपी एक ठूलो मानिस भएको कुरा चन्द्रशेखरसँग राजाले गरेको तारिफ, ठूलो मानिस (अ ग्रेट म्यान) भनेकोबाट पनि प्रष्ट हुन्छ । ठूलै विवादका कारण वीपीलाई रिहा गर्न कठिनाइ भएको कुरा राजाले चन्द्रशेखरसँग गरेको पाइन्छ ।

वीपीले दैनिक रूपमा दैनिकी नलेख्नु उनको कमजोरी हो । पछि वीपीलाई सुन्दरीजलबाट प्रहरी तालिमकेन्द्रमा सारिन्छ । ६वर्षकी मनिषालाई वीपीसँग भेट्न नदिने अधिकारीको व्यवहारलाई वीपी छुद्र भन्छन् । राजनीतिप्रति सजक कोइराला आफू राजासँग कुनै सन्देशवाहक बिना आफै भेटेर कुरा गर्न चाहेको कुरा पनि लेख्छन् । राजाका सन्देशवाहक बनेर आएका जनरल मल्ल र वीपी बीच भएको लामो कुराकानीलाई वीपीले नलुकाइकन स्पष्ट रूपमा बताएका छन् । डाक्टरले वीपीको मुटुको समस्याको शङ्का गरेको कुरालाई पनि लेखकले लेखेका छन् । वीपीका डायरीका कतिपय पानाहरू हराएका छन् । कोइरालाको स्वास्थ्य खस्कदै गएकोले उपचारको लागि रिहा गरिएको, सुशीला र चेतनाका साथमा काठमाडौँबाट दिल्लीतिर वीपी प्रस्थान गरेको, दिल्लीबाट बम्बाई पुगेको अनि न्यूयोर्कको अस्पतालमा भर्ना भएको कुरा पनि दैनिकीमा उल्लेख छ ।

वनारसबाट पुनः आउँदा कसरी विमानस्थलबाट गिरफ्तार गरियो भन्ने कुरा वीपीले आफ्नो दैनिकीमा सविस्तार उल्लेख गरेका छन् । सूवर्ण र आफू बीच भएको आन्तरिक कुरालाई पनि कोइरालाले नलुकाइ लेखेका छन् । अन्य नातेदारलाई जेलमा भेट्न दिइएपनि शैलजा राजनीतिक व्यक्ति भएकोले भेट्न नदिइएको कुरालाई लेखकले दुखका साथ प्रस्तुत गरेका छन् । वीपीलाई आइजीपीले जेलमुक्त हुन र स्वतन्त्र भएर काम गर्न गरेको अनुरोधलाई पनि कोइरालाले दैनिकीमा स्थान दिएका छन् । जेलमा भएका घटनाहरूको विश्लेषण गर्दै वीपीहरू भावी घटनाको अनुमान गर्छन् । स्वावलम्बी वीपी आफ्नै भर र बलबुतामा उभिएको एउटा शक्तिको रूपमा आफूहरू रहेको वीपीको दाबी रहेको छ।जिज्ञासु वीपी आफूलाई अज्ञात तनावले सताउने कारण र तनावबारे जिज्ञासा राख्छन् । बिहान चिया बनाउँदा वीपी पालेको लागि पनि चिया बनाउँछन् । कल्पनामा डुबिरहने, एकाग्र हुन नसक्ने र गम्भीर विचारहरूले अलमल्लमा पर्ने कुरा वीपी गर्छन् । पछिल्लो समयमा प्रहरी प्रशिक्षार्थीहरूले आफ्नो कोठा र चोटा सफा गरिदिने कुरालाई पनि कोइराला दैनिकीमा खुलस्त रूपमा लेख्छन् ।

साहित्यिक व्यक्तित्व कोइराला दैनिकीमा कवितात्मक हरफहरू लेख्छन् । बन्दी अवस्थामा खाना खर्चको विवरण, श्रीमान श्रीमती बीचको सल्लह, कुराकानीलाई पनि लेखकले दैनिकीमा लेखेका छन् । श्रीमतीलाई अति माया गर्ने कोइराला मायालाई विजय, विजयको रथयात्रा र सेवा मान्छन् । वीपीका कतिपय दैनिकीहरू अपूर्ण र अत्यन्त छोटा रहेका छन् । मदालसा सिंहका गहिरा शव्दहरूको स्मरण गर्दै कोइराला आफ्ना दैनिकीमा ती शव्दहरूलाई सजाउँछन् ।

दिलबहादुरले भाडामा ल्याएको एउटा समूहले धावन मार्ग भरिएकोले विराटनगर विमानस्थलमा उत्रिन नदिइएको कुरालाई दैनिकीकारले दैनिकीमा समावेश गरेका छन् । अन्तमा राति एघार बजेर

बीस मिनेट जाँदा आफूलाई घरमै नजरबन्द राखिएको दैनिकी नै प्रस्तुत सङ्ग्रहको अन्तिम रचनाको रुपमा रहेको देखिन्छ ।

## ५.३ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाले राष्ट्रिय मेलमिलापको नीति लिएर भारतको राजनीतिक प्रवाशकाल पछि २०३३ पुस १६ गते नेपाल फर्किएपछि पुनः सुन्दरीजल बन्दी गृहमा जीवन बिताउँदाको प्रत्येक दिन घट्ने घटनाहरूको संगालोको रूपमा यो कृति रहेको छ । यसमा सन् ३० डिसेम्बर, १९७६ देखि २७ अप्रिल, १९७९ सम्मका दैनिकीहरू रहेका छन् । यसमा रहेका दैनिकीहरू लेखकले अङ्ग्रेजीमा लेखेका हुन् र यसलाई पत्रकार सुशील शर्माले नेपालीमा अनुवाद गरेको पाइन्छ । यसको सम्पादन राजेन्द्र दाहालले र प्रकाशन वि.सं. २०६३ सालमा जगदम्बा प्रकाशनले गरेको पाइन्छ । यसका बीच बीचका कतिपय दैनिकीका पानाहरू रहेका छैनन्, कतिपय पानाहरू खाली रहेका छन् भने कतिपय दैनिकीहरू दाहोरिएका छन् । दैनिक मितिका साथ आफ्ना र आफूसँग सम्बन्धित अनि बाह्य कुराहरू दैनिक रूपमा लेखकले यसमा लेखेका हुनाले यो दैनिकी विधा अन्तर्गत पर्न सफल भएको छ । यस कृतिमा रहेका दैनिकीहरू खासै लामा-लामा आकारमा नभएर छोटा-छोटा आकारमा संरचित छन् ।

यस कृतिमा लेखकले देश, पार्टी, जनता, परिवार र स्वयम् आफ्नो चिन्ता प्रकट गरेका छन् । आफ्नो दैनिक जीवनमा घटेका घटनाहरू र अनुभवहरूलाई कतै पनि नढाँटीकन दैनिकीमा लेखकले प्रस्तुत गरेका छन् भने आफूमा छाएको आलस्यता, कमजोरीपन, उदासीपन, बुढ्यौलीपन, दिक्दारी, रोग, पीडा आदिलाई पनि जस्ताको त्यस्तै लेखेका छन् । यो दैनिकी अध्ययन गर्दै जाँदा बुझिँदै जान्छ तर अन्त्य तिर धेरै लामो समय सम्म दैनिकी नलेखेको कारणले गर्दा बुझ्न अलि कठिन पर्छ । यो कृति लेखकको व्यक्तिगत, पारिवारिक, राजनीतिक, साहित्यिक सेरोफेरोमा केन्द्रित रहेको छ र यसमा प्रस्तुत गरिएका विषय र सन्दर्भहरू दैनिकीको सीमा भित्र शृङ्खलित छन् । यस कृतिमा लेखकले आफ्नो पुनः बन्दी जीवनमा घटेका घटनाहरू, भोगेका भोगाइहरू, मानसिक, शारीरिक पीडाहरू, परिवार तथा साथीभाइको सम्झना, राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक घटनाहरू, मुद्दाका कुराहरू, अनुभव र चिन्तन, देशको चिन्ता आदिलाई लेखकले आफ्नो दैनिकीमा यथार्थताका साथ उतारेका छन् । लेखकले यस कृतिमा आफ्नो अत्यन्त निजी व्यक्तिगत कुरालाई पनि नढाँटीकन प्रस्तुत गरेका छन् ।

सामान्यतया यसको भाषाशैली सामान्य, सरल, सम्प्रेष्य, राजनीतिक, साहित्यिक, कलात्मक रहेको पाइन्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत अध्यायमा शोधपत्रको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । यस क्रममा पहिलो अध्यायमा शोध परिचय प्रस्तुत गरिएको छ । जस अन्तर्गत शोध परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री संकलन विधि, शोध विधि र शोधपत्रको  रूपरेखा रहेका छन् ।

दोस्रो अध्यायमा दैनिकीहरूको विधागत स्वरुपबारे चर्चा गरिएको छ । यसमा विभिन्न विद्वानहरूले दैनिकीबारे दिएका परिभाषाहरू र दैनिकीका तत्वहरूलाई समेट्ने जमर्को भएको छ । यसका साथै दैनिकीको अन्य साहित्यिक विधाहरूसँगको सम्बन्धबारे जानकारी दिइएको छ ।

तेस्रो अध्यायमा विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र व्यक्तित्वबारे लेखिएको छ । यसमा कोइरालाको जन्म, जन्मस्थान र पुर्ख्यौली, बाल्यकाल, शिक्षादीक्षा, साहित्य सिर्जन : प्रेरणा र प्रभाव, लेखन कार्य र पुस्ताकाकार कृतिहरू, राजनीतिक व्यक्तित्व, कानुनी व्यक्तित्व, साहित्यकार व्यक्तित्व जस्ता कोइरालाका व्यक्तित्वका विभिन्न पाटाहरूको चर्चा गरिएको छ ।

चौथो अध्यायमका विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित जेलजर्नल दैनिकीको अध्ययन र समष्टि विश्लेषण गरिएको छ । यसमा कोइराला बन्दी अवस्थामा रहेका बेला उनले लेखेका दैनिकीहरूलाई व्यक्तिगत तथा पारिवारिक दैनिकी, राजनीतिक दैनिकी, साहित्यिक दैनिकी, धार्मिक दैनिकीमा विभाजन गरी अध्ययन गरिएको छ र ती दैनिकीहरूको समष्टि विश्लेषण पनि गरिएको छ ।

पाँचौं अध्यायमा विश्वेश्वरप्रसाद कोइराला पुनः बन्दी अवस्थामा रहेका बेला उनले लेखेका दैनिकीहरूको संगालोको  रूपमा रहेको फेरि सुन्दरीजल कृतिको अध्ययन गरिएको छ । कोइराला पुनः बन्दी अवस्थामा रहेको बेला उनले आफ्नो जीवनमा घटेका घटना हरूलाई समेटी लेखेका यस कृतिमा रहेका दैनिकी हरूलाई व्यक्तिगत तथा पारिवारिक दैनिकी, राजनीतिक दैनिकी, साहित्यिक दैनिकीमा विभाजन गरी अध्ययन गरिएको छ र ती दैनिकीहरूको समष्टि विश्लेषण गरएको छ ।

छैठौं अध्यायमा यस शोधपत्रको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा शोधपत्रको समग्र निष्कर्ष लेखिएको छ ।

## ६.२ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं.१९७१ भदौ २४ गते भारतको वनारसमा भएको हो । घरमै अध्ययन थालेका कोइरालाले बी.ए. र बी.एल. सम्मको औपचारिक अध्ययन गरेको पाइन्छ । कोइराला एक सफल साहित्यकारका साथै एक कुशल राजनीतिज्ञ पनि हुन् । यिनले नेपाली सहित्यका

कथा, कविता, उपन्यास, निबन्ध, आत्मवृत्तान्त, आत्मकथा, दैनिकी, समालोचना जस्ता विविध विधामा कलम चलाएको पाइन्छ ।

दैनिक जीवनमा घट्ने घटना हरूलाई प्रत्येक दिन मितिका साथ उल्लेख गरिन्छ भने त्यो दैनिकी हो । दैनिकीबारे मजदा असद भन्छन् -'जब कोही व्यक्ति तिथिमितिका आधारमा जीवनमा घटित घटना हरू आफूले भागे देखेका अनेक परिस्थिति, धार्मिक, राजनीतिक, सामाजिक र साहित्यिक गतिविधिको चित्रण नितान्त निजी अनुभवको रूपमा व्यक्त गर्दछ भने त्यस्तो साहित्यिक विधालाई दैनिकी भनिन्छ ।' (असद, ईस्वी १९८६ : २१)

विश्वेश्वरप्रसाद कोइरालाले आफू बन्दी अवस्थामा रहेको बेला दैनिकीहरू लेख्ने गरेको पाइन्छ । कोइरालाले आफू बन्दी अवस्थामा रहेको बेला लेखेका दैनिकीहरूको संगालोका रूपमा **जेलजर्नल** (२०५४) र **फेरि सुन्दरीजल** (२०६३) कृतिहरू प्रकाशित रहेका छन् । आफू बन्दी अवस्थामा रहेका बेला आफ्नो जीवनमा घटेका घटनाहरू, भोगेका भोगाइहरू, सुखदुखका क्षणहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय घटना हरू, आफ्नो नितान्त व्यक्तिगत कुराहरू, पारिवारिक अवस्था, सामाजिक, साहित्यिक, धार्मिक कुराहरू आदिलाई कोइरालाले **जेलजर्नल** कृतिमा रहेका दैनिकीहरूमा समेट्ने प्रयास गरेका छन् । कोइरालाले आफ्नी श्रीमतीलाई सम्बोधन गरेर र उनलाई सम्झदै आफ्नो मनका भावहरू र घटनाहरूलाई लिपिबद्ध गरेको पाइन्छ ।

दैनिकीहरूमा कोइरालाले आफ्नो निरीहता, कमजोरी, आत्मग्लानिजस्ता कुरा पनि यथार्थताका साथ लेखेका छन् । लेखकले स्त्री प्रसङ्गका कुरा र नाङ्गै सुत्ने गरेको जस्तो एकदमै निजी कुरालाई पनि आफ्नो दैनिकीमा निर्धक्कताका साथ लेखेका छन् । आफ्नी आमा र श्रीमतीलाई अति नै माया गर्ने कोइरालाले आफ्नो परिवारका सदस्यहरू र साथीभाइहरूलाई पनि माया गर्ने कुरालाई दैनिकीमा उल्लेख गरेका छन् । घर परिवार, इष्टमित्र, राजा आदिले आफूप्रति गरेको व्यवहारलाई पनि कोइरालाले दैनिकीमा उल्लेख गरेका छन् ।

सुरुमा आफूलाई भौतिकवादी मान्ने कोइराला उमेर छिप्पिदै जाँदा आफ्नो प्रवृत्ति आध्यात्मिक भएको कुरालाई पनि कोइरालाले नढाँटी लेखेको देखिन्छ । बन्दी अवस्थाको आफ्नो जीवनको यथार्थ भोगाइहरूलाई नलुकाइकन स्पष्टताका साथ कोइरालाले यस कृतिमा समेट्ने प्रयास गरेको पाइन्छ ।

राष्ट्रिय मेलमिलापको नीति लिएर वि.सं. २०३३ पुसमा विश्वेश्वरप्रसाद कोइरालाहरू नेपाल फर्किएपछि उनले आफूहरू समातिएको र पुनः सुन्दरीजल बन्दी गृहमा लगिएको कुरा लेखेको दैनिकी नै फेरि सुन्दरीजल कृतिको पहिलो दैनिकी हो । फेरि सुन्दरीजल कृति कोइराला पुनः सुन्दरीजलमा बन्दी हुँदाको बेला लेखिएका दैनिकीहरूको सँगालोको रूपमा रहेको पाइन्छ । यसमा कोइरालाले आफ्नो व्यक्तिगत, पारिवारिक, साहित्यिक, सामाजिक, राजनीतिक आदि कुराहरूलाई लेखेका छन् । बन्दी अवस्थामा आफूले प्रत्येक दिन गर्ने कार्यहरू, घटेका घटनाहरू, भोगेका भोगाइहरू, अतीतका कुराहरू, कमजोरीका कुराहरू, बाहिर नझुके पनि भित्र भित्रै डर र शंकाले काँपेको कुरा आदिलाई कोइरालाले आफ्नो दैनिकीहरूमा समेट्ने प्रयास गरेका छन् ।

राजाका कुरा, अदालतका कुरा, जेलका कुरा, वार्ताका कुरा, अन्तर्वार्ताका कुरा आदिलाई पनि कोइरालाले जस्ताको त्यस्तै रूपमा आफ्ना दैनिकीहरूमा समावेश गरेका छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय

राजनीतिका कुरा, चलखेलका कुरा, हत्याका कुरा, साहित्यका कुरा आदिलाई पनि कोइरालाले आफ्नो दैनिकीहरूमा प्रष्ट रूपमा टिपेका छन् । परिवार, जनता, देश, पार्टी र स्वयम् आफ्नो चिन्ताबारे कोइरालाले आफ्नो दैनिकीमा लेखेका छन् । विश्वेश्वरप्रसाद कोइरालाले दैनिकी लेख्ने क्रममा प्रत्येक दिनको दैनिकी क्रमिक रूपमा नलेखेर क्रमभङ्ग गरी लेखेको पाइन्छ । यिनका दैनिकीहरूमा कतै मिति मात्र उल्लेख गरिएको छ, कतिपय दैनिकीका पाना हरूमा खाली लेखिएको छ, कतिपय दैनिकीमा संस्कृतका श्लोकहरू लेखी त्यसको नेपालीमा अनुवाद मात्र गरिएको छ ।

समग्रमा भन्दा साहित्यका विविध विधामा कलम चलाएका विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित दैनिकीहरूको पुस्तकाकार कृति **जेलजर्नल** (२०५४) र **फेरि सुन्दरीजल** (२०६३) उत्कृष्ट रचना हुन् । यी कृतिहरूमा कोइराला बन्दी अवस्थामा रहेका बेला उनले लेखेका दैनिकीहरू रहेका छन् । आफू र श्रीमती बीच भएका गोप्य कुरा देखि लिएर राजासँगको कुराकानी र अन्तर्राष्ट्रिय राजनीतिसम्मका कुरालाई आफ्ना दैनिकीहरूमा कोइरालाले स्पष्टताका साथ यथार्थ रूपमा उल्लेख गरेका छन् । यी कृतिहरूमा रहेका दैनिकीहरू कोइरालाले कल्पनाको आधारमा भन्दा सत्यतामा आधारित भएर लेखेका छन् । व्यक्तिगत, पारिवारिक, सामाजिक, राजनीतिक, साहित्यिक, धार्मिक, आर्थिक, साँस्कृतिक, वैचारिकजस्ता विविध कुरालाई कोइरालाले आफ्ना दैनिकीहरूमा समेट्ने प्रयास गरेका छन् । कोइरालाद्वारा लिखित यी रचनाहरू दैनिकी विधाका उत्कृष्ट कृतिहरू हुन् ।

# सन्दर्भग्रन्थसूची


**पुस्तक तथा पत्रपत्रिकाको सूची**

असद, मजदा, (इस्वी १९८६) **गद्यकी नवीन विधाएँ**, दिल्ली ग्रन्थ एकादमी ।

उपाध्याय, केशवप्रसाद, (२०४९) **साहित्य प्रकाश**, पाँचौं संस्क., काठमाडौं : साहित्य प्रकाशन ।

कोइराला, कुमारप्रसाद,( २०७० साउन-पुस) **वीपी कोइरालाका कथामा प्रवाहित विचार**, (सगरमाथा वाङ्मय, ३/२-३, पृ. ४१ ।

कोइराला, खेम, (२०६८ कार्तिक-चैत) **साहित्यमा अन्य विधाः एक अध्ययन**, (प्रज्ञा पत्रिका, ३२ पू. ९५, पृ. १८२ ।

कोइराला, जीवनचन्द्र र अन्य, (सम्पा. २०५३), **निबन्धकार विश्वेश्वरप्रसाद कोइराला**, काठमाडौं, वीपी अनुसन्धान तथा सेवा केन्द्र : ४३८

कोइराला, विश्वेश्वरप्रसाद, (२०३९), प्रकाशकीय, **श्वेतभैरवी**, ललितपुर : साझा प्रकाशन ।

................................, (२०५५), **आत्मवृत्तान्त**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि. ।

.............................., **फेरि सुन्दरीजल**, (२०६८) प्रथम संस्क.,पुनर्मुद्रण, ललितपुर : जगदम्बा प्रकाशन ।

................................, **जेलजर्नल**, (२०६९), चौथो संस्क., पुनर्मुद्रण, ललितपुर : जगदम्बा प्रकाशन ।

..............................., **आफ्नो कथा**, (२०७०) पाँचौं संस्क, ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवराज, (२०५६) **विश्वेश्वरप्रसाद कोइरालाका कथामा समाजबोध**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग ।

त्रिपाठी, वासुदेव, (२०६६) **साहित्य सिद्धान्त : शोध तथा सिर्जन विधि**, काठमाडौं : पाठ्यसामग्री पसल ।

ढकाल, भूपति, (२०५४) **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचार पक्ष**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

दीक्षित, कमल, (२०६९) *न निष्कर्ष न भूमिका,* **जेलजर्नल**, चौथो संस्क, पुनर्मुद्रण, ललितपुर : जगदम्बा प्रकाशन ।

पाठक, मनमाया, (२०५६) **विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग ।

पाण्डे, ज्ञानु, **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा अस्तित्ववाद**, काठमाडौँ : नेपाली आख्यान समाज,

प्रधान, कृष्ण, (२०७० साउन-पुस), *वीपीको वैचारिक सघनता : राष्ट्रिय मेलमिलाप र 'फेरि सुन्दरीजल' एक चर्चा* ,**बगर** : ३२, प, पृ. १९३ ।

प्रधान, भिक्टर, (२०४४) **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, पारसमणि, (इस्वी १९६९) नेपाली साहित्यको साउँ अक्षर, कालिङपोङ : भाग्यलक्ष्मी प्रकाशन ।

रोका, रमेशचन्द्र, (२०५५) **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग ।

शर्मा, उर्मिला, (२०६१) **विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्तहरुको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग ।

शर्मा, गणेशराज, (२०६९), **जेलजर्नल**, भूमिका, चौथो संस्क, ललितपुर : जगदम्बा प्रकाशन, २०६३ ।

………………, (२०६८), **फेरि सुन्दरीजल**, भूमिका, प्रथम संस्क, पुनर्मुद्रण, ललितपुर : जगदम्बा प्रकाशन ।

………………, (सम्पा. २०६७), **विश्वेश्वरप्रसाद कोइरालाका कथा**, चौथो संस्क, ललितपुर : जगदम्बा प्रकाशन ।

शर्मा, मोहनराज, (२०५५) **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शिवाकोटी, रमा, *निबन्धकार विश्वेश्वरप्रसाद कोइराला,* **विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा,** काठमाडौँ : वीपी अनुसन्धान तथा सेवा केन्द्र, २०५३ ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद, (सम्पा २०६८), **रत्नबृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

……………, (२०७१ भदौ) *जेलजर्नलमा अभिव्यञ्जित दैनिकी चेतना र वीपी,* **मधुपर्क**, ४७/४, पृ. २८ ।

ज्ञवाली, ज्ञाननिष्ठ, (२०६१), **आख्यानकार विश्वेश्वरप्रसाद कोइराला कथा खण्ड**, काठमाडौँ : हजुरको प्रकाशन ।

**शब्दकोशको सूची**

**संस्कृत नेपाली बृहत् शब्दकोश**, (२०५७) बेलझुण्डी दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

**नेपाली बृहत् शब्दकोश**, (२०६०) काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**हिन्दी शब्दसागर**, (इस्वी १९६८) पञ्चम भाग, वाराणसी : नागरी मुद्रण ।

The Oxford English Dictionary, (1989), Second Edition Volume IV, Rand McNally and Company Taunton, Mass, Larendon Press oxford.

The New Encyclopaedia Britannica, (1973–1974 ), 15 th Edition, Volume III, The University, Helen Hemingway Benton .